# नेपालमा बालबालिकाको अवस्थासम्बन्धी
# राष्ट्रिय स्थिति प्रतिवेदन

राष्ट्रिय मानवअधिकार आयोगका लागि

## आयोगका पदाधिकारीहरू

### अध्यक्ष

माननीय केदारनाथ उपाध्याय

### सदस्यहरू

माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा के. बी. रोकाया

### सचिव

विशाल खनाल

**तयारीकर्ता**

अनिल पौडेल

**अनुवाद**

चेतनाथ घिमिरे

**सम्पादन**

कैलाशकुमार सिवाकोटी

**लेआउट :** महेशमान नकर्मी

**प्रकाशक :** राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल

**प्रकाशन मिति :** पुस, २०६९

**प्रति :** २०००

**प्रतिवेदन न :** ११०/१५०/२०६९ (केन्द्रीय कार्यालय)

**मुद्रण :** एपेक्स प्रिन्टीङ्ग प्रेस, तीनकुने, काठमाडौँ

**सर्वाधिकार :** राष्ट्रिय मानवअधिकार आयोग

---

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

भनिन्छ–बालबालिका भविष्यका कर्णधार हुन् । समाज र मुलुकको भविष्य उनीहरूको हात हुन्छ । बालबालिकाको क्षेत्रमा सरकारी र गैरसरकारी निकाय, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट कार्यहरू हुँदै आएका छन् । बालबालिकाको विविध पक्षलाई समेटी समय-समयमा प्रतिवेदनहरू पनि प्रकाशमा आउने क्रम जारी छ । यी सारा प्रयत्नका वावजुद पनि बालअधिकारको क्षेत्रमा अपेक्षितमात्रामा सुधार आउन सकेको देखिँदैन ।

राष्ट्रिय मानवअधिकार आयोगले समग्र मानवअधिकारको अवस्थाको साथमा बालअधिकारको मुद्दालाई आफ्नो स्थापनाकालदेखि नै प्राथमिकताका साथ उठाउदै आएको छ । बालअधिकारको अवस्था र बालअधिकार उल्लङ्घनका घट्नामा अनुगमन र अनुसन्धान गरी सरकार वा सम्बन्धित निकायलाई आवश्यक सिफारिस गरे पनि अपेक्षित मात्रामा ती सिफारिसहरू कार्यान्वयन हुन् सकेका छैनन् ।

आयोगले बालबालिकाको अवस्थालाई समेटी समय-समयमा प्रतिवेदन/पुस्तिकाहरू प्रकाशनमा ल्याउदै आएको छ । यसै क्रममा आयोगले बालबालिकालाई केन्द्रित गरी नेपालमा बालबालिकाको अवस्थासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन प्रकाशमा ल्याएको छ । प्रस्तुत प्रतिवेदनले मुलुकमा बालबालिकाको वर्तमान स्थितिको चित्रण गर्नेछ । यसका साथै यसमा बालअधिकारसँग सम्बन्धित प्रचलित कानुन, नीति, संयन्त्रको अवलोकन गरी त्यसभित्रका कमिकमजोरी केलाइएको छ । नौ भागमा विभजित यस प्रतिवेदनले परिचय, बालबालिका र जनगणना, बालअधिकारसँग सम्बन्धित कानुनी प्रावधान नीति र संस्थागत संयन्त्र, बालजीवन र स्वास्थ्य, बालबालिका र शिक्षालाई समेटेको छ । त्यसैगरी बालबालिकाको संरक्षण, बाल-सहभागिता, बाल-गरिबी र अभाव तथा बालबालिकाका अधिकार संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कामकारबाहीको सम्बन्धमा उल्लेख गरिएको छ । सरकारी एवम् सरोकारवालाहरू सबैको लागि यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा, प्रतिवेदन तयारीको क्रममा प्रत्यक्ष/परोक्ष रूपमा सहयोग गर्नुहुने व्यक्ति/सरकारी/गैरसरकारी सङ्घसंस्था, आयोग परिवारप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसैगरी प्रतिवेदन तयार गर्नुहुने अनिल पौडेल, अनुवाद गर्नुहुने चेतनाथ घिमिरे र सम्पादन कार्यमा संलग्न कैलाशकुमार सिवाकोटीप्रति पनि आभार व्यक्त गर्दछु ।

.......................

गौरी प्रधान

सदस्य

राष्ट्रिय मानवअधिकार आयोग

# विषय सूची


तालिकाहरूको सूची
चित्रहरूको सूची
प्रतिवेदनको सारसङ्क्षेप

**अध्याय १ : परिचय** १
१.१ पृष्ठभूमि १
१.२ प्रतिवेदनको उद्देश्य २
१.३ अध्ययन पद्धति ३
१.४ अध्ययनको सीमा ३
१.५ प्रतिवेदनको स्वरूप ४

**अध्याय २: बालबालिका र जनगणना** ५
२.१ सम्पूर्ण जनसङ्ख्या र बालबालिकाको सङ्ख्या ५
२.२ प्रजनन दर र औसत आयु ६
२.३ परिवार र बालबालिकाको वासको व्यवस्था ७
२.४ जन्मदर्ता ९

**अध्याय ३ : बालअधिकारसँग सम्बन्धित कानुनी प्रावधान नीति र संस्थागत संयन्त्र** ११
३.१ अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू ११
३.२ राष्ट्रिय कानुन, योजना र नीतिहरू १३
३.२.१ संवैधानिक प्रावधान १३
३.२.२ प्रचलित अन्य राष्ट्रिय कानुनहरू १४
३.२.३ बालबालिकासम्बन्धित अदालतका केही महत्त्वपूर्ण निर्णयहरू १८
३.२.४ राष्ट्रिय योजना र नीतिहरू १९
३.३ बालअधिकारको रक्षाका लागि संस्थागत संयन्त्र २१

**अध्याय ४ : बाल जीवन र स्वास्थ्य** २७
४.१ सहयोगी कानुन र नीतिहरू २७
४.२ हालको स्थिति २८

४.२.१ जन्मेको ठाउँ र जन्मदाका सुसारे २८
४.२.२ जन्मका अवस्थामा बच्चाको तौल २८
४.२.३ खोप २९
४.२.४ बालबालिकाको पोषणको स्थिति ३०
४.२.५ बाल-रोग ३२
४.२.६ बालमृत्यु तथा मातृमृत्यु ३४
४.३ कमिकमजोरीहरू र चुनौतिहरूको विश्लेषण ३७
४.४ सुझाव र सिफारिस ३९

**अध्याय ५ : बालबालिका र शिक्षा** ४१
५.१ सहयोगी कानुन र नीतिहरू ४१
५.२ हालको अवस्था ४२
५.२.१ साक्षरता तथा साक्षरताको दर ४२
५.२.२ पूर्व-प्राथमिक शिक्षा ४३
५.२.३ विद्यालय शिक्षा ४५
५.२.४ वैकल्पिक शिक्षा र व्यावसायिक तालिम ४७
५.३ कमजोरीको विश्लेषण र चुनौतीहरू ४८
५.४ सुझावहरू ४९

**अध्याय ६ : बालबालिकाको संरक्षण** ५१
६.१ सहयोगी कानुन र नीतिहरू ५१
६.२ बालसंरक्षणको विषय र हालको अवस्था ५२
६.२.१ बालश्रम ५३
६.२.२ बालबालिका-विरुद्ध घरेलु हिंसा ५७
६.२.३ यौनजन्य दुर्व्यवहार र बालबालिकाको ओसारपसार ५९
६.२.४ बाल-विवाह र दाइजो प्रथा ६१
६.२.५ बाल-सुधारगृहमा बालबालिका ६२
६.२.६ शारीरिक दण्ड ६४
६.२.७ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका ६५
६.२.८ सडक बालबालिका र फ्याकिएका कपडा/प्लाष्टिक आदि उठाउने ६६
६.२.९ एच.आई.भी एड्सबाट प्रभावित सडक बालबालिका ६६
६.२.१० अपाङ्ग भएका बालबालिका ६८
६.२.११ कानुनी कारबाहीमा परेका बालबालिका ६९
६.२.१२ हराएका र बेपत्ता पारिएका बालबालिका ७०

६.२.१३ बालबालिकाको अपहरण ७१
६.३. कमिकमजोरीको विश्लेषण र चुनौतीहरू ७२
६.४. सिफारिसहरू ७५

**अध्याय -७ : बाल-सहभागिता** ७७
७.१ सहयोगी कानुन र नीति ७७
७.२. हालको अवस्था ७७
७.२.१ बालक्लबको निर्माण ७८
७.२.२ बालमैत्री स्थानीय शासन ७९
७.३ कमिकमजोरीको विश्लेषण र चुनौतीहरू ८१
७.४ सिफारिसहरू ८१

**अध्याय ८ : बाल्य गरिबी र अभाव** ८३
८.१ नेपालमा गरिबी ८३
८.२ बालबालिका र गरिबी ८४
८.२.१ उपभोग्य गरिबी ८४
८.२.२ आधारभूत आवश्यकताको अभाव हुने गरिबी ८७
८.३ बाल्य गरिबीलाई सम्बोधन गर्ने समस्या ८९
८.४ सुझावहरू ९०

**अध्याय ९ : बालबालिकाका अधिकार संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कार्य** ९१
९.१ बालअधिकारको सन्दर्भमा आयोगको भूमिका र क्रियाकलापहरू ९२
९.१.१ संरक्षणसँग सम्बन्धित ९२
९.१.२ प्रवर्द्धनात्मक र बहससम्बन्धी ९६
९.१.३ कानुनी सल्लाह र सुझाव ९७
९.१.४ अरू काम र क्रियाकलापहरू ९७
९.२ आयोगले अनुभूत गरेका चुनौतीहरू ९७
९.३ भविष्यका कामका लागि सुझावहरू ९८

**सन्दर्भ-सामाग्री** ९९
**अनुसूचीहरू** १०३

**तालिकाहरू**


तालिका १ : जनसङ्ख्या र जनसङ्ख्यात्मक विशेषता २००१ र २०११ ५
तालिका २ : बसोवासको प्रकार तथा स्थानअनुसार परिवारको विभाजन (%) ८
तालिका ३ : जन्मदर्ता प्रतिशतको पृष्ठभूमि विशेषता (०-४ उमेर समूह) ९
तालिका ४ : जन्मदर्ता प्रतिशतको पृष्ठभूमि विशेषता (०-४ उमेर समूह) २९
तालिका ५ : पोषण नपुगेका बालबालिका (%) ३१
तालिका ६ : नेपालमा पाँच वर्षमुनिका श्वासप्रश्वाससम्बन्धी रोग, ज्वरो र झाडापखाला भएका बालबालिका र निदानका लागि स्वास्थ्य सेवा पाएकाको दर (%) ३२
तालिका ७ : जन्मनासाथ, शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरको विशेष अवस्था ३६
तालिका ८ : नेपालमा साक्षरता दर ४३
तालिका ९ : ३-४ वर्ष समूहका बालबालिकाको विद्यालय भर्नादर ४४
तालिका १० : नेपालमा खुद भर्नादरको अवस्था ४५
तालिका ११ : उत्तीर्ण, दोहोऱ्याउने, विद्यालय छाड्ने, पुरै तह पढ्ने र हाजिरी (%) ४६
तालिका १२ : आर्थिक रूपमा सक्रिय रहेका बालबालिकाको बसोवास, लिङ्ग र उमेर समूहको आधारमा विभाजन (%) ५४
तालिका १३ : नेपालमा एच.आइ.भी. सङ्क्रमणको छानिएका सूचकहरू ६७
तालिका १४ : गरिबीको अवस्था ८४
तालिका १५ : बाल-गरिबीसम्बन्धी तथ्याङ्क ८६
तालिका १६ : बालबालिकाको आधारभूत आवश्यकता पूरा गर्न नसक्ने सम्मको गरिबी ८९


**चित्रहरू**


चित्र १ : कुल प्रजनन्दरको अवस्था ७
चित्र २ : बालअधिकारको ४ खम्बा (बालअधिकार महासन्धिबमोजिम) १२
चित्र ३ : नेपालमा बालअधिकारको लागि संस्थागत संयन्त्र २१
चित्र ४ : नवजात शिशुमृत्यु, बालमत्यु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरको अवस्था ३५
चित्र ५ : नेपालमा मातृ-मृत्युदरको अवस्था ३७
चित्र ६ : नेपालमा कक्षा एक को नयाँ भर्नादर ४४
चित्र ७ : नेपालमा मुख्य बालसंरक्षणका विषयहरू ५३
चित्र ८ : राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता भएका बालअधिकार उल्लङ्घनका उजुरी ९३
चित्र ९ : सरकारसमक्ष बालअधिकारसँग सम्बन्धित राष्ट्रिय मानवअधिकार आयोगका महत्त्वपूर्ण सिफरिस ९५

# प्रतिवेदनको सारसङ्क्षेप

यो प्रतिवेदनले मुलुकमा बालबालिकाको हालको यथार्थ स्थिति के छ भनी दर्शाउने कोशिस गरेको छ । यस क्रममा बालअधिकारका लागि बनेका नेपालका प्रचलित कानुन, नीति, संयन्त्रको अवलोकन र धेरै ठाउँमा बालबालिकाको स्थितिको समेत अवलोकन गरी तिनीहरूमा रहेका कमिकमजोरी केलाइएको छ । यो प्रतिवेदन छ महिनाको अवधिमा तयार परिएको हो । यो प्रतिवेदन द्वितीय स्रोतमा आधारित भई तयार गरिएको छ । बालअधिकारका सन्दर्भमा मुलुकको विभिन्न ठाउँमा आयोजना गरिएको सरोकारवालाहरूसँगको बैठकमा उनीहरूबाट रायसुझाव समेटिएका छन्, जो सम्बन्धित क्षेत्रका बालबालिकाको स्थितिको विशेष जानकारी समेतलाई राखिएका छन् तापनि विषयवस्तुको हिसाबमा प्रतिवेदनले धेरै क्षेत्र ओगट्ने कुरामा गहिराइमा त्यति पुग्न सकेको छैन । यो प्रतिवेदन नौ भागमा विभक्त छ जसमा परिचय, बालबालिका र जनगणना, बालअधिकारसँग सम्बन्धित कानुनी प्रावधान नीति र संस्थागत संयन्त्र, बालजीवन र स्वास्थ्य, बालबालिका र शिक्षा, बालबालिकाको संरक्षण, बाल-सहभागिता, बाल्य गरिबी र अभाव तथा बालबालिकाका अधिकार संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कार्य छन् ।

**जनसङ्ख्या र बालबालिका**

नेपालको जनसङ्ख्या सन् २०१२ को प्रारम्भिक तथ्याङ्कअनुसार दुई करोड ६६ लाख छ । जनसङ्ख्याको औसत मध्य खोज्दा २१ वर्ष हुन आउँछ, जसले के देखाउँछ भने मुलुकको ठूलो जनसङ्ख्या बालबालिका र युवायुवतीको रहेको छ । सन् २००१ को प्रतिवेदनअनुसार मुलुकको सम्पूर्ण जनसङ्ख्याको आधा हिस्सा १८ वर्षमुनिका बालबालिकाको थियो ।

सम्पूर्ण जन्मदर यो अवधि (२००१-२०११) मा निकै नै घटेको छ (४.१ बाट घटेर २.६ भएको छ) । तापनि यस अवधिमा साना बालबालिका बढेकै छन्, यसको कारण के देखिन्छ भने यो समयमा प्रजनन् उमेरका मानिसको सङ्ख्या नै धेरै भएको र बाल-मृत्युदर कम भएको छ । जन्मदर कम भएकोले एउटा परिवारमा रहने बस्नेको सङ्ख्या पनि घटेको छ । नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे (ने.ज.स्वा.स) अनुसार महिला घरमुली भएको घर परिवार बढ्दो क्रममा छन् । यो जनसङ्ख्या सन् २००१ मा १६% रहेकोमा २०११ मा २८% पुगेको छ । यसको कारण पुरुषहरू घर छोडेर बाहिर गएकाले पनि हुन सक्छ ।

बालबालिकाको जन्मदर्ता धेरै दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ तापनि नेपालको बालबालिकाको जन्मदर्ता दर ज्यादै न्यून रहेको छ । चार वर्षसम्मका बालबालिकाको

जन्मदर्ता केवल ४२% मात्र रहेको छ । करिब ६०% १८ वर्षमुनिका बालबालिका दुवै आमाबाबुसँग बस्छन् र ५% बालबालिका टुहुरा छन् । ने.ज.स्वा.स.का (२०११) अनुसार नेपालमा ११% परिवारका बालबालिका परिवारमा बाबुआमाबाट पालनपोषण पाएका छैनन् भने करिब ६% परिवारमा टुहुरा बालबालिका छन् ।

## कानुन, नीति र संस्थागत संरचना

नेपालमा आधुनिक कानुनको इतिहास धेरै लामो छैन । प्राचीन नेपालमा कानुनी संरचना हिन्दु दर्शनमा आधारित थियो । प्राचीन समयदेखि नै सांस्कृतिक रूपमा नेपाली समाजमा बालबालिकाले एउटा खास प्रकारको स्थान र व्यवहार पाउँथे । संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धिको नेपालले अनुमोदन नगरुञ्जेलसम्म नेपालमा बालबालिकाका लागि कुनै खास कानुन थिएन । उक्त महासन्धिको सन् १९९० मा अनुमोदन गरेपछि नेपालमा पनि आफ्ना मुलुकका कानुनका रूपमा बालबालिकासम्बन्धी कानुन बनाउन प्रारम्भ गऱ्यो । नेपालले त्यसपछि बालबालिकासँग सम्बन्धित धेरै अन्तर्राष्ट्रिय र क्षेत्रीय महासभामा भाग लिन सुरु गरेपछि गरेका प्रतिज्ञा पूरा गर्न थालेको पाइन्छ ।

बालअधिकारको क्षेत्रमा नेपालको अन्तरिम संविधान, २०६३ को खास स्थान छ जसले पूर्ण र प्रशंसनीय रूपमा बालबालिकाको हित, संरक्षण र विकासमा योगदान पुऱ्याएको छ । मौलिक हकअन्तर्गत धारा २२ ले बालबालिकाको परिचय, नाम, पोषण पाउने हक, आधारभूत स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र सबै प्रकारका शोषणबाट सुरक्षित रहन पाउने हकको व्यवस्था गरेको छ । संविधानले त्यस अतिरिक्त सामाजिक सुरक्षा र कमजोर एवम् असहाय बालबालिकाले विशेष सेवा पाउने व्यवस्था गरेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ बालबालिकासम्बन्धी नेपालको पहिलो कानुनी दस्तावेज हो, जसमा बालअधिकारर उनीहरूको हितसम्बन्धी विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ । बालअधिकारको संरक्षणका लागि सो बाहेक अन्य पनि विभिन्न सहयोगी कानुनहरू रहेका छन्: मुलुकी ऐन, २०२०; बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६; बालन्याय सम्बन्धि कार्यविधि नियमावली, २०६४; मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ । साथै नेपाल सरकारले विभिन्न बालबालिकाको संरक्षण र हितका लागि कार्ययोजना र नीतिहरू कार्यान्वयनमा ल्याएको छ जस्तो नेपालका बालबालिकाका लागि १० वर्षिय कार्ययोजना (२००४/०५-२०१४/१५), बालश्रम सम्बन्धी गुरुयोजना (२००४-२०१४), सबैका लागि शिक्षाका लागि राष्ट्रिय कार्ययोजना (२००१-२०१५), आदि हुन् । त्यसैगरी बालबालिकासम्बन्धी कानुन, योजना, नीति र कार्यक्रम आदिको कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण परिषद् स्थापना गरिएका छन् ।

## बाल्यजीवन र स्वास्थ्य

संविधान र अन्य कानुनले निर्देश गरेअनुसार प्रभावकारी स्वास्थ्य सेवाका लागि नेपालले राष्ट्रिय स्वास्थ्य नीति, १९९१ लगायतका विभिन्न योजना, नीति र स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिआएको छ । तीन चौथाईभन्दा बढी जनसङ्ख्या अहिले आधाको दुरीमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवस्थामा छन् । करिब ३५% बच्चाहरू स्वास्थ्य सेवा उपलब्ध भएका ठाउँमा जन्मन्छन् भने करिब ३६% बच्चाको जन्म तालीम प्राप्त सुडिनी समेतको सहायताले जन्मन्छन् । यो सङ्ख्या विगत पाँच वर्षको तुलनामा झण्डै दोब्बर हो । तैपनि दुई तिहाई बच्चा घरमा नै जन्मने हुँदा ती आमा र बच्चा सुरक्षित छन् भन्न सक्ने अवस्था छैन ।

विश्वव्यापी रूपमा बालबालिकाको सरुवा वा अन्य रोगबाट बचाउन दिइने खापका कारणले बाल-मृत्युदर घटेको छ । नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे २०११ (ने.ज.स्वा.स.) का अनुसार १२-२३ महिना उमेर समूहका ८७% बालबालिका खोपद्वारा सुरक्षित छन्, जबकि यो सङ्ख्या २००६ मा ८३% मात्र थियो । बालबालिकालाई दिइने खोपको पनि तिनीहरू जन्मेको ठाउँ, लिङ्ग, आमाको शिक्षा आदिका कारणले फरक-फरक अवस्था देख्न सकिन्छ । पोषणतत्व बालबालिकाको स्वास्थ्य र जीवनसँग सम्बन्धित एउटा महत्त्वपूर्ण कुरा हो । यद्यपि हाल बालबालिकामा उचाइअनुसार तौल नपुग्ने र उमेरअनुसारको उचाइ नपुगी होचापुड्का हुने सङ्ख्यामा विगत १० वर्षमा केही कमी आए पनि सुस्त मनस्थितिको सङ्ख्यामा भने कुनै कमी आएको छैन । गरिब परिवारका बालबालिकाले पोषणयुक्त खाना खान पाएका छैनन् । विश्वव्यापी रूपमा युनिसेफ र विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार नेपालमा पनि छ महिनासम्मका बालबालिकालाई आमाको दुध खुवाइने गरेको पाइएको छ ।

तत्काल उपचार चाहिने खालका श्वासप्रश्वाससम्बन्धी रोग, ज्वरो र झाडापखालाबाट नेपालका बालबालिका मुक्त छैनन् भन्ने स्वास्थ्य मन्त्रालयले उल्लेख गरेको छ । नेपालका बालबालिकामा त्यस प्रकारका रोग लाग्नुको कारण सरसफाइ नहुनु, खाने पानी असुरक्षित हुनु, सुरक्षाको उपाय नअपनाई खाना बनाउनु र पोषण तत्वको कमी भएका खाना हुनुलाई नै मानिएको छ (राष्ट्रिय योजना आयोग आदि, २०१०) । ने.ज.स्वा.स.का अनुसार बालबालिका बिरामी परेमा स्वास्थ्य सेवाको सुविधा लिइने चलन आजभोली बढ्दो क्रममा रहेको पाइएको छ, तापनि वासस्थान लगायतका कारणले त्यसमा पनि एकरूपता रहेको पाइन्नँ ।

बाल-मृत्युदर बाल-स्वास्थ्यको सूचकको रूपमा रहेको छ । बाल-मृत्युदर घटाउने उद्देश्य पनि सहस्राब्दी विकास लक्ष्य (स.वि.ल.) को अन्यमध्येको एउटा लक्ष्य हो । नेपालमा शिशु-मृत्युदर र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर उल्लेख्य रूपमा घटेको बाट स.वि.ल

सफल भएको मानिएको छ । सन् २०११ सम्ममा शिशु-मृत्युदर र बाल-मृत्युदर घटेर क्रमशः ४६% र ५४% मा झरेको छ जुन कि सन् २००१ मा त्यो दर क्रमशः ६४% र ९१% थियो । तापनि जन्मेकै अवस्थामा मर्ने बालबालिकाको सङ्ख्यामा भने सन्तोष मान्ने अवस्था छैन किनकि विगत १० वर्षको अवधिमा यो दर केवल ३% मात्र घटी ३६% बाट ३३% मा आएको छ । त्यतिमात्र होइन, लिङ्गभेद, जातिभेद, भौगोलिक वासस्थान आदिका कारणले त्यो सङ्ख्यामा पनि एकरूपता छैन । मातृ-मृत्युदर, जसलाई बाल-स्वास्थ्यको एउटा अभिन्न अङ्गको रूपमा मानिन्छ, त्यो भने उल्लेख्य रूपमा घटेको छ । सन् २००१ मा मातृ-मृत्युदर प्रति लाखमा ४१५ रहेकोमा त्यो सङ्ख्या सन् २०११ मा प्रति लाखमा २२९ मा आएको पाइन्छ । मातृ-मृत्युदर पनि सबै ठाउँमा र सबै जातिमा एकरूपता छैन ।

## बालबालिका र शिक्षा

शिक्षा मानिसको सर्वाङ्गीण विकासको एउटा मुख्य भाग हो । त्यसो हुँदा बालबालिकाका लागि पनि शिक्षा उनीहरूको विकासको पूर्वाधार हो । त्यसैले शिक्षा क्षेत्र सार्वजनिक लगानी र स्रोत परिचालनको प्राथमिकता प्राप्त क्षेत्र हो । सार्वभौम प्राथमिक शिक्षा सरकारको मुख्य प्राथमिकताभित्रको विषय हो । यसमा सबैको शिक्षामा पहुँच बढाउने र शिक्षाको गुणस्तर वृद्धि गर्ने कुरा मुख्य छन् (रा.या.आ. २०१०) । यस कार्यक्रमको सबभन्दा मुख्य कुरा कक्षा ८ सम्म निःशुल्क शिक्षा तथा बालिका, दलित, जनजाति परिवारका बालबालिका र अरू सीमान्तकृत समुदायका बालबालिकाका लागि छात्रवृत्ति प्रदान गर्नु हो । त्यसबाहेक बालबालिकालाई दिउँसोको खाजा, खाने तेल, घरमा लैजाने खाद्य पदार्थ पनि उनीहरूलाई प्रोत्साहनको लागि वितरण गर्ने र खास गरेर त्यस्तो क्षेत्र जहाँ ज्यादै थोरै बालिका भर्नाका लागि आउँछन् र आएकाको पनि दैनिक हाजिरी ज्यादै न्यून हुने गर्छ ।

मुलुकको साक्षरता दर २००१ देखि २०१० सम्म आइपुग्दा, ५४.१% बाट बढेर ६३.७% पुगेको छ । त्यो दर पनि पुरुषको भन्दा महिलाको वृद्धिदर अझ बढी छ, तापनि लैङ्गिक भिन्नता बाँकी नै छ किनकि हालको अवस्थामा पुरुषको साक्षरता दर ७५.६% छ भने महिलाको ५३.३% मात्र छ ।

तीन-चार वर्ष समूहका बालबालिकाको पूर्व-प्राथमिक शिक्षा, जसलाई शीघ्र बालवृद्धि (Early Childhood Development) भन्ने गरिन्छ, का क्रियाकलाप बढेका छन् । पूर्व-प्राथमिक शिक्षाले प्राथमिक शिक्षामा क्षमता वृद्धि गर्न मद्दत गर्छ । आजभोली शीघ्र बालवृद्धिका केन्द्रहरू बिस्तारै बढ्दै गरेका छन् । सन् २००९/१० मा २९,०८९ रहेका ती केन्द्रहरू बढेर २०११/१२ मा ३३,४०४ पुगेका छन् । यस्ता केन्द्रमा सालाखाला भर्नादर ( सन् २०११/१२ मा) ७२.९% पाइएको छ र यो दर पनि २००९/१० को तुलनामा ६६.२% बाट बढ्न गएको हो । सबै त्यस्ता केन्द्रहरू १ ग्रेडमा रहेको कुरा शीघ्र बालवृद्धि कार्यक्रमले जनाएको छ तापनि मुलुकभरिको अवस्था हेर्दा ३-४ वर्ष समूहका करिब एक तिहाई बालबालिका त्यस्ता सुविधासम्म पुग्न सकेका छैनन् ।

शिक्षा मन्त्रालयले ल्याएको तथ्याङ्कअनुसार विद्यालयका सबै तहको भर्नादर उल्लेख्य रूपमा वृद्धि भएको छ । सो तथ्याङ्कका अनुसार २००१ मा ८१% रहेको भर्नादर, २०११/१२ मा ९५% पुगेको छ । यति वृद्धि देखिएता पनि यस अवधिमा सहस्राब्दी विकास लक्ष्यबमोजिम उपलब्धी भने हासिल हुन सकेको छैन । त्यसैगरी माथिल्ला कक्षाहरूमा पनि भर्ना सङ्ख्या केही बढेकै छ, तापनि अपेक्षा गरिएजस्तो पाइँदैन । त्यसमध्ये राम्रो कुरा के देखिएको छ भने भर्ना भएका बालबालिकामा लैङ्गिक फरक भने नगन्य रूपमा मात्र रहेको छ । दलित, जनजाति र अरू सुविधाबाट वञ्चित रहेका समूहका बालबालिकाको भर्नादर क्रमशः बढ्दै गएको पाइएको छ ।

नेपालका बालबालिकाको शिक्षामा रहेको सबभन्दा ठूलो चुनौती भन्नु नै बालबालिकाले विद्यालय छोड्ने क्रम र त्यो कक्षाको पढाइ दोहोऱ्याउनु पर्ने अवस्था हो । एक कक्षामा भर्ना भएका जति बालबालिका हुन्छन्, कक्षा १० सम्म पुग्दा करिब ती आधामात्र बाँकी रहन्छन् । शिक्षा मन्त्रालयको तथ्याङ्कलाई मान्ने हो भने पनि ५% भन्दा बढ्दा विद्यालय जाने उमेरमा बालबालिका अझ विद्यालय पुग्न सकेका छैनन् (शि. मं. २०१२) । त्यसबाहेक पनि उच्च विद्यार्थी-शिक्षक दर, अत्यन्त थोरै तालिम प्राप्त शिक्षक, पुस्तकको अभाव, अत्यन्त थोरै सुविधा प्राप्त विद्यालय, आदि खराब पक्ष नेपाली शिक्षाको पद्दतिमा रहेका देखिन्छन् । यद्यपि केही अनौपचारिक शिक्षाजस्ता केही कार्यक्रमहरू सञ्चालित रहेको पाइन्छन् तर ती पनि उचित आर्थिक स्रोतको तथा कार्यान्वयनको अभावमा अघि बढ्न सकेका छैनन् (रा.यो.आ. २०१२) । व्यावसायिक शिक्षा र व्यासायिक तालिमले अहिले पनि प्राथमिकता पाउन सकेको छैन ।

**बालसंरक्षण**

नेपालमा बालसंरक्षणले बालअधिकारको सन्दर्भमा धेरै महत्व राख्दछ । नेपाल सरकारले बालसंरक्षणलाई अत्यन्त प्राथमिकताको क्षेत्रमा राखेको छ । केही कानुन, नीति र कार्यक्रमहरू वा संरक्षणको विषयलाई सम्बोधन गर्न निकै कोशिस भएका छन् । सरकारबाट प्रयास हुँदाहुँदै पनि बालसंरक्षणका कार्यक्रममा प्रशस्तै समस्या देखिएका छन् ।

नेपाल त्यस्तो मुलुकहरूमा पर्छ, जहाँ बालश्रम सर्वत्र व्याप्त छ । सम्पूर्ण बालबालिकामध्ये करिब ४०% बालबालिका अर्थउपार्जनको लागि काम गर्छन्, तीमध्ये आधाजसो अथवा त्यसको ५०% बालबालिका बालश्रममै छन् र ३९% जोखिमपूर्ण काममा संलग्न छन् ( विश्व श्रम सङ्गठन र केन्द्रीय तथ्याङ्क विभाग, २०११) ।

नेपालमा धेरै बालबालिका परिवारविहिन छन् र तिनीहरू बाबुआमाको हेरचाह र परिवारको संरक्षणबाट वञ्चित छन् । केही बालगृह बालबालिकाको हेरचाह, संरक्षण र आश्रयका लागि संस्थागत रूपमा स्थापना भएका छन् । नेपालमा त्यस्ता संस्था करिब १,००० को सङ्ख्यामा छन्, जसमा करिब १५,००० बालबालिका राखिएका छन् । तर जो बालबालिका त्यहाँ आश्रय

लिइरहेका छन्, तिनीहरू दुर्व्यवहार र शोषणमा परेको शङ्का गरिएको र त्यस्तो दुर्व्यवहार पनि त्यस्ता वयस्क व्यक्तिबाट हुन्छ, जो तिनै बालबालिकाको हेरचाह र संरक्षणको दायित्वमा छन् । त्यस्ता संस्था उचित नियममा चलेका पनि छैनन् ।

घरेलु हिंसा सामान्य रूपमा महिला र बालबालिकामाथि हुने गर्छ तर त्यस्ताको जानकारी मुस्किलले मात्र बाहिर आउँछ । त्यसो हुँदा सही तथ्याङ्क पाउन ज्यादै कठिन छ । गरिबी, खाद्य सुरक्षा, कमजोर आर्थिक अवस्थाबीच बाँचेका महिला र बालबालिका, बालबालिकामाथि शारीरिक दण्ड दिइँदा सामाजिक रूपमा स्वीकार्ने प्रवृत्ति, सचेतनाको अभाव र बालबालिकाको उचित हेरचाह पुऱ्याउन नजान्ने बाबुआमा आदि कुरा नै घरेलु हिंसाका मुख्य कारक तत्व मानिन्छन् (युनिसेफ २०१०) । त्यसैगरी नेपालका विद्यालयहरूमा अनुशासनका नाममा दिइने शारीरिक दण्ड पनि एउटा महत्त्वपूर्ण कारण हो ।

बालिकाहरूको विवाह भएको उमेरलाई औसत मध्यबिन्दुमा ल्याउँदा त्यो १७.५ वर्ष (रा.ज.स्वा.स. २०१०) हुन्छ । त्यसले के देखाउँछ भने बालविवाह नेपालमा अहिले पनि सर्वत्र फैलिएको छ । चाँडो विवाह हुनुको मतलब नै चाँडो गर्भ रहने र सानो उमेरमा नै बच्चा जन्माउनु हो । उक्त सर्भेको प्रतिवेदनअनुसार एक चौथाई बालिकाले १८ वर्षको उमेर ननाघ्दै बच्चा पैदा गर्छन् । त्यसैगरी दाइजो प्रथा पनि नेपालमा सर्वत्र फैलिएको छ ।

बालसंरक्षणको क्षेत्रमा बालबालिकामाथि हुने दुर्व्यवहार र शोषण अर्को गम्भीर समस्या हो । यौनदुर्व्यवहारका घटनाहरू निकै नै डरलाग्दो अवस्थामा रहेका छन् । इन्सेक को प्रतिवेदन (२०१२) अनुसार सन् २०११ मा मात्र पनि महिला र बालबालिकामाथि बलात्कारका घटना ३२८ रहेका थिए र तीमध्ये ११ जना बालिका र महिला बलात्कारपछि मारिए । त्यसै वर्ष अरू १२३ वटा घटना अन्य प्रकारका यौनदुर्व्यवहारका थिए यद्यपि बालकभन्दा बालिका नै यौनदुर्व्यवहारका दृष्टिले धेरै कमजोर हालतका हुन्छन् । सिविन र सेभ द चिल्ड्रेनका अध्ययनअनुसार ७५% सडक बालकहरू काठमाडौंमा यौनदुर्व्यवहारका शिकार भए । नेपालमा ओसारपसार अर्को गम्भीर समस्या रहेको छ । दुरुस्त र जाँच परीक्षण गर्न सकिने अवस्थाको ओसारपसारका तथ्याङ्क प्राप्त छैन तर पनि प्रतिवर्ष ५,००० देखि ७,००० सम्म महिला र बालबालिकाको व्यापारिक यौनशोषणका लागि ओसारपसार हुने बताइन्छ वा अनिच्छामै विवाह पनि हुन्छ ।

एक दशक लामो सशस्त्र द्वन्द्वले बालबालिकाका जीवनमा ठूलो असर पारेको छ । त्यस्तो द्वन्द्वका बेला ४७५ बालबालिका हराएको सिविनको भनाइ छ । सो द्वन्द्वमा अरू धेरै गम्भीर घाइते भए, केही टुहुरा भए, अरू केही बालबालिका परिवारविहिन भए र त्यसैगरी धेरै बालबालिका द्वन्द्वमा नै प्रयोग गरिए ।

बढ्दो शहरीकरण र शहरी बस्तीका कारण धेरै बालबालिका सडक बालबालिका बन्न पुगेका छन् । नेपालभरिमा करिब ५,००० सडक बालबालिका रहेको अनुमान गरिन्छ र काठमाडौंमा प्रतिवर्ष ५०० नयाँ सडक बालबालिका बन्न पुग्छन् । अझ मुद्दा मामिलामा परेका बालबालिका, रोगग्रस्त बालबालिका र एच.आई.भी. प्रभावित बालबालिका, अपाङ्ग बालबालिका, बेपत्ता पारिएका बालबालिका, अपहरणमा परेका बालबालिका र केही अन्य बालबालिका बालसंरक्षणको पर्खाइमा रहेका छन् ।

## बाल-सहभागिता

बाल-सहभागिता बालअधिकारको एउटा अन्तरङ्ग पक्ष हो जसका विना बालअधिकारको कुरा गर्नु व्यर्थ हुन जान्छ । आजभोली बालबालिकाको सरोकार रहेको विषयमा उनीहरूको सहभागिता बढ्ने क्रम पनि रहेको छ । नेपालमा बाल-सहभागिता २ प्रकारले बढाइएको छ, ती हुन्:–एक बालक्लब निर्माण गरेर र दोस्रो बालमैत्री स्थानीय शासन (बा.मै.स्था.शा.) को कार्यक्रमबाट बालक्लब बनाएर । बालक्लब सञ्जालले बालबालिका र उनीहरूको समुदायको विकास र उनीहरूको आवाज सम्बन्धित ठाउँमा पुऱ्याउने मौका सिर्जना गर्छ । बालबालिकाले नेतृत्व गरेका त्यस्ता बाल-सङ्गठनको सङ्ख्या करिब १२,००० रहेको र त्यसमा करिब ३,००,००० बालबालिका सम्मिलित रहेको अनुमान गरिएको छ, ती सम्मिलित बालबालिकामध्ये करिब ४४% बालिकाहरू रहेका छन् (बा.क.के.प. २०१०) । त्यसैगरी हाल ४३ वटा जिल्ला तहका, ७८ क्षेत्र तहका र ७१३ गा.वि.स. तहका बालक्लब कार्यरत रहेका छन् । तीमध्ये धेरैले बालअधिकारको बहस गरिरहेका छन् भने बाँकी सामुदायिक विकास क्रियाकलापमा लागेका छन् ।

स्थानीय विकास मन्त्रालय बालमैत्री स्थानीय शासन कार्यक्रमको कार्यान्वयनले पनि बाल-सहभागिताका लागि सहज वातावरण सिर्जना गरिदिएको छ । बाल मैत्री स्थानीय शासनले सबै तहमा बालमैत्री कार्यक्रमलाई र बालअधिकारलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहसम्म बुझ्न र अनुभुत गर्न समेत सहज बनाइदिएको छ । बालमैत्री स्थानीय शासन अहिले १६ जिल्लामा लागू भएको छ र यो सन् २०१२ सम्ममा कम्तीमा एउटा जिल्लाको एउटा गा.वि.स.मा लागू गरेर भए पनि ७५ वटै जिल्लामा फैलाउने कार्यक्रम रहेको छ । यस प्रकारका बालबालिकाको सहभागिताको लागि प्रवर्द्धन र सहजीकरण गर्ने कुराको सुरुवात हुँदाहुँदै पनि बाल-सहभागिता अहिले पनि अर्थपूर्ण भइरहेको छ वा छैन भन्ने विषय प्रश्नवाचक रूपमै रहेको छ ।

## बाल-गरिबी र वञ्चित हुनु

मुलुकमा सशस्त्र द्वन्द्व, राजनैतिक तरलता र सामाजिक आर्थिक अवस्था जे जस्तो भए पनि नेपालले यस डेढ दशकमा गरिबी निवारणको दिशामा राम्रो प्रगति हासिल

गरेको छ । सन् १९९५ मा ४२% रहेको नेपालको गरिबी घटेर २०१०/११ सम्म आइपुग्दा २५% मा आएको तथ्याङ्कले देखाएको छ (के.त.वि. २०११) । संसारभरकै अनुसन्धानले के देखाउँछ भने बालबालिका गरिबमध्ये पनि नाजुक अवस्थाका र तिनीहरूलाई गरिबीको मारमा पर्ने समूह मानिन्छ । नेपाल जीवनस्तर सर्भे (२०११) को प्रारम्भिक प्रतिवेदनले पनि यही कुरा पुष्टि गरेको छ कि बालबालिकाहरूमा नै बढी गरिबी रहेको छ । शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी आदि तत्वले पनि गरिबीसँग सहसम्बन्ध राख्दछन् । प्रतिवेदनमा भनिएको छ कि यी क्षेत्रमा मुलुकले पर्याप्त उपलब्धि हासिल गरेको छ । परिणामतः बालबालिकाको अवस्थामा पनि केही हदसम्म सुधार आएको छ तापनि सबै समूहमा बराबरीको रूपमा उपलब्धि हुन सकेको छैन (रा.यो.आ. र युनिसेफ, २०१०) ।

## बालसंरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कार्य

नेपालमा राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। एउटा संवैधानिक निकाय हुनुको नाताले आयोगलाई संविधानद्वारा बिस्तृत कार्य क्षेत्र उपलब्ध छ, जसमा मानवअधिकार उल्लङ्घन भएका घटनाको उजुरी लिने, त्यसमा सोधपुछ र अनुसन्धान गर्ने, मानवअधिकार उल्लङ्घनकर्तालाई अदालती कारबाही वा विभागीय कारबाहीको सिफारिस गर्ने, पीडितलाई क्षतिपुर्तिका लागि सरकारमा सिफारिस गर्ने, मानवअधिकारका सम्बन्धमा भएका सन्धिसम्झौताको र स्थितिको अनुगमन गर्ने, कानुन/नीतिको पुनरावलोकन गरी आवश्यक सुधारको सिफारिस गर्ने आदि छन् । आयोगका क्रियाकलापहरू आफ्ना आवधिक रणनीतिक योजनाबाट निर्देशित हुन्छन् । बालअधिकारपनि मानवअधिकारको एउटा गुह्य विषय हो । त्यसैले आयोग मुलुकमा बालअधिकारका रक्षाका लागि संलग्न रहेको छ । हालको त्रिवर्षीय योजनाले प्रकाशमा ल्याएको 'प्राथमिकता प्राप्त क्षेत्रको सामूहिक अधिकार प्रवर्द्धन र संरक्षण' को बालअधिकारपनि एउटा महत्त्वपूर्ण अङ्ग हो (त्रिवर्षीय योजना २०११-१४) ।

आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म बालअधिकार उल्लङ्घनका घटनाका २६१ वटा उजुरी प्राप्त गरेको छ । ती बालअधिकार उल्लङ्घनका उजुरीमध्ये धेरैजसो गैरन्यायिक हत्या, यातना, अपहरण, बलात्कार र यौनजन्य दुर्व्यवहार, ओसारपसार, बम-विष्फोटन, विद्यालय बन्द गर्ने लगायतका विद्यालयमा आक्रमण आदि रहेका छन् । आयोगले ६८ वटा बालअधिकार उल्लङ्घनका मुद्दामा कारबाहीको लागि सिफारिस समेत गरिसकेको छ र धेरै वटा नीतिगत सुधारका लागि समेत सिफारिस गरेको छ ।

सिफारिस कार्यान्वयन नहुनु वा ढिलो गरेर हुनु, आयोग र यसको कामप्रति जनचासो वा सचेतनाको अभाव हुनु, प्रशस्त स्रोत र पूर्वाधारको अभाव हुनु आदि आयोगका चुनौती रहेका र तिनीहरूसँग आयोग लडिरहेको पनि छ ।

### कमिकमजोरी र चुनौती

- हाल पनि बालबालिकासम्बन्धी तथ्याङ्कको अभाव नै छ । त्यसो हुँदा नियमित रूपमा भरपर्दो र स्तरीय तथ्याङ्क वा जानकारी प्राप्त नहुनु आजको चुनौती हो साथै, विभिन्न जातजाति, लिङ्ग, आदिमा विभाजित तथ्याङ्क पाउन पनि समस्या भएको छ ।
- कानुनको अभाव होइन तर कानुनमा कमिकमजोरी छन् । एकातिर कानुनमा नै कमिकमजोरी छन् भने अर्कोतर्फ भएका कानुनको कार्यान्वयन पनि राम्ररी हुन सकेको छैन ।
- शैक्षिक क्षेत्रमा पनि क्षेत्रगत, लिङ्गगत र सामाजिक समूहगत भेदभाव वा गहिरो खाडल बाँकी नै छ र शिक्षाको गुणस्तर अर्को ठूलो समस्या हो ।
- स्वास्थ्य क्षेत्रमा अपर्याप्त रूपमा गरिएको लगानीले रोग एक प्रकारका बोझका रूपमा रहेका छन्, त्यस अतिरिक्त पनि गरिब मानिसहरू सार्वजनिक स्वास्थ्य सेवामा भर पर्छन् । बालबालिका पर्याप्त पोषणयुक्त खानेकुराको अभावमा छन् र पाँच वर्षमुनिका बालबालिकाले पोषणयुक्त खानेकुरा नपाएर होचापुड्का बनेका छन् ।
- आधारभूत आवश्यकताको परिपूर्तिको अभाव र सरसफाइ सुविधाको अभावले ती कुराबाट बालबालिका वञ्चित रहेका छन् । एकातिर मुलुक सम्पूर्ण रूपमा गरिबी न्यूनिकरणको दिशातिर उन्मुख छ तर बालबालिकाको हकमा हेर्दा नयाँ गरिब समूह देखिन थालेको पाइन्छ ।
- सामाजिक सुरक्षा ज्यादै कमजोर अवस्थामा रहेको छ, वितरण प्रणाली पनि कमजोर छ । सार्वजनिक संस्थाहरूका कार्यक्रम कार्यान्वयन पनि कमजोर छन्, सेवा प्रदान गर्ने कुरामा पनि कमजोर रहेका छन् । कार्यक्षेत्रगत संयोजन पनि अत्यन्त कमजोर रहेको छ, साथै दिइएका सेवाको प्रभावको अनुगमन त शून्य नै रहेको छ ।
- बालबालिकाका समस्या र उनका विषयवस्तु खास गरेर स्रोत वितरणमा कहिल्यै प्राथमिकता पाउँदैनन् । बालसंरक्षणका कार्यक्रम पनि लगानीविहीन छन् र प्राप्त हुन सकेजति स्रोत पनि सफलतापूर्वक सञ्चालित छैनन् । बालबालिकाका सबै समस्या छायामा परेका छन् र वयस्कहरूका आवश्यकता र माग पनि नजरअन्दाज गरिएका छन् ।
- बालबालिकासँग सम्बन्धित संस्था तथा सङ्गठनहरू स्रोत र संस्थागत क्षमताका हिसाबले अत्यन्त कमजोर अवस्थामा छन् । ती संस्थाबाट प्राप्त हुने सेवा र कार्यका लागि सेवा ग्राही दोहोरो मारमा परेका छन् ।
- बालमैत्री न्यायप्रकृयाको अभावले डरत्रासको स्थिति र पर्याप्त बाल-सुधारसम्बन्धी सुविधाको अभाव छ ।
- यद्यपि बालबालिकाका सन्दर्भमा केही सचेतनाको वृद्धि भएको छ । बाल-जनसङ्ख्याको ठूलो हिस्सा खास गरेर गाउँवासी हालसम्म पनि आफ्ना अधिकारका बारेमा अनभिज्ञ नै छन् । यसले निश्चित रूपमा हामी जे प्रगतिको अपेक्षा राख्दछौ, त्यसमा बाधा गर्दछ ।

**सिफारिसहरू**

- बालबालिकासम्बन्धी तथ्याङ्कको अभावलाई सम्बोधन गरिन जरुरी छ । बालबालिकाको विभाजित तथ्याङ्कको सङ्कलन र प्रसारण गरिनुपर्ने ।
- बालबालिकासम्बन्धी कानुनहरू, बालबालिकासम्बन्धी महासन्धिको अनुरूप सुधार गरिनुपर्ने र कठोरताका साथ पालना गरिने प्रत्याभूति समेत हुनुपर्ने ।
- आधारभूत आवश्यकता विशेष गरी स्वास्थ्य, पोषण तत्व, सरसफाइ, र शिक्षा आदिबाट वञ्चित रहेका बालबालिकालाई लक्ष्य साथ उपलब्धि ल्याउने गरी नीति र कार्यक्रम ल्याउनुपर्ने र त्यस्ता कुरामा समानतालाई विशेष ध्यान दिनुपर्ने ।
- बालसंरक्षण रणनीति अझ व्यवस्थित रूपमा आधारित हुनुपर्ने र यस्ता संरक्षण सेवा समाजका सबै तह अर्थात परिवार, समुदाय, विद्यालय आदिलाई प्राप्त हुने कुराको सुनिश्चितता हुनुपर्ने । बालबालिकाको सहभागिता राष्ट्रिय स्तरमा तथा स्थानीय स्तरमा हुनुपर्ने र त्यो सहभागिता बालमैत्री हुने गरी तय हुने कुराको समेत प्रत्याभूति हुनुपर्ने ।
- सामाजिक संरक्षणसम्बन्धी संयन्त्रलाई एकीकृत गर्दै बिस्तारित सामाजिक संरक्षण नीतिको विकास, खास गरेर अत्यन्त गरिब परिवारका बालबालिकामाथि ध्यान जाने गरी गर्नुपर्ने । त्यसैगरी सामाजिक सेवाको प्रभावकारितामा गम्भीर समस्या भएकाले त्यसलाई बालहितमा हुने गरी गर्ने, सार्वजनिक निकायमा तालिम प्राप्त व्यावसायिक मानिसलाई राख्ने, कार्यान्वयन क्षमतालाई अझ सबल बनाउने, राम्रो र प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्ने ।
- बालबालिकाका लागि पर्याप्त स्रोतको व्यवस्था गरिनु र प्रभावकारी ढङ्गले प्रयोग गरिनुपर्ने, बालबालिकासँग सम्बन्धित संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण परिषद्, जिल्ला बालकल्याण बोर्ड, आदिले सशक्त रूपमा काम गर्न सक्ने क्षमताको विकास गर्नुपर्ने ।
- बालअधिकार उल्लङ्घनका सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो भूमिकाको बिस्तार गर्नुपर्ने र राष्ट्रिय कानुन र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय संन्धिहरूद्वारा प्रत्याभूत बालअधिकारको कार्यान्वयन भएनभएकोमा अनुगमन गर्नुपर्ने ।
- सञ्चारका साधनको प्रयोग र तालिमप्राप्त सामाजिक कार्यकर्ता, विद्यालयका शिक्षक र बाल-युवाक्लब समेत समावेश गर्दै सचेतनाको अभियानको क्रियाकलापसाथ बिस्तृत सचेतनाको कार्यक्रम गरी जनसाधारणलाई बालअधिकारका विषयमा सुशिक्षित गर्ने ।

# अध्याय १ : परिचय

## १.१ पृष्ठभूमि

मानवअधिकार आयोग ऐन २०५३ को प्रावधानबमोजिम राष्ट्रिय मानवअधिकार आयोग २०५७ सालमा स्थापना भयो र नेपालको अन्तरिम संविधान २०६३ पछि संवैधानिक निकायको रूपमा विकसित भयो । आयोगको मुख्य कार्य मानवअधिकार उल्लङ्घन भएको विषयमा अनुसन्धान गर्नु नै हो । संवैधानिक प्रावधानअनुसार यस संस्थालाई मानवअधिकार उल्लङ्घनका विषयमा उजुरी प्राप्त गर्ने, सोधपुछ गर्ने, अनुसन्धान गर्ने र मानवअधिकार उल्लङ्घनका दोषीलाई कारबाही गरी पीडितलाई क्षतिपूर्तिको लागि सिफारिस गर्ने अधिकार प्राप्त छ । त्यस अतिरिक्त आयोगले मुलुकमा मानवअधिकारको अवस्थाको अध्ययन र अन्तर्राष्ट्रिय सन्धि तथा वर्तमान कानुन एवम् यससम्बन्धी नीतिको पालना भएनभएको समेत अध्ययन गर्छ । बालअधिकार मानवअधिकारको एक विशेष अङ्ग भएकाले, आयोग मुलुकको बालअधिकारको सन्दर्भमा उनीहरूको संरक्षण र सम्बर्धनका लागि पनि उत्तिकै उत्तरदायी छ ।

नेपाल बालअधिकारसम्बन्धी महासन्धि लगायका २० वटा भन्दा बढी महासन्धिको पक्षराष्ट्र हो । नेपालले पक्षराष्ट्रको हैसियतले तिनीहरूको सम्मान गर्ने र बालअधिकारको कार्यान्वयनको प्रत्याभूति गर्नुपर्छ ।

बालकपन अबोध, अरूमा भर पर्नुपर्ने, खेल रुचाउने, अपरिपक्वताले भरिएको हुने हुँदा तिनीहरूलाई शिक्षाको जानकारी, स्याहार र हेरचाहको जरुरत पर्छ । समाज र राज्य पिच्छे नै नाबालकको परिभाषा फरक पर्न सक्छ तापनि उनीहरू भविष्यका समाज र राष्ट्रका कर्णधार हुन् भन्ने कुरामा संसारभर समानता पाइन्छ । त्यसकारण प्रत्येक समाज र राष्ट्रले विशेष कानुनी प्रावधान र नीति निर्माण गरी तिनीहरूको विकासको लागि स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र आधारभूत आवश्यकता/सेवाका लागि राष्ट्रिय स्रोतको ठूलो हिस्सा लगानी गरेको हुन्छ ।

बालबालिकाको शारीरिक तथा मानसिक विकासका हिसाबले तिनीहरू खास समूहमा रहेको हुँदा तिनीहरूको अधिकार र उनीहरूको भलाइका लागि केही गर्नु आवश्यक हुन्छ । समाजका प्रत्येक बालबालिकालाई मर्यादित जीवन बाँच्न सहयोग र समर्थनको खाँचो हुन्छ । त्यस्तो समर्थन तिनीहरूको मौलिक हक हो, जुन तिनीहरूको विकासको कोशेढुङ्गा मानिन्छ । त्यसकारण बालअधिकार विशेष अधिकार हो । संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई १९० भन्दा बढी राष्ट्रहरूले अनुमोदन गर्दै बालअधिकारलाई प्राथमिकता दिएका छन् । त्यसैले यस महासन्धिलाई बालअधिकारको संस्थागत विकासका

लागि मूल आधार मानिएको छ । नेपालले महासन्धिलाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ । अनुमोदन पछि नेपालले बालबालिकाको अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आफ्नै खालको प्रयासको थालनी गरेको छ । यस तथ्यको प्रमाण भन्नु नै बालबालिकासम्बन्धी ऐन, २०४८, बालश्रम (निवारण र नियमन) ऐन, २०५३, बालन्याय (कार्यविधि) नियमावली २०६४ र अन्य धैरै कानुनहरू लागू हुनु हो । त्यसैगरी अन्तरिम संविधान २०६३ को धारा २२ ले बालअधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । यसरी जुन बखत बालअधिकारका लागि कुनै विशेष कानुन थिएनन्, त्यसबेला यति धैरै कानुनहरूको निर्माण स्याहारसुसारमा ठूलो उपलब्धी मान्नुपर्छ । अब ती कानुनको कार्यान्वयनको विश्लेषण गर्दा मुख्य दुई दृष्टिकोणले गर्नुपर्ने देखिन्छ । ती हुन–पहिलो, ती कानुन लक्षित समूहको अधिकार र आवश्यकतालाई व्यवहारमा प्रयोग गर्न पर्याप्त छन् छैनन् र दोस्रो, ती कानुन प्रयोगकर्ताले प्रभावकारी परिणाम दिने गरी लागू गर्न समर्थ बनाउँछन् वा बनाउँदैनन ।

नेपालमा बालअधिकारको सम्बन्धमा कुरा गर्दा हाम्रा कानुनका केही प्रावधानहरू महासन्धिका अनुरूप छन् तर धैरैजसो प्रावधानहरू अझै पनि महासन्धिस्तरका छैनन् । अझ महासन्धिका प्रावधान र मुलुकले स्वीकार गरेका धैरै अन्य अन्तर्राष्ट्रिय सन्धिसम्झौताको घरेलु प्रयोगमा धैरै अधिकारकर्मी नागरिक समाजले र अन्तर्राष्ट्रिय समुदायले प्रश्न उठाउने गरेको पाइन्छ । यो कुराले के स्पष्ट गर्छ भने बालअधिकारसम्बन्धी कानुनको प्रयोगको अवस्था सन्तोषजनक छैन यद्यपि बालबालिकाको अवस्थाको अद्यावधिक राष्ट्रिय प्रतिवेदनका अभावमा बालअधिकारसम्बन्धी कानुनको कार्यान्वयनको अवस्था कस्तो छ स्पष्ट छैन । त्यसो हुँदा सम्पूर्ण नेपाली बालबालिका र तिनीहरूको अधिकारका हकमा स्पष्ट विश्लेषण गर्न कठिन छ ।

यस सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले बालअधिकारका लागि बनेका राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय दस्तावेजको कार्यान्वयन, तिनको समग्र अवस्था र स्थितिको लेखाजोखा गर्न बालबालिकाको स्थिति प्रतिवेदनको आवश्यकता महसुस गरेको परिणामस्वरूप नै यो प्रतिवेदन तयार हुन पुगेको छ ।

## १.२ प्रतिवेदनको उद्देश्य

- नेपालमा बालअधिकारसम्बन्धी कानुनी प्रावधान, योजना, नीति र संस्थागत संरचनाहरूको परीक्षण गर्ने ।
- खास गरेर बालअधिकार महासन्धि, राष्ट्रिय कानुनमा उल्लेख भएअनुरूप नेपाली बालबालिकाको पहुँच भएनभएको यथार्थता बुझ्ने ।
- बालअधिकारको रक्षा र उत्थानमा आयोगको क्रियाकलाप, कार्य र भूमिकाको परीक्षण गर्ने ।
- बालअधिकारका सन्दर्भमा वर्तमान अवस्थामा देखिएका चुनौती र कमिकमजोरी पत्ता लगाई तिनको समाधानको लागि उचित सुझाव प्रस्तुत गर्ने ।

## १.३ अध्ययन पद्दति

यो प्रतिवेदन, उपलब्ध भएसम्म, द्वितिय स्रोतमा आधारित रहेको छ । बालबालिकासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन र राष्ट्रिय नीतिको पुनरावलोकन गर्ने, राष्ट्रिय स्तरको तथ्याङ्क र आयोगको रिपोर्टसहित विभिन्न स्रोत र ठाउँबाट तयार भएको जानकारी, गैरसरकारी सङ्घसंस्था, अन्तर्राष्ट्रिय प्रतिवेदन तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त भएका तथ्याङ्क, सर्भे र बालकल्याण परिषद्द्वारा सङ्कलन गरिएका तथ्याङ्कमा आधारित छ । त्यस अतिरिक्त स्वतन्त्र रूपमा गरिएका अध्ययन, अनुसन्धानका प्रतिवेदनहरू, प्रकाशित पुस्तक, पत्र-पत्रिका र वेभसाइट (Website) मा आधारित रही यो प्रतिवेदन तयार गरिएको छ ।

उक्त कुराहरू बाहेक बालअधिकारका लागि काम गरिरहेका सरोकारवालाहरूसँग सम्पर्क गरी सल्लाह र अनुभव ग्रहण गरिनेछ । तिनीहरूको धारणा विचार र सुझावलाई लिइनेछ । यसका लागि सामूहिक छलफल, त्यस्ता व्यक्ति वा समूहसँगको भेला क्षेत्रीय र राष्ट्रिय स्तरमा आयोजना गरिनेछ । व्यक्तिगत रूपमा बालअधिकारका लागि काम गरिरहेका व्यक्तिहरूसँग भेटघाट, अन्तर्वार्ता र कुराकानीमा प्रतिवेदन आधारित छ ।

यसरी बालअधिकारसम्बन्धी प्राप्त तथ्याङ्क, जानकारी, रिपोर्ट र सुझावहरूलाई विवेचना र विश्लेषण गरी विभिन्न अध्याय र शीर्षकमा राखी अन्ततः प्रतिवेदन तयार गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यस अध्ययनका केही सीमाहरू छन् । ती हुन -

(i) यो प्रतिवेदन छ महिनाको समय सीमाभित्र तयार गरिएको हो । त्यसो हुँदा यस निर्धारित समय सीमाभित्र बालअधिकारका सन्दर्भमा विभिन्न पक्ष र पहलहरू नसमेटिएका पनि हुन सक्छन् ।

(ii) यो प्रतिवेदनले विषय वस्तुको गहिराइमा पुग्ने कोशिस गरिएको छ । खासगरी मुलुकमा बालअधिकारमात्रको सुक्ष्म अध्ययन गरी यो प्रतिवेदन बालबालिकाको स्थितिको यथार्थ चित्रण गर्नमा गहिरिएको छ । त्यस अतिरिक्त यो प्रतिवेदन बालअधिकारको सन्दर्भमा द्वितिय स्रोतको रूपमा हालसम्म प्राप्त प्रतिवेदन, जानकारी र सूचनामा आधारित भई तयार पारिएको छ ।

(iii) यो प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगका लागि तयार गरिएको छ । जसले यसलाई बिस्तृत गर्दै एउटा आकृति र स्वरूप प्रदान गरी आयोगको निर्देशिकामा स्थान दिनेछ ।

## १.५ प्रतिवेदनको स्वरूप

यस प्रतिवेदनलाई नौ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको उद्देश्य र अध्ययन पद्दति प्रस्तुत गरिएको छ । दोस्रोमा मुलुकमा बालबालिकाको जनसङ्ख्यात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा बालअधिकार र बालसंरक्षणका लागि रहे भएका कानुनी प्रावधान, नीति र संस्थागत संरचनाहरूको पुनरावलोकन गरिएको छ । चौथोले बालबालिका के-कसरी बाँचिरहेका छन्, तिनीहरूको स्वास्थ्य कस्तो छ भन्ने स्थिति बोध गराउँछ । पाँचौले वर्तमान अवस्थामा बालबालिकाको शिक्षाको अवस्थाको जानकारी दिन्छ । छैटौंले बालसंरक्षणको सन्दर्भमा भएका कामकारबाही र तिनको अवस्थाको यथार्थ चित्रण गर्छ । सातौंले बाल-सहभागिताको छलफल र विश्लेषण गर्छ । आठौं अध्यायले बालजीवनमा गरिबीले पारेको प्रभाव र तिनीहरूलाई प्राप्त हुनुपर्ने सुविधाबाट वञ्चित रहेको अवस्था दर्शाउँछ । अन्तमा, नवौं अध्यायमा बालअधिकार र तिनको संरक्षणका सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र क्रियाकलापका बारेमा विवेचना गरिएको छ ।

# अध्याय २: बालबालिका र जनगणना

## २.१ सम्पूर्ण जनसङ्ख्या र बालबालिकाको सङ्ख्या

तथ्याङ्कको प्रारम्भिक गणना सन् २०११ का अनुसार मुलुकको सम्पूर्ण जनसङ्ख्या दुई करोड ६६ लाख रहेको छ । वार्षिक १.४% का दरले मुलुकको जनसङ्ख्या वृद्धिदर गत १० वर्ष भित्रमा ३४ लाख ५० हजार भएको छ । पुरुष र महिलाको लैङ्गिक विभाजन हेर्दा प्रति १०० महिलामा ९४.४१ पुरुष सङ्ख्या रहेको छ, जबकि १० वर्ष अगाडि यो सङ्ख्या ९९.८० रहेको थियो । यद्यपि सन् २०११ जनगणनाको अन्तिम तथ्याङ्क आउन बाँकी नै रहेको छ । ८०% भन्दा बढी जनसङ्ख्या गाउँमा बस्छन् भने २०% भन्दा कम शहरमा बसोवास गर्छन्, जसलाई तल तालिका १ मा देखाइएको छ । शहरमा क्रमशः जनसङ्ख्या वृद्धि भइरहेको छ । प्रतिवर्ष ३% का दरले शहरी जनसङ्ख्या वृद्धि भइरहेको कुरा सन् २००१ र २०११ को तथ्याङ्कले देखाएको छ ।

**तालिका १ : जनसङ्ख्या र जनसङ्ख्यात्मक विशेषता २००१ र २०११**

| जनगणनात्मक सुचकांक | सन् २००१ | सन् २०११ |
|---|---|---|
| **सम्पूर्ण जनसङ्ख्या** | २,३१,५१,४२३ | २,६६,२०,८७९ |
| **लैङ्गिक दर** | ९९.८० | ९४.४१ |
| **शहरी जनसङ्ख्या प्रतिशतमा** | १३.९ | १७.० |
| **ग्रामीण जनसङ्ख्या प्रतिशतमा** | ८६.१ | ८३ |

*स्रोत :- २००१ र २०११ को जनगणना*

नेपालको जनसङ्ख्यामा युवावर्गको सङ्ख्या निकै ठूलो रहेको छ । तिनीहरूको सरदर उमेर २१ वर्ष रहेको छ तर बालबालिकाको परिभाषामा एकरूपताको अभावले सम्पूर्ण जनसङ्ख्यामा बालबालिकाको सही तथ्याङ्क र प्रतिशत पाउन समस्या रहेको छ ।


यद्यपि महासन्धिले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका मानेको छ । नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८ को परिभाषा अनुसार १६ वर्षमुनिका व्यक्तिलाई बालबालिका मानेको छ र केही अन्य परिभाषामा त्यो उमेर १५ वर्ष मानिएको छ । माथि उल्लेख गरिएको सन् २००१ को तथ्याङ्क प्रस्तुतिको विश्लेषणात्मक प्रतिवेदनबाट जनसङ्ख्याको एकल तथ्याङ्क २००३ अनुसार १५ वर्षमुनिकालाई बालबालिका मानिएको छ ।

सन् २००१ को तथ्याङ्कअनुसार १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या १,०९,९६,०५२ अर्थात् सम्पूर्ण जनसङ्ख्याको ४७.५०% रहेको उल्लेख छ । त्यसैगरी १६ वर्षमुनिकाहरूको सङ्ख्या ९९,८५,४०७ अर्थात् ४३.१३% र १४ वर्षमुनिका बालबालिकाको सङ्ख्या ८९,४८,५८७ अर्थात ३९.००% रहेको देखाइएको छ । बालक सङ्ख्याभन्दा बालिका सङ्ख्या केही बढी रहेको पाइएको छ । रा.मा.अ.आ. को २००६ को प्रतिवेदनले जन्मदर १०३-१०४ मा स्थिर रहेको उल्लेख छ । यसबाट के अनुमान गर्न सकिन्छ भने नेपालमा लिङ्ग रोजेर गर्भपतन अथवा बालहत्या त्यति धेरै प्रचलनमा छैन तर पनि गर्भपतनले कानुनी मान्यता पाएको र प्रजनन स्वास्थ्यसम्बन्धी प्रविधिको विकासले गर्दा यो सङ्ख्यामा क्रमशः वृद्धि भइरहेको मान्यता रहेको छ ।

## २.२ प्रजनन दर र औसत आयु

नेपालमा प्रजननदर क्रमशः घट्दो अवस्थामा रहेको छ । १० वर्षको अवधिभरको सम्पूर्ण जन्मदर हेर्दा २००१ मा प्रति महिला जन्म ४.१ देखि २०११ मा प्रति महिला जन्म २.६ रहेको देखिन्छ । सबभन्दा ठूलो घटोत्तरी २००१ देखि २००६ सम्म जन्मदर ४.१ देखि ३.१ झरेको पाइयो (स्रोतः रा.मा.अ.आ.को प्रतिवेदन) । तर शहरी शहरी क्षेत्रको वृद्धिदर १.६ भन्दा ग्रामीण क्षेत्रको जनसङ्ख्या वृद्धिदर बढी अर्थात २.९ रहेको पाइएको छ । भौगोलिक क्षेत्रका आधारमा जन्मदरको उल्लेख्य फरक हिमाली र पहाडी क्षेत्रमा सबैभन्दा बढी अर्थात प्रजनन दर ४.१ रहेको छ । त्यसैगरी विकास क्षेत्रगत रूपमा सालाखाला जन्मदर हेर्दा मध्य-पश्चिमाञ्चल र सुदुर-पश्चिमाञ्चल विकास क्षेत्रमा अरू क्षेत्रको तुलनामा भन्दा बढी पाइएको र त्यसमध्ये पनि मध्यमाञ्चलमा केही कम पाइएको छ । सुदुर- पश्चिमाञ्चलमा अरू क्षेत्रको तुलनामा बढी पाइएको र त्यसमध्ये पनि सदरमुकाममा केही कम पाइएको छ । यसमा उल्लेख्य विषय के हो भने मध्य पश्चिमाञ्चल, सुदुर- पश्चिमाञ्चल र हिमाली क्षेत्र विकासको पूर्वाधारको गतिमा टाढा रहेका देखिन्छन् र जन्मदरको सम्बन्ध शिक्षामा आधारित रहेको हुँदा जन्मदर बढी भएको हुन सक्ने देखिन्छ । अशिक्षित र प्रवेशिकासम्म अध्ययन गरेका महिलाहरूबाट हुने जन्मदर हेर्दा अशिक्षित महिलाबाट हुने जन्मदर ३.७ रहेको छ भने प्रवेशिका उत्तिर्ण गरेका महिलाबाट हुने जन्मदर १.७ रहेको पाइन्छ । त्यसैगरी जन्मदरको सम्बन्ध आयस्रोतसँग पनि रहेको छ । कम आयस्रोत रहेका महिलाबाट हुने जन्मदर बढी अर्थात ४.१ छ भने बढी आयस्रोत हुने महिलाबाट हुने जन्मदर कम अर्थात १.५ रहेको पाइएको छ ।

**चित्र १ : कुल प्रजनन्दरको अवस्था**




*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२००१, २००६, २०११)*

सम्पूर्ण जन्मदर घटोत्तरीकै अवस्थामा रहेको भए पनि, बच्चा जन्माउने व्यक्तिहरूको लामो प्रजनन समयले गर्दा बालबालिकाको सङ्ख्यामा केही वृद्धि भएको पाइन्छ । यद्यपि यो जन्मदरसँगको तथ्याङ्कको विपरीत रहेको छ । औसत आयुको हकमा हेर्दा मानिसको लामो आयु भएको पाइन्छ । २००१ को तथ्याङ्कअनुसार सालाखाला उमेर ६५ वर्ष पुगेको पाइन्छ । महिलाको बाँच्ने आयु पुरुषको तुलनामा बढी रहेको छ । यसरी जनसङ्ख्या वृद्धिको एउटा कारण बढी औसत आयु रहनु पनि मान्न सकिन्छ ।

## २.३ परिवार र बालबालिकाको वासको व्यवस्था

सन् २०११ को प्रारम्भिक जनगणनाअनुसार नेपालमा घरधुरी सङ्ख्या ५६,५९,९८४ रहेको र विगत १० वर्षमा १४,०६,७६४ घरधुरी थपिएका छन् । एउटा घरमा बस्ने सङ्ख्या सालाखाला रूपमा प्रति घरधुरी ४.५ जना छन् (२०११ को जनगणनाअनुसार प्रति घरधुरी ४.७ जना र नेपाल जनसङ्ख्यात्मक स्वास्थ्य सर्भे २०११ को गणनाअनुसार प्रति घरधुरी ४.४ जनाको बसोवास रहेको देखाइएको छ । शहरवासीको तुलनामा बढी सङ्ख्यामा गाउँवासी रहेको दुवै तथ्याङ्कले देखाएको छ । उक्त सर्भेका अनुसार हालका दिनहरूमा पुरुषको गृह स्वामित्वको तुलनामा महिलाको गृह स्वामित्वमा वृद्धि भएको छ । यद्यपि हाल पनि ७२% घरमुली पुरुषहरू नै छन् । २००१ देखि २०११ सम्मको तथ्याङ्क हेर्दा २००१ मा घरमुली महिलाको सङ्ख्या १६% रहेकोमा २०११ मा बढेर २८% पुगेको छ । त्यसमा पनि शहरी इलाकामा भन्दा ग्रामीण इलाकाको वृद्धिदर उल्लेख्य रहेको पाइन्छ । पुरुषहरूको उल्लेख्य सङ्ख्या कामले वा बसाइँसराइले महिला गृह स्वामित्वमा वृद्धि भएको हुन सक्ने अनुमान छ । मुलुक छोडी बाहिर गएका सङ्ख्यालाई २०११ को गणनाअनुसार हेर्दा १९,१७,९०३ रहेको र त्यसमध्ये पुरुष सङ्ख्या ८६.७% र महिलाको सङ्ख्या १३.३% रहेको पाइन्छ ।

जबकी २००१ को गणनाअनुसार त्यसरी बाहिरिएकाहरूको सङ्ख्या ७,६२,१८१ मात्र थियो ।

ने.ज.स्वा.स. (२०११) ले टुहुरा र अन्य बालबालिकाको बसोवास व्यवस्थाको समेत उल्लेख गरेको पाइन्छ । सो अनुसार ११% बाबुआमाविहिन बालबालिकाको बालगृहमा रहेका छन् । त्यस्ता बालबालिका शहरका १४% र गाउँका ११% रहेका छन् । करिब ६% टुहुरा बालबालिका आफ्नै घरमा रहेका छन्, तीमध्ये ५.५% बाबुआमामध्ये एक गुमाएर टुहुरा छन् भने बाँकी बालबालिका पूर्णरूपले (बाबुआमा दुवै जिवित नरहेकोले) टुहुरा रहेका छन् ।

उक्त सर्भेका अनुसार १८ वर्षमुनिका करिब ६०% बालबालिका आफ्ना बाबुआमा साथ रहन्छन् र ५% बालबालिका भने आमा वा बाबुमध्ये एक वा दुवै नभएका टुहुरा रहेका छन् ।

**तालिका २ : बसोवासको प्रकार तथा स्थान अनुसार परिवारको विभाजन (%)**

| | सहरी | ग्रामीण | जम्मा |
|---|---|---|---|
| **घरसङ्ख्या** | | | ५६,५९,९८४ |
| **परिवारको सरदर सदस्य सङ्ख्या** | ४.१ | ४.५ | ४.४ |
| **घरमुली** | | | |
| **पुरुष** | ७६.२ | ७१.० | ७१.८ |
| **महिला** | २३.८ | २९.० | २८.२ |
| **१८ वर्षमुनिका अनाथ र सुधारगृहमा रहेका बालबालिका** | १३.७ | १०.८ | ११.२ |
| **सुधारगृहमा रहेका बालबालिका** | ०.४ | ०.४ | ०.४ |
| **आमाबाबु दुवै नभएका टुहुरा** | ४.७ | ५.६ | ५.५ |
| **आमा वा बाबुमध्ये एउटा नभएको टुहुरा** | १६.४ | १४.३ | १४.६ |
| **अनाथ अथवा सुधारगृहमा रहेका बालबालिका** | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११)*

## २.४ जन्मदर्ता

बालबालिकाको जन्मदर्ताले केवल नाम, परिचय र राष्ट्रियताको अधिकारमात्र दिने नभई त्यसले शिक्षा, बाल-विवाहमा रोकथाम, बालश्रमबाट सुरक्षा, लैङ्गिक शोषणबाट बचाउ र ओसारपसार हुनबाट रोक्ने लगायतका अन्य अधिकार प्राप्तिमा समेत मद्दत गर्छ तर नेपालमा जन्मदर्ताको लागि कानुनी र प्रशासनिक संयन्त्र भएर पनि बालबालिकाको जन्मदर्ता अत्यन्त न्यून सङ्ख्यामा रहेको नेपाल जनस कानुनी र या स्वास्थ्य सर्भेले देखाएको छ । उक्त सर्भेको सन् २०११ को तथ्याङ्कअनुसार जन्मदेखि करिब ४ वर्ष उमेर समूहको ४२% बालबालिकाको जन्म दर्ता रहेको छ । त्यसमा पनि गत ५ वर्षमा ७% वृद्धि भएको पाइएको छ तर पनि जन्मदर्ताको प्रमाणपत्र प्राप्त सङ्ख्या केवल ३८% मात्र रहेको छ । जन्मदर्ताको सोझो सम्बन्ध राम्रो घरवास रहेका र शहरवासीमा रहेको पाइन्छ ।

**बालअधिकारका लागि जन्मदर्ता किन महत्त्वपूर्ण छ ?**

जन्मदर्ता बालअधिकारको रक्षाका लागि आवश्यक छ । जन्मदर्ताले बच्चाहरूलाई ओसारपसार र अपहरण हुनबाट जोगाउँछ । अन्य बालबालिकाका लागि जन्मदर्ताले उमेरको प्रमाण पुष्टि गर्ने भएकाले कानुनद्वारा अधिकार प्राप्त हुने हुँदा उनीहरूलाई कम उमेरमा विवाह गर्नबाट, योनशोषणबाट, बालश्रमबाट, उमेर नपुगी सैन्य भर्ना हुनबाट र फौजदारी अभियोगबाट बचाउँछ। *स्रोत : युनिसेफ (२००६)*

**तालिका ३ : जन्मदर्ता प्रतिशतको पृष्ठभूमि विशेषता (०-४ उमेर समूह)**

| | दर्ता भएका % | जन्मदर्ता प्रमाणपत्र भएका | जन्मदर्ता प्रमाणपत्र नभएका |
|---|---|---|---|
| **लिङ्ग** | | | |
| पुरुष | ४४ | ३८.८ | ५.२ |
| महिला | ४०.४ | ३६.७ | ३.७ |
| **बसोवासको स्थान** | | | |
| सहर | ४४.२ | ३८.१ | ६.१ |
| गाउँ | ४२.१ | ३७.७ | ४.३ |
| **जलवायु क्षेत्र** | | | |
| हिमाल | ४५.९ | ४०.९ | ५.० |
| पहाड | ३७.१ | ३२.३ | ४.८ |
| तराई | ४५.६ | ४१.४ | ४.२ |
| **जम्मा** | **४२.३** | **३७.८** | **४.५** |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११)*

**अध्याय २: बालबालिका र जनगणना**

यद्यपि त्रिवर्षीय विकास योजना (२०१०-२०१३) ले योजनाको अन्त्य सम्ममा ५ वर्षमुनिका बालबालिकाको जन्मदर्ता सङ्ख्या ९०% बनाउने उद्देश्य राखेको भए पनि यो उद्देश्य महत्वाकांक्षी र पूरा नहुने खालको देखिन्छ । यस सम्बन्धमा प्रचलित कानुनी प्रावधानमा रहेको एउटा महत्त्वपूर्ण कमजोरी भनेको नै जन्मदर्ता केवल बच्चाको बाबु वा घरको पुरुष सदस्याले मात्र गराउन सक्नु हो । जबकि बाबुको ठेगान नभएको, अथवा बाबुको नाम दिन इन्कार गरिएको बच्चा, अथवा शरणार्थीको हकमा जन्मदर्ताको प्रावधान समावेश छैन, जसले गर्दा तिनीहरूको जन्मदर्ता हुन सक्दैन । स्थानीय निकायमा जन्मदर्ता गर्ने अधिकारी वा कर्मचारीको अभावका कारणले पनि जन्मदर्ता न्यून रहेको राष्ट्रिय योजना आयोगको २०११ को प्रतिवेदनले देखाएको छ ।

# अध्याय ३ : बालअधिकारसँग सम्बन्धित कानुनी प्रावधान नीति र संस्थागत संयन्त्र

नेपालको आधुनिक सकारात्मक कानुनको इतिहास धेरै लामो छैन । प्राचीन नेपालका कानुनी प्रावधानहरू हिन्दु दर्शनबाट प्रभावित र खास गरी परम्परागत मूल्य-मान्यता रुढीगत र चलनचल्तीका पद्दतिमा आधारित थिए (मल्ल र सिन्हा २००२); जसको प्रभाव आजसम्म पनि रहेको पाइन्छ । प्राचीन कालदेखि नेपाली समाजका बालबालिका माया, ममता र प्रेम चाहन्थे (गजुरेल २००७) तर आजको सन्दर्भमा परम्परागत मूल्य-मान्यता र चलन होइन, बरु बालबालिकाको अधिकार र त्यससम्बन्धी कानुनको खाँचो छ । विभिन्न समयमा जारी भएका संविधान र कानुनहरूमा यद्यपि केही यस्ता प्रावधानहरू नभएका होइनन् तर पनि मुलुकले बालअधिकारसम्बन्धी महासन्धि १९८९ अनुमोदन नगर्दासम्म बालअधिकारका लागि खास कानुनको अस्तित्व थिएन । सन् १९९० मा महासन्धिको अनुमोदन भएपछि मात्र मुलुकमा बालअधिकारसम्बन्धी राष्ट्रिय कानुनको प्रादुर्भाव भयो । त्यसपछि नेपालले बालबालिकासम्बन्धी केही ऐन नियमहरूको तर्जुमा गरी जारी गऱ्यो । त्यतिमात्र होइन, त्यसपछिको दुई दशक (१९९०-२०१०) भित्रमा नेपाल विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र अन्य सन्धिहरूको पक्षराष्ट्र बन्यो ।

## ३.१ अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू

बालअधिकारको प्रत्याभूति र बालअधिकारलाई सम्मान गर्न नेपालले अन्तर्राष्ट्रिय समुदायबीच आफ्नो प्रतिबद्धता देखाएको छ । नेपालले अन्तर्राष्ट्रिय महासन्धि/सन्धिहरू अनुमोदन गरेको एवम् सारभूत रूपमा गरेको घोषणाले नेपाल बालअधिकारका लागि प्रतिबद्ध रहेको तथ्यको पुष्टि गर्छ । १४ सेप्टेम्बर १९९० मा नेपाल बालअधिकारसम्बन्धी महासन्धिको पक्षराष्ट्र बन्यो । सो महासन्धि यस्तो बिस्तृत कानुनी दस्तावेज हो जसले बालबालिकाका प्रत्येक पक्षलाई समेट्छ । राष्ट्रिय कानुनले अन्यथा व्यवस्था भएमा बाहेक प्रत्येक १८ वर्षमुनिका व्यक्ति बालबालिका हुन् भन्ने महासन्धिले परिभाषित गरेको छ । यसले बालअधिकारका सन्दर्भमा केही सिद्धान्त समावेश गरेको छ । ती हुन्–भेदभाव नगरिने (धारा २), बालबालिकाको उच्चतम हित (धारा-३), जीवनको अधिकार, बाँच्न पाउने अधिकार र विकास (धारा-६) र बालबालिकाको दृष्टिकोण प्रति सद्भाव राख्ने ( धारा-१२) । अझ भन्ने हो भने महासन्धिले विभिन्न धारामा बालबालिकाको हक अधिकारलाई सूचीकृत गरेको छ । तिनीहरूलाई मूलभूत रूपमा विभाजन गर्दा चार वटा शीर्षकमा विभाजन गर्न सकिन्छ र ती हुन्–बाँच्न पाउने हक, निवास गर्न पाउने हक, संरक्षण पाउने हक र सहभागी हुन पाउने हक, जसलाई बालअधिकारका चार स्तम्भ

भनेर चिनिन्छ (चित्र २) । यस महासन्धिले बालबालिका प्रति परिवार वा मातापिता तथा राज्यलाई उत्तरदायी बनाएको र उनीहरूले ती दायित्वको परिपूर्ती तथा बालअधिकारको संरक्षणको प्रत्याभूति गर्नुपर्छ ।

**चित्र २ : बालअधिकारको ४ खम्बा (बालअधिकार महासन्धिबमोजिम)**

| बाँच्ने अधिकार | विकासको अधिकार | संरक्षणको अधिकार | समावेश हुन पाउने अधिकार |
|---|---|---|---|
| **आमाबाबुको हेरचाह (धारा ५), जीवन, बाँच्ने र विकास (धारा ६), स्वास्थ्य हेरचाह र सेवा (धारा २४), बाँच्नका लागि प्रचुर मापदण्ड (धारा २७)** | दर्ता, नाम, राष्ट्रियता र हेरचाह (धारा ७), आमाबाबुसँग बस्ने (धारा ९), परिवारसँग पुनर्मिलन (धारा १०), सामाजिक सूरक्षा (धारा २६), शिक्षा (धारा २८), फुर्सद, खेल र संस्कृति (धारा ३१), अपाङ्ग बालबालिकाको विशेष हेरचाह (धारा २३), र शरणार्थी बालबालिकाको सूरक्षा र विशेष हेरचाह (धारा २२) | पारिवारिक वातावरणबाट वञ्चित बालबालिका (धारा २०), धर्मपुत्र/पुत्री (धारा २१), शरणार्थी बालबालिका (धारा २२), द्वन्द्वमा परेका बालबालिका (धारा ३८), कानुनी द्वन्द्वमा परेका बालबालिका (धारा ४०), अपहरण (धारा ११), अपहरण, ओसारपसार र बेचबिखन (धारा ३५), सबै प्रकारको हिंसा (धारा १९), जोखिमपूर्ण श्रम (धारा ३२), यौन शोषण (धारा ३४), अन्य शोषण (धारा ३६) र दण्डसजाय (धारा ३७) | बालबालिकाका विचार (धारा २), अभिव्यक्तिको अधिकार र आफूलाई असर गर्ने निर्णयमा सहभागी हुन पाउने (धारा १२), गोपनीयताको हक (धारा १६), सङ्गठनको स्वतन्त्रता (धारा ५), अभिव्यक्ति (धारा १३), विचार, विवेक र धर्म (धारा १४), सूचनामा पहुँच र आमसञ्चार (धारा १७) |

*स्रोत : युनिसेफ (२०१० ख)*

प्रत्यक्ष र परोक्षरूपमा बालअधिकारसँग सम्बन्धित अन्य मानवअधिकारसम्बन्धी दस्तावेहरू जो निम्नबमोजिम छन्:–

- सशस्त्र द्वन्द्वमा बालबालिकाहरूको संलग्तासम्बन्धी बालअधिकार सम्बन्धिका ऐच्छिक सन्धिपत्र (अनुमोदन सेप्टेम्बर ८, २०००)
- बालबालिकाको बेचबिखन, बाल–वेश्यावृत्ति र बाल- अश्लीलतासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्र (अनुमोदन २० फरबरी, २००६)
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्मूलनको महासन्धि (अनुमोदन मे २२, १९९१)
- सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (अनुमोदन मे १, १९७१)
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनको न्यूनत्तम उमेरसम्बन्धी महासन्धि (नं. १३८) (अनुमोदन मे ३०, १९९७)

- अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रमको निकृष्ट प्रकारसम्बन्धी महासन्धि (नं. १८२) (अनुमोदन जनवरी ३, २००२)
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बलजफ्ती श्रमसम्बन्धी महासन्धि (नं. २९) (अनुमोदन जनवरी ३, २००२)
- बालबालिकाको संरक्षण र अन्तर्राष्ट्रिय धर्मपुत्रसम्बन्धी हेग महासन्धि (सही गरिएको तर अनुमोदन नभएको)
- वेश्यावृत्तिका लागि महिला र बालबालिकाहरूको बेचबिखनको निराकरणको प्रतिरोधसम्बन्धी सार्क महासन्धि (अनुमोदन अक्टोबर ३१, २००५)
- दक्षिण एसियामा बालकल्याणको सम्वर्द्धनका लागि क्षेत्रीय प्रबन्धसम्बन्धी सार्क महासन्धि (५ जनवरी, २००२)

उक्त अन्तर्राष्ट्रिय दस्तावेजहरू प्रति नेपालको पूर्ण समर्थन रहेको हुँदा सम्बन्धित राष्ट्रिय कानुन र नीतिमा तिनीहरूलाई सम्बद्ध गरी अवलम्बन गर्नु पर्ने । यस सन्दर्भमा नेपाल सरकारले बालबालिकाको अवस्थाको सुधारको लागि विभिन्न राष्ट्रिय कानुन र नीतिहरूको तर्जुमा गर्न प्रयासरत रहेको पाइन्छ ।

## ३.२ राष्ट्रिय कानुन, योजना र नीतिहरू

### ३.२.१ संवैधानिक प्रावधान

२०६२ सालमा नेपालले ठूलो राजनैतिक परिवर्तनको फड्को मार्दै लगभग अढाई सय वर्ष पुरानो राजतन्त्रलाई उखेलेर फ्याकी दियो र सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था लागू गर्ने अठोट गऱ्यो । मुलुकमा भएको यस प्रकारको राजनैतिक परिवर्तनले दशकदेखि चलिरहेको द्वन्द्व र सङ्घर्षलाई बृहत् शान्ति-सम्झौताको माध्यमबाट अन्त्य गऱ्यो । अन्तरिम संविधान २०६३ जारी भई नयाँ संविधान निर्माणको क्रम जारी छ । बालअधिकारका क्षेत्रमा अन्तरिम संविधानलाई नै कोशेढुङ्गाको रूपमा मानिएको छ । नेपालको संवैधानिक इतिहासमा पहिलो पटक बालअधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरिएको छ (धारा-२२) । यसले बालबालिकाको नाम, परिचय, हेरचाह पाउने हक, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ । संविधानको धारा २२ ले बालअधिकार सन्दर्भमा निम्न अधिकारलाई प्रत्याभूत गरेको छ -

१. प्रत्येक बालबालिकाको आफ्नो पहिचान र नामको हक हुने ।

२. प्रत्येक बालबालिकालाई पालन पोषण आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने ।

३. प्रत्येक बालबालिकालाइ शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हक हुने । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ती दिइने ।

४.असहाय अनाथ सुस्त मनस्थिति द्वन्द्वपीडित विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चत भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने ।

५. कुनै पनि नाबालकलाई कुनै कलकारखाना खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने ।

बालअधिकारलाई प्रत्याभूत गरिएका यी विशेषाधिकारका बावजुद अन्तरिम संविधानको भाग ३ मा रहेको मौलिक हकहरूमा शिक्षाको अधिकार बालबालिकाका लागि अफ्त महत्व राख्दछ । त्यसैगरी भाग ४ मा रहेको धारा ३५ (९) मा राज्यले एकल महिला अनाथ बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, असक्त र लोपोन्मुख जातीको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ ।

## ३.२.२ प्रचलित अन्य राष्ट्रिय कानुनहरू

***बालबालिकासम्बन्धी ऐन २०४८***

बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाको हक र हित संरक्षण गर्ने उद्देश्य बोकेको राज्यको एउटा महत्त्वपूर्ण कानुनी दस्तावेज हो । यसले बालबालिकाको शारीरिक, मानसिक एवम् बौद्धिक विकास र उनीहरूको भलाइको उद्देश्य राखेको छ । यस ऐनको प्रावधानले बालबालिकासँग सम्बन्धित धेरै क्षेत्रको कानुनी संरचनालाई समेटेको छ । यो ऐन बालबालिकासँग सम्बन्धित पहिलो र विशेष कानुनी दस्तावेज हो । जसले बिस्तृत रूपमा बालअधिकारका कानुनी संरचनालाई लेखबद्ध गरको छ । यसमा रहेका धेरै प्रावधानहरूले बालबालिकाको हक, अधिकार र तिनको भलाइका कुरालाई व्यवस्थित गर्दछ । यो ऐन बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदन पछि जारी भएको र यसले महासन्धिमा रहेको धेरै सिद्धान्तहरू र तिनका प्रावधानहरूलाई आत्मसात गरेको छ । यस ऐनले १६ वर्ष पूरा नभएका व्यक्तिलाई नाबालकको रूपमा परिभाषित गरेको छ (दफा-२) । यसले बालबालिकाको निम्नअधिकारको व्यवस्था गरको छ :-

<u>बालबालिकाको हकहित र अधिकारसम्बन्धी (परिच्छेद २, दफा ३-२०)</u>

यस परिच्छेदमा बालबालिकाका हकहित सम्बन्धी विविध व्यवस्था गरिएको पाइन्छ । जसमा बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने, पालन, पोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार, छोरा र छोरीबीच हुने भेदभावविरुद्धको अधिकार, वैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएका बालकबीच हुने भेदभावविरुद्धको अधिकार, क्रुर र यातनापूर्ण व्यवहार विरुद्धको अधिकार, अनैतिक पेशा र जोखिमयुक्त श्रमविरुद्धको अधिकार, देवदवीका नाउँमा बालबालिकालाई चढाउनबाट सुरक्षा पाउने अधिकार र भिक्षा माग्न लगाउनेबाट सुरक्षा पाउने अधिकारका साथै यस परिचछेदमा बालबालिकालाई आपराधिक दायित्व र बालन्यायसँग सम्बन्धित विषयमा समेत व्यवस्था गरिएको पाइन्छ ।

बालकको संरक्षण र संरक्षकको व्यवस्था (परिच्छेद-३, दफा २१-३१)

यस परिच्छेदमा विभिन्न कारणले आमाबाबु र सम्पत्तिबाट वञ्चित रहेको वा टुहुरा बालबालिकाले संरक्षण पाउने र तिनीहरूका भरणपोषणसम्बन्धी व्यवस्था गरिएको पाइन्छ । यसमा रहेको मुख्य प्रावधानमा एकाघरका कोही नहुने बालकको हेरचाह र तिनको सम्पत्तिको जिम्मा, संरक्षकको नियुक्ति र बर्खासी, संरक्षकको आयआर्जन नभएका बालबालिकालाई भरणपोषणको दायित्व आदिको व्यवस्था गरिएको पाइन्छ ।

कल्याणकारी व्यवस्था (परिच्छेद-४, दफा ३२-४५)

यस परिच्छेदमा केन्द्रीय बालकल्याण परिषद्को गठन र जिल्ला बालकल्याण परिषद्को गठनको प्रावधान रहेको पाइन्छ । तिनको संरचना बालकल्याण अधिकारीको नियुक्ति, बालकल्याण गृह र बाल-सुधारगृहको स्थापना तथा सञ्चालन, अनाथालय र सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन र त्यस प्रकारका केन्द्र र गृहमा रहेका बालबालिकालाई शिक्षा र व्यावसायिक तालिम प्रदान गरिने सम्बन्धी र त्यस्ता गृह वा केन्द्रको निरीक्षण र अनुगमनसम्बन्धी प्रावधान समेत रहेको छ ।

त्यसैगरी ***परिच्छेद-६ (विविध)*** मा मुद्दाको अनुसन्धान तथा दर्ता दायरी, अदालती प्रकृया, बालबालिकाको तर्फबाट अदालती प्रकृयामा अरूले माग लिई दिन पाउने व्यवस्था लगायतका बालन्यायसम्बन्धी र दण्डसजायको सीमासम्बन्धी प्रावधान रहेको पाइन्छ ।

हालै पनि बालअधिकार (संरक्षण र प्रवर्द्धन) ऐन २०६७ को तर्जुमा भइसकेको छ । यो पारित हुन बाँकी छ । यो संसदबाट पारित भएपछि हालको बालबालिकासम्बन्धी ऐनमा अपुग भएका कुराको पनि पुर्ति गर्ने र बालकल्याण क्षेत्रमा अझ नयाँ दृष्टिकोणका साथ अघि बढ्ने छ भन्ने आशा गरिएको छ ।

### ***मुलुकी ऐन २०२०***

विभिन्न जातजाति, धर्म, वर्ण वा क्षेत्रका मानिसहरूबीच एकीकृत रूपमा शान्ति र व्यवस्था बनाई राख्ने प्रयोजनले देवानी र फौजदारी कार्यविधि र दण्डसजायको प्रावधान समेत यस ऐनमा समावेश भएका छन् । हालसम्म यस मुलुकमा बनेको कानुनी दस्तावेजहरूमध्ये यसको ठूलो महत्व रहेको पाइन्छ । यो ऐन विभिन्न माग र महलहरूमा विभाजित छ र बालबालिकासम्बन्धी कानुनको छुट्टै महल रहेको पाइन्छ । यस ऐनमा पनि बालबालिकाका अधिकारका लागि विशेष प्रावधानहरू रहेका छन्, जस्तो कि टुहुराटुहुरी वा गरिब कङ्गाल जो स्वम् बाँच्न सक्ने अवस्थाका छैनन्, तिनका संरक्षण र हेरचाहका लागि धर्मगुठीबाट तिनको हेरचाह वा खर्चवर्चको व्यवस्था गरिने प्रावधानसमेत ऐनमा रहेको पाइन्छ । यस ऐनमा रहेका अपहरणसम्बन्धी, जबरजस्ती करणी र विवाहजस्ता महलहरूमा समसामयिक संशोधन हुँदा बालबालिकाहरूका प्रावधानलाई समेत विशेष महत्त्वका साथ संशोधन गरिएको पाइन्छ ।

### *बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६*

बालश्रम (निषेध र नियमित गर्ने) ऐनले १४ वर्ष भन्दा मुनिका बालबालिकालाई श्रममा लगाउन नपाउने व्यवस्था गरेको छ । १४ वर्ष देखि १६ वर्ष सम्मका बालबालिकालाई काममा लगाउँदा पनि जोखिमपूर्ण व्यवसायमा लगाउन र बिहान ६ बजेपछि बेलुका ६ बजेसम्म बढीमा ६ घण्टामात्र काममा लगाउन पाउने व्यवस्था रहेको पाइन्छ । कुन कुन कुरा १६ वर्षमुनिका बालबालिकाका लागि जोखिमपूर्ण व्यवसाय हुन् भन्ने कुराहरूलाई यस ऐनले अनुसूचिमा उल्लेख गर्नु नै यसको खास विशेषता रहेको पाइन्छ । ऐनद्वारा रात्रीको समय (बेलुका ६ बजे देखि बिहान ६ बजेसम्म) उनीहरूलाई काममा लगाउन निषेध गरिएको छ । यो प्रावधान बालबालिकासम्बन्धी ऐन, २०४८ र श्रम ऐन, २०४८ मा समेत रहेको पाइन्छ । काममा लगाइएका बालबालिकालाई पनि प्रतिदिन आधा घण्टाको आरामको समय प्रदान गर्नुपर्ने र प्रति हप्ता १ दिन बिदा दिनै पर्ने व्यवस्था कानुनमा रहेको पाइन्छ । ऐनमा बालश्रमिकको स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था, पारिश्रमिकसम्बन्धी व्यवस्था, निरीक्षकको व्यवस्था र बालश्रम कल्याण समन्वय समितिको समेत व्यवस्था रहेको पाइन्छ । यस ऐनले बालश्रमलाई निषेध, नियन्त्रण र नियमित गर्न कानुनी र संस्थागत प्रावधान गरेको पाइन्छ ।

त्यसैगरी ***कमैया श्रम निषेध गर्ने ऐन, २०५८*** पनि जारी भइसकेको छ । यस ऐनमा कुनै व्यक्तिलाई कमैयाका रूपमा कसैलाई राखी श्रम गराउन नपाउने गरी निषेध गरिएको र सबै कमैयालाई त्यस्तो श्रमबाट मुक्ति गर्ने प्रावधान पनि उक्त ऐनमा रहेको छ ।

### *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४*

मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ मा राष्ट्रिय कानुनका रूपमा मानव बेचबिखन नियन्त्रण गर्न विभिन्न प्रावधान रहेको पाइन्छ । खास गरी नेपालमा बालबालिका र महिलाहरूलाई मानव ओसारपसार गर्ने र एक ठाउँबाट अर्को ठाउँमा लैजाने प्रचलन आम रूपमा रहेको पाइन्छ । सो ऐनले त्यस्ता ओसारपसार र बेचबिखन गर्ने कार्यलाई आपराधिक क्रियाकलापको रूपमा विवेचना गरी घटनाका पीडितलाई संरक्षण र पुनर्स्थापना गर्ने समेतको प्रावधान रहेको पाइन्छ ।

### *घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६*

यो ऐन घरभित्रका परिवारका सदस्यहरूबाट वा अरू जो सुकैबाट हुने हिंसालाई नियन्त्रण र रोकथाम गर्ने प्रयोजनका लागि २०६६ सालमा प्रारम्भ भएको छ । यस प्रकारका अपराधमा प्रायःजसो महिला र बालबालिका पीडित हुने हुँदा प्रत्येक व्यक्तिलाई मर्यादित र सुरक्षित रहन पाउने हकको व्यवस्था गरिएको र त्यस्ता क्रियाकलापलाई दण्डनीय अपराधको रूपमा राखी पीडितलाई सुरक्षा प्रदान गर्ने एवम् न्याय दिने यस ऐनको उद्देश्य रहेको पाइन्छ ।

### *बालन्याय सम्बन्धी कार्यविधि नियमावली, २०६४*

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बालन्यायसम्बन्धी कार्यविधि नियमावली २०६० बनाई जारी गरेको छ । यस नियमावलीको मुख्य उद्देश्य बालन्यायका सन्दर्भमा बालहकहित सुरक्षा गर्ने कार्यलाई कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शन र कार्यविधि रहेको छ । यस नियमावलीमा गैरकानुनी क्रियाकलाप गर्ने बालबालिका-विरुद्धको उजुरीमा अनुसन्धान गर्ने र अभियोजनको कार्यविधिसमेत रहेको छ ।

### *जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना -दर्ता गर्ने) ऐन, २०३३*

यस ऐनमा नेपालमा रहेको कुनै पनि व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइजस्ता घटनाको दर्ता गर्ने र प्रमाणपत्र प्रदान गर्ने समेतका प्रावधान रहेका छन् । यस ऐनमा बालबालिकाको जन्मदर्तालाई विशेष महत्व दिइएको छ, जसले गर्दा त्यस्ता बालबालिकाको नाम, परिचय लगायतका अन्य अधिकारलाई सुरक्षित गर्छ ।

### *शिक्षा ऐन, २०२८*

यो ऐनको उद्देश्य गुणस्तरिय शिक्षाको व्यवस्थापनमा उचित सुधार ल्याई राष्ट्रिय विकासको लागि राम्रो जनशक्ति तयार गर्न, राम्रो आचरण बनाई राख्न, नागरिकमा मर्यादा र नैतिकता वृद्धि गर्न र विद्यालयको शिक्षा गुणस्तरीय बनाउने रहेको छ । सामुदायिक विद्यालयहरूका प्राथमिक तहसम्मका विद्यालयमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने र उच्चशिक्षाका लागि लक्षित समूहलाई छात्रवृत्तिसमेत प्रदान गर्ने प्रावधान यस ऐनमा रहेका छन् ।

### *नेपाल नागरिकता ऐन, २०६३*

यस ऐनमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने गराउने विविध प्रावधानहरू रहेका छन् । त्यसैले यो ऐन बालबालिको परिचय र नागरिकता सम्बन्धी अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । आफ्नो नामबाट बच्चाले नागरिकता प्राप्त गर्न यस ऐनले बाटो खोलिदिएको छ ।

उपरोक्त कानुनी प्रावधानको अतिरिक्त बालबालिकाको हकहित र संरक्षणसँग गाँसिएका अरू धेरै ऐन नियमहरू छन्, जो निम्नबमोजिम रहेका छन्ः–

- आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९
- स्थानीय स्वायत्त शासन ऐन २०५५
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९
- विवाह दर्ता ऐन २०२८
- कारागार ऐन २०१९

- नागरिक अधिकार ऐन २०१२
- नेपाली बालबालिकालाई विदेशीले धर्मपुत्र/पुत्री राख्न स्वीकृती प्रदान गर्ने शर्तसम्बन्धी कार्यविधि २०६५
- आवासीय बालगृहको सञ्चालन र व्यवस्थापनसम्बन्धी मापदण्ड २०६९
- भिक्षा माग्न (निषेध गर्ने) ऐन २०१८

### ३.२.३. बालबालिकासम्बन्धित अदालतका केही महत्त्वपूर्ण निर्णयहरू

नेपालमा बालबालिकाको हकहित संरक्षणको क्षेत्रमा सर्वोच्च अदालतले ठूलो योगदान पुऱ्याएको छ । सर्वोच्च अदालतले आफ्ना निर्णय र फैसलाका माध्यमबाट बालअधिकारका क्षेत्रमा महत्त्वपूर्ण नजीर प्रतिपादन गरेको छ जुन निम्नबमोजिम छन्ः–

**सर्वोच्च अदालतबाट बालअधिकारका सम्बन्धमा प्रतिपादित केही महत्त्वपूर्ण नजीरहरू**

- बालकलाई अनुसन्धानका अवस्थामा र थुनामा राख्दा बाल-सुधारगृहमा राख्नुपर्छ । (आशिष अधिकारीको हकमा शङ्कर लोहिया वि. गृह मन्त्रालय) १५ मार्च २००१
- अभियोजनका समयमा बालबालिकालाई हत्कडी नलगाउने (अधिवक्ता बालकृष्ण न्यौपाने वि. गृह मन्त्रालय) ७ अगस्त २००१
- बालबालिका सङ्गठित हुने अधिकार हुने, त्यसकारण तिनीहरू बालक्लब दर्ता गर्न सक्छन् (जागृति बालक्लबको तर्फबाट तिलोत्तम पौडेल वि. गृह मन्त्रालय) ९ अगस्त २००१
- भलो गर्ने नाममा बालबालिकालाई यातना दिन र दण्डित गर्न नपाइने (देवेन्द्र आले वि. नेपाल सरकार प्र.म.का समेत) ६ जनवरी २००५
- बालबालिकासम्बन्धी ऐनबमोजिम बालअदालतको गठन गर्नुपर्ने (अधिवक्ता सन्तोषकुमार महतो वि. नेपाल सरकार प्र.म.का. समेत) २४ नोभेम्वर २००५
- कमैया श्रम (निषेध गर्ने) ऐन र मानवअधिकारसँग सम्बन्धित विषय पाठचक्रममा समावेश गरिएकोलाई प्रभावकारी ढङ्गले लागू गर्नुपर्ने (सोमप्रसाद पनेरु वि. नेपाल सरकार प्र.म.का. समेत) १० सेप्टेम्वर २००६
- बालबालिका समावेश भएका मुद्दा प्रमुख जिल्ला अधिकारीले निर्णय गर्न नपाउने (एस. राईको तर्फबाट अधिवक्ता कल्याण के.सी. वि. जिल्ला प्रशासन कार्यालय काठमाडौ) १२ अक्टोवर २००९

*स्रोत : केन्द्रीय बालकल्याण समिति र नेपाल न्यायिक प्रतिष्ठान (२०१०)*

## ३.२.४ राष्ट्रिय योजना र नीतिहरू

### नेपालका बालबालिकाका लागि १० वर्षीय कार्ययोजना (सन् २००४/०५-२०१४/०१५)

बालबालिकाले समाजमा आफ्ना अधिकारको यथोचित प्रयोग गर्न सकुन्, आफ्ना महत्वलाई बुझ्न सकुन्, निजहरूको लागि आवश्यक हुने गुणको विकास गर्ने खालको शिक्षा र सबै प्रकारका शोषण, दुर्व्यवहार, भेदभावरहित बालमैत्री वातावरण सिर्जना गर्ने लक्ष्यका साथ राष्ट्रिय कार्ययोजना अवलम्बन गरिएको छ । बालअधिकारसम्बन्धी महासन्धिमा रहेको कार्यतालिका अनुसार कानुनी संरचना तथा बालअधिकारको सबैमा सहज अवलम्बन र तिनको विकास गर्न यो राष्ट्रिय कार्ययोजना बालनीति दिग्दर्शन गर्ने एउटा दस्तावेज हो; जसमा बालबालिको अधिकतम हित, विभेद रहित सहज जीवनयापन, विकास र उन्नति, रक्षा एवम् तिनीहरूको सहभागिता हुनुपर्छ । यस योजनाले सहस्राब्दी विकास लक्ष्यको उद्देश्य बोकेको छ, जसमा अन्तर्राष्ट्रिय दस्तावेजअनुकुल काम गर्ने प्रतिबद्धता रहेको छ । यसले बालश्रम, सशस्त्र द्वन्द्वमा बाल-सहभागिता, लैङ्गिक दुरुपयोग, शोषण र अवैध ओसारपसार, सडक बालबालिका, शरणार्थी बालबालिका, अपाङ्ग बालबालिका, बाल-लागूऔषध दुरुपयोगजस्तालाई सम्बोधन गर्ने जमर्को गरेको छ । राष्ट्रिय कार्ययोजनाका मुल रणनीति भनेका कानुनमा सुधार, बालबालिकासँग सम्बन्धित संस्था र सदस्यको क्षमता विकास गर्ने कार्य सञ्जाल बिस्तार, विकेन्द्रीकरण र सहकार्यसमेत रहेका छन् । महिला, बालबालिका एवम् समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण परिषद् र जिल्ला बालकल्याण समिति नै यस कार्यका लागि संयोजन र अनुगमनको उत्तरदायित्व बोकेका प्रमुख निकाय हुन् ।

### बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना (२००४-२०१४)

समाजका कमजोर वर्गमाथि रहेको अन्याय र शोषणबाट स्वतन्त्र बनाउने दीर्घकालीन लक्ष्यद्वारा निर्देशित बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना रहेको छ, जसमा बालबालिकालाई पनि जोखिमबाट मुक्त राखिनेछ । यस गुरुयोजनाको लक्ष्यअनुसार सन् २००९ सम्ममा बालबालिकालाई गराईने निकृष्ट किसिमको श्रम गर्नुपर्ने अवस्थाबाट मुक्त गर्ने र सन् २०१४ सम्ममा अन्य प्रकारका श्रम गर्नबाट मुक्त गरिनेछ । बालश्रमको मुख्य कारकतत्वको रूपमा रहेको गरिबीको समस्यालाई सम्बोधन गर्न गरिबी निवारण गरिने लक्ष्य रहेको छ । गरिबी निवारणको माध्यमद्वारा एकीकृत रूपमा बालश्रम निवारण गर्ने योजनालाई कार्यान्वयनमा ल्याउने उच्च स्तरीय संयोजन समिति समेत निर्माण गरी समावेश गरिने योजनाको लक्ष्य रहेको छ ।

यसका लागि सुधार वा हस्तक्षेपका मुख्य क्षेत्रहरूमा नीति तथा संस्थागत विकास, स्वास्थ्य र शिक्षा, प्रचार प्रसार, सञ्जाल बिस्तार, सामाजिक सञ्चालन, विधायन र कार्यान्वयन, आयआर्जन र रोजगारीको विकास, रोकथाम, संरक्षण, कार्यस्थलको अनुगमन,

पुनर्स्थापना, कामको स्तरोन्नति र नियमन, कानुनी सल्लाह र सहयोग तथा उद्धारसमेत रहनेछन् । श्रम तथा यातायात व्यवस्थापन मन्त्रालयको संयोजकत्वमा अन्य सम्बन्धित मन्त्रालयहरूबाट कार्ययोजनाको कार्यान्वयन हुनेछ ।

### महिला तथा बालबालिकाको ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना (२०११)

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिला तथा बालबालिकाको ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना २००१ लाई कार्यान्वयनमा ल्याएको छ । यस योजनाले विषयवस्तु सम्बन्धी उद्देश्य, रणनीति, क्रियाकलापहरू, कार्यान्वयन गर्ने निकाय र कार्य प्रगतिका सूचाकाङ्क समेतबाट मुलुकमा हुने महिला तथा बालबालिकाको ओसारपसार रोक्ने । पूर्व-योजनाको आधारमा सन् २०११ मा ओसारपसारविरुद्धमा एउटा नयाँ कार्ययोजनाको थालनी पनि भयो । विशेष उद्देश्य, रणनीतिहरू, क्रियाकलाप, मुख्य कार्यान्वयन गर्ने निकायहरू, सहयोगी निकायहरू, समय सीमा र सूचाकाङ्कहरूलाई हरेक प्राथमिकता प्राप्त क्षेत्रमा समावेश गरिए । कार्ययोजनाको मुख्य उद्देश्य राष्ट्रले विदेशी समुदायबीचमा गरेको प्रतिबद्धतालाई पूरा गर्दै प्रचलित कानुनका आधारमा मानव बेचबिखन र ओसारपसारलाई प्रभावकारी रूपमा रोकथाम गर्नु नै हो ।

### त्रिवर्षीय योजना (२०११-२०१४)

त्रिवर्षिय योजनाले बालमैत्री वातावरण दिने र तिनीहरूको मौलिक हकको सुरक्षा र सम्वर्द्धन गर्दै बालबालिकाको समग्र विकास गर्ने लक्ष्य राखेको छ । ती उद्देश्य प्राप्त गर्ने रणनीतिहरूमा उद्धार र पुनर्स्थापनको कार्यलाई निरन्तरता दिने ; खास गरी द्वन्द्वमा परेका बालबालिकाका हकमा, सीमान्तकृत बालबालिकाका हकमा, एच. आई. भी. ⁄एड्स भएका र अपाङ्ग बालबालिकाका हकमा सेवाका लागि संस्थागत र नीतिगत रूपमा पहुँच पुऱ्याई आवश्यक कानुनी सेवा प्रदान गर्ने र यसका लागि विभिन्न सरकारी, गैरसरकारी र अन्य सरोकारवाला सबैमा समन्वय र सहयोगको वातावरण बनाई बालबालिकासँग सम्बन्धित सेवालाई घनिभूत बनाउने । साथै योजनाको कार्यान्वयनको कामको प्रत्येक चरणमा बालबालिकाको सहभागिता बढाउँदै लैजाने पनि योजनाको लक्ष्य रहेको छ ।

माथि उल्लेख गरिए देखि बाहेक बालबालिकासँग सम्बन्धित निम्न महत्त्वपूर्ण योजना र नीति समेत रहेका छन् :

- राष्ट्रिय बालबालिका नीति, २०१२
- सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना २००१-२०१५
- दोश्रो दीर्घकालीन स्वास्थ्य सेवा रणनीति १९९७-२०१७
- अपाङ्गका लागि राष्ट्रिय कार्ययोजना २००६-२०१६
- राष्ट्रिय एच आई.भी. र एड्स सम्बन्धी रणनीति २००६-२०११

## ३.३ बालअधिकारको रक्षाका लागि संस्थागत संयन्त्र

मुलुकमा बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्न विभिन्न राष्ट्रिय संयन्त्र रहेका छन् । ती स्थानीय तहदेखि राष्ट्रिय तहसम्म विभिन्न तहमा कार्यरत रहेका छन्, जो निम्नबमोजिम रहेका छन्:–

**चित्र ३ : नेपालमा बालअधिकारको लागि संस्थागत संयन्त्र**

| संस्था | काम र भूमिका |
|---|---|
| **१. महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी संस्दीय समिति** | सम्बन्धित मन्त्रालयका क्रियाकलापसहितको सरकारी योजना, नीति र कार्यक्रमको मूल्याङ्कन, सरकारका लागि सिफारिस तथा निर्देशन र सरकारलाई संसद्प्रति उत्तरदायी बनाउने । |
| **२. प्रधानमन्त्रीको कार्यालय** | सबै मन्त्रालयका क्रियाकलाप र कार्यक्रमको संयोजन, अनुगमन र नियन्त्रण एवम् मन्त्रालयहरूलाई निर्देशन गर्ने । प्रधानमन्त्री कार्यालय अन्तर्गत एउटा मानवअधिकार विभाग छ, जसमा सरकारका तर्फबाट मानवअधिकार प्रवर्द्धन र सहयोगका लागि आवश्यक योजना, नीति र कार्यक्रम तय गरी तिनीहरूको कार्यान्वयन गर्ने । |
| **३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय** | बालअधिकारको रक्षा र प्रर्वधनको लागि रहेको मुख्य मन्त्रालय जसले महिला, बालबालिका र समाज कल्याणका लागि नीति, योजना र कार्यक्रम तय गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र मूल्याङ्कन गर्ने । आफ्नो सीमा भित्र रहेका सरकारी संस्था र राष्ट्रिय गैरसरकारी संस्थाहरूका क्रियाकलाप संयोजन गर्ने, मन्त्रालयभित्रै एउटा छुट्टै बालबालिका विभाग छ, महिला तथा बालबालिका र समाजकल्याण मन्त्रालय नै केन्द्रीय बालकल्याण बोर्डको मुख्य कार्यालय हो । |

| संस्था | काम र भूमिका |
|---|---|
| **३.१. महिला तथा बालबालिका विभाग तथा कार्यालयहरू** | बालबालिका र महिलाको संरक्षण र कल्याणका लागि बनेका सरकारी योजना, नीति र कार्यक्रमहरूको कार्यान्वयन गर्ने । |
| **३.२. महिला तथा बालबालिका ओसारपसार निवारण गर्न बनेको केन्द्रीय समन्वय समिति** | केन्द्रीय तहमा महिला र बालबालिकाको ओसारपसार नियन्त्रण र निवारणका कार्यक्रम र क्रियाकलापलाई संयोजन गर्ने । जिल्लामा रहेका जिल्ला संयोजन समिति पनि ओसारपसार तथा बेचबिखनका समस्यामा छन् । जिल्ला तह, गा.वि.स. तह र नगरपालिका तहमा रहेका बेचबिखनविरुद्धको टास्कफोर्स समेतका कार्यक्रम संयोजन गर्ने । |
| **४. केन्द्रीय बालकल्याण परिषद् र त्यस अन्तर्गतका संयन्त्रहरू** | यो एउटा कानुनी निकाय हो जसलाई बालबालिका ऐन, २०४८ अन्तर्गत निर्माण गरिएको छ र यसले बालअधिकारको अनुभुतिलाई निष्कर्षमा पुऱ्याउने दायित्व बोकेको छ । बालअधिकारको संरक्षण र प्रवर्द्धनको काम गर्छ । यसले सरकारी निकाय, विकासका सहयोगी र नागरिक समाजसँग सहकार्य गरी राज्यले स्वीकार गरेको दायित्व निर्वाह गर्ने काम गर्छ । केन्द्रीय बालकल्याण परिषद्ले जस्तै ७५ जिल्लामा रहेका जिल्ला बालकल्याण बोर्डले काम गर्दछन् । |
| **४.१. जोखिममा परेका बालबालिकाको निम्ति राष्ट्रिय केन्द्र (स्थापना २००६)** | हराएका, अपहरणमा परेका, बेघर भएका बालबालिकाको पुनर्स्थापन र पुनः सामाजिकरणका लागि तिनको उद्दार र आवश्यक सहयोग प्रदान गर्ने । त्यसैगरी फौजदारी क्रियाकलापका पीडितहरूलाई पनि आवश्यक सहयोग गर्ने । खतरामा परेका बालबालिकाको उद्दारको लागि बनेको राष्ट्रिय केन्द्रको महशुल नलाग्ने टेलिफोन नं. १०४ बाट खतरामा परेका बालबालिकाको सम्बन्धमा जानकारी दिने । |

| संस्था | काम र भूमिका |
|---|---|
| **४.२. बाल हेल्प लाइन १०९८ (स्थापना २००७)** | १०९८ नम्बर, बाल सहायता लाइन, पनि महशुल छुट भएको सिविन भन्ने संस्थाको संयोजनमा सञ्चालित हेल्प लाइन हो र अरू गैरसरकारी संस्थाले पनि खतरामा परेका बालबालिकाको तत्काल उद्दार, सहयोग र सल्लाह प्रदान गर्ने । |
| **४.३. बालसंरक्षण समिति** | गाउँ तह र नगरपालिका तहमा जिल्ला बालकल्याण बोर्ड मातहत बालसंरक्षण समिति बनाइएको छ । तिनीहरूले आफ्नो तहमा रहेका सरोकारवालासँग संयोजन गर्ने तथा संरक्षण र सहायताको आवश्यक भएका बालबालिकाको पहिचान गरी तिनीहरूलाई आवश्यक सहायता र समर्थन गर्ने । |
| **५. राष्ट्रिय मानवअधिकार आयोग** | मानवअधिकार उल्लङ्घन भएका घटनाको अनुसन्धान गर्ने र आवश्यक कानुनी कारवाहिका लागि सरकारमा सिफारिस गर्ने । मानवअधिकारसँग सम्बन्धित सङ्घहरूको अनुगमन गर्ने तथा मानवअधिकारसँग सम्बन्धित कानुन, नीतिहरूको पुनरावलोकन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने । रा.मा.अ. आयोगमा बालअधिकारको संरक्षण र संबर्द्धन गर्न एउटा छुट्टै बालअधिकार युनिट छ र बालबालिका र महिलाको ओसारपसारसँग सम्बन्धित विशेष र्‍यापोटर कार्यालय छ । आयोगका क्षेत्रीय र सहक्षेत्रीय कार्यालयहरू समेत रहेका छन् । |
| **६. अदालतहरू** | अधिकार उल्लङ्घनमा परेका पीडितहरूलाई न्याय प्रदान गर्ने । तत्काल प्रचलित कानुनको व्याख्या गर्ने र सरकारका लागि निर्देशात्मक आदेश जारी गर्ने जहाँ बालबालिका लगायत सबैका मानवअधिकारको सम्मान र संरक्षणको आवश्यकता छ । नेपालमा ३ तहका अदालतहरू छन् : सर्वोच्च तह, पुनरावेदन तह र जिल्ला तह । |

| संस्था | काम र भूमिका |
|---|---|
| **६.१. बालन्याय समन्वय समिति** | बालन्याय (कार्यव्यवस्था) नियमावली २०६४ अन्तर्गत बालन्याय संयोजन समितिले बालन्याय पद्दतिमा सुधार गर्नुपर्छ । यस समितिले यस पद्दतिमा संलग्न सबै पक्षको क्षमता विकास गरी कार्यक्रम सञ्चालन गर्नेछ । केन्द्रमा केन्द्रीय बालन्याय समन्वय समिति र जिल्लामा जिल्ला बालन्याय समन्वय समिति रहेका छन् । |
| **७. शिक्षा मन्त्रालय** | शिक्षाको राष्ट्रिय योजना र नीतिका लागि नयाँ सोच ल्याउने, मुलुकमा शैक्षिक सेवाको व्यवस्थापन गर्ने र त्यस्ता सेवा पुऱ्याउने दायित्व रहेको । शिक्षा मन्त्रालयले सबैका लागि निःशुल्क प्राथमिक विद्यालय सम्बन्धी नीतिको कार्यान्वयन गर्ने, पिछडिएका समूहका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने र राष्ट्रिय शिक्षा नीति अनुसार अन्य शैक्षिक र सीप विकासका कार्यक्रम सञ्चालन गर्ने । बालबालिकाको शिक्षा सम्बन्धी अधिकार प्राप्त गराउन शिक्षा मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । |
| **८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** | बालबालिका लगायत मुलुकका सबै नागरिकको स्वास्थ्य स्थितिमा सुधार ल्याउन मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । उपाचारात्मक र निरोधात्मक दुवै उपाय अवलम्बन गरी सेवा पुऱ्याउन योजना र नीति बनाउने । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा सञ्चालित जो बालबालिकासँग सम्बन्धित कार्यक्रममा मातृ शिशु स्वास्थ्य, पोषण तत्व तथा खोप सम्बन्धी कार्यक्रम एवम् एच.आइ.भी एड्स र यौनसम्बन्धी सरुवा रोग निवारण आदि कार्यक्रम सञ्चालन गर्ने । |

| संस्था | काम र भूमिका |
|---|---|
| **९. गृह मन्त्रालय** | शान्ति र व्यवस्था कायम राख्ने । बालबालिका र महिलालाई ओसारपसार हुनबाट, दुर्व्यवहार गरिनबाट, भेदभाव गरिनबाट, शोषण गरिनबाट र सबै प्रकारका हिंसाबाट रोक्ने । मन्त्रालयका बेग्ला बेग्लै विभागहरू, जिल्लास्थित जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीका शाखा, आदि महत्त्वपूर्ण संयन्त्रहरू बालसंरक्षणमा संलग्न गराउने । नेपाल प्रहरीले स्थापना गरेको महिला र बालबालिका सेवा केन्द्र, महिला र बालबालिका जो अपराधीहरूबाट पीडित बनाइएका छन्, तिनमा स्तरिय सेवा प्रदान गर्न नेपाल प्रहरीले महिला र बालबालिका सेवा केन्द्र मार्फत सेवा प्रदान गर्ने । |
| **१०. श्रम तथा यातायत व्यवस्था मन्त्रालय** | श्रमिकसँग सम्बन्धित बालश्रम लगायतका समस्यालाई सम्बोधन गर्न उपयुक्त नीति अख्तियार गरी कार्यान्वयन गर्ने । श्रम तथा यातायात मन्त्रालयले बालश्रमसँग सम्बन्धित सबै प्रकारका बालश्रमलाई २०१४ सालसम्म कम गरिसक्ने राष्ट्रिय मूल योजना कार्यान्वयन गरिरहेको छ । |
| **११. स्थानीय विकास मन्त्रालय** | स्थानीय विकास मन्त्रालयले बालबालिकासँग सम्बन्धित केही विशेष कार्यक्रम जस्तो बालमैत्री स्थानीय शासन कार्यान्वयन, कर्णाली प्रदेश र अन्य सीमान्तकृत समुदायका बालबालिकाको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिरहेको छ । |
| **१२. शान्ति तथा पुनर्निर्माण मन्त्रालय** | यो मन्त्रालय सशस्त्र सुरुडमा नोक्सान भएका वा भत्किएका संरचनाहरूको पुनर्निर्माण गर्न २०६४ सालमा स्थापना भएको । यसले द्वन्द्वमा परेका पीडितहरूको पुनर्स्थापन गर्ने र पुनः व्यवस्थित गर्ने लगायतका राहत सम्बन्धी सेवा प्रदान गर्ने । मन्त्रालयको पुनर्निर्माण लगायतका काम कार्यान्वयन गर्न जिल्लामा स्थानीय शान्ति समिति बनाइएका । खास गरी द्वन्द्वमा परेका बालबालिकालाई लक्षित गरी मन्त्रालयले पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्ने । |

उपरोक्त संयन्त्रको अतिरिक्त बालअधिकार र बालसंरक्षणका क्षेत्रमा युनिसेफ र अन्य संयुक्त राष्ट्रसङ्घीय नियोगहरू, गैरसरकारी सङ्घसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था संलग्न रहेका छन् । त्यसैगरी सि.ए.ए.एफ.ए.जी वर्किङ्ग समूह र १६१२ टास्क फोर्स पनि सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षण र तिनको अधिकार संरक्षणका क्षेत्रमा कार्यरत रहेका छन् । बालबालिकाको रक्षा र तिनलाई सेवा प्रदान गर्ने भनी दिन-प्रतिदिन बढ्दो सङ्ख्यामा रहेका धेरै सङ्घसंस्थाहरू देखिएको हुँदा तिनको भूमिका र उत्तरदायित्व राम्ररी परिभाषित हुन आवश्यक देखिन्छ (युनिसेफ २०१०) ।

# अध्याय ४ : बाल जीवन र स्वास्थ्य

बालबालिकासम्बन्धी महासन्धिले बाल जीवन बालअधिकारमध्येको एउटा महत्त्वपूर्ण पक्ष मानेको छ । बालअधिकारको अनुगमन गर्दा बालजीवन र बाल-स्वास्थ्यले नै बालअधिकारको महत्त्वपूर्ण सूचक मानिन्छ । बाल जीवन र बाल-स्वास्थ्यले नै तिनीहरू कस्तो सामाजिक आर्थिक परिवेशमा रहेका छन् भन्ने जनाउँछ । त्यसैले यस अध्यायमा बाल-स्वास्थ्य र बाल जीवनसँग सम्बन्धित धेरैवटा विषय प्रस्तुत हुनेछन् ।

## ४.१ सहयोगी कानुन र नीतिहरू

महासन्धिको धारा २४ ले बालबालिकाले पाउन सक्नेसम्मको उच्च स्तरीय स्वास्थ्य सेवाको उपयोग गर्न पाउनु बालबालिकाको अधिकार रहेको उद्घोष गर्दै, त्यस अधिकारको पूर्ण कार्यान्वयन गराउन राज्यलाई उत्तरदायी बनाएको छ, जसमा बिरामीका अवस्थामा उपचार पाउने समेत अधिकार हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले जनताको उच्चस्तरिय स्वास्थ्य सेवा पाउने अधिकारलाई उच्च प्राचमिकतामा रहेको छ । संविधानको धारा १६(२) मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुने व्यवस्था छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐनको दफा ४ ले बालबालिकाले स्वास्थोपचार पाउने अधिकार दिएको र बाबुआमालाई सो कार्यका लागि सहयोग गर्न राष्ट्रलाई उत्तरदायी बनाएको छ ।

संविधान र अन्य कानुनमा उल्लेख भए अनुसार नेपाल सरकारले प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रको सुधार रणनीति ल्याएको छ । नेपाल स्वास्थ्य निति १९९१ को थालनी, कार्यान्वयन र अन्य नयाँ नीति तथा कार्यक्रमले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरेको छ ; केन्द्र देखि गाउँ तहसम्म सार्वजनिक स्वास्थ्य सञ्जालको विकास र बिस्तार सबल भएको ; जिल्ला तहभन्दा तलसम्म निःशुल्क स्वास्थ्य सेवा र सुविधालाई पुऱ्याएको र जिल्ला तहमा सुविधाबाट वञ्चित समूहहरूमा निःशुल्क मातृ शिशु सेवा लिए वापत र यातायात खर्चवापत भएको खर्च सोधभर्ना समेत उपलब्ध गराएकोबाट सकारात्मक परिणाम प्राप्त भएकाछन् । युनिसेफ (२०१०) को सन्दर्भ उल्लेख गर्दै नेपाली जनताको तीन चौथाई भन्दा बढी (७८%) जनसङ्ख्या आधा घण्टा भित्र प्राप्त हुन सक्ने स्वास्थ्य सेवाको पहुँचमा रहेको कुरा सरकारी तथ्याङ्कले देखाएको छ । आधारभूत स्वास्थ्य सेवामा संलग्न रहेका ९५ वटा सार्वजनिक अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ६७६ वटा हेल्थपोष्ट, ३,१२९ वटा सहायक हेल्थपोष्ट, १२,७९० वटा प्राथमिक स्वास्थ्य केन्द्र, १६,५७९ वटा इ.पि.आई क्लिनिक र ४८,६८० वटा महिला सामुदायिक स्वयंसेविका जस्ता स्वास्थ्य संस्थाको सञ्जालले सेवा पुऱ्याई रहेको छ ।

बालबालिकाको स्वास्थ्य विकास गर्न र बाल-मृत्युदरलाई नियन्त्रण गर्न सरकारले समुदायमा आधारित एकीकृत बाल बिरामी व्यवस्थापन, समुदायमा आधारित नवजात शिशु हेरचाह कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम र शिशु तथा अलि ठूला बालबालिकाको खाद्य कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

# ४.२ हालको स्थिति

## ४.२.१ जन्मेको ठाउँ र जन्मदाका सुसारे

बच्चा जन्मेको ठाउँ र जन्मदाका सुसारे मातृ-मृत्यु तथा नवजात शिशुको मत्यु र उनीहरू जीवित रहनुको निर्धारक तत्व हुने गर्छ । स्वास्थ्य सुविधा उपलब्ध भएको ठाउँ (स्वास्थ्य संस्था) मा भएको बच्चा जन्माउने काम र कुशल स्वास्थ्य सहयोगीको सहायताबाट बच्चा जन्माउँदा आमा र बच्चा दुवै सकुशल रहने अपेक्षा गरिन्छ । कुशल स्वास्थ्य सहायकको सहायताले घरमै बच्चा जन्माउने कामभन्दा स्वास्थ्य सेवा उपलब्ध भएका ठाउँमा कुशल सहयोगीसमेतको सहायताबाट बच्चा जन्माउँदा बढी सुरक्षित हुन सक्ने देखिन्छ ।

नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे, २०११ को प्रतिवेदनअनुसार सम्पूर्ण जनसङ्ख्याको करिब ३५% मात्र स्वास्थ्य सेवा उपलब्ध भएका ठाउँमा बच्चा जन्मने गर्छन् र करिब ३६% ले कुशल स्वास्थ्य सहयोगीको सहायताले बच्चा जन्माउने गर्छन । यस तथ्याङ्कले के देखाउछ भने केवल ३५% बच्चामात्र स्वास्थ्यको सेवा उपलब्ध भएको कुशल स्वास्थ्य सहयोगी रहेको ठाउँमा जन्मन्छन् र बाँकी ६५% बच्चा न्यूनत्तम आवश्यक सुविधा प्राप्त नभएका ठाउँमा तथा कुशल स्वास्थ्य सहयोगीको अभावमा जन्म लिन्छन् । यसले के सङ्केत गर्छ भने नेपालमा मातृ-मृत्यु हुने र नवजात शिशुको मृत्यु हुने सम्भावना उच्च रहेको छ । त्यसरी सुविधा युक्त ठाउँमा सुत्केरी नहुनाको मुख्य कारणमा एक त स्वास्थ्य सेवा सो दुर्गम ठाउँमा उपलब्ध छैन र अर्को उनीहरूको लागि सुत्केरी खर्च धान्नै नसक्ने अवस्थाको छ ।

## ४.२.२ जन्मका अवस्थामा बच्चाको तौल

बच्चा जन्मदाको तौलले बच्चा बिरामी हुने कुरामा वा बाँच्ने नबाँच्ने सम्भावनाको महत्त्वपूर्ण सङ्केत गर्दछ । जन्मदा २.५ के.जी भन्दा कम तौल हनुले बच्चा बाल्यकालमा स्वास्थ्य नहुने वा अल्पायुको सङ्केत गर्छ । नेपालमा भने धेरैजसो बच्चामा जन्मदाको तौल नै कति हुन्छ त्यो जान्न सक्ने अवस्था छैन किनकि धेरै बच्चा घरमै जन्मन्छन् र जसको तौल लिन सम्भवनै हुँदैन । नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११) का अनुसार सबै जानकारी पाउन सकिएका करिब ३६% मध्ये १२% बच्चाको तौल २.५ के.जी. भन्दा पनि कम पाइएका छन् । त्यस्ता कम तौलका बच्चा जन्माउने आमाहरू या त अशिक्षित छन् वा साधारण पढे लेखेका वा धुम्रपान गर्ने छन् वा २० वर्षको उमेर नपुग्दै बच्चा जन्माएका छन् ।

### ४.२.३ खोप

जुन बच्चाले क्षयरोगविरुद्ध वि.सि.जि. खोप, तीन पटकसम्म डि.पि.टि., टिटानसविरुद्धको खोप र कमसेकम तीनमात्रा पोलियो खोप प्राप्त गरेको हुन्छ, त्यस्तो बच्चा बाँच्ने सम्भावना बढी हुने कुरा विश्व स्वास्थ्य सङ्गठन (WHO) को मान्यता रहेको छ । नेपालले बालबालिकाको खोप लगाउने कुराको लागि उच्च प्राथमिकता दिएको छ । जसको प्रमाण स्वरूप भन्न सकिन्छ की बालबालिकाको लागि "राष्ट्रिय खोप दिवस" लाई अभियानको रूपमा आयोजना गरिएको छ । यो अभियान बालबालिकालाई सरुवा रोगबाट बचाउन तथा बाल-मृत्युदर घटाउन महत्त्वपूर्ण मानिएको छ ।

नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११) ले सङ्कलन गरेको तथ्याङ्कअनुसार ५ वर्षमुनिका बालबालिकाले विभिन्न खोप लगाएका छन् । सन् २००६ मा ८३% बालबालिकाको तुलनामा यस सर्भेबमोजिम विभिन्न खोप लगाएकोले ८७% बालबालिका सुरक्षित छन् । अहिले ९६% बालबालिकाले वि.सि.जि, डि.पि.टि र पोलियोको खोप लगाएका छन् तर डि.पि.टि र पोलियोको खोपको तेस्रो मात्रा केही कम भएको देखिन्छ । त्यसैगरी ८८% बालबालिकाले दादुराको खोप लगाएको हुँदा हामी शताब्दी विकास लक्ष्यको नजिक पुग्यौं भन्न सकिन्छ (स.वि.ल. अनुसार ९०% यसको कुल लक्ष्य हो) ।

**तालिका ४ : जन्मदर्ता प्रतिशतको पृष्ठभूमि विशेषता (०-४ उमेर समूह)**

| पृष्ठभूमि | बि.सि.जि | डि.पि.टि | | | पोलियो | | | दादुरा | सबै आधारभूत सुईहरू | सुई सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | १ | २ | ३ | | | |
| **लिङ्ग** | | | | | | | | | | |
| पुरुष | ९६.९ | ९६.२ | ९४.५ | ९२.१ | ९६.४ | ९५.१ | ९२.९ | ८९.७ | ८८.२ | २.८ |
| महिला | ९६.२ | ९६.६ | ९४.७ | ९१.३ | ९६.७ | ९४.८ | ९२.० | ८६.३ | ८५.७ | ३.० |
| **बसोवास** | | | | | | | | | | |
| सहर | ९८.० | ९९.५ | ९५.५ | ९४.९ | १०० | ९६.९ | ९६.७ | ९१.८ | ९०.० | ०.० |
| गाउँ | ९६.४ | ९६.१ | ९४.५ | ९१.४ | ९६.२ | ९४.७ | ९२.० | ८७.६ | ८६.६ | ३.२ |
| **भौगोलिक क्षेत्र** | | | | | | | | | | |
| हिमाल | ९३.७ | ९३.७ | ९०.४ | ९०.४ | ९४.३ | ९१.१ | ९१.१ | ९०.९ | ८८.२ | ४.३ |
| पहाड | ९६.३ | ९६.५ | ९५.४ | ९३.४ | ९६.३ | ९५.७ | ९३.५ | ९०.४ | ८९.५ | ३.२ |
| तराई | ९७.१ | ९६.७ | ९४.६ | ९०.६ | ९७.० | ९४.९ | ९१.९ | ८५.८ | ८४.८ | २.५ |

| पृष्ठभूमि | बि.सि.जि | डि.पि.टि | | | पोलियो | | | दादुरा | सबै आधारभूत सुईहरू | सुई सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **शिक्षित आमा** | | | | | | | | | | |
| छैन | ९४.३ | ९४.१ | ९०.५ | ८५.८ | ९४.३ | ९१.२ | ८६.९ | ७९.६ | ७८.१ | ४.५ |
| प्राथमिक | ९८.१ | ९८.१ | ९७.८ | ९५.३ | ९८.१ | ९७.९ | ९६.५ | ९६.३ | ९४.६ | १.९ |
| माध्यमिक | ९८.६ | ९८.६ | ९८.३ | ९७.४ | ९८.७ | ९८.५ | ९७.४ | ९५.२ | ९५.२ | १.३ |
| सो माथि | ९८.३ | ९८.३ | ९७.५ | ९७.१ | ९८.३ | ९७.५ | ९७.५ | ९२.६ | ९२.४ | १.७ |
| **आर्थिक अवस्था** | | | | | | | | | | |
| न्यून | ९४.२ | ९४.० | ९१.८ | ८७.६ | ९३.९ | ९२.० | ८८.५ | ८६.० | ८४.५ | ५.१ |
| न्यूनमध्यम | ९७.३ | ९६.३ | ९३.५ | ८९.७ | ९६.८ | ९४.० | ९०.२ | ८५.२ | ८३.९ | २.० |
| मध्यम | ९४.४ | ९४.४ | ९४.४ | ९०.५ | ९४.४ | ९४.४ | ९१.६ | ८५.२ | ८४.० | ५.६ |
| उच्चमध्यम | ९८.९ | ९९.९ | ९६.७ | ९६.७ | १०० | ९७.५ | ९७.४ | ९२.२ | ९१.५ | ०.० |
| उच्च | १०० | १०० | ९९.५ | ९८.४ | १०० | ९९.५ | ९८.८ | ९६.१ | ९५.७ | ०.० |
| **जम्मा** | ९६.५ | ९६.४ | ९४.६ | ९१.७ | ९६.६ | ९४.९ | ९२.५ | ८८.० | ८७.० | २.९ |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११)*

यद्यपि खोप लगाएर बाँच्ने क्षमता विकास गरेका बालबालिकाको सङ्ख्या सन् २००६ भन्दा सन् २०११ मा केही वृद्धि भएको भएता पनि, यस ५ वर्षमा कुनै प्रकारका खोप नपाएका बालबालिकाको सङ्ख्या जति को तति (३%) रहेको छ । यस सवालमा बालबालिका रहेको ठाउँ, लिङ्ग, भौगालिक क्षेत्र र आमाको साक्षरताले पनि फरक पार्छ जसलाई माथिको तालिकाबाट देख्न सकिन्छ । सबभन्दा टड्कारो छुट्टिने फरक अर्थात कम वेसी खोप पाएको भनेको शिक्षित आमा र अशिक्षित आमाबाट तथा आर्थिक हैसियत फरक रहेकाबाट जन्मेका बालबालिकामा पाइएको छ ।

## ४.२.४ बालबालिकाको पोषणको स्थिति

बालबालिकाको पोषण अवस्थाको प्रत्यक्ष सम्बन्ध निजहरूको अल्पायु वा दिर्घायु र उनीहरूको विकास सँग सम्बन्धित हुन्छ । कुपोषण वा अल्प पोषणमा परेका बच्चामा अल्पायु वा मत्युको सम्भावना प्रबल हुन्छ । पर्याप्त पोषण तत्वको अभावमा उमेर अनुसारको उचाई वा उमेर अनुसारको तौल नपुग्न सक्छ अथवा दुवै पनि हुन सक्छ । कम तौल र कम उचाइका कारण दीर्घ रोगी हुने अथवा कुपोषणको रोगी हुने हुन्छ । नेपालमा ५ वर्षमुनिका ४१% बालबालिका हुनुपर्ने भन्दा होचा अथवा सामान्य

कुपोषणका शिकार हुन्छन् र १६% बालबालिका भने अझ गंभिर कुपोषणका शिकार भएको उक्त सर्भेले देखाएको छ । तलको तालिका ५ ले सोही कुरा स्पष्ट गर्छ । त्यसैगरी ११% बालबालिका अति कुपोषणको शिकार भएको पाइएको छ भने ३% बालबालिका त झनै खतरनाक कुपोषणका शिकार भएका छन् । यद्यपि विगत १० वर्षमा खतरनाक कुपोषणको सिकार भएका बच्चाको स्थितिमा सुधार हुन सकेको छैन । सर्भेबाट प्राप्त जानकारी अनुसार बच्चा जब अन्न आहारको अवस्थामा पुग्छ तव झनै कमजोर हुँदै जान्छ । पोषण सम्बन्धी यत्रतत्र छरिएर रहेका तथ्याङ्कले के देखाउछ भने ग्रामिण इलाकामा जन्मेका, अशिक्षित वा अल्प शिक्षित आमाबाट जन्मेका, पर्याप्त पोषण नपुगेकी आमाबाट जन्मेका र गरिब परिवारमा जन्मेका बालबालिका बढी कुपोषित भएका छन् ।

**तालिका ५ : पोषण नपुगेका बालबालिका (%)**

| वर्ष | उमेर अनुसार कम उचाइ | | उचाइ अनुसार कम तौल | | उमेर अनुसार कम तौल | |
|---|---|---|---|---|---|---|
| | कम | अति कम | कम | अति कम | कम | अति कम |
| **२००१** | ५७ | - | ११ | - | ४३ | - |
| **२००६** | ४९ | २० | १३ | ३ | ३९ | ११ |
| **२०११** | ४१ | १६ | ११ | ३ | २९ | ८ |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११)*

स्तनपान र खानपानको अभ्यासले बालबालिकाका स्वास्थ्य, पोषण एवम् शारीरिक वा मानसिक विकासमा ठूलो भूमिका खेल्छ । युनिसेफ र विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसार जन्मबाट छ महिनासम्मको बच्चालाई स्तनपान गराइनुपर्छ । त्यसैगरी राष्ट्रिय पोषण नीति र रणनीति २००४ ले पनि स्तनपानलाई महत्व दिएको र आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ ले पनि स्तनपानलाई संरक्षण र प्रोत्साहन गर्दै अनाधिकार रूपमा दुधको सट्टा खुवाइने वस्तुहरूको बिक्री वितरणलाई नियन्त्रण गर्ने प्रावधान बनाएको छ । साथै स्तनपानलाई ६ महिना पछि पनि निरन्तरता दिइनुपर्छ, त्यसो नगरिएका खण्डमा बच्चा कुपोषित हुने वा बारम्बार बिरामी हुने सम्भावना आउँछ ।

नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११) ले पनि नेपालमा सबैतिर ६ महिना सम्मका बच्चालाई स्तनपान गराइने प्रचलन रहेको देखाएको छ । ६ महिना मुनिका ७०% नेपाली बालबालिकालाई स्तनपान गराइने र सो पछि ६६% बच्चालाई ६ महिना पछि

आवश्यकताअनुसार थप खानेकुरा ख्वाइने गरेको पाइन्छ । ९०% भन्दा बढी बालबालिका २ वर्ष सम्मपनि स्तनपान गरिरहेको पाइएको छ । बोतलबाट वैकल्पिक रूपमा ख्वाइने दुधलाई निरुत्साहित गर्दा गर्दै पनि ६ महिना भन्दा मुनिका ६% बच्चालाई वैकल्पिक रूपमा बोतलको दुध ख्वाइने गरेको पाइन्छ । त्यसैगरी ६-२३ महिना बीचको बच्चालाई विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार बालबालिकालाई ख्वाइने अन्य आहार खुवाइने चलन रहेको पाइन्छ ।

## ४.२.५ बाल-रोग

बालबालिका ज्यादै सानो उमेरमा अनेक प्रकारका रोग लागेर बिरामी पर्नु पनि उनीहरूको स्वास्थ्यको लागि खतरनाक हुन्छ । त्यसैले बालबालिका बिरामी हुनासाथ उनीहरूलाई कस्तो प्रकारको रोग लागेको हो त्यसको लक्षण पत्ता लगाइएमा बाल-मृत्युदर घटाउन सकिन्छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार नेपालमा तत्काल उपचार चाहिने स्वास प्रश्वासको रोगले बारम्बार बच्चालाई ज्वरो र झाडापखालाले ज्यान लिने सम्मको खतरा उत्पन्न हुने गरेको छ ।

५ वर्षमुनिका ५% बच्चामा तत्काल उपचार चाहिने स्वास प्रश्वासको रोग रहेको कुरा नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भेको २०११ को तथ्याङ्कले देखाएको छ । तत्काल उपचार चाहिने रोगका रूपमा स्वास प्रश्वासको सम्बन्धी रोगमा भने विगत ५ वर्ष देखि कुनै कमी आएको छैन । त्यसैगरी ५ वर्षमुनिका १९% बालबालिका ज्वरो आउने बिरामी तथा तत्काल उपचार चाहिने खालको आन्तरिक सङ्क्रमणबाट ग्रस्त र १४% बच्चा झाडापखालाका बिरामी पाइने गरेका २०११ को सर्भेले देखाएको छ । मुख्य रूपमा झाडापखाला र ज्वरो भने विगत पाँच वर्षमा सामान्य वृद्धि (करिब २%) भएको तथ्याङ्कले देखाएको छ ।

**तालिका ६ : नेपालमा पाँच वर्षमुनिका श्वासप्रश्वाससम्बन्धी रोग, ज्वरो र झाडापखाला भएका बालबालिका र निदानका लागि स्वास्थ्य सेवा पाएकाको दर (%)**

| वर्ष | श्वासप्रश्वास सम्बन्धी रोग | | ज्वरो | | झाडापखाला | |
|---|---|---|---|---|---|---|
| | भएको दर | स्वास्थ्य सेवा पाएको दर | आएको दर | स्वास्थ्य सेवा पाएको दर | भएको दर | स्वास्थ्य सेवा पाएको दर |
| **२००६** | ५ | ४३ | १७ | ३४ | १२ | २७ |
| **२०११** | ५ | ५० | १९ | ४२ | १४ | ३८ |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२००६,२०११)*

यद्यपि मुख्य रूपमा तीन प्रकारका रोगहरू यत्रो समयको परिवर्तनमा पनि घटबढ नभई उस्तै दरमा रहेका छन् या केहीमात्रामा बढेका छन् तर उपचारका लागि थप प्रयास पनि भएको छ । खास गरेर बच्चालाई स्वास्थ्य सेवा प्रदान गर्ने र उपचार गराउने क्रम बढेको छ । उक्त ३ प्रकारका रोगहरूमा पहिले पहिले खोजिने उपचार भन्दा अहिलेको उपचारको अभ्यासमा परिवर्तन आएको छ । शहरी क्षेत्रमा जन्मेका, शिक्षित आमाबाट जन्मेका र आर्थिक अवस्था राम्रो भएको परिवारमा जन्मेका बालबालिकामा स्वास्थ्य सेवा लिने र उपचार गराउने कुरा बढेको छ । अझ बालिकाभन्दा बालकहरूले स्वास्थ्य सेवा बढी पाउने गरेको युनिसेफको तथ्याङ्कले देखाएको छ । यस प्रकारको विभेद अर्थात पुरुष बच्चाले बढी उपचारको सुविधा पाउनुले ती बच्चाहरूका मातापितामा सामाजिक रूपमा पुरुष प्रधानताको प्रभाव रहेको हुन सक्ने देखिन्छ । नेपालमा हेमोग्लोविनको मात्रा घटेर हुने रक्त अल्पता ( Anemia) को बिरामी अलिक ठूला केटाकेटी, गर्भवति महिला र स्तनपान गराउने आमाहरूमा हुने अर्को मुख्य समस्या हो । रक्त अल्पताको कारणका रूपमा खानपानमा कमिकमजोरी, परजीविको आक्रमणबाट हुने असर र मुलुकको केही भागमा रहेको मलेरीया (औलो) रोगलाई लिइन्छ । राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११) को रिपोर्ट अनुसार ६ देखि ५९ महिनासम्मका ४६% नेपाली बालबालिका रक्त अल्पताको बिरामी पाइएका छन् । रक्त अल्पता बालबच्चा र महिला दुवैमा हुने गर्छ र त्यसता ग्रामीण इलाकामा पाइन्छ जहाँ पुरै बालबालिकाको आधा जति सङ्ख्यामा केही हदसम्ममा रक्त अल्पता पाइएको छ । भौगोलिक क्षेत्र अनुसार तराईका महिला र बालबालिकामा भने अझ बढी रक्त अल्पता भएको पाइएको छ । यसमा विगत ५ वर्षमा बालबालिकार महिलामा कुनै परिवर्तन भएको पाइएको छैन ।

बच्चामा अनेकन रोग लाग्ने मुख्य कारणहरूमा सुग्घर सफाइमा ध्यान नपुऱ्याउनु, असुरक्षित पिउने पानी हुनु, खाना बनाउँदा सुग्घर सफाइमा ध्यान नपुग्नु र फोहोरको उचित प्रबन्ध नहुनु आदि छन् । चर्पीको अभावमा खुल्ला ठाउँमा बालबालिकाले दिशा गर्ने कारणले नेपालका सबै बच्चामध्ये आधाजसो बिमारीको शिकार बन्ने गरेका पाइन्छ (राष्ट्रिय योजना आयोग २०१०) । त्यसैगरी राम्ररी सुग्घर सफाईबाट वञ्चित रहेका साँघुरा तथा अत्यन्त दयनीय आश्रय स्थल, खानेकुरा पोषणयुक्त नहुनु र भएको खानेकुरा पनि अपर्याप्त हुनु बालबालिकाको स्वास्थ्यमा प्रतिकुल प्रभाव पारिरहेको र परिणाम स्वरूप बालबालिका बढी भन्दा बढी बिरामी पर्ने गरेको पाइएको छ । औलो जस्तो सरुवा रोग पनि यसको अर्को महत्त्वपूर्ण कारक तत्व हो जसबाट बालबालिका बिरामी परिरहने अथवा मर्ने अवस्था आउने

गर्छ । त्यसबाहेक रोगका बारेमा अज्ञानता तथा जनचेतनाको अभावका कारण बिरामीको उचित औषधि उपचार पनि नहुने र स्वास्थ्य सेवामा पहुँचको अभावका साथै गरिबीले पनि समस्यालाई अझ चर्काएको पाइन्छ ।

## ४.२.६ बालमृत्यु तथा मातृमृत्यु


बाल-मृत्युदरलाई सामाजिक विकासको सूचकको रूपमा लिइने गरिन्छ । खास गरी यसबाट देशवासीको स्वास्थ्यको अवस्था कस्तो छ भन्ने दर्शाउँछ । त्यसैले नवजात शिशु-मृत्युदर, बाल-मृत्युदर र ५ वर्षमुनिका बच्चाको बाल-मृत्युदरको विश्लेषणले बाल्यजीवनको कुरामा मद्दत गर्ने मात्र होइन, भविष्यमा जनसङ्ख्या र जनस्वास्थ्यजस्ता योजनाका नीति र कार्यक्रमको मार्ग पहिचान गर्न समेत उत्तिकै महत्त्वपूर्ण हुन्छ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय २०१०) । त्यस अतिरिक्त बाल-मृत्युदरलाई कम गर्दै लैजाने सहस्राब्दी विकास लक्ष्यको उद्देश्य पनि रहेको छ ।

चित्र-२ ले दर्शाएको विगत १० वर्ष (२००१-२०११) नवजात शिशु तथा अन्य बालबालिकाको मृत्युको दरको अवस्थाको चित्रण प्रस्तुत गरेको छ । त्यसमा नेपालमा दुवै खालका बाल-मृत्युदर घटेको कुरा देखिँदा बाल-स्वास्थ्यमा उल्लेखनीय प्रगति भएको पाइन्छ । २००१ को तुलनामा २०११ सम्ममा नवजात शिशुको मत्युदर ६४ बाट घटेर ४६ र बाल-मृत्युदर ९१ बाट घटेर ५४ मा झरेको देखिन्छ ।

राष्ट्रिय योजना आयोगले गरेको ४० जिल्लाको सर्भे अनुसार बालबालिकाको मृत्युदर प्रति हजारमा ४१ तथा ५ वर्षमुनिको बालमृत्युदर प्रति १०,००० मा ५० मा झरेको छ । सो तथ्याङ्कअनुसार सहस्राब्दी विकास लक्ष्य २०१५ साल सम्मको नवजात शिशुको मृत्युदर प्रति १० हजारमा ५४ बाट घटाई ३४ बनाउने लक्ष्य पनि लगभग पूरा भइसकेको छ । त्यसकारण बाल-मृत्युदरको लक्ष्यमा संशोधन गरेर नयाँ लक्ष्य कायम गरी प्रतिहजारको अंकलाई प्रति १० हजारमा ३२ कायम र जन्मदर ३८ बनाउनुपर्छ ।

नवजात शिशुको मृत्युदरमा केही कमी भएको भए पनि सन्तोषजनक भने छैन । विगत १० वर्षको तथ्य हेर्दा नवजात शिशुको मृत्युदरमा ३% ले मात्र घटेको छ, जबकि यसअघि २००१ मा सो दर ३६% थियो । यस हिसावले यो दर अहिले २०११ मा ३३% मा मात्र झरेको छ । तथ्याङ्कबाट के देखिन्छ भने नेपालको स्वास्थ्यसम्बन्धी योजना र नीति नवजात शिशुको मृत्युदर घटाउने दिशातर्फ निर्देशित हुनुपर्ने देखिन्छ, जसले गर्दा नवजात शिशुको मृत्युदर र अन्य बालबालिकाको मृत्युदर घटाउने माध्यम पनि बन्न सक्नेछ ।

**चित्र ४ : नवजात शिशुमृत्यु, बालमत्यु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरको अवस्था**




*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२००१, २००६, २०११)*

नवजात शिशु र अन्य बालबालिकाको मृत्युदरलाई क्रस-सेक्सन विश्लेषण गर्दा लैङ्गिक हिसाबले, जातीयको हिसाबले र भौगोलिक अवस्थितिको हिसाबले मुलभूत भिन्नता पाइन्छ । तर राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भेले भने जन्मदै मर्ने शिशु र अन्य बालबालिकाका बीच लैङ्गिक हिसाबले खास भिन्नता देखाएको छैन । तर नवजात शिशुको मृत्यु हुने दर लैङ्गिक हिसाबले फरक पाइएको छ । तथ्याङ्कले के देखाएको छ भने नवजात छोरी नवजात छोरा भन्दा १.१८ गुणा ज्यादा मृत्यु हुने गरेको पाइएको छ र ५ वर्षमुनिका बालबालिकाकाहरूमा बालक भन्दा बालिकाहरूको मृत्युदर १.१९ गुणा रहेको सहस्राब्दी विकास लक्ष्य अन्तर्गत यू.एन. कन्ट्री टिमको राष्ट्रिय प्रतिवेदन, २०१० को कथन छ । उक्त प्रतिवेदनले जातिय रूपमा पनि नवजात शिशुको मृत्युदर फरक रहेको भन्ने स्पष्ट कथन छ, जस्तो दलित परिवारका बालबालिकाको मृत्युदर उच्च जात भनिने ब्राम्हण, क्षेत्री नेवार आदिको भन्दा बढी सङ्ख्यामा रहेको भन्ने कथन छ ।

तल तालिका ७ ले स्पष्ट रूपमा देखाउँछ–शहरी क्षेत्रभन्दा ग्रमीण क्षेत्रमा बाल-मृत्युदर बढी रहेको छ । नवजात शिशुको मृत्युदर शहरमा २५ रहेकोमा ग्रामीण क्षेत्रमा त्यस्ता शिशुको मृत्युदर ३६ रहेको छ । बाल-मृत्युदर शहरमा ३८ रहेकोमा ग्रामीण क्षेत्रमा ५५ तथा ५ वर्ष मुनीका बालबालिकाको मृत्युदर शहरमा ४५ रहेका र गामीण इलाकामा ६४ रहेका छन् । भौगोलिक क्षेत्रका आधारमा पनि बाल-मृत्युदर फरक रहेको पाइएको छ । उच्च पहाडीक्षेत्र र तराईमा भन्दा मध्य पहाडी क्षेत्रमा मृत्यु दर कम रहेको छ । यसगरी शिक्षित आमाबाट जन्मने नवजात शिशु मर्ने खतरा कम हुने देखिन्छ । त्यसैगरी शिक्षित आमाबाट जन्मेको वा सम्पन्न परिवारमा जन्मेको बच्चाको मृत्युदर अरूभन्दा फरक रहेको छ । यसबाट शिक्षित आमाबाट जन्मने बच्चा मर्ने खतरा कम हुने देखिन्छ । राम्रो आर्थिक अवस्था हुने आमाबाट जन्मेको बच्चा कमजोर आर्थिक अवस्था हुने आमाबाट

जन्मेको भन्दा कम खतरामा पर्ने अवस्था देखिन्छ । यस तथ्याङ्कबाट के सामान्य अनुमान गर्न सकिन्छ भने ग्रामीण क्षेत्र र हिमाली क्षेत्रमा पनि गरिब परिवार र स्वास्थ्य सेवाबाट सेवाबाट वञ्चित रहेको परिवार र पोषण तत्वको अभाव रहेको नवजात शिशु नै मृत्युको खतरामा बढीभन्दा बढी पर्ने अवस्था हुन्छ ।

**तालिका ७ : जन्मनासाथ, शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरको विशेष अवस्था**

| | जन्मनासाथ मृत्यु हुने दर (%) | शिशु-मृत्यु दर (%) | ५ वर्षमुनिकाको मृत्युदर (%) |
|---|---|---|---|
| **बसोवासको स्थान** | | | |
| शहर | २५ | ३८ | ४५ |
| गाउँ | ३६ | ५५ | ६४ |
| **जलवायु क्षेत्र** | | | |
| हिमाल | ४६ | ७३ | ८७ |
| पहाड | ३३ | ५० | ५८ |
| तराई | ३५ | ५३ | ६२ |
| **शिक्षित आमा** | | | |
| छैन | ४० | ६२ | ७३ |
| प्राथमिक | ३४ | ५३ | ६२ |
| माध्यमिक | २७ | ३७ | ४१ |
| सो माथि | २० | ३१ | ३२ |
| **आर्थिक अवस्था** | | | |
| न्यून | ३७ | ६१ | ७५ |
| न्यूनमध्यम | ४० | ५६ | ६६ |
| मध्यम | ३९ | ५५ | ६४ |
| उच्चमध्यम | ३७ | ५३ | ५९ |
| उच्च | १९ | ३२ | ३६ |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११)*


## मातृ-मृत्युदर

आमाको स्वास्थ्य बच्चाको स्वास्थ्यसँग अन्तरङ्ग रूपमा गाँसिएको हुन्छ । यदि आमा नै स्वस्थ छैन भने उनीबाट जन्मने बच्चा स्वस्थ जन्मने आशा गर्न सकिन्न । मातृ-मृत्युदरलाई नै मातृ स्वास्थ्यको अवस्थाको सूचकको रूपमा प्रयोग गरिएको हुन्छ ।

नेपालमा मातृ-मृत्युदर उल्लेख्य रूपमा घटेको र प्रति १ लाखमा ४१५ जिवित बच्चा जन्मेर मर्ने गरेको सन् २००० सालको पुरानो तथ्याङ्कको तुलनामा २०१० सम्म घटेर २२९ मा आइपुगेको देखिन्छ (चित्र ५) । यसको सम्भावित कारक तत्व भनेको नै गर्भावस्थामा चार पटकसम्म गर्भको परीक्षण गर्ने धेरै प्रतिशत वृद्धि भएको, बच्चाको जन्म स्वास्थ्य सेवा उपलब्ध हुने ठाउँमा हुने गरेको, बच्चा जन्मदा तालिम प्राप्त सहयोगीको सहायतामा हुने गरेको र सुत्केरी पछि पनि राम्रोसँग स्वास्थ्य जाँच हुनुलाई लिइएको छ ।

यद्यपि मातृ-मृत्युदर अहिले पनि ठूलो प्रश्नवाचक अवस्थामा नै छ । २० वर्ष पूरा भएका महिलाभन्दा ३५ वर्ष नाघेका महिलाले बच्चा जन्माएको अवस्थाभन्दा बढी खतरायुक्त हुन्छ । विभिन्न जातजाती भएको कारणले पनि मातृमृत्युदर उल्लेख्य रूपमा फरक परेका पाइएको छ । मुस्लिम, तराई/मधेसी र दलित समुदायमा अरू ब्राम्हण, क्षेत्रीभन्दा बढी मातृ-मृत्युदर रहेको पाइन्छ ।

**चित्र ५ : नेपालमा मातृ-मृत्युदरको अवस्था**




*स्रोत : राष्ट्रिय योजना आयोग (२०००), राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२००५), स्वास्थ्य सेवा विभाग (२०१०)*

## ४.३ कमिकमजोरीहरू र चुनौतिहरूको विश्लेषण

स्वास्थ्य सेवा विभाग (२०११) ले दर्शाएबमोजिम नवजात शिशुको मृत्युदरमा सुस्त गतिमा कमी आउनु यस मुलुकको लागि ज्यादै चिन्ताको विषय हो । बालमृत्युदरको करिब ७०% सङ्ख्या नवजात शिशुको मृत्युको रूपमा रहेको र ५ वर्षमुनिका बालबालिकाको मृत्युदरको करिब ६०% सङ्ख्या नवजात शिशुको मृत्यु दरले ओगटेको छ । यद्यपि शिशु बाल-मृत्युदर र ५ वर्षमुनिका बालबालिकाको मृत्युदरलाई नेपालले उल्लेख्य रूपमा घटाएको छ । यदि नवजात शिशुको मृत्युदर त्यही गतिमा घटाउन सकिएन भने उक्त प्रगति पनि निरर्थक सावित हुन जान्छ । बच्चाको दीर्घ जीवनका

लागि बाल-रोग अर्को मुख्य चुनौती हो । नेपालमा खास रूपमा देखिएको बाल-रोगमाभ्काडापखाला, श्वासप्रश्वाससम्बन्धी समस्या, ज्वरो र दादुरा नै तत्काल उपचार चाहिने प्रकारका रोग हुन् । यी रोगहरूमाथि केही हदसम्म नियन्त्रण पाइएको भए पनि ती रोग अझ प्रबल रूपमा रहेका छन् ।

नेपालमा बाल-स्वास्थ्यको क्षेत्रमा कुपोषण सबभन्दा ठूलो समस्या रहेको छ । यसको प्रत्यक्ष सम्बन्ध उच्च रूपमा हुने बाल-मृत्युदरसँग रहेको छ । कम तौल हुने, कमजोर शरीर हुने, बढ्न नसक्ने र होचोपुड्को हुने नेपालका सबै बालबालिकामा समस्याको रूपमा देखिएका छन् । नेपालको सहस्राब्दी विकास लक्ष्यको प्रगति प्रतिवेदन, २०१० मा सहस्राब्दी विकास लक्ष्य प्राप्तिको उद्देश्य बालबालिकामा हाल देखिदै आएको कम तौलको समस्या लाई २०१५ साल सम्ममा ५० प्रतिशत कम गर्नु हो । यद्यपि बालबालिकाको खोपले बाल-मृत्युदरलाई राम्ररी नै घटाएको छ । तर पनि २००६ सालसम्म भएको त्यस किसिमको प्रगतिको दरलाई कायम राख्न सरकार सक्षम देखिएको छैन ।

जातिय समूह र अरूका बीच मातृ स्वास्थ्य सेवा तथा अरू प्रकारका स्वास्थ्य सेवामा पहुँच अरू प्रकारका स्वास्थ्य सेवामा पहुँचका विषयमा तथ्याङ्कले निकै फरक देखाएको छ ।

मातृ स्वास्थ्यका सन्दर्भमा रहेको चुनौतीहरूमा ३ वटा ढिला (सुस्त) पनका चुनौती देखिन्छन् । स्वास्थ्य सेवा खोज्न ढिलो हुनु, स्वास्थ्य सुविधा भएका ठाउँमा पुग्न ढिलो हुनु र स्वास्थ्य सेवा प्राप्तिमा पनि ढिलो हुनु मातृ स्वास्थ्य सुधारका सन्दर्भमा देखिएका मुख्य समस्या हुन् । मातृ शिशु महाशाखाले राष्ट्रिय योजना आयोगको कुरा उल्लेख गर्दै भन्यो– ४०% मातृ-मृत्यु घरमै हुन्छ । १४% उपचारको लास जाँदाजाँदै बाटामा हुन्छ । ४१% स्वास्थ्य सेवाको सुविधा लिन जाने ठाउँमा हुने गर्छ । उपचार दिन नसक्नेले समयमा उपचार हुने ठाउँ नबताइदिने र यातायातको साधनको अभाव पनि उक्त समस्यामा थपिएका छन् ।

आज पनि तीन जना सुत्केरी हुनेमा दुई जना घरमै सुत्केरी हुन्छन् र बच्चा पैदा गर्छन् । यहाँ या त परम्परागत रूपमा बच्चा जन्माउने गरिन्छ वा छरछिमेकको सहयोगमा बच्चा जन्माइन्छ । अर्कोतर्फ हेर्दा स्वास्थ्य सुविधा उपलब्ध भएको ठाउँ (स्वास्थ्य केन्द्र आदि) मा पनि आवश्यक सङ्ख्यामा कर्मचारी नहुनु, खाली पदपूर्ती समयमा नहुनु, कर्मचारीको बारम्बार सरुवा भइरहनु, कर्मचारी बिदामा बसेको कारणले सुविधा उपलब्ध नहुनु र बिरामीको धेरै चाप हुनु स्वास्थ्य सुविधाका क्षेत्रमा रहेका महत्त्वपूर्ण चुनौतीहरू हुन् ।

स्वास्थ्य सेवा उपलब्ध गराउने धेरै गैरसरकारी सङ्घसंस्था समेत केही सेवा पुऱ्याइरहेका छन् । स्वास्थ्य क्षेत्रमा काम गरिरहेका त्यस्ता गैरसरकारी संस्थाहरूको आपसी र सरकारी संस्थाहरूका बीचमा समेत प्रभावकारी र नजिकको सम्बन्ध भने देखिदैन । त्यसमा पनि खास गरेर बाल-स्वास्थ्य क्षेत्रमा काम गर्दै रहेका त्यस्ता संस्थाहरूमध्ये धेरैले एउटै

प्रकृतिको काममा हात हालेका छन् । त्यस अतिरिक्त त्यस्ता सबै गैरसरकारी संस्थाले आफूले गरेको कामको प्रतिवेदनसमेत सरकारलाई बुझाउने गरेको पाइदैन (स्वास्थ्य सेवा विभाग) । यद्यपि हालका वर्षहरूमा बाल-स्वास्थ्यको क्षेत्रमा निर्धारित गरिने बजेटमा वृद्धि गरिएको पाइन्छ तर त्यसको प्रभावकारी सञ्चालन आजको समस्याको रूपमा रहेको देखिन्छ । राष्ट्रिय बजेट विभिन्न मन्त्रालयमार्फत सम्बन्धित कार्यालयहरूमा निसृत हुन्छन् । त्यस्ता अवस्थामा ती कार्यालयहरू बीच पनि अन्तर सम्बन्धको अभाव रहेको पाइन्छ ।

## ४.४ सुझाव र सिफारिस

- नवजात शिशु-मृत्यु दर, अन्य बालबालिकाको मृत्युदर र मातृ-मृत्युदरमा केही सारभूत रूपमा कमी आएको भए पनि सबै सामाजिक समूहमा बराबरीको दरमा नभएकोले अझ समस्या मुक्त छैन । त्यसैले कुनचाँहि समूह बढीभन्दा बढी प्रभावमा छ भन्ने कुरा पत्ता लगाउनु र त्यही ठाउँलाई दृष्टिगत गरी स्वास्थ्यमा सुधार ल्याउनु आवश्यक छ । साथै सरकारले नवजात शिशुको मृत्युदर घटाउने कुरामा बढी ध्यान दिन जरुरी देखिन्छ ।
- नवजात शिशुको हेरचाह र अन्य बालबालिकाको समुदायमा आधारित हेरचाहको कार्यक्रमलाई राष्ट्रिय स्तरमा सञ्चालन गर्नुपर्छ र स्थानीय स्तरमा पनि सुविधालाई पुऱ्याई सशक्त बनाउनुपर्छ ।
- नेपालमा कुपोषण ठूलो समस्याको रूपमा रहेको छ । त्यसैले बाल पोषणको कार्यक्रमलाई बिस्तार गर्नु जरुरी छ । खानपिनको तरिकामा आएको परिवर्तन तथा तयारी र सुख्खा खाना खाने पद्दतिको प्रवेशले सिर्जना गरेको समस्याको उचित लेखाजोखा भएको छैन । त्यसैले आज पोषण युक्त खानाको जानकारीका लागि अध्ययन/ अनुसन्धान गरी त्यस समस्यालाई उजागर गर्नु जरुरी छ ।
- स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्तिको अभावलाई सम्बोधन गरिनुपर्छ । त्यसका लागि सरकारले तिनीहरूलाई खटाएको ठाउँमा जान र बस्न मन लाग्ने किसिमको वातावरण सिर्जना गर्नुपर्छ । साथसाथै मानव संसाधनको विकास गर्नु जरुरी छ । प्रभावकारी संयन्त्र अवलम्बन गरी विदेशिन लागेका शिक्षित जनसमुदायलाई मुलुक मै रोक्न सरकारले पहल थाल्नुपर्छ ।
- सरकारले स्वास्थ्य क्षेत्रमा काम गरिरहेका निजी र गैरसरकारी सङ्घसंस्थाहरूलाई संयोजन गरी कार्य सञ्चालन गर्नुपर्छ । साथै सरकारी क्षेत्रमा रहेका विभिन्न निकाय र संस्थाहरू (जस्तो कि स्वास्थ्य र शिक्षण संस्था) का बीच संयोजन हुनुपर्छ । यसबाट स्रोतसाधनको सदुपयोग र सहयोग हुनेछ भन्ने विश्वास दिलाउने र सेवामा

गुणस्तर ल्याई सरकारी संयन्त्रका बीच राम्रो सम्बन्ध र सम्पर्क कायम गर्ने गराउने प्रयास गर्नुपर्छ । विद्यालय स्तरमा खाना सम्बन्धी कार्यक्रम सञ्चालन भएमा यसले कुपोषणको समस्या निराकरण गर्न अत्यन्त सहयोग प्रदान गर्दछ । साथै स्वास्थ्यसम्बन्धी विभिन्न पक्ष र पहललाई समेटेर विद्यालय स्तरको पाठ्यक्रममा राख्न सकेमा मानिसहरूको व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकिन्छ ।

- स्वास्थ्य सेवाका कार्यक्रमहरू तथा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरेर स्वास्थ्य क्षेत्रमा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्नाले मानिसको व्यवहारमा परिवर्तन आउँछ र यसले स्वास्थ्यको लागि प्रतिकूल रहेको कुरा हटाई स्वास्थ्यताको अनुकुलको कुरामा संचारित गर्छ जसले कमजोर स्वास्थ्यको स्थितिबाट माथि उकास्छ ।
- विकट स्थानमा रहेका व्यक्तिहरू स्वास्थ्य सेवाबाट पनि धेरै टाढा रहेका छन् । राज्यले सुविधाबाट वञ्चित र सीमान्तकृत समुदाय तथा दुर्गम क्षेत्रलाई लक्षित गरी थप ध्यान दिन जरुरी छ । त्यसैगरी स्वास्थ्य सेवाका क्षेत्रमा थप सेवाको योजना बनाई नविनतम रूपमा जनसङ्ख्या अनुकुल क्षेत्रको बिस्तार गरी तिनीहरूमा नै सेवा बिस्तार गर्न ध्यान दिनुपर्छ ।
- स्थानीय स्रोतसाधनको परिचालन गर्ने प्रयास गरिनुपर्छ । सरकारले सञ्चार लगायत विभिन्न माध्यमबाट बाल-स्वास्थ्य र मातृ स्वास्थ्यलाई प्राथमिकता तोकी सामाजिक रूपमा कार्य सञ्चालन गर्नुपर्छ ।

# अध्याय ५ : बालबालिका र शिक्षा

शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको एउटा महत्त्वपूर्ण साधन हो र एउटा मुलुकको सामाजिक आर्थिक विकासको महत्त्वपूर्ण सूचक पनि हो । बालबालिकालाई मुलुकको भविष्य हुन् अथवा राष्ट्रिका कर्णधार अथवा परिवर्तनका संवाहक भन्ने गरिन्छ । त्यसैले बालबालिकासम्बन्धी महासन्धि र बालबालिकासँग सम्बन्धित अन्य दस्तावेजले पनि शिक्षालाई विकासको मुख्य कुन्जिकाको रूपमा मानेको पाइन्छ । शिक्षाले बालबालिकाको क्षमता वृद्धि गर्ने मात्र होइन कि यसले तिनीहरूको अन्य अवसर सिर्जना र प्रदान गर्दै विभिन्न विकल्पको खोजीलाई बिस्तार गरिदिन्छ । शिक्षा ग्रहण गरिरहेका बालबालिका राष्ट्र विकासको लागि ठूलो महत्व राख्दछन् ता कि शिक्षाले योग्य नागरिक तयार गर्न मद्दत गर्ने र मुलकका लागि आवश्यक पर्ने जनशक्ति तयार गर्छ । शिक्षामा गरिएको लगानीलाई पनि गरिबी निवारणका लागि महत्त्वपूर्ण रणनीतिका रूपमा लिइन्छ । त्यसैलै सरकारी योजना नीतिमा शिक्षा क्षेत्रले प्राथमिकता पाउने र यसले विदेशी लगानी पनि आकर्षित गर्छ ।

## ५.१ सहयोगी कानुन र नीतिहरू

बालबालिकासम्बन्धी महासन्धिको प्रावधान अनुसार प्रत्येक बालबालिकाको शिक्षाको अधिकार हुन्छ । त्यस अधिकारको उन्नतशील उपलब्धिको लागि राष्ट्र पक्षले प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य गर्नुपर्छ (धारा २८) ।

नेपालको अन्तरिम संविधान २०६३ ले अधिकारका रूपमा प्राथमिक तहसम्म मातृभाषामा र माध्यमिक तहसम्मको निःशुल्क शिक्षा सबैका लागि उपलब्ध हुनुपर्ने व्यवस्था गरैको छ । बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४ मा बालबालिकालाई शिक्षाको अधिकार हुने कुरा उल्लेख छ र यस कुराको लागि मातापितालाई जवाफदेही मानेको छ । त्यसैगरी शिक्षा ऐन २०२८ का प्रावधानअनुसार प्राथमिक तह सम्मको शिक्षा सबैको लागि र पिछडिएका वर्गको बालबालिकाका लागि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ ।

सरकारले पनि शिक्षालाई अत्यन्त महत्व दिएको छ भन्ने कुरा शिक्षाका लागि निर्धारित गरेको र खर्च गरिएको रकमले दर्साएको छ । शिक्षाको क्षेत्रमा लगानी गर्न तोकीएको रकम मुलुकको सम्पूर्ण वार्षिक बजेटको ठूलो हिस्सा मानिन्छ किनकि सम्पूर्ण बजेटको १६-१८% सम्म रकम सरकारले शिक्षामा लगानी गरिरहेको छ । अझ यसलाई २०% बनाउने लक्ष्य रहेको छ । प्राथमिक शिक्षालाई व्यापक बनाउँदै ३ वटा विश्वासका साथ शिक्षा नै सरकारको प्रमुख प्राथमिकतामा परेको छ । ती तीनवटा विश्वास–शिक्षामा पहुँच, शिक्षामा समानता र स्तरीय शिक्षाको हुन् ।

सरकारी नीतिले सबै प्रकारका बन्देज हटाउँदै शिक्षाको विकास र बिना भेदभाव सुविधाको बिस्तार गर्नेतर्फ केन्द्रित छ । सबैका लागि उच्चतहसम्मको शिक्षा निःशुल्क गर्नेतर्फ उद्दत रही सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति र प्रोत्साहन प्रदान गर्ने नीति लिएको पाइन्छ । हाललाई आठौ कक्षासम्मको लागि निःशुल्क गर्ने, प्राथमिक तहसम्म सबैलाई अनिवार्य शिक्षा तथा बालिका, दलित विद्यार्थी, जनजाति र अन्य सीमान्तकृत वर्गका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्ने लक्ष्य रहेको छ । त्यस अतिरिक्त विद्यार्थी ज्यादै न्यून भएका ठाउँमा र थोरै बालिका उपस्थित भएको ठाउँमा प्रोत्साहन स्वरूप दिउँसोको खाजा, घरमा लग्न खाने तेल र खानेकुरा दिइने तथा त्यसैगरी शिक्षक भर्ना गर्दा ज्यादै पिछडिएका समूहका व्यक्तिलाई प्रोत्साहित गर्ने, शिक्षकलाई तालिमको व्यवस्था गर्ने, विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई महत्व दिने, प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने, विद्यालय भर्ना नभएका बच्चाहरूका लागि वैकल्पिक शिक्षाको व्यवस्था गर्ने, जस्ता महत्त्वपूर्ण कार्यक्रम रहेका छन् ।

शिक्षा मन्त्रालयले पनि शिक्षाको स्तर वृद्धिको उद्देश्यसाथ शिक्षामा पहुँच पूर्वाग्रह रहित र गुणस्तरीय शिक्षाको उद्देश्य राखी **विद्यालय तह सुधार कार्यक्रम** (२००९-२०१५) अघि सार्दै, **सबैका लागि शिक्षा** भन्ने नाराका साथ सहस्राब्दी विकास लक्ष्य बनाएको छ । यसले फरक सामाजिक र सांस्कृतिक रूपमा रहेको बालबालिकाका लागि विविध प्रकृतिको शिक्षाको आवश्यकताप्रति ध्यान केन्द्रित गरेको छ । बालमैत्री विद्यालयको राष्ट्रिय कार्यतालिकाले पनि शिक्षाको स्तर निर्धारणका लागि अध्ययन तथा अभ्यासको गुणस्तर वृद्धि गर्न प्रारम्भ गरेको छ ।

# ५.२ हालको अवस्था

## ५.२.१ साक्षरता तथा साक्षरताको दर

हालैका वर्षहरूमा नेपालमा साक्षर व्यक्तिहरूको सङ्ख्या बढी रहेको छ । साक्षरताको दर २००१ मा ५४.१% रहेकोमा २०११ सम्म आइपुग्दा ६३.७% हुन पुगेको छ (तालिका ८) । यो वृद्धिदरमा पुरुषको तुलनामा महिलाको बढी दरले वृद्धि भएको भएतापनि लैङ्गिक भिन्नता अहिले पनि बाँकी नै छ र समग्रतामा पुरुष साक्षरता ७५.६% भने महिला साक्षरता ५३.३% मात्र छ । नेपाल श्रम शक्ति सर्भे (२००८) का अनुसार १५ वर्षमाथिका कुनै व्यक्ति पनि विद्यालय गएनन्, तीमध्ये पनि अधिकांश महिला र देहातका (दुर्गम क्षेत्रका) वासिन्दा थिए । यसले के स्पष्ट गर्न भने महिला र बालिकाहरू अझै पनि शिक्षाको पहुँचभन्दा बाहिरै छन् । यसरी साक्षरता वृद्धि केवल नौजवानहरूमा मात्र सीमित छ । तथ्याङ्कअनुसार १५-२४ बीचका मानिसहरूमा साक्षरता दर २००१ मा ७०.१% थियो । त्यो बढेर २००९ मा ८६.५% पुगेको छ । यो वृद्धि शैक्षिक सुविधा बिस्तार र मानिसहरूमा शिक्षाको महत्वका बारेमा सचेतना वृद्धि भएको कारणले हो (केन्दीय तथ्याङ्क विभाग २००३) ।

**तालिका ८ : नेपालमा साक्षरता दर**

| | २००१ | | | २०१० | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| **साक्षरता दर, सबै उमेर समूह, नेपाल** | ५४.१ | ६५.५ | ४२.८ | ६३.७ | ७५.६ | ५३.३ |
| **साक्षरता दर, सबै उमेर समूह, गाउँ** | ५१.० | ६२.६ | ३९.६ | ६०.५ | ७२.९ | ५०.० |
| **साक्षरता दर, सबै उमेर समूह, सहर** | ७१.९ | ८१.२ | ६१.९ | ८०.६ | ८९.२ | ७२.२ |
| **साक्षरता दर, १५-२४ उमेर समूह** | ७०.१ | ८०.६ | ६०.१ | ८६.५ | ९१.० | ७५.८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (२००३,२००९)*

## ५.२.२ पूर्व-प्राथमिक शिक्षा

पूर्व-प्राथमिक शिक्षा अर्थात सानासाना नानीहरूलाई दिइने शिक्षा र विकासका क्रियाकलापहरूले सामाजिक, भावनात्मक, बौद्धिक र शारीरिक विकास तथा आधारभुत शिक्षाको लागि क्षमता वृद्धि गर्न मद्दत गर्छ । सबैको लागि शिक्षा भन्ने कार्यक्रमको लक्ष्य नै बाल्यकालको हेरचाह र शिक्षा विशेष गरेर कमजोर र सुविधाबाट वञ्चित रहेका बालबालिकाको विकास र बिस्तार गर्नु हो । नेपालमा साना बालबालिकाको विकास भन्ने कुरा नै नयाँ सोच मानिए पनि अहिले पूर्व-प्राथमिक शिक्षा, सबैका लागि शिक्षा जस्तो कार्यक्रम बिस्तारै विकसित हुँदै गइरहेका छन् । त्यस्ता संस्थाहरू २००९-२०१० मा २९,०८९ रहेकोमा सन् २०११-२०१२ मा ३३,४०४ वटा संस्था रहेको पाइन्छ । त्यसमध्ये ८५% विद्यालयहरू सामुदायिक विद्यालयका रूपमा सञ्चालित छन् ।

शिक्षा मन्त्रालयले ३-४ वर्षको उमेरका बालबालिकालाई पूर्व-प्राथमिक शिक्षा प्राप्त गर्ने उमेर समूहको मानेको छ, शिक्षा मन्त्रालयको प्रतिवेदनअनुसार त्यो उमेरका बालबालिका औसतमा १:४३ छन् । यसले के देखाउँछ भने मुलुकमा यस प्रकारको शिक्षाको विकास र बिस्तार सबै समूहका बालबालिकाका लागि अत्यन्त आवश्यक छ । त्यसमा पनि तराईमा उच्च अनुपातमा सञ्चालन गरिनुपर्छ ।

पूर्व-प्राथमिक शिक्षाका लागि भर्ना २००९/०१० मा ६६.२% रहेकोमा त्यो सङ्ख्या पछि बढेर २०११/१२ मा ७२.९% पुगेको पाइएको छ (तालिका ९) । तापनि जम्मा तीन-चार वर्ष उमेर समूहका बालबालिकाहरूमध्ये एक तिहाई बालबालिकामात्र

त्यस्ता विद्यालयका सुविधाको पहुँचमा रहेका छन् । त्यस्ता विद्यालयमा भर्ना भएका बालबालिकाहरूमध्ये १७.४% दलित समुदायका र ३६.४% जनजाति समुदायका रहेका छन् । तथ्याङ्कको आधारमा हेर्दा भर्ना भएका बालबालिकाहरूमा लैङ्गिक विभेद खासै देखिएको छैन ।


**तालिका ९ : ३-४ वर्ष समूहका बालबालिकाको विद्यालय भर्नादर**

| भर्नादर | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| **सरदर विद्यालय भर्नादर (%)** | ७३.६ | ७२.१ | ७२.९ |
| **दलित बालबालिका (%)** | १६.७ | १८.० | १७.४ |
| **जनजाति बालबालिका (%)** | ३६.० | ३६.८ | ३६.४ |

स्रोत : शिक्षा विभाग (२०१२)

कति अनुपातमा कक्षा एकमा भर्ना भए भन्ने जानकारी लिइएमा बाल-विकासको त्यस्ता विद्यालयको पहुँच कति रहेछ भन्ने थाहा पाउन सकिन्छ । मुस्किलले आधाभन्दा केही बढीले मात्र बाल-विकासको सुविधा लिएको तथ्याङ्कले देखाएको छ । सन् २००८ को तथ्याङ्कअनुसार ३६.२% को अनुपात थियो । कक्षा एकमा नयाँ भर्ना भएका पनि शहरी क्षेत्रका नै बढी देखिए । बाल-विकासको लागि भर्ना हुने बालकभन्दा बालिकाको सङ्ख्या धेरै रहे पनि धेरै ठूलो अन्तर भने छैन (५५.२% बालिका र ५३.५% बालक) ।

**चित्र ६ : नेपालमा कक्षा एक को नयाँ भर्नादर**




*स्रोत : शिक्षा विभाग (२०१२)*

### ५.२.३ विद्यालय शिक्षा

सबै तहका विद्यालयमा बालबालिकाको भर्नामा उल्लेख्य उपलब्धि भएको शिक्षा मन्त्रालयको तथ्याङ्कले देखाएको छ । प्राथमिक तहमा २०११/१२ मा भएको खुद भर्ना सङ्ख्या ९५% जबकि २००१ मा त्यो सङ्ख्या ८१% मात्र थियो । सङ्ख्यात्मक वृद्धि हुदाँहुँदै पनि आशा गरिएको जस्तो प्रगति भने होइन । सरदर वार्षिक खुद भर्नादर सन् २००५-२०१० भित्र २% मात्र रह्यो, जबकि सहस्राब्दी विकास लक्ष्यले अनुमान गरेको ३.५% पुगेको छैन ।

**तालिका १० : नेपालमा खुद भर्नादरको अवस्था**

| शिक्षाको तह | २००१ | | | २०११ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| **प्राथमिक (१-५)** | ८१.१ | ८६.९ | ७५.१ | ९५.१ | ९५.६ | ९४.५ |
| **निम्न माध्यमिक (६-८)** | ३९.४ | ४५.० | ३३.७ | ७०.० | ७०.५ | ६९.५ |
| **माध्यमिक (९-१०)** | २५.५ | ३०.२ | २०.९ | ५२.१ | ५२.७ | ५१.४ |
| **उच्च माध्यमिक (११-१२)** | - | - | - | ९.४ | ९.१ | ९.७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (२००३), शिक्षा विभाग (२०१२)*

हामीले भर्नाका सन्दर्भमा लैङ्गिक विभेद हेर्‍यौं भने सन् २००१ मा रहेको ठूलो अन्तरलाई २०११ सम्म आइपुग्दा नगन्य रूपमा रहेको पाउछौं । यसबाट शिक्षामा लैङ्गिक विभेदको अन्त्य हुँदै गएर लैङ्गिक समानतामा उल्लेख्य प्रगति भएको मान्नुपर्छ तर पनि सार्वजनिक विद्यालयमा बालिकाको बढी सङ्ख्या भर्ना भएको तुलनामा निजी विद्यालयमा बालक सङ्ख्या बढी छन् (युनिसेफ २०१०) । यसबाट छोरीहरूलाई भन्दा छोराहरूलाई निजी विद्यालयमा भर्ना गराउन मातापिता उद्यत छन् भन्ने दखिन्छ, किनकि निजी विद्यालयमा अरूभन्दा राम्रो गुणस्तरको शिक्षा दिइने विश्वास गरिन्छ ।

शिक्षा विभागको प्रतिवेदन (२०११/१२) अनुसार केही वर्ष यता दलित, जनजाति, र पिछडिएका समुदायका बालबालिकाको विद्यालय भर्ना सङ्ख्या क्रमशः बढिरहेको छ । अपाङ्ग बालबालिकाको २०११ मा प्राथमिक तहमा भर्ना सङ्ख्या १.१% रहेकोमा २००७ देखि नै कुनै परिवर्तन नभए पनि दलित, जनजाति र अपाङ्ग बालबालिकाको भर्ना प्रकृयागत रूपमा मिलाएर थालनी भएको प्रष्ट हुन्छ । शिक्षा विभागको तथ्याङ्कले के पनि देखाउछ भने यस्ता समुदायका बालबालिकाको ठूलो सङ्ख्या विद्यालय जाने औसत उमेरभन्दा बढी उमेरका रहेका छन् ।

भर्नादरमा रहेको तहगत भिन्नता तालिका १० ले प्रष्ट पार्छ, जसबाट एउटै कक्षामा दोहोऱ्याएर बस्ने र विद्यालय छोडेर जानेको सङ्ख्याजस्तो महत्त्वपूर्ण तथ्य फेला पर्छ । विद्यालय छोडेर जानेको दर र रहनेहरूको दर, अर्को कक्षामा जाने र सोही कक्षामा दोहाऱ्याएर बस्नेको दर, तालिम प्राप्त शिक्षकको अनुपात र विद्यार्थी शिक्षकको अनुपात आदिलाई गुणस्तरीय शिक्षाको महत्त्वपूर्ण तत्व मानिन्छ । तालिका १० ले विद्यालय छाडेर जानेको सङ्ख्या पनि दर्शाउँछ र जति तह बढ्दै जान्छ त्यति नै सङ्ख्या घट्दै गएको पाइन्छ । यसबाट उसै कक्षामा दोहाऱ्याएर बस्नुभन्दा विद्यालय छोड्नु ठीक ठानेको पनि हुन सक्छ । करिब ७०% प्राथमिक तहमा रहेको भर्ना सङ्ख्या निम्न माध्यमिक तहमा पुग्दा करिब दुई तिहाई अनुपातमात्र रहेको पाइन्छ । माध्यमिक तह पूरा गर्नेको सङ्ख्या त अझ सानो रह्यो र प्रवेशिकामा पास गर्नेको सङ्ख्या झनै सानो भयो । अन्ततः २०११ मा ४७.१६% मात्र प्रवेशिका पास भए ।

सन् २००९/१० मा कक्षा एकदेखि १० सम्मका करिब २०% विद्यार्थी कक्षामा अनुपस्थित रहे । जस्ताको तस्तै तथ्याङ्क नभए पनि शिक्षकहरूको अनुपस्थिति सङ्ख्या उक्त विद्यार्थी सङ्ख्याभन्दा ठूलो थियो भन्ने विश्वास गरिन्छ । यसरी विद्यार्थी र शिक्षकको उपस्थिति घट्नुलाई नै विद्यार्थी पास हुन नसक्नु, विद्यार्थी त्यसै कक्षामा दोहोऱ्याउनु र अपेक्षा गरेअनुरूप शिक्षाको गुणस्तर विकास हुन नसक्नुको मुख्य कारण मानिन्छ ।

**तालिका ११ : उत्तीर्ण, दोहोऱ्याउने, विद्यालय छाड्ने, पुरै तह पढ्ने र हाजिरी (%)**

| शिक्षाको तह | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
|---|---|---|---|
| **उत्तीर्ण दर** | ८३.१ | ८८.० | ८९.४ |
| **कक्षा दाहोऱ्याउने दर** | ११.५ | ५.५ | ४.७ |
| **विद्यालय छाड्ने दर** | ५.४ | ६.५ | ६.९ |
| **पूरै कक्षा पढ्ने दर** | ८२.८ | ६७.५ | - |
| **तह सिध्याउने दर** | ७३.६ | ६६.५ | ४७.२ |
| **सरदर विद्यालय हाजिरी** | ७५.१ | ७९.६ | ८०.३ |

*स्रोत : परीक्षा नियन्त्रण कार्यालय (२०१२), शिक्षा विभाग (२००९,२०१२)*

ज्यादै सानो उमेरका बालबालिकाको विकास र उन्नतिमा पूर्व-प्राथमिक शिक्षाले प्राथमिक कक्षामा पढ्नका लागि बच्चामा सकारात्मक प्रभाव पारेको देखिन्छ । जुन जिल्लामा पूर्व-प्राथमिक विद्यालयमा ठूलो सङ्ख्यामा विद्यार्थी भर्ना भई शिक्षा प्राप्त गरेका छन् तिनीहरूले माथिल्लो कक्षामा आएर दोहोऱ्याउनु पर्ने वा विद्यालय छोडेर जानुपरेको देखिँदैन त्यसैले यस प्रकारका कक्षाको प्रभाव पनि सकारात्मक देखिन्छ । (रा.यो.आ. २०१०)

तर माथिल्लो तहमा आएर कक्षा दोहोऱ्याउने र विद्यालय छोडेर जाने कारण भने फरक छन् जस्तो विद्यार्थी शिक्षक अनुपात, तालिम प्राप्त शिक्षक, पाठचपुस्तकको पर्याप्तता, विद्यालयमा सुविधा आदि कारक तत्व मानिन्छन् । त्यसले शिक्षाको गुणस्तर र प्रभावकारीतामा समेत असर देखाउँछ । यहाँ सालाखाला एक शिक्षक बराबर ३० विद्यार्थी सङ्ख्या देखिन्छ (शिक्षा विभाग २००९) । तर एक चौथाई शिक्षक भने तालिम नै नपाएका छन् र १५% ले आंशिक तालिम पाएका छन् । शैक्षिक सत्रको प्रारम्भमा पाठचपुस्तक नपाइनु तथा विद्यालय पर्याप्त सुविधाको अभाव हुनु । जस्तो–पिउनेपानी, शौचालय, खेल मैदान, पुस्तकालय, आदि नेपालका विद्यालयहरूका समान समस्याहरू देखिन्छन् ।

## ५.२.४ वैकल्पिक शिक्षा र व्यावसायिक तालिम

विद्यार्थी भर्नाको तहगत तथ्याङ्कले के तथ्य देखाउँछ भने प्रत्येक उपल्लो तहमा विद्यालय छोडने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ, जुन प्राथमिक कक्षादेखि माथिल्लो कक्षासम्म देख्न सकिन्छ । सरकारबाट विद्यालय छोड्ने सङ्ख्यालाई रोक्ने कोशिस भएको भए पनि यो सङ्ख्या अझ धेरै नै छ । शिक्षा विभागको २०१० को प्रतिवेदन जसलाई काठमाडौ पोष्ट दैनिकले २५ नोभेम्वर २०१० मा उद्दृत गरेको थियो कि ९.९% विद्यार्थी पहिलो कक्षा देखि नै विद्यालय छाडेर जान्छन् र तिनीहरू कक्षा १० सम्म पुग्दा करिब ५२.२% पुग्छन् । यदि हामीले शिक्षा मन्त्रालयको तथ्याङ्कलाई पत्याउने हो भने ५% वा सो भन्दा बढी प्राथमिक विद्यालय जानुपर्ने उमेरका बच्चा विद्यालय भर्ना भएका छैनन् ( शिक्षाविभाग २०१२) । विद्यार्थी भर्नाको तथ्याङ्कलाई पर्याप्त र उचित मात्रामा छुटचाइएको छैन । त्यसैले त्यस्ता विद्यार्थी को हुन् र तिनीहरू कहाँका हुन् यसको पहिचान हुन सकेको छैन । वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालित भए पनि जस्तो अनौपचारिक शिक्षा कक्षा, लचिलो विद्यालय कार्यक्रम, विद्यालय नआएका विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको शिक्षा आदि पनि आर्थिक अभावबाट पीडित र कमजोर कार्यान्वयनको शिकार भएका छन् । (रा.यो.आ.२०१०) नेपाली शिक्षा पद्दतिको कमजोरीमध्येको एउटा मागअनुसारको जनशक्ति तयार पार्न नसक्नु नै हो । अझ जसले आफ्नो माध्यमिक शिक्षा पूरा गर्न नसकेर विद्यालय छोडे, तिनीहरूका लागि वैकल्पिक शिक्षा पद्दति र सीप विकास हुन सकेको छैन । सरकारले तालिममा सीप विकास नीति, श्रमनीति, आदिको माध्यमबाट व्यावसायिक शिक्षा र तालिममा जोड दिए पनि त्यस्तो व्यावसायिक शिक्षाको आवश्यकता र महत्वलाई कार्यरूपमा परिवर्तन गर्न सकेको पाइँदैन । प्राविधिक र व्यावसायिक तालिम पद्दतिको अर्को पाटो हो तर त्यो केवल दशौं कक्षा पास गरेको वा त्यो भन्दा माथिल्लो तहको लागि मात्र छ । प्राविधिक र व्यावसायिक तालिम परिषद्ले केही प्राविधिक विद्यालय सञ्चालन गरेको र त्यस परिषद्सँग सम्बद्ध रहेका केही निजी

विद्यालयहरू पनि छन् तर पनि ५०,००० मानिस (१० कक्षा उत्तीर्ण) भन्दा बढीलै एक वर्षमा त्यस्तो संस्थामा प्रवेश पाउन सकेका छैनन् । त्यसकारण यो स्थितिले के देखाउँछ भने औपचारिक शिक्षाबाट वञ्चित वा अनभिज्ञ रहेका कैयौं मानिस सहजसँग केही सिकेर काम पाउनका लागि अब वैकल्पिक शिक्षा आवश्यक रहेको प्रष्ट छ ।

## ५.३ कमजोरीको विश्लेषण र चुनौतीहरू

हाल जे जो तथ्याङ्क उपलब्ध छन् ती पनि कति विश्वसनीय र कति क्षेत्र समेटेका छन् भन्ने नै मुख्य विषय हो । शिक्षा विभागले प्रकाशित गरेको विद्यार्थी खुद भर्नादरको जेजति तथ्याङ्क उपलब्ध छन्, ती पनि कति भरपर्दो र विश्वसनीय होलान् भन्ने कुरा पनि आफैमा विचारणीय छन् । राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टिम (२०१०) का अनुसार बढी अनुदान लिने उद्देश्यले बढी सङ्ख्यामा विद्यालय र विद्यार्थी देखाउने नै ठूलो समस्या रहेको छ । त्यसैगरी केही विद्यालयले बढी अनुदान लिन दलित र बालिकाको सङ्ख्या बढी देखाउने गरेको पाइएको छ । राम्रो अनुगमन नगरी सत्य कुरा पत्ता नलगाउने कारणले गर्दा वास्तवमा कति विद्यालय र ती विद्यालयमा कति वास्तविक विद्यार्थी सङ्ख्या छ भन्ने स्याहारसुसारमा समस्या बनेको छ ।

सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालय जानका लागि उत्प्रेरणा दिने उद्देश्यले छात्रवृत्तिको पनि व्यवस्था गरिएको छ तर बढी सङ्ख्या भर्ना हुँदा सिर्जना हुने समस्यातिर हाम्रो ध्यानै छैन, जसले गर्दा शिक्षाको गुणस्तर आदिमा सम्झौता गर्नुपरेको छ । कक्षाकोठामा विद्यार्थी बढी हुने, कक्षाकोठाको राम्रो प्रबन्ध नहुने, योग्यता नै नपुगेका शिक्षक हुने, स्रोतको न्यूनता, विद्यार्थी शिक्षण संस्थाको बढोत्तरी, ठूलो सङ्ख्याको कक्षा, पाठचपुस्तकको कमी, आवश्यक जति पाठचसामाग्री उपलब्ध नहुनु, स्वास्थ्य सुविधाको अभाव जस्ता समस्याहरू त अझ थप समस्या हुन् । यस्ता समस्याले दोहोरो नोक्सान गराउने हुँदा एकातिर गुणस्तरीय शिक्षा दिन नसकिने र अर्कोतर्फ विद्यार्थीलाई विद्यालय छाड्नबाट रोक्न नसकिने । त्यसैगरी एकातिर बढी भन्दा बढी सङ्ख्यामा अपाङ्ग बालबालिकालाई भर्ना गराउने नीति अवलम्बन गरिन्छ तर अर्कोतर्फ विद्यालयमा अपाङ्ग मैत्री भौतिक संरचना र वातावरण बनाउन खोजिएको/सकिएको छैन ।

पढाइ छोड्ने बालबालिकालाई विद्यालय र पढाई नछोड्न भनेर सरकारले धेरै प्रयास गरेको भए पनि त्यो सङ्ख्या अहिले पनि निकै ठूलो छ । २५ नोभेम्वर २०१० को काठमाडौ पोष्ट दैनिक पत्रिकाअनुसार ९.९% विद्यार्थी पहिलो कक्षापछि नै पढाई छोडेर बाहिरिन्छन् र कक्षा १० सम्म पुग्दा नपुग्दा त्यस्तो विद्यार्थी सँख्या ५२.२% पुगेको छ । ५% वा सो भन्दा पनि बढी सङ्ख्याका विद्यालय जाने उमेरका बालबालिकाले विद्यालयको मुख देख्नै पाएका छैनन् ।

> प्रायःजसो जुन समूहलाई छात्रवृति प्रदान गर्ने लक्ष्य राखिएको हो, त्यो दुरुपयोग गरिन्छ। छात्रवृतिको रकम अन्य प्रयोजनमा खर्च हुन्छ। जस्तो– विद्यालय भवन बनाउन, पर्खाल लगाउन लगायतका अन्य प्रयोजनमा खर्च हुन्छ। कहिलेकाहीँ त त्यो रकम विद्यालयले पोशाक खरिद गर्नमा खर्च गर्छ। अझ त्यो रकम विद्यालयले बालबालिकाका आमाबाबुलाई दिने र उनीहरूले त्यसलाई शिक्षाका लागि खर्च नगरी अन्यत्र खर्च गर्दछन्।
>
> *स्रोतः सरोकारवालासँग भएको विराटनगरमा भएको छलफलमा आधारित*

समस्याहरूमध्येको साझा समस्या भनेको पाठ्यपुस्तक समयमा उपलब्ध नहुनु/ सितरण नहुनुहो जसले गर्दा जसलै गर्दा विद्यालयको दैनिक पठनपाठनको काममा ठूलो समस्या सिर्जना गर्छ। त्यस्तै प्राथमिक विद्यालयका विभिन्न पुस्तकहरू विभिन्न मातृभाषामा छापिएका हुन्छन् तर तिनको प्रयोगमा ठूलो समस्या देखिन्छ किनभने एकातिर बाबुआमाले त्यस्ता पुस्तक प्रति रुची नदेखाउने र अर्कोतर्फ भाषासम्बन्धी तालिम प्राप्त शिक्षकको अभाव छ।

लैङ्गिक भेदभाव अहिलेपनि हावी रहेको पाइए पनि प्राथमिक तहमा त्यस्तो विभेद देखिदैन तर माथिल्ला कक्षामा विद्यार्थी पुग्दापुग्दै त्यो समस्या जागृत हुन्छ। खासगरी नवयौवना बालिकाको लागि शौचालय र अन्य स्वास्थ्य सुविधा उपलब्ध छैनन्, जसले गर्दा विद्यालयमा बारम्बार अनुपस्थित रहने वा विद्यालय नै छाड्ने समस्या देखिएको छ। त्यसबाहेक छोराहरूलाई राम्रो र गुणस्तरीय शिक्षा दिने विश्वासमा बढी खर्चिला निजी विद्यालयमा भर्ना गरिन्छ भने छोरीहरूलाई सार्वजनिक विद्यालयमा भर्ना गरिन्छ।

राजनैतिक उद्देश्यले गरिएका हड्तालको कारण केही दिनमात्र विद्यालय खुला हुन्छन् र सम्बन्धित निकायबाट समयमा र उचित तरिकाले अनुगमन पनि गरिँदैन।

अन्तर्राष्ट्रिय प्रचलनअनुसार सम्पूर्ण बजेटको २०% वा मुलुकको खुद गार्हस्थ उत्पादनको ५% शिक्षामा लगानी गर्नुपर्छ। हाम्रो सरकारले शिक्षा क्षेत्रको लागि लगभग १६% बजेट निर्धारित गरेको हुन्छ। यसबाट वान्छित परिणाम प्राप्त गर्न कठिनाइ हुने देखिन्छ।

## ५.४. सुझावहरू

- शिक्षा मन्त्रालयबाट तयार गरी प्रकाशित गरिएको तथ्याङ्कलाई राम्ररी जाँच गरिनुपर्छ र त्यसका लागि उपयुक्त संयन्त्रको विकास गर्नुपर्छ। नेपालको सहस्राब्दी विकास लक्ष्यको प्रगति विवरण प्रतिवेदन (२०१०) लाई अग्रसरता दिन नेपाल शिक्षा सर्भे जस्ता तेस्रो पक्षलाई अघि सार्दा यसले विभिन्न सूचकाङ्कसहितको भरपर्दो र गुणस्तरीय तथ्याङ्क प्रकाशित गरेमा निकै राम्रो हुने थियो।
- निःशुल्क शिक्षा पनि सबैका लागि समावेशी र पर्याप्त हुन सकेको छैन। त्यसको नीतिमा सर्वव्यापीकरणको नै लक्ष्य बनाउन विशेष प्रावधान ल्याउनुपर्छ। यसले क्षेत्रीय असन्तुलन घटाउन मद्दत गर्छ। विद्यालय परित्याग गर्ने बच्चा, गरिब परिवारका, अपरिपक्व बच्चा, पिछडिएका समूहका बच्चा, बालिकाहरू, काम काजमा लागेका बच्चा र दुर्गम क्षेत्रका बच्चाहरूलाई खास रूपमा लक्षित गरी

तिनीहरूलाई प्रोत्साहित गर्न विशेष प्रावधान बनाइनुपर्छ । त्यसैगरी छात्रवृत्ति दिँदा उनीहरूलाई खर्च गर्न पुग्ने गरी चाँहिदो छात्रवृत्ति दिइनुपर्छ ।

- अपाङ्ग बालबालिकाको सेवा, सुविधा र वातावरणका लागि स्पष्ट र विशेष प्रावधान बनाइनुपर्छ । खास गरेर अशक्त/अपाङ्ग बालबालिकाका भर्ना र उपस्थिति बढाउनका लागि विशेष शौचालय र कक्षाकोठामा जाने सहज बाटो, आदि । शिक्षाको एउटा तह पूरा गर्न सकुन् भनेर उनीहरूलाई चाहिने वातावरण र सुविधा उपलब्ध गराइनुपर्छ । यस्ता नीति केवल कागज र भाषणमा मात्र सीमित नराखी कार्यान्वयनमा नै जोड दिनुपर्छ ।
- विद्यालय नआएका (भर्ना नभएका) बालबालिकाको खोज पहिचान गरी समूहबद्ध गरिनु तथा तिनीहरू कहाँ बस्छन् र ती को हुन् भनी तिनीहरूको पहिचान हुन जरुरी छ । त्यसो गर्नाले तिनीहरूको आवश्यकताअनुसारको सेवाका लागि लक्षित गरी तिनको अनुगमन पनि गरिनुपर्छ । जुन बच्चालाई विद्यालय शिक्षा दिन सम्भव छैन, त्यस्ताका लागि आधारभूत वैकल्पिक वा व्यावसायिक वा सीप सिकाउने तालिमजस्ता शिक्षाको बन्दोवस्त गरिने नीति बनाई आवश्यक आर्थिक लगानीका साथ कार्यान्वयनमा ल्याउनुपर्छ ।
- खास गरेर प्राथमिक तहका कक्षाहरूमा एउटै कक्षामा दोहोऱ्याएर बस्ने समस्या र विद्यालय छोड्ने समस्यालाई कम गर्नका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यालयको शैक्षिक वातावरणको सुधारमा प्रशस्त ध्यान पुऱ्याउनुपर्छ । विद्यालय बालमैत्री, लैङ्गिक रूपमा संवेदनशील र सिक्ने वातावरण दिने खालको हुनुपर्छ । त्यसका लागि सरकारले खानेपानी र सरसफाइ जस्तो न्यूनत्तम सुविधा उपलब्ध भएनभएको जाँच गरी उपलब्ध गराउनुपर्छ र विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएका न्यूनत्तम आवश्यक शर्त सम्बन्धी प्रावधानलाई कार्यान्वयनमा ल्याउनुपर्छ ।
- उच्च शिक्षाको तहलाई पनि तलका तहसँग राम्रो साथ मिलान हुनसक्ने गरी योजना र तयारी गर्नुपर्छ । यदि प्राथमिक तहमा भर्ना बढाउने उद्देश्यको नीति अख्तियार गर्नेहो भने सोसँगै माध्यमिक तहमा पनि भर्ना सङ्ख्या बढाउने नीति अवलम्बन गर्नुपर्छ र प्राथमिक तह पूरा गरी माध्यमिक तहमा आएर पढ्न सक्ने विद्यार्थी सङ्ख्यालाई समेत पुग्ने गरी पर्याप्त कक्षाकोठा, शिक्षक सङ्ख्या र अन्य सुविधा समेत थप गर्नुपर्छ ।
- पूर्व-प्राथमिक कक्षाबाट आएका बालबालिकाले कक्षा नदोहाऱ्याउने वा विद्यालय नछोड्ने जस्ता राम्रा क्रियाकलाप देखाएमा पूर्व-प्राथमिक तहका यस्ता कार्यक्रमलाई आधारभूत शिक्षाको कार्यक्रममा समावेश गर्नु र त्यस्ता कार्यक्रम तथा केन्द्रको वृद्धि गरी सबैको सहज पहुँच बनाउनु बुद्धिमानी हुनेछ ।
- विद्यालयमा खाना/खाजाको कार्यक्रमले शिक्षा र स्वास्थ्यसमेतमा दोहोरो उद्देश्य प्राप्ति गर्न सक्छ । त्यसैले अन्तर संस्था संयोजन र समायोजनलाई महत्त्व दिई यस्ता कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्छ । यस्ता कार्यक्रम प्राथमिक र पूर्व-प्राथमिक तहमा सञ्चालन गर्नुपर्छ, जसले गर्दा विद्यार्थी भर्नादर र हाजिरी दरमा वृद्धि गर्न निश्चित रूपले मद्दत गर्छ ।

# अध्याय ६ : बालबालिकाको संरक्षण

नेपालमा बालबालिकाको संरक्षण मानवअधिकारको रक्षाको एउटा महत्त्वपूर्ण विषय हो । नेपालमा बालसंरक्षणको विषयलाई पहिचान गर्नको लागि नेपालका बालबालिका कुन परिस्थितिमा कसरी बाँचेका छन् र के गर्छन् भनी व्यापक जानकारी राख्न जरुरी छ । यस्तो जानकारीले हामीलाई बालअधिकारको उल्लङ्घन कति हदसम्म रहेको छ भन्ने कुराको जानकारी दिन मद्दत गर्छ  र त्यसले कुन समूहका बालबालिका बढीभन्दा बढी आफ्नो अधिकारबाट वञ्चित भएका रहेछन् भन्ने थाहा पाउन मद्दत गर्छ ।

## ६.१ सहयोगी कानुन र नीतिहरू

अन्तरिम संविधानले बालअधिकार र बालसंरक्षणका क्षेत्रमा धेरै नै ध्यान दिएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को कानुनी संरचनाले पनि बालबालिकाको संरक्षण गरेको छ । सरकारले नयाँ बालबालिका ऐनको तर्जुमा गर्न लागेको छ जसले हालको ऐनलाई प्रतिस्थापन गर्छ । नयाँ बन्ने ऐनले बालबालिकासम्बन्धी महासन्धिका प्रावधानहरू र अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सामिप्यता राख्ने छन् भन्ने आशा गरिएको छ ।

त्यसैगरी बालबालिकाको संरक्षणसम्बन्धी विषयलाई सम्बोधन गर्न धेरै कानुन र नीतिहरू अख्तियार गरिएका छन् । उदाहरणका लागि राज्यले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ल्याएको छ, जसले सबै प्रकारका ओसारपसारलाई फौजदारी अपराध अन्तर्गत राखेको र त्यस्ता ओसारपसारमा परेकाहरूलाई संरक्षण दिने र समाजमा प्रतिस्थापन गर्ने प्रावधान रहेको पाइन्छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले घरघरमा हुने हिंसालाई रोक्ने तथा नियन्त्रण गर्ने कार्य गर्छ । बालन्याय (कार्यविधि) नियमावली, २०६५ लै बालमैत्री न्यायपद्दति अवलम्बन गर्दै बालबालिकाको कानुनी कारबाहीलाई मर्यादित र उनीहरूको हित संरक्षण गर्ने कार्य गर्दछ । त्यसैगरी बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउन र १६ वर्षमुनिकालाई जोखिमपूर्ण काममा नियुक्त गर्न नपाइने गरी निषेध गरेको छ । त्यसैगरी हलिया सम्बन्धी कानुन समेत बालबालिकाका संरक्षणका लागि रहेका छन् ।

हाल आएर सरकारले पनि बालअधिकार र बालसंरक्षणका लागि धेरै नयाँ कानुन ल्याउने तयारीमा लागेको पाइन्छ । जस्तो आवासीय बालहेरचाह गृहको लागि न्यूनत्तम मापदण्ड, नयाँ धर्मपुत्र धर्मपुत्री सम्बन्धी ऐन र सशस्त्र द्वन्द्वबाट प्रभावित भएका बालबालिकालाई पुनः एकीकृत गर्ने राष्ट्रिय कार्ययोजना आदि छन् ।

नेपाल सरकारको त्रिवर्षीय योजना २००७/८-२००९/१० ले बालअधिकारको संरक्षणको प्राथमिकता प्राप्त क्षेत्रको पहिचान गरेको छ । यस योजनाले केही खास चुनौती पहिचान गरेको छ । जस्तो–सबै प्रकारको बाल दुरुपयोग र शोषणबाट संरक्षण, बालबालिकासँग सम्बन्धित कानुनको कार्यान्वयन, श्रमिक बालबालिकाको सामाजिक संरक्षण र पुनःर्स्थापन, सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण, किनबेच र ओसारपसार पीडित बालबालिकाको संरक्षण, आदि बालसंरक्षणका सबै कार्यक्रम त्रिवर्षिय अवधिको निरन्तर तीन वर्षका लागि छन् । त्यस बाहेक राष्ट्रिय कार्ययोजना, अर्थात बालबालिकाकाका लागि १० वर्षिय राष्ट्रिय कार्ययोजना, बालश्रमविरुद्धको राष्ट्रिय गुरुयोजना, बालबालिका र महिलाको ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, अपाङ्गका लागि 'राष्ट्रिय कार्ययोजना' आदि बालसंरक्षणका विशेष कार्यक्रम रहेका छन् ।

## ६.२ बालसंरक्षणको विषय र हालको अवस्था

बालबालिकालाई हिंसाबाट रक्षा, हिंसाका अवस्थामा हेरचाह र शोषण तथा बाल दुरुपयोगबाट जोगाउनुलाई युनिसेफले एउटै बालसंरक्षण भन्ने वाक्यांश प्रयोग गर्ने गरेको पाइन्छ । यस अर्थमा, बालसंरक्षण भन्नाले बालबालिकालाई त्यस्ता सबै प्रकारका घटनाबाट संरक्षण प्रदान गर्नु हो जसले उनीहरूलाई शारीरिक, भावनात्मक र मनोवैज्ञानिक रूपले हानी नोक्सानी गरिरहेको हुन्छ । बालबालिकाको अधिकार हनन् प्रत्येक मुलुकमा हुन्छन् र तिनीहरू धेरै भए पनि सबैको जानकारीमा नआउने र कतिपय अवस्थामा बालअधिकार हनन् भयो भन्ने जानकारीसम्म नपाउने पनि हुन्छन् । बालबालिकाहरू हिंसा पीडित हुन्छन्, शोषित हुन्छन्, तिनीहरूको दुरुपयोग र यदाकदा मर्ने अवस्थासम्मको अपहेलनामा पर्छन्, कमजोर शारीरिक र मानसिक अवस्थाका हुन्छन्, एच.आई.भी. एड्स पीडित हुन्छन्, शैक्षिक समस्यामा हुन्छन्, बेघर हुन्छन्, बेसाहारा हुन्छन्, भगैडा हुन्छन् र बाबुआमा के हो भन्ने थाहा नै नपाएको जीवन बाँचिरहेका हुन्छन् ।

नेपालमा बालबालिकाको संरक्षणको क्षेत्र व्यापक छ । धेरै अध्ययन र प्रतिवेदनले बालबालिका र बालअधिकार संरक्षणलाई विभिन्न विषयसँग सम्बन्धित रहेको भनी उल्लेख गर्ने गरिन्छ । तीमध्ये मुख्य निम्न विषयसँग सम्बन्धित छन्:–

**चित्र ७ : नेपालमा मुख्य बालसंरक्षणका विषयहरू**

| | |
|---|---|
| • बालश्रम<br>• बाल-विवाह<br>• भेदभाव<br>• अपाङ्ग बालबालिका<br>• जन्मदर्ता नभएका बालबालिका<br>• बालबालिका ओसारपसार<br>• कानुनी कारबाहीमा परेका<br>• सडक बालबालिका | • घरेलु हिंसा<br>• शारीरिक दण्ड<br>• यौनदुर्व्यवहार र शोषण<br>• एच.आइ.भी. एड्स लागेका बालबालिका<br>• बाबुआमाको हेरचाह नपाएका बालबालिका<br>• सशस्त्र द्वन्द्वमा परेका बालबालिका<br>• अपहरण |

## ६.२.१ बालश्रम

बालश्रम रोक्न नेपालमा धेरै कानुन र तिनका प्रावधानको व्यवस्था गरिएको भए पनि यो विश्वका अन्य गरिब मुलक सरह समस्या ग्रस्त छ । नेपालले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको न्यूनत्तम उमेर महासन्धि (नं. १३८) सन् १९९७ मा र सबभन्दा खराब प्रकारका बालश्रमसम्बन्धी महासन्धि (नं. १८२) सन् २००१ मा अनुमोदन गरेको छ । श्रम ऐन, बालबालिकासम्बन्धी ऐन र बालश्रम (निषेध र नियमित गर्ने) ऐन आदि सबैले १४ वर्षमुनिका बालबालिकालाई श्रम गराउन निषेध गरेको छ । यी राष्ट्रिय कानुनमा कामकाजी बालबालिकाको भलाई र संरक्षणसम्बन्धी प्रावधान राखिएका छन् । १४ देखि १६ वर्ष भित्रका बालबालिकालाई बिहान ६ बजेदेखि बेलुका छ बजेसम्म मात्र काममा लगाउन पाइन्छ । त्यसमा पनि हप्तामा ६ दिन र प्रतिदिन ६ घण्टामात्र, त्यसमा पनि उनीहरूको स्वस्थजीवन प्रतिकूल पार्ने खालका जोखिमपूर्ण काममा लगाउन पाइँदैन यद्यपि कि नेपालमा बालबालिकाको शिक्षा र वैयक्तिक विकास प्रतिकूल हुने बालश्रम सामान्य चलनकै रूपमा रहेको छ । नेपालमा पनि अन्य मुलुकमा झैं बालश्रम कायम रहेको छ । नेपालमा राष्ट्रिय श्रम शक्ति सर्भे (केन्द्रीय तथ्याङ्क विभाग २००८) का अनुसार सम्पूर्ण जनसङ्ख्याको एक तिहाई जनसङ्ख्या पाँचदेखि १७ वर्षसम्मका बालबालिकाको रहेको छ । त्यस उमेर समूहका सम्पूर्ण व्यक्तिमध्ये ४०.४% आर्थिक रूपमा सक्रिय रहेका पाइन्छन् । बालिकाहरू आर्थिक सक्रियतामा बालकहरूभन्दा अगाडि छन् । अनुपातमा हेर्दा बालिकाहरू ४५% छन् भने बालकहरू ३७% मात्र छन् । त्यसैगरी ग्रामीण बालबालिका र शहरीयाका बीचमा हेर्दा ग्रामीण बालबालिका शहरीयाभन्दा बढी आर्थिक रूपमा सक्रिय छन् । जति बढी उमेरका बालबालिका समूहमा पुगिन्छ, त्यति नै श्रमशक्तिमा सहभागिता बढेको पाइन्छ । सबभन्दा बढी आर्थिक सक्रियतामा रहेको उमेर समूहमा १४ देखि १७ वर्षका रहेका छन् । त्यसपछि १०-१३ र सो पछि ५-९ उमेर

समूहका रहेका छन् । ती आर्थिक सक्रियतामा रहेका मध्ये १.६ मिलियन (१६ लाख) वा ५१% बालश्रमको श्रेणीमा पर्छन् र सम्पूर्ण बालश्रमिकमध्ये करिब ३९% बालबालिकालाई जोखिम काममा लगाइएका पाइन्छन् ।

**तालिका १२ : आर्थिक रूपमा सक्रिय रहेका बालबालिकाको बसोवास, लिङ्ग र उमेर समूहको आधारमा विभाजन (%)**

| उमेर समूह | नेपाल | | | सहर | | | गाउँ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| **५-९** | १३.४ | ११.२ | १५.६ | ४.२ | ३.७ | ४.७ | १४.६ | १२.२ | १७.० |
| **१०-१३** | ५२.७ | ४७.२ | ५८.७ | २२.९ | २१.४ | २४.६ | ५७.१ | ५१.० | ६३.८ |
| **१४-१७** | ६९.३ | ६६.९ | ७१.५ | ३६.६ | ३६.८ | ३६.५ | ७५.५ | ७३.३ | ७७.५ |
| **५-१४** | ३३.९ | ३०.२ | ३७.८ | १४.४ | १३.१ | १५.७ | ३६.७ | ३२.७ | ४०.८ |
| **५-१७** | ४०.९ | ३७.० | ४४.९ | १९.७ | १८.८ | २०.८ | ४४.१ | ३३.९ | ४८.४ |

*स्रोत: नेपाल श्रमशक्ति सर्भे (२००८)*बालबालिकाले आफ्नो चाहानाले श्रम गरेको नभई तिनीहरू बाँच्नका लागि गर्ने गर्छन् । यद्यपि बालबालिकाको लागि यो स्वभाविक हो कि यसबाट उनीहरूको सामाजिकीकरण प्रकृया आरम्भ हुन्छ र धेरै परिवारका बच्चा आफ्ना पारिवारिक आयमा थप गर्न पनि परिश्रम गर्छन । त्यसैलै बालबालिकाको आर्थिक शोषण उनीहरूको पारिवारिक कमजोरीसँग जोडिएको हुन्छ र आफ्ना आमाबाबुको शैक्षिक स्तर पनि उनीहरूमा झल्किन्छ (युनिसेफ २००६) । यस कुरालाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अध्ययनले पनि समर्थन गरको पाइन्छ । श्रम सङ्गठनको अध्ययनअनुसार अपठित संरक्षक रहेको परिवारको बच्चा ५२% रहेकोमा माध्यमिक तहसम्मको अध्ययन गरेका संरक्षक रहेको परिवारको बालबालिका २९% मात्र रहेको पाइएका छन् ।

अन्य विकासशील मुलुक झैं नेपालमा पनि वयस्क मानिसले गर्न नरुचाउने पेशाका काम बालबालिकालाई लगाइन्छ (युनिसेफ २००६) । ज्याला पनि अन्य कामदारलाई दिइने भन्दा कम नै दिइन्छ । जसबाट बालअधिकारको मतलब पनि गरिदैन र श्रम सङ्गठन पनि हुदैन । बालश्रमिकलाई नियन्त्रण गर्न पनि सजिलो हुने तर वयस्कलाई कठीन हुने हुँदा बालश्रमिक नै काममा नियुक्त गरिन्छ । हाल बालश्रमिक कृषि र कृषिसँग सम्बन्धित काममा करिब ८८% रहेका छन् । त्यसबाहेकका उत्पादनको क्षेत्रमा १.५% व्यापारमा, २% होटल रेष्टुराँमा, १% निर्माणमा, ०.३% घरेलु कामदारमा (०.२ हजार), यातायात तथा अन्यमा ७% कार्यरत रहेका छन् । झण्डै ९०% बालबालिका आफ्नै घरमा काम गर्छन् जसको श्रमको हिसाब गरिदैंन, ६% आफ्नै व्यवसायमा संलग्न र करिब ४%

कर्मचारीका रूपमा काम गरिरहेका छन् । १४ वर्षमाथिका अधिकांश बालबालिका होटल र कर्पोरेट कम्पनीमा र १०-१४ वर्षका भने अधिकांश घरेलु सामान ढुवानी गर्ने कामदारको रूपमा कार्यरत रहेको पाइएका छन् (श्रम तथा यातायात मन्त्रालय २००४) ।

केन्द्रीय बालकल्याण परिषद्ले २२ जिल्लामा सङ्कलन गरेको जानकारीको प्रतिवेदनमा बालश्रमिकहरूमा सबभन्दा बढी ४१.०५% घरेलु कामदार, होटल मजदुर १३.६%, कमैया ९.९%, फ्याक्ट्रीहरूमा ९.६% र सबभन्दा कम १.८% यातायातामा रहेका पाइएका छन् ।

राष्ट्रिय जनशक्ति विकास सर्भेका अनुसार ५-१७ वर्षको उमेर समूहका बालबालिका हप्तामा करिब २१.८ घण्टा काम गर्छन् । बालिकाहरू त्यो भन्दा बढी घण्टा खट्छन् । तापनि त्यति ठूलो अन्तर भने पाइन्नँ (बालिकाहरू २२.१ घण्टा र बालकहरू २१.५ घण्टा) । बरु गाउँका बालश्रमिकभन्दा शहरका बालश्रमिक बढी घण्टा काम गर्छन् । आर्थिक सक्रियता भएका बालश्रमिकहरू ५-१४ उमेर समूहका छन्, जो हप्तामा १८ घण्टा (बालकहरू १७.७ र बालिकाहरू १८.२ घण्टा) काम गर्छन् ।

**नेपालमा बालश्रम बारे अन्य तथ्यहरू**

- केन्द्रीय बालकल्याण परिषद्का अनुसार इस्थर बेन्जामिन मेमोरियल फाउन्डेसनको रिपोर्टअनुसार ७ बालबालिका (१ बालक र ६ बालिका) सन् २०१०/११ मा सर्कसमा काम लगाइएका थिए । त्यसै साल त्यो संस्थाले ७९ बालबलिका (४ बालक र ७५ बालिका) जो भारतको विभिन्न सर्कसहरूमा काम गरिरहेका थिए, उनीहरूलाई परिवारमा जिम्मा लगाइएको थियो ।
- सिवीस (२०१०) को रिपोर्टअनुसार काठमाडौंमा २२० बालबालिका घरेलु कामदारको रूपमा काम गरिरहेका छन् र तीमध्ये ६०% बालिका र ४०% बालकहरू रहेका छन् । तिनीहरूमध्ये ४६ जना १० वर्षमुनिका, ९५ जना ११-१४ वर्ष समूहका, अरू ५० जना १५-१८ वर्ष समूहका र बाँकी २९ जनाको उमेरको जानकारी थिएन ।
- केन्द्रीय बालकल्याण परिषद्को वार्षिक प्रतिवेदन “नेपालमा बालबालिकाको स्थिति - २०११” को हवाला दिँदै *मुक्त कमलरी विकास मञ्च*मा उल्लेख गरियो कि नेपालका विभिन्न जिल्लाहरूमा (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ) जम्मा १२,८०० कमलरी रहेका थिए । तीमध्ये ११,४६७ मुक्त भए र १,३३३ अझै मुक्त हुन बाँकी छन् ।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठन (युनिसेफ २००६) को अनुमान अनुसार १,२७,००० भन्दा बढी बालबालिका ६ प्रकारका निकृष्ट बालश्रममा संलग्न छन्–शहरी क्षेत्रमा घरेलु कामदार, बालभरिया, कमैया बालबालिका, कार्पेट फ्याक्ट्रीमा बालबालिका, प्लाष्टिक टिप्ने बालबालिका र कोइला खानीमा काम गरिरहेका बालबालिका ।

बालश्रमिक सबैभन्दा बढी रहेको क्षेत्र अनौपचारिक क्षेत्र हो । जहाँ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०६३ सामान्यतः कार्यान्वयन हुँदैन । त्यहाँ अनुगमन गर्न कुनै संस्था वा संयन्त्र पनि छैन । त्यसैकारण त्यस्ता क्षेत्रमा बालश्रमिक जोखिमपूर्ण वातावरणमा काम गरिरहेका छन् । तिनीहरूलाई न सुरक्षा सम्बन्धी कुनै कुरा सिकाइएको छ न त सुरक्षा उपकरण नै राखिएको छ । घरेलु कामदारका रूपमा राखिएका बालिकाहरू यदाकदा शारीरिक र लैङ्गिक हिंसाका शिकार समेत हुन पुगेको कुरा सञ्चार माध्यममा आउने

गर्छ । त्यसैगरी कठीन काममा संलग्न किशोरीहरू साना बजारबाट ठूला शहरतिर हुँदै यदाकदा बेचिने समेत अवस्थामा पुग्छन् ।

**१५७ जना बालबालिकाको साडी फ्याक्ट्रीबाट उद्दार**

प्रशासनले भक्तपुरको धेरै साडी इम्ब्रइडरी फ्याक्ट्रीबाट ५ देखि १५ वर्षका १५७ जना बालबालिकालाई उद्दार गरेको छ । ५४ फ्याक्ट्रीका ३९ जना सञ्चालकलाई सोधपुछका लागि पक्राउ गरिएको छ र ती बालबालिकालाई ललितपुर प्रकरीको आश्रयस्थलमा राखिएको छ । प्राप्त जानकारीअनुसार त्यस्ता इम्ब्रइडरी फ्याक्ट्रीमा काम गर्न बालश्रमिकहरूलाई तराईका महात्तरी, सर्लाही, धनुषा, विरगंज, जनकपुरबाट ल्याइएको हो ।

प्रमुख जिल्ला अधिकारीबाट प्राप्त जानकारीअनुसार त्यसरी उद्दार गरिएका बालबालिकाको स्वास्थ्य अवस्था निकै नाजुक रहेको छ । धेरै बालबालिका कुपोषित छन् र अरूमा पनि स्वास्थ्य समस्या रहेको छ । वहाँले भन्नुभयो, “हामीले खानेकुरा दियौं र प्राथमिक उपचार पनि गर्‍यौं । त्यो भन्दा अघिल्लो हप्ता त्यस्ता फ्याक्ट्रीका मालिकहरूलाई एउटा बिठकमा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट आफ्नो फ्याक्ट्रीको १० दिनभित्र विधिवत दर्ता गराई कानुनबमोजिम सञ्चालन गर्न सल्लाह दिइएको थियो ।”

गैरसरकारी संस्थाहरूले पनि स्थानीय प्रशासनलाई बालशोषण रोक्न र तिनीहरूको उद्दार गर्न जोड लगाएका थिए । बाल-विकास समाजका अनुसार काठमाडौंका दर्ता भई सञ्चालनमा रहेका कम से कम ३० जना बालबालिका काम गरिरहेका नै छन् ।

*स्रोतः द काठमाडौं पोष्ट (जुलाई ५,२०१२)*

गरिबी र बालश्रमका बीचमा गहिरो सम्बन्ध छ । थेग्नै नसकिने गरिबीको अवस्थामा सामाजिक सुरक्षा नहुँदा र अन्य कुनै कल्याणकारी अवस्था नहुँदा आफ्ना बालबच्चालाई आमाबाबुले नै श्रम गर्न पठाउछन् । गरिबी स्याहारसुसारमा एउटा कारणमात्र होइन, बालश्रमले ल्याएको परिणामस्वरूप मानिस सधैं गरिबीको

अवस्थामा रहिरहने र पुस्तानान्तरमा पनि गरिबी रहिरहने गर्छ । बालश्रममा लागेका बालबालिका पठनपाठन, स्वास्थ्य सेवा र अन्य अवसरहरूबाट वञ्चित हुन्छन्, जुनकुरा भविष्यको विकासका लागि आवश्यक हुन्थ्यो । बालश्रमका अन्य कारणहरूमा, खास गरेर नेपालमा, घरेलु हिंसा, शहरी जीवन प्रतिको आकर्षण र द्वन्द्वको कारणबाट परिवार विस्तापित हुनु नै मानिन्छ ।

## ६.२.२. बालबालिका-विरुद्ध घरेलु हिंसा

संसारमा बालबालिकाले परिवार, विद्यालय, बालगृह, कार्यालय र कैदखाना आदि ठाउँमा शारीरिक, भावनात्मक, मनोवैज्ञानिक आदि विभिन्न प्रकारका हिंसा सहिरहेका छन् । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनअनुसार हिंसाको परिणाम बच्चाको विकासको अवस्था, हिंसाको कठोरता, हिंसा गर्नेको सम्बन्ध, हिंसाको भोगेको अवधि जस्ता कुरामा आधारित हुन्छ ।

नेपालमा घरेलु हिंसा सामान्य रूपमा रहेको विषय हो । घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ ले घरेलु हिंसाको परिभाषा यस्तो गरेको छ "कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।" नेपालमा सामान्यतया घरेलु हिंसा महिला र बालबालिका-विरुद्ध हुने गर्छ । बालबालिका प्रत्यक्ष र अप्रत्यक्ष रूपमा घरेलु हिंसाको शिकार भएका छन् । प्रत्यक्ष रूपले तिनीहरूको शरीरविरुद्ध नै हिंसा हुन्छ र अप्रत्यक्ष रूपमा आफ्ना परिवारका अन्य सदस्य विरुद्ध हिंसा गरिएको हुन्छ ।

यद्यपि घरेलु हिंसाका धेरैजसो घटना कसैको जानकारीमा नआएर नभएकै विश्वास गरिन्छ, त्यसकारण यथार्थ तथ्याङ्क पाउन भने कठिन छ । केन्द्रीय बालकल्याण समितिको वार्षिक प्रतिवेदनमा रहेको नेपालमा बालबालिकाको अवस्था, २००८ मा भनिएको छ, सडक बालबालिकामध्ये ५१% घरेलु हिंसाका कारणले सडक बालबालिका बन्न पुगेका छन् ।

*"जब गरिबीले बालबालिका प्रतिको दुर्व्यवहार बढाउँछ, गरिबीमा परेका बालबालिका सबै कुराबाट वञ्चित हुन्छन्, परिवारको आन्तरिक हिंसा जसमा यौनजन्य दुर्व्यवहार पनि सामेल हुन्छ । त्यसबेला त्यस्तो घटनाले बच्चा घर छोड्न पुग्छ र सडक बालबालिकाका रूपमा स्थापित हुन्छ । त्यसपछि तिनीहरू अत्यन्त कमजोर र असहाय हुन पुग्छन् अनि गरीबीको खाडल झन् गहिरो हुन्छ । सडक बालबालिकाको एउटा अध्ययनले काठमाडौंमा ७३% जवाफ दिनेहरूबाट प्राप्त जवाफ अनुसार सडकमा भएका बालबालिका उपर आफ्नै परिवारबाट शारीरिक, यौनजन्य र मानसिक दुर्व्यवहार भएकोले तिनीहरू घर छोडन बाध्य भएका हुन्*। (युनिसेफ २००६)

## अध्याय ६ : बालबालिकाको संरक्षण

साथी भन्ने संस्थाले गरेको एउटा अध्ययनअनुसार हिंसामा परेका बालबालिकामध्ये एक तिहाई बालबालिका आफ्नै परिवारजनबाट हिंसा पीडित भएका छन् । तीमध्ये २६% भावनात्मक हिंसा पीडित छन् । त्यसैगरी ७७% महिला र बालबालिकाका पीडक परिवारका सदस्य हुन र ५८% को उजुरी अनुसार तिनीहरू दिनै पिच्छे हिंसा पीडित भएका थिए । घर जहाँ घरेलु हिंसाका घटना घट्छ, त्यसको प्रत्यक्ष नकरात्मक असर बालबालिकामाथि नै पर्छ । त्यसले विद्यालयको गृहकार्य र अन्य कार्यका लागि पनि भावनात्मक असर पर्छ (युनिसैफ २००६) ।

घरेलु हिंसाको कारक तत्वको रूपमा गरिबी, खानेकुराको अभाव, महिला बालबालिकाका आयआर्जन, बालबालिकालाई शारीरिक रूपमा दण्ड दिइएकोमा सामाजिक रूपमा केही नहुने अवस्था, जनचेतनाको अभाव र मातापिताले छोराछोरीप्रति आफ्नो कर्तव्य बुझ्न क्षमता नहुनु आदि छन् (युनिसैफ २०१०) । हिंसा र गरिबी एक अर्का सँग गाँसिएका विषय हुन् । एकातिर गरिबीले हिंसा जन्माउँछ भने अर्कोतर्फ गरिबीले मानिसलाई हिंसातिरै धकेलिदिन्छ ।

### सञ्चार माध्यममा आएका घरेलु हिंसाका केही घटनाहरू

- खलङ्गा : बझाङमा भएको एउटा कर्तव्य ज्यान मुद्दाको प्रहरी अनुसन्धानमा प्रहरीले जानकारी पाए अनुसार आफ्नै परिवारका सदस्यहरूलाई दुई जनाले हत्या गरे । तिनीहरूको नाम गगन वि.क. र विर्जित वि.क. थियो जो सयादी गा.वि.स. का निवासी थिए र त्यो गाउँ सदरमुकामबाट निकै टाढा थियो । तिनीहरूले शनिबार साँझ आफ्नै परिवारका ७ जना सदस्यहरूलाई हत्या गरेका थिए। हत्या गरिनेमा विर्जितकी पत्नी ३५ वर्षिया झंकिदेवी, ८ वर्षिय छोरो राजेन्द्र, ३ वर्षिय छोरो करन, ४ वर्षिय छोरो केशव र २ वर्षिय छोरी लक्ष्मीको हत्या गरेका थिए । त्यसैगरी गगनको ३ वर्षिय छोरो पवन र २ वर्षिय छोरी पवित्रा समेत त्यसै घटनामा मारिएका थिए । भनिन्छ झंकिदेवी ९ महिनाकी गर्भवति थिइन् । *(रिपब्लिका, २०१२-०६-०४)*
- दैलेख, विन्दवासिनी गा.वि.स. ३ : एउटा मानिसले आफ्नी ७ वर्षिय छोरीमाथि दुर्व्यवहार गऱ्यो । बालिकाकी आमाले प्रहरीलाई खबर गरेपछि त्यो मानिसलाई प्रहरीले पक्राउ गऱ्यो । बालिकाको स्वास्थ्य परीक्षण पछि त्यो घटना प्रमाणित भयो र प्रहरीले उसका विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो । *(कान्तिपुर, अप्रिल १७, २०१२)*
- पर्वत, पिपलटारी गा.वि.स. ९ : एउटा प्रहरीको अनुसन्धान टोलीले पत्ता लगाए अनुसार कृष्णप्रसाद तिवारीले आफ्नी ८ र ६ वर्षिय छोरीहरूलाई मोदी खोलामा २ हप्ता अगाडी बगाएर अपहरण गरेको कथा बनायो । प्रहरी अनुसन्धानका क्रममा उनीहरूलाई आफैंले मारेर नदीमा फ्याकिदिएको स्वीकार गऱ्यो र त्यसो गर्नुको कारण आफ्नो गरिबी रहेको कुरा उल्लेख गऱ्यो । ती बालिकाकी आमा विगत ४ वर्ष देखि इजरायलमा कार्यरत थिइन् । *(द हिमालयन टाइम्स्, २०११-०८-१३)*

## ६.२.३ यौनजन्य दुर्व्यवहार र बालबालिकाको ओसारपसार

बालबालिकाको संरक्षण गर्ने भरपर्दो संयन्त्र नभएका कारणले बालबालिका दुर्व्यवहार, शोषण र भेदभावका शिकार हुने गर्छन् । बालबालिका प्रति यौनजन्य दुर्व्यवहार र शोषण नेपालको बालसंरक्षणको क्षेत्रमा अर्को एउटा सङ्गीन समस्या हो । नेपालमा त्यस्ता घटना घटेका बावजुत पनि तिनीहरू बढो मुस्किलले मात्र जानकारीमा आउँछन् । यसको कारण चाहीँ पीडित र उसको परिवारको सामाजिक मर्यादामा आँच आउने बताइन्छ । केन्द्रीय बालकल्याण परिषद् (२०११) को रिपोर्ट अनुसार २०१०/११ का २१७ वटा यस्ता मुद्दामा बालबालिकामाथि यौन जन्य दुर्व्यवहार र शोषण भएका थिए, जसमा २१७ जना बालिका र १५ जना बालक पीडित र शोषित भएका थिए । सम्पूर्ण जानकारीमा आएका मुद्दामध्ये १७४ वटा विभिन्न अदालतमा मुद्दा चलाइएको थियो । तीमध्ये ७३ वटा मुद्दा फैसला भए र १०१ वटा फैसला हुन बाँकी रहेका छन् ।

नेपालमा यौनजन्य हिंसाको दर निकै डरलाग्दो अवस्थामा रहेको छ । इन्सेकको सन् २०१२ को प्रतिवेदनअनुसार ३२८ वटा जबर्जस्ती करणीका घटना सन् २०११ मा जानकारी आएका थिए । तीमध्ये पनि ११ जना बालिका/महिला मारिएका थिए । त्यसैगरी त्यो वर्ष १२३ वटा अन्य प्रकारका यौनदुर्व्यवहारका घटना थिए । त्यस वर्ष २९ वटा जबर्जस्ती करणी उद्योगका घटना जानकारीमा आए । यी सबै घटनामा पीडित बालिका छन्, त्यसमा बढ्दो उमेरकाहरू बढी छन् ।

तथ्याङ्कले के देखाउँछ भने बालकहरूभन्दा बालिकाहरू यस्ता यौनजन्य घटनाबाट बढी पीडित हुन्छन् । सिविन र सेभ द चिल्ड्रेन भन्ने संस्थाले गरेको अनुसन्धानबाट काठमाडौमा १० वर्ष देखि १८ वर्ष सम्मका ७५% बालबालिका यौनजन्य हिंसाको शिकार भएका छन् । नेपाल सरकार र युनिसेफको सहयोगको कन्ट्री प्रोग्राम (२००८-२०१०) का सन्दर्भमा युनिसेफको मध्यावधि प्रतिवेदन प्रस्तुत गर्दा बालिकाहरू भन्दा बालक बढी नै यौनजन्य हिंसाबाट पीडित भएको पाइएकोले नेपाल सरकारले बालकहरूलाई बचाउन जुन कम ध्यान दिएको छ त्यसको बदला अब बालकहरूको संरक्षणमा बढी ध्यान पुऱ्याउनुपर्छ भन्ने सुझाव दिएको पाइन्छ । यो कुरा केटा मान्छे यौन जन्यहिंसाबाट पीडित हुदैंनन् भन्ने विश्वासको विपरीत छ । त्यो प्रतिवेदनले के पनि सङ्केत गऱ्यो भने यौन जन्य पर्यटनको वृद्धिको सम्भावना पनि बढेको छ किनकि हाल यौनजन्य पर्यटकको अपेक्षित क्षेत्र दक्षिण एशियाली क्षेत्र हो ।

बाल यौनजन्य दुर्व्यवहार र शोषण हुनका पछाडिको कारण शहरी बस्तीको वृद्धि पनि हो । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (२००२) को प्रतिवेदनमा नेपालमा करिब ५,००० जतिको सङ्ख्यामा १६ वर्ष मुनीका युवतिहरू यौन व्यापारमा लागेका छन् । यौन व्यापारमा लागेका बालिका वा युवती जो भए पनि उस्तै गरी गाउँ देहातबाट कामको

खोजीमा शहर पस्नेहरूमध्येका छन् । खास गरेर आमाबाबुको हेरचाहमा नहुर्केका बालबालिका देहव्यापारको शोषणमा फँसेका देखिन्छन् । जो बालबालिकाहरू कहाँ जाने के गर्ने कुनै कुराको जानकारी नराखी एकाएक गाँउबाट शहरतिर आए तिनको जीविकोपार्जनको अन्य उपाय नभएपछि ती प्रायः देहव्यापारमा नै लाग्न बाध्य भए । ( युनिसेफ २०१०क)

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सन् २००६ मा अनुमान गरेअनुसार काठमाडौंमा मात्र करिब ४०,००० को सङ्ख्यामा १२ देखि ३० वर्षभित्रका महिलाहरू विभिन्न डान्स रेष्टुरा, मसाज पार्लर तथा क्याबिनमा संलग्न रहेका छन् । ती महिला र केटीहरूलाई यौनजन्य क्रियाकलापमा लाग्न बाध्य बनाइन्छ र ती यसप्रकार यौनजन्य शोषणको शिकार भएका छन् । त्यतिमात्र होइन, तिनीहरू ओसारपसारसमेतको उच्च खतरामा रहेका छन् ।

**नेपालमा यौनजन्य दुर्व्यवहारमा परैका बालबालिकाका सम्बन्धको तथ्य र सङ्ख्या**

- ४५% बालबालिका यौनजन्य सुन्दै लाज लाग्ने शब्द बोल्न सिक्ने गर्छन् ।
- २९% बालबालिकाले नग्न चित्र वा चलचित्र हेरेका छन् ।
- १३.७% बालबालिकाले (१३% बालक र १५% बालिका) एक वा एक भन्दा बढ्ता प्रकारको यौनजन्य हिंसाको शिकार भएका छन् ।
- ३५% बालक र २०% बालिकाले आफूसँग अपरिचित रहेको मानिससँग र यौनजन्य क्रियाकलापका चित्र अवलोकन गरेका छन् । तीमध्ये ३०% बालक र ७% बालिका ले त्यस्ता चित्र आफ्नै परिवारका सदस्यका साथ हेरेका छन् ।
- ११ वर्षमुनिका १२.३% बालिका र ७% बालकहरू आफ्नै परिवारका वा नाता कुटुम्बबाट यौनजन्य पिडा पाएका छन् ।
- काठमाडौँभन्दा बाहिर गरिएको अध्ययनअनुसार ३५% विद्यालयल जाने बालबालिका यौनजन्य क्रियाकलापको शिकार भएका छन् ।
- ५६% विद्यालय जान नपाएका बालबालिका यौनजन्य हिंसाका शिकार भएका छन् त्यसमध्ये पनि ३२.१४% तिनीहरूका परिचित व्यक्तिहरूबाट भएका छन् ।
- ८०% भन्दा बढी यौनजन्य घटना त्यतिबेला घटछन् जतिबेला बालबालिका एक्लै वा कुनै एक्लो वयस्क मानिससँगै हुन्छन् ।
- २०१०/११ मा २१७ वटा यौनदुर्व्यवहारका मुद्दा दर्ता भए जसमा २३२ बालबालिका पीडित थिए ।

*स्रोत :सिविन केन्द्रीय बालकल्याण समिति*

मानव ओसारपसार नेपालको गम्भीर विषय हो । बालबालिका ओसारपसारले हत्या, आतंक, यौनजन्य दुर्व्यवहारमा शिकार बनाउँछ र तिनीहरूलाई एच.आइ.भी. एड्स लाग्छ । त्यसो हुँदा त्यसले बालबालिकाले संरक्षण पाउने, सुस्वास्थ्यमा रहन पाउने र शिक्षा पाउने बालअधिकारको समेत उल्लङ्घन गर्छ । प्रतिवेदनअनुसार बढ्दो सङ्ख्यामा बालबालिका र महिलाहरू नेपालबाट भारत तथा खाडी मुलुकहरू तिर ओसारपसार गरिएका छन् । यद्यपि दुरुस्त तथ्याङ्क नपाइए पनि नेपालमा देहव्यापारका लागि करिब ५,००० देखि ७,००० सम्म महिला र बालबालिका प्रतिवर्ष विवाह तथा ओसारपसार गरिन्छन् (युनिसेफ २०१०क) । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले त्यो सङ्ख्या प्रति वर्ष १२,००० रहेको अनुमान गरेको र केही गैरसरकारी संस्थाले अझ बढी सङ्ख्या देखाएको छ ।

गरिबी र यसको परिणाम, आधारभूत सेवाको अभाव र अभावमा बाँच्नु पर्ने अवस्था नै गैरकानुनी ओसारपसारको मूल कारण मानिएको छ । त्यसैगरी महिला र बालबालिकाको सामाजिक आर्थिक अवस्था, बाल-विवाहजस्ता कुप्रथा, परिवारमा सचेतनाको अभाव, बेचबिखनमा पर्नसक्ने सम्भावना, कमजोर कानुनी कार्यान्वयन, भारतसँग खुल्ला सीमाना रहनु बेचबिखन र ओसारपसारका अन्य कारण मानिएका छन् (युनिसेफ २०१०) । प्रायः सबैमा जानकारी भएकै विषय हो कि यस्ता बालबालिका र चेलिवेटी बेचबिखनका अपराधी आफ्नै परिवारका सदस्य, नातासम्बन्धी, साथीभाई, छिमेकी र विद्यालयका शिक्षक समेत रहेका छन् ।

## ६.२.४. बाल-विवाह र दाइजो प्रथा

बालबालिकालाई परम्परागत सांस्कृतिक चलनबाट पनि संरक्षण गर्नुपर्ने अवस्था छ, जस्तो की बालविवाह र दाइजो प्रथाले तिनीहरू अहित गरिरहेको छ । यद्यपि मुलुकी ऐनले माता पिताको सहमतिमा विवाहको उमेर १८ वर्ष भनी मानेको र त्यस्तो सहमति नभए २० वर्ष भनी मानेको छ । यस प्रकारको कानुनी व्यवस्था भए पनि नेपालको तराई क्षेत्रमा बाल-विवाह एउटा गम्भीर सामाजिक समस्या बन्न गएको छ ।

नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भे (२०११) का अनुसार बालिकाको विवाहको मध्यमस्तरको उमेर १७.५वर्ष रहेको पाइयो तर २००६ को सर्भेबमोजिम त्यो उमेर १७.२ र २००१ मा १६.६ थियो । त्यो सर्भेअनुसार १५-१९ वर्ष उमेर समूहका ५% महिलाहरूको विवाह भइसकेको पाइएको थियो । तराई, सुदुर पश्चिमाञ्चलका ग्रामीण क्षेत्रका बालिकाहरू या त शिक्षा पाएकै छैनन् या थोरै साक्षरमात्र छन् र गरिब परिवारका बढीभन्दा बढी बालिकाहरूको कम उमेरमै विवाह भएको पाइएको छ ।

बाल-विवाहको परिणाम बाल गर्भाधान नै हो । तिनीहरूले ढिलो गर्भधारण गर्ने अर्को विकल्प पाउन सकेका छैनन् । नेपाल जनसङ्ख्या स्वास्थ्य सर्भेल पाएको जानकारीअनुसार एक चोथाई बालिकाले १८ वर्षअघि नै बच्चा जन्माइसकेका हुन्छन् । बाल-विवाह र जबर्जस्ती विवाहले नवयौवनाहरूमा धेरै आत्महत्याको अवस्था पनि ल्याएको छ (युनिसेफ २०१०क) ।

बालविवाह बाहेक दाइजो प्रथा नेपालमा अर्को चर्को समस्या हो । यो प्रथा धेरैजसो तराईतिर रहेको छ । दाइजो प्रथा यस्तो प्रथा हो जसमा बेहुलीका अविभावक वा पितामाताले आफ्नो इज्जत धान्न कुनै सरसामान अथवा नगद बेहुला पक्षलाई दिन्छन् । आजभोली यसलाई भिन्न तरिकाले व्यवहार गर्ने गरिन्छ, जसमा बेहुला पक्षले बेहुली पक्षसँग खास कुराको माग गर्दछन् र यदि आफूलाई स्वीकार्य हुने दाइजो प्राप्त नभएमा बेहुली कुनै हिंसाको शिकार हुन पुग्छिन् । त्यस्तो हिंसामा शारीरिक वा मानसिक प्रताडना जसको परिणाम हत्या सम्महुन सक्छ (युनिसफ २००६) । मानवअधिकार वर्षपुस्तक, २०१२, इन्सेकको वार्षिक प्रकाशन अनुसार सन् २०११ मा १३ जना महिलाको हत्या तिनका पति वा पतिका परिवारका मानिसबाट भएको थियो ।

## ६.२.५. बाल-सुधारगृहमा बालबालिका

बालबालिकासम्बन्धी महासन्धि सापेक्ष बनेको बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रावधान अनुसार बालबालिकालाई आफ्ना माता पिताबाट हेरचाह पाउने अधिकार छ । जो बालबालिकाका आफ्ना आमाबाबु वा अन्य संरक्षक हुँदैनन अथवा आफ्ना परिवारबाट अलग भएका हुन्छन्, तिनको स्वास्थ्य स्थिति र विकास खतरामा हुन्छ । त्यस प्रकृतिका बालबालिकाका हेरविचार र विकासका लागि संस्थागत हेरचाह अन्तिम विकल्प हो ।

केन्द्रीय बालकल्याण परिषद्ले ४८ जिल्लाबाट सङ्कलन गरिएको तथ्याङ्कमा भनिएको छ कि सन् २०११ मा आमाबाबु नभएका टुहुरा बालबालिकाको सङ्ख्या २१,४३६ रहेको छ । तीमध्ये १४,०७१ जना बालबालिका दुवै आमाबाबु नभएका टुहुरा रहेकाले तिनको हेरचाह र संरक्षणको अभाव रहेको छ । त्यसैगरी २,३११ जना बालबालिका परिवारमा कोही पनि वयस्क नभएका अवस्थामा छन् र अरू ५,०५४ बालबालिका भने आफन्त र नातेदारको संरक्षणमा रहेका छन् ।

परम्परागत रूपमा रहेको संयुक्त परिवार वा समुदायले नै बालबच्चाका हेरचाह र संरक्षण गर्ने नेपाली चलन हो र यो चलन ग्रामीण इलाकामा हालसम्म पनि कायमै छ । शहरमा भने बालबालिकाका हेरचाहका लागि अनेक बाल हेरचाह केन्द्र वा त्यस्तै संस्था खडा भएका छन् । धेरै बालबालिकार अझ केही ठूला खास गरेर टुहुरा बालबालिका घर विहिन, अपाङ्ग, घरेलु हिंसाका पीडित, गरिब, प्राकृतिक प्रकोपमा परेका र सामाजिक वा राजनैतिक द्वन्द्वमा परेका बालबालिकाहरू त्यस्तैमा बस्दै आएका छन् । त्यस्ता संस्थाको लामो निरन्तरता नभएकाले वास्तविक तथ्याङ्क पाउन कठीन छ । केन्द्रीय बालकल्याण समितिको २०११ को तथ्याङ्कअनुसार नेपालमा ६०२ वटा बाल-सुधारगृह रहेका छन्, जसमा १५,०९५ बालबालिका रहेका छन् । युनिसेफले गरेको २००८ को अध्ययनअनुसार १,०४८ बाल केन्द्र रहेका जसमा १५,७२० बालबालिका रहेका छन् । ती सबै उनीहरूको परिवारको माध्यमबाट पालन पोषण हुन्छन् । त्यस्ता बाल केन्द्रमा रहेका

बालबालिकामध्ये बालिकाको सङ्ख्या भन्दा बालकको सङ्ख्या अधिक छ । तीमध्ये आधाभन्दा बढी अर्थात ५६% बालबालिका आमा र बाबुमध्ये एक जना वा दुवै नभएका र ९% बसोवास गुमाएका बालबालिका छन् । तीमध्ये केही बालबालिका द्वन्द्वपीडित बालबालिका छन् । टि.डि.एच. को अध्ययनअनुसार त्यसरी बालकेन्द्रमा आएका मध्ये धेरै मनोवैज्ञानिक डर (trauma) भएका छन् ।

*"सक्षम निकायद्वारा तथ्य विश्लेषण गरी बालबालिकाका परिवार पत्ता लगाउनुपर्छ भन्ने कानुनी प्रावधान रहेको र तिनीहरूलाई संस्थामा सिफारिस गर्नु अघि निश्चित समयमा तिनीहरूका परिवार र समुदाय पत्ता लगाइसक्नुपर्छ । तर त्यसरी विश्लेषण गर्ने नियमनकारी संयन्त्र वा सक्षम निकायले संस्थागत हेरचाहको सुविधाको विश्लेषण गर्‍यो गरेन भनेर जाँच्ने नै गरिदैन । नेपालमा राम्ररी समस्या व्यवस्थापन (case management) गर्ने तालिम प्राप्त, योग्य र सक्षम सामाजिक कार्यकर्ता नै छैनन् । ठूलो सङ्ख्यामा ग्रामीण इलाकाका बालबालिका उचित हेरचाह विना नै रहेका र तिनका वरपरका परिवारका मानिसहरूको निगरानीमा रहने बस्ने गरेका छन् । त्यस्ता परिवार पनि स्याहारसुसारमा कमजोर अथवा जसले शहरी हेरचाह केन्द्रसम्म पनि पुर्‍याउन नसक्ने अवस्थाका छन् । यसबाट बालबालिका सडक बालबालिका हुने वा कहीं काम पाएमा पनि अत्यन्त शोषित हुने ठाउँ वा जोखिमपूर्ण काममात्र प्राप्त गर्न सक्छन् (युनिसेफ २००६) ।*

सामान्य रूपमा के विश्वास गरिन्छ भने १० वर्षे जनयुद्ध नै बालबालिका टुहुरा हुनु र बेघर हुनुको मुख्य कारण हो । सो समयमा नेपालमा त्यस्ता बालबालिकाका हेरचाह गर्ने निहुँमा अनेक सङ्घसंस्था दर्ता भए । ५०% बढी त्यस्ता संस्था ४ वर्ष भन्दा पनि कम अवधिमा नै हराए (न्यू एरा एण्ड यू.एस एड २००५) र युनिसेफ (२००४) का अनुसार ९५% भन्दा बढी गैरसरकारी संस्थाका रूपमा रहे तर तत्काल प्रचलित प्रावधान अनुसार संस्था संस्थापन र सञ्चालन सरकारी स्तरबाट मात्र हुन सक्थ्यो । त्यसैले त्यस्तो गैरसरकारी संस्था चलाउँदा तिनका लागि कानुनी शून्यताको अवस्था बन्न गयो ।

केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिले नै बाल-सुधारगृहको तथ्याङ्क सङ्कलन गर्नुपर्छ र तिनको अनुगमन समेत गर्नुपर्छ । यद्यपि बालबालिका जसलाई विशेष संरक्षणको आवश्यकता छ, तिनका लागि न्यूनत्तम मापदण्डका बालकेन्द्र हुनुपर्छ, जबकि केही बालकेन्द्रहरूमा तालिम नपाएका कर्मचारीबाट सञ्चालनमा रहेका, अनन्त बालबालिकाको भीडभाड रहेको, सुविधाको अत्यन्त न्युनता र मनोरञ्जनका साधनको अभावका अवस्थामा सञ्चालित रहेको पाइएको छ (युनिसेफ २००६) । त्यस अतिरिक्त बालगृहमा रहेका बालबालिकालाई तिनीहरूको हेरचाहको दायित्व बोकेकाहरूबाट नै दुर्व्यवहार भएका घटना सार्वजनिक भएका छन् (युनिसेफ २००६) ।

## ६.२.६ शारीरिक दण्ड

नेपालका विद्यालयहरूमा अनुशासनको नाममा बालबालिकालाई शारीरिक रूपमा दण्ड दिने कामहरू सर्वत्र भइरहेको खबर सार्वजनिक सञ्चार माध्यमबाट आइरहेका छन् । प्लान नेपाल भन्ने संस्थाले गरेको अध्ययनअनुसार धेरैजसो विद्यालयमा बालबालिकालाई शारीरिक दण्डका रूपमा गालामा तथा शरीरको अन्य भागमा पिट्ने र अरू विद्यार्थीको उपस्थितिमा गालीगलौज गरी बेइज्जत गर्ने चलन रहेको पाइन्छ । रिपोर्टका अनुसार त्यसरी पिटिनेमा त्यस्ता बालबालिका हुन्छन् जो अलिक साना, हेपिएका, पढाईमा कमजोर, तल्लो भनिने जातका, अपाङ्ग र मातृभाषा नेपाली नभएका आदि पर्छन् ।

> "नवौ कक्षामा सेन्ट जोसेफ स्कूल विराटनगरकी नाम उल्लेख नभएकी एउटी विद्यार्थीलाई उपचारका लागि काठमाडौ ल्याइयो, जसलाई विद्यालयका एक शिक्षकले निर्ममता पूर्वक पिटेका थिए । पीडितकी आमाका अनुसार छोरीको काठमाडौंको थापाथली स्थित नर्भिक अस्पतालमा उपचार भइरहेको छ र १० दिन सम्म ओछ्यानमै रही पूर्ण रूपले आराम गर्न भनिएको छ ।"
>
> *स्रोत हिमालयन टाइम्स (२०११-१२-८)*

कहिलेकाहीँ बालबालिकाका आमाबाबु नै बच्चालाई शारीरिक दण्ड दिनुपर्छ भन्ने पक्षमा देखिन्छन् र उनीहरू नै शिक्षकलाई त्यसरी पिट्न प्रोत्साहित गर्छन् । त्यसबाट बालबालिकाको पढाइमा सुधार आउने मात्र होइन कि उनीहरूको व्यवहारमा पनि सुधार आउँछ भन्ने विश्वास गरिन्छ तर यस्तो चलन र सोचलाई अनुसन्धानले गलत सावित गरिदिएको छ । यस्ता चलनले बालबालिकाको विद्यालय र पढाइप्रति नकारात्मक प्रभाव पार्दछ र यसले बालअधिकारको उल्लङ्घन गर्दछ । (सिभिक्ट/युनिसेफ २००४)

बालबालिकासम्बन्धी ऐन, २०४८ ले मातापिता, शिक्षक तथा संरक्षकले बालबालिकाको भलाईको लागि पिट्न छुट दिएको छ । यस कानुनी प्रावधानलाई चुनौती दिँदै एउटा गैरसरकारी संस्थाले सर्वोच्च अदालतमा रिट पनि दायर गरेको थियो । सर्वोच्च अदालतले २०६२ सालमा त्यो प्रावधानलाई शून्य घोषित गर्दै यस्ता प्रचलनलाई ठीक नभएको आदेश गरेको छ । विभिन्न गैरसरकारी संस्था र अन्य सरोकारवालाले भयसहित अवस्थामा पठनपाठन गराउन अभियाननै सञ्चालन समेत गरे र यसले विद्यालयको पठनपाठनमा सकारात्मक परिणाम पनि ल्यायो । आजभोलि शारीरिक रूपमा दण्ड दिइने कार्य घटेको छ भन्ने विश्वास गरिएको छ तापनि यदाकदा सञ्चार माध्यमबाट त्यस्ता खबर आएकोले यो समस्या खास गरेर निजी विद्यालय एवम् ग्रामीण विद्यालयहरूमा अझसम्म पनि रहेकै छ ।

## ६.२.७ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका

नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्व (जो १० वर्ष सम्म रह्यो, २०५१ देखि २०६१ सम्म) मा धेरै मानिसले आफ्नो ज्यान गुमाए, कति घाइते भए, केहीले आफ्नो सम्पत्ति गुमाए र अरू धेरै घरबारविहिन भए । प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सो द्वन्द्वले धेरै बालबालिका नराम्ररी प्रभावित भए । सिविन (२००६) ले सङ्कलन गरेको सचना अनुसार सो द्वन्द्वमा ४७५ बालबालिकामध्ये ३३८ बालक र १३७ बालिकाहरूले आफ्नो ज्यान गुमाए । तीमध्ये २२६ बालबालिकाको ज्यान जानमा राज्यपक्ष दोषी मानिन्छ र द्वन्द्व गर्ने पार्टी (माओवादी) २०९ को मृत्युमा जिम्मेवार मानिन्छ । २३ जना बालबालिका आम भीडन्तमा परे र १७ के-कसरी मरे कसैलाई थाहा छैन ।

त्यसैगरी ५६३ बालबालिका गम्भीर रूपमा घाइते भए, १२०० घरवार विहिन भए, अरू हज्जारौं अपहरणमा पारे र तिनीहरूलाई मिलिटरी तालिम दिई सशस्त्र समूह बनाउन जबरजस्ती उठाएर लगियो । कैयौं अरूलाई जासुसी गर्न, समाचार बोक्न, भारी बोक्न, मनोरन्जन गराउन र द्वन्द्वका अवस्थामा भान्सेका रूपमा प्रयोग गरिए यद्यपि यथार्थ सङ्ख्या आउन सकेको छैन । धेरै बालबालिकाले आफ्ना बाबुआमा गुमाएर अनाथ भए । २०६२ सालमा माओवादी र तात्कालीन नेपाल सरकारबीच बिस्तृत शान्तिसम्झौता भयो र माओवादी द्वन्द्व पनि अन्त्य भए पनि यसको असर अझैसम्म देखिएकै छ । केही बालबालिका शारीरिक रूपमा अपाङ्ग भए, केहीले बाबुआमाको न्यानो काख गुमाए र धेरैले मनोवैज्ञानिक रूपमा मानसिक सन्तुलन गुमाए, धेरैले बारुदी सुरुङ र सुरुङमा जथाभावी विछ्याइएका विष्फोटक पदार्थ पड्केको कारणले ज्यान गुमाए ।

त्यसैगरी करिब तीन हजार योग्यता नपुगेका लडाकु जसले जनमुक्ति सेनामा भर्ना भएका थिए, तिनीहरूलाई पछि माओवादी शिविरबाट पनि मुक्त गरिए । तिनीहरूलाई पुनर्स्थापनको मौका रोज्न संयुक्त राष्ट्रसङ्घले दिएको थियो तर धेरैले सो पनि पूरा गर्न सकेनन् । (सशस्त्र द्वन्द्वमा बालबालिका संरक्षणका लागि साझेदारी, २०१०) त्यस अतिरिक्त जो नौजवानले माओवादीको सैन्य रोजेर प्रवेश गरेका थिए तिनले आफ्नो समुदायमा फर्कदा भेदभाव भएको पाए किनकि समुदायले तिनीहरूलाई नकरात्मक भाव देखाएको महसुस गरे र आफूलाई ग्लानी भएको ठाने । मुलुकको सुरक्षात्मक अवस्था दिन-प्रतिदिन बिग्रदो छ, सर्वत्र त्रासको वातावरण छ । खास गरी पूर्वी पहाड र मध्य-तराईमा बढेको शस्त्रधारी समूहको कारणले सबै त्रासमा नै छन् । त्यस्ता सशस्त्र समूहबाट उत्पन्न द्वन्द्वले बालबालिकालाई अझ कमजोर र शोषित पारिरहेको छ । विद्यालयमा हुने आक्रमण, जबरजस्ती विद्यालय बन्द गराउने, विद्यार्थीहरूलाई राजनैतिक दल र सशस्त्र समूहहरूले राजनैतिक क्रियाकलापमा संलग्न गर्ने कार्यले बालअधिकारमा नराम्रो आघात पर्न गएको छ । माओवादी द्वन्द्वकालमा विद्यालयमा हतियार थन्क्याउने ठाउँ बनाइएको , सैनिक तालिम क्याम्प बनाइएको र बालबालिकालाई अपहरणसमेत गरेर सैन्य तालिम दिइने गरिएको थियो ।

## ६.२.८ सडक बालबालिका र फ्याकिएका कपडा/प्लाष्टिक आदि उठाउने

बढ्दो शहरीकरणले बालबालिका दिनानुदिन सुकुम्वासी बन्न पुगेका कारणले बालबालिकाले फ्याकिएका प्लाष्टिक र कपडा उठाई हिँड्ने गरेका छन् । अब काठमाडौं र नेपालका अन्य शहरका सडकमा सडक बालबालिका दुई प्रकारका छन्ः– एक थरी सडकमै केही काम गर्छन् र सडकमै रात बिताउछन् र अर्कोथरी दिनभरी सडकमा काममा हुन्छन् र राति आफ्नो परिवार भएका ठाउँमा फर्किन्छन् तर दुवै थरीका लागि संरक्षणको अभाव छँदैछ ।

सिविन २००६ का अनुसार नेपालभर त्यस्ता सडक बालबालिका करिब ५,००० रहेका छन् । प्रत्येक वर्ष न्यूनत्तम ५०० ले आफ्नो गाउँ छोडेर काठमाडौ शहर पस्छन् र सडकमा वास गर्छन् । केन्द्रीय बालकल्याण समिति र बालबालिकाका लागि राष्ट्रिय सङ्गठनहरूको सञ्जाल, २००८ को रिपोर्टअनुसार करिब ८०० सडक बालबालिका काठमाडौंमा छन्, तीमध्ये ९५% बालक र ५% बालिका रहेका छन् ।

सडक बालबालिकाका रूपमा आउने बालबालिका आफ्ना विभिन्न समस्या र कठीनाइलाई छल्न शहर पसेका छन् । तिनीहरूले घर छोड्नाको विभिन्न कारणमा घरेलु हिंसा, हिंसा, भेदभाव, दुर्व्यवहार र शोषण, पारिवारिक झगडा वा बिग्रेको परिवार, सौतेनी आमाले गरेको दुर्व्यवहार, साथीभाइको लहैलहै, शहरप्रतिको आकर्षण आदि हुन् । त्यस अतिरिक्त दशकसम्म भएको द्वन्द्व पनि यसको एउटा कारण हो । यसका पछाडिका कारण जे सुकै भए पनि गरिबी नै एउटा यस्तो मूलकारण हो, जसले बालबालिकालाई सडकमा ल्याउँछ । शहरका भए पनि गाउँका भए पनि गरिब परिवारका बच्चा नै सडक बालबालिकाका रूपमा रहेका छन् । एक पटक जब ती सडकमा आउँछन्, तब तिनीहरूले त्यहीँ आफू बाँच्नका लागि केही कमाई गर्न सुरु गर्छन्, चाहे फोहोर उठाएर होस वा भरिया भएर वा चोरी गरेर वा पकेटमार भएर होस् ।

सडकबाललिका अक्सर यौनदुर्व्यवहारका शिकार पनि हुने गर्छन । सिविन र सेभ द चिल्ड्रेनले गरेको अध्ययनअनुसार करिब ७५% १०-१८ वर्ष समूहका सडक बालबालिकायौन दुव्यवहारका शिकार भएका छन् । त्यसैगरी लागू औषधका दुर्व्यसन पनि सडक बालबालिकामा अत्यधिक देखिएको छ । गम सुँङ्ने, गाजा खाना र अरू प्रकारका लागूऔषधका व्यसन तिनीहरूको दैनिकी वनेको छ । सडक बालबालिका आपराधिक क्रियाकलापमा समेत संल्गन रहेको पाइएका छन् ।

## ६.२.९ एच.आई.भी एड्सबाट प्रभावित सडक बालबालिका

बाबुआमा एच.आइ.भी एड्स भएमा छोराछारीलाई पनि सो रोग सर्न सक्छ । जो बालबालिका यो रोगबाट ग्रस्त हुन्छन्, तिनीहरूले आफूलाई भेदभाव गरेको महसुस गरेका छन् । त्यस्तो भेदभाव समुदायमा सबैले गर्ने र तिनीहरूका आफ्ना परिवारले पनि गर्ने गरेको तिनीहरूको अनुभव छ, जबकि तिनीहरूलाई विशेष हेरचाह र उपचारको आवश्यकता हुन्छ ।

एड्स तथा अन्य सरुवा रोग निदान गर्ने राष्ट्रिय केन्द्रको रिपोर्टअनुसार नेपालमा २०११ सम्ममा उमेर पुगेका (१५-४९ उमेर समूहका) एड्स रोगीको अनुमानित सङ्ख्या सम्पूर्ण जनसङ्ख्याको ०.३०% रहेको छ तर यो सङ्ख्या अझ घट्दै गइरहेको सङ्ख्या हो । सन् २००६ मा यो ०.३९% र २००७ मा ०.४९% थियो । २०११ को सम्पूर्ण रोगी सङ्ख्या ५०,२०० रहेकोमा ३,७९८ (८%) बालबालिका र ती बालबालिकामध्ये पनि १४ वर्षमुनिका करिब ५५% बालक र ४५% बालिका रहेका र त्यो माथिका अर्थात १५-२४ उमेर समूहका ५,११८ (१०%) रहेका छन् ।

**तालिका १३ : नेपालमा एच.आइ.भी सङ्क्रमणको छानिएका सूचकहरू**

| सूचकहरू | २००९ | २०११ |
|---|---|---|
| **वयस्क संक्रमित दर** | ०.३९% | ०.३०% |
| **सम्पूर्ण संक्रमित दर** | ६३,५२८ | ५०,२०० |
| **संक्रमित बालबालिका (०-१४)** | ३५४४(५.६%) | ३,७९८(८%) |
| **संक्रमित युवा (१५-२४)** | ९४१९ (१४.८%) | ५,११८ (१०%) |

*स्रोत : राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र (२०१०, १०१२)*

उक्त तालिका १३ अनुसार (०-१४) वर्ष समूहका बालबालिकामा एड्स रागीको दर बढ्दै गइरहेको छ । जबकी समग्रमा त्यस्ता रोगी घट्दै गइरहेका छन् । यो एउटा गम्भीर विषय हो । उक्त केन्द्रको सन् २०१२ को रिपोर्टमा पुरुषसँग महिलाले आफ्ना ग्राहकसँग गरिएको यौन व्यवहार र लागू औषधका अम्मलीले सुइबाट लागू औषधको दुर्व्यसन गरेका कारणले एड्स अझ बढ्न गएको छ । यो पनि स्पष्ट छ कि त्यस्ता दुर्व्यसनी वा यौन कर्मीका सन्तानमा एड्स सर्ने कुरा पक्का छ ।

सालाखाला ४६८ बालबालिकामा वर्षेनी रोग लाग्ने र २९२ मर्ने गरेको अनुमान गरिएको छ । त्यसैगरी ४५५ बालबालिका एड्स टुहुरा हुने गरेको पाइएको छ । २००९ सालसम्मको सम्पूर्ण एड्स टुहुरा ९१,९४७ रहेको अनुमान गरिएको छ । एड्स रोग लाग्ने गरेका बालबालिका वर्षेनी गुणात्मक रूपमा वृद्धि भइरहेका छन् । त्यस्ता रोगीहरूमा उनीहरूकै आमाबाट रोग सरेको भन्ने विश्वास गरिन्छ । यसले के दर्शाउँछ भने “आमाबाट बच्चामा सर्ने एड्स रोग रोकथाम गर्ने” सेवालाई अझ बढी बिस्तार गर्नु अत्यन्त जरुरी छ । जसमा प्रजनन् स्वास्थ्य र परिवार नियोजन समेत पर्न आउँछन् ।

अछाम जिल्ला भकु गा.वि.स. को प्रीतम (नाम परिवर्तन) नाम गरेको एउटा ९ वर्षे बालक बिरामीका कारण कमजोर थियो । उसलाई ज्वरो र झाडापखाला लागेको र उसको अवस्था कमजोर भइरहेको थियो । उसका बाबुआमालाई बिरामी अस्पताल लैजान छिमेकीले भने तर उनीहरूले छिमेकीको कुरा सुनेनन् । एक साँझ छिमेकीले नै प्रीतमलाई जिल्ला अस्पताल पु¥याए तर त्यहाँ उपचार हुन सकेन । ऊ त्यहीँ म¥यो । उसका बाबुआमाले मृत छोरालाई छुन पनि चाहेनन् कारण उसलाई एच.आई.भी पोजिटिभ भन्ने कुरा ३ हप्ताअघि मात्र पत्ता लागेको थियो । घरमा रहँदा पनि उसका बाबुआमाले उसलाई एड्स लागेको कारणले हेरचाह स्याहारसुसार गरेका थिएनन् । बरु उसको हेरचाह उसकी एड्स लागेकी हजुर आमाले गरेकी थिइन् र ऊ मरेको दुई दिनअघि उनी पनि मरेकी थिइन् । त्यसरी मानिसहरूले एड्स लागेकालाई तिरस्कार गर्ने प्रवृत्ति र प्रीतमलाई जस्तै आफ्नो नियतिमा बाँच्ने अवस्थामा पु¥याउने प्रवृत्तिले गर्दा प्रीतमजस्तै मर्नुबाहेक अर्को उपाय हुँदैन ।

*स्रोतः हिमालयन टाइम्स (२०१२-३-३०)*

## ६.२.१० अपाङ्ग भएका बालबालिका

अपाङ्ग बालबालिकाका विशेष आवश्यकताहरूको पहिचान र सम्वोधन भएन भने ती बालबालिका आफ्ना अधिकारबाट वञ्चित हुन्छन् । त्यस्तो अवस्थामा तिनीहरूको जीवन असुरक्षित हुने र तिनीहरू खतरामा पर्न जाने हुन्छ । यस्ता बच्चालाई हेर्ने परम्परागत दृष्टिकोण, जस्तो कि अपाङ्ग केही गर्न सक्दैन, असहाय हुन्छ, पराश्रयी हुन्छ र अरूका लागि बोझमात्र हुन्छ भन्ने मानेर उसमाथि केवल सहानुभुति दर्शाइन्छ । जसका कारणले उसको सामाजिकिकरण रोकिन्छ र आफ्नो विकास गर्ने, केही गरेर देखाउने तथा क्षमता बढाउने अवसरबाट वञ्चित गरिन्छ ।

नेपालमा अपाङ्गतासम्बन्धी भरपर्दो तथ्याङ्क उपलब्ध छैन । केही तथ्याङ्क विभिन्न स्रोतबाट सार्वजनिक भएका छन् तर ती पनि आपसमा बाझिएका छन् । एउटा तथ्याङ्कका अनुसार २००१ को अपाङ्ग दर ०.४५% रहेको थियो जबकि राष्ट्रिय योजना आयोग र युनिसेफको तथ्याङ्कअनुसार यो दर १.६३% हो । एउटा अध्ययन छ वटा जिल्लामा रहेको परिवारमा गरिएको थियो । त्यसले के देखायो भने २५% भन्दा बढी मानिस अपाङ्गता भएका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार १५% भन्दा बढी मानिसहरू खासखास प्रकारका शारीरिक अपाङ्गता साथ बाँचेका छन् ।

राष्ट्रिय योजना आयोगको न्यू इरा (२००१) ले देखाएअनुसार गाउँमा अपाङ्ग दर १.६५% शहरमा १.४३% मात्र छ । यसआधारमा  हिमाली क्षेत्रमा सो दर १.८८% रहेको छ भने तराईमा १.६४% मात्र छ । अपाङ्गता भएका मानिसहरूमध्ये शारीरिक अपाङ्गता ३४.३% छ । तीमध्ये नबोल्ने १९.४%, सुन्न नसक्ने १९.१%, ११.१% लाई छारे रोग, तथा ५.९% मानसिक रूपमा, ५.६% लाई दृष्टिदोष र ४.६% लाई मनोवैज्ञानिक अपाङ्गता भएको छ ।

यस तथ्याङ्कले के देखाउँछ भने यस्तो हुनमा अत्यन्त गरिबी, स्वास्थ्य संस्था सम्मको पहुँचको अभाव, दुर्घटनाहरू र दशकलामो द्वन्द्व हो । जति सङ्ख्या देखाइएको छ, र त्योभन्दा वास्तविक सङ्ख्या बढी भएको अनुमान गर्न सकिन्छ । धेरै परिवारले आफ्ना परिवारमा रहेको अपाङ्गतालाई प्रकट गर्नुको सट्टा लुकाएर राख्छन्, जसले गर्दा त्यस्तो सङ्ख्या तथ्याङ्कमा नआउने सम्भावना हुन्छ । जन्मदर्ता प्रमाणले पनि यो कुरा उजागर गरेको पाइँदैन ।

केन्द्रीय बालकल्याण समितिले प्रकाशित गरेको नेपालमा बालबालिकाको अवस्था, २०११ अनुसार केवल ४७,३१४ बालबालिकामात्र अपाङ्गता भएका छन् । यस तथ्याङ्कअनुसार ५४% बालक र ४६% बालिका रहेका छन् । यो तथ्याङ्क ४८ वटा जिल्लाबाट सङ्कलन गरिएको हो । यो सङ्ख्यामध्ये १८,९४९ (४०.०१%) ले मात्र अपाङ्गताको प्रमाणपत्र प्राप्त गरेका छन् । तिनीहरूको किसिम हेर्दा ४५% शारीरिक अपाङ्गता, ८.२% दृष्टिदोष, ८.९% कर्ण दोष, ८.८% मानसिक र बौद्धिक अपाङ्गता, ४.१% नबोल्ने र १८% धेरै प्रकारले अपाङ्गता भएका र बाँकीको हकमा थाहा हुन सकेको छैन । नेपालका सन्दर्भमा अपाङ्गताको मुख्य कारण दुर्घटना, जन्मदै अपाङ्ग, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्यसम्बन्धी हेरचाहको अभाव, द्वन्द्वमा प्रयोग भएका विष्फोटक पदार्थ आदि रहेका छन् ।

नेपाल सरकारले अपाङ्गता भएकाहरूका लागि विशेष प्रावधान बनाएको छ । तीमध्ये सामाजिक सुरक्षा भत्ता, विशेष स्वास्थ्य सेवा, अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति र शिक्षामा समावेशी कार्यक्रम तथा सरकारी सेवाका लागि ५% आरक्षण रहेका छन् ।

## ६.२.११ कानुनी कारबाहीमा परेका बालबालिका

कानुनी कारबाहीमा परेका बालबालिका ती हुन्, जो आपराधिक क्रियाकलापमा लागेर अपराधको आरोप लागेको छ । तिनीहरूलाइ सुधार गर्ने तरिका भनेको नै तिनीहरूलाई उचित कानुनी सल्लाह दिने, मार्गदर्शन गर्ने र सामाजिकीकरण गर्ने हो । बालबालिकासम्बन्धी महासन्धिका अनुसार समाजका त्यस्ता बालबालिकालाई उचित इज्जत दिएर उनीहरूलाई रचनात्मक भूमिकातिर अग्रसर गर्नुपर्छ । सो महासन्धिअनुसार प्रत्येक बालबालिका आजीवन कारावास, गैरकानुनी थुना र तिनीहरूको स्वतन्त्रताबाट वञ्चित हुन नपर्ने गरी संरक्षणका अधिकारी हुन्छन् । त्यसो हुँदा त्यस्ता बालबालिकालाई उचित सल्लाह र सुझाव दिने, मार्गदर्शन गर्ने र सामाजिकीकरण गर्ने महत्त्वपूर्ण काम हो ।

केन्द्रीय बालकल्याण समितिका अनुसार विभिन्न प्रकारको ८३ वटा मुद्दा बालबालिकाविरुद्ध विभिन्न अदालतमा २०१०/११ मा दर्ता भएका छन् । तीमध्ये ७३ बालक र १० वटा बालिकाका मुद्दा छन् । यस्ता मुद्दाहरूमध्ये अधिकांश जबर्जस्ती करणी वा करणीका उद्योग र चोरीका घटना छन् । ८३ जनालाई नै अरू वयस्कसँगै थुनामा राखिएको छ । त्यस्ता बालबालिकालाई बाल-सुधारगृहमा राखिनुपर्ने कानुनी व्यवस्था छ तर अहिलेसम्म जम्मा एउटा बाल-सुधारगृह छ । त्यो पनि अत्यन्त सांघुरो छ । बाल-सुधारगृहमा एक पटकमा ५० जना राख्न सकिन्छ । तर २०१०/११ मा १२९ त्यहाँ पठाइएका मध्ये ११४ जनालाई तिनीहरूका आमाबाबुको जिम्मा लगाएर पठाइयो । यसको स्थापना कालदेखि ६७५ बालबालिका यस सुधारगृहमा राखिएकोमा, तीमध्ये ५८० जना परिवारमा नै पुनर्स्थापित गरिसकिएको छ । सुधारगृहमा राखिएका (१७७) मध्ये अधिकांश बालबालिका कुनै न कुनै आपराधिक कार्यमा संलग्न भएको पाइयो । त्यसमध्ये चोरीडकैती (१५४) र बाँकी जबर्जस्ती करणीको मुद्दामा ।

त्यसैगरी केही बालबालिकाका बाबु वा आमा वा दुवै कारागारमा बन्दी बनेको पनि पाइएको छ । त्यसले गर्दा ती बालबालिकाको हेरचाह गर्ने मानिस कोही छैन । त्यसो हुँदा ती बालबालिकालाई आफ्ना बाबुआमासँग कारागारमा बस्नु पर्ने बाध्यता पनि रहेको छ । त्यस्ता बालबालिका एकातिर शिक्षा, स्वास्थ्य सेवा तथा अन्य अवसरहरूबाट वञ्चित हुने गर्छन । त्यहाँ रहँदा उनीहरूले खराब कुराहरूमात्र सिक्ने र हानिकारक क्रियाकलापमा लाग्ने हुन्छन् । जम्मा ६७ (मध्ये बालक ३८ र बालिका २९) विभिन्न कारागारमा आफ्ना बाबुआमाका आश्रयमा रहेका छन् (राष्ट्रिय बालकल्याण समिति २०११) ।

## ६.२.१२ हराएका र बेपत्ता पारिएका बालबालिका

नेपाल सरकारले अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरी नेशनल सेन्टर फर चिल्ड्रेन रिस्क, २००६ को स्थापना गरेको छ जसको उद्देश्य परिवारबाट अलग्गिएका र खतरामा परेकालाई सहयोग गरी परिवारमा पुनर्मिलन गराउनु हो ।

हालका वर्षहरूमा बालबालिका बेपत्ता हुने क्रम बढ्दो छ । उक्त सेन्टरको वार्षिक प्रतिवेदनअनुसार (सन् २०१०/११) अनुसार जम्मा २,४३१ बालबालिका (१,२२८ बालक र १,२०३ बालिका) १ वर्षमा बेपत्ता भएका थिए । तीमध्ये १,३४४ जना (७७७ बालक र ५६७ बालिका) मात्र जीवित फेला परे र २ जना मृत फेला परे । उक्त जिवित भेटिएका मध्ये १२२ लाई उनीहरूको संरक्षणको लागि विभिन्न सङ्गठनमा पठाइए, तीमध्ये पनि ७६ लाई पछि उनीहरूका परिवारमा नै फिर्ता पठाइए । त्यो भन्दा अघिल्लो वर्ष ( २००९/१० त्यसरी बेपत्ता भएका बालबालिकाको सङ्ख्या २,१८६ (१,१३९ बालक र १,०४७ बालिका) रहेका थिए । तीमध्ये १,०८६ जीवित र ६ जना मृत फेला परेका थिए ।

१४-१६ वर्ष उमेर समूहका जो बच्चा बेपत्ता छन् ती उच्च जोखिममा रहेका हुन्छन् । सोही कुरा उक्त सेन्टरले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । त्यसरी हराउनुको मुख्य

कारणमा बालबालिकाको अपहरण, गरिब परिवार, परिवारमा झगडा, शहरी आकर्षण र साथीहरूको लहै लहैमा लागेर सुन्दर भविष्यको सपना देख्ने अनि घर र परिवार छोड्ने मुख्य कारण रहेको पाइन्छ ।

## ६.२.१३. बालबालिकाको अपहरण

द्वन्द्वकाल समाप्त भएपछि पनि बालबालिकाको अपहरण एउटा गम्भीर समस्या बनिरहेको छ । बालबालिकाको अपहरण आज भोलि सामान्यजस्तै भएको छ, जुन बढ्दो रूपमा छ । सिविनले उदाहरण दिदैं भन्यो, ७१ वटा बाल-अपहरणको घटना जनवरी देखि सेप्टेम्बर २०१० को अवधिमा भए । यो सङ्ख्यामध्ये १९ मारिएका थिए । त्यसैगरी ५ देखि ७ जना बालबालिका प्रतिदिन अपहरणमा पर्छन्, जुनकुरा उक्त सेन्टरअनुसार रिपब्लिका दैनिकमा तारा भट्टराईले "गरिबीले नेपालमा बाल-अपहरण बढाएको" भनी उल्लेख गरेका छन् ( ८ अप्रिल २०११) ।

यी घटनाहरूमध्ये धेरैजसो घटना पैसाकै लागि भएका छन्, जसमा ठूलो धनराशि फिरौतिका रूपमा आमाबाबुसँग मागिन्छ । प्रहरीका अनुसार धेरै अपहरणकारी परिवारका नातासम्बन्धीका मित्रहरू नै हुन्छन् । तिनीहरूले आफ्नो बच्चा मारिदेलान् वा अन्य हानिनोक्सानी पुऱ्याउलान् भनी प्रहरीमा खबर पनि गर्दैनन् तर परिणामतः या त बालबालिका मारिएको वा कुनै ठूलो नोक्सानी गरिएको प्रहरीको भनाइ छ । अपहरणका घटनाको जाहेर नगर्ने प्रवृत्तिले अपराध नियन्त्रणमा अझ समस्या थपि दिएको छ । प्रायः विद्यालयका साना बालबालिका फिरौतिका लागि अपहरित हुने गर्छन् ।

### अपहरित बालकको शरीर सुटकेसमा

एउटा ११ वर्षे सुसम साह नाम गरेको बालक ७ जनाको समूहबाट काठमाडौंको वाफलबाट १८ नोवेम्बरका दिन अपहरण गरियो, जो छ दिनपछि मृत अवस्थामा फेला पऱ्यो । मृतक साहको मृत शरीर एउटा कालो रङको सुटकेसमा कलङ्कीस्थित सुपर सीता ट्राभल्सको काउन्टरमा फेला परेको थियो । साहलाई जनकपुरबाट बेपत्ता पारिएको थियो र ऊ उसकै काकाको छोरा विजय साहसँग वाफलमा करिब ११/२ वर्ष देखि बस्दै आएको थियो । अपराधी जसले अपहरण गऱ्यो, त्यसले बाबुआमासँग ५० हजार फिरौती मागेको थियो । जब अपहरणकारी पक्राउ पऱ्यो, तब थाहा हुन आयो कि लास फेला परेको दुई दिनअघि नै क्लोरोफर्मको ठूलो मात्राबाट बच्चाको हत्या गरिसकिएको थियो । त्यसपछि बच्चाको लाश उक्त सुटकेशमा प्याक गरी कलङ्कीस्थित बस काउन्टरमा छोडिएको थियो । त्यो सुटकेशलाई प्रहरीले पत्ता नलगाउन्जेल कसैले दाबी गर्न आएको थिएन ।

*स्रोत : द काठमाडो पोष्ट, बिहिबार, २४ नोभेम्बर, २०११*

माथि उल्लेख गरिएझैं बालबालिकाको संरक्षणको प्रश्न नेपालमा सङ्गीन हुँदै गइरहेको छ । त्यसमा बालबालिकालाई अन्यत्र लैजाने, शरणार्थी बनाउने र त्यस आतिरिक्त परम्परागत चलन जस्तै–छाउपडी, कमलरी, झुमा, कुमारी बनाउने आदि तथा बालबालिकाको लागूऔषधको ओसारपसारमा प्रयोग गर्ने समेत सामेल छ ।

> नेपालको सुनसरी जिल्लाको बढ्दो शहरीकरणसँगै, नौजवान र बढ्दो उमेरका मानिसहरूमा लागूऔषधको दुर्व्यसन बढ्दो रूपमा देखिएको छ । एउटा जनजातिमा आधारित सङ्गठन किराँत याक्थुम चुमलुङ्ग लागूऔषधको कारोबारीसम्म त्यसकै कारोबारको साथीको माध्यमबाट पुगेको थियो । उसले अरू एजेन्सीसँग मिलेर लागूऔषधका प्रयोगकर्तालाई पुनर्स्थापित गर्ने एच.आइ.भी. जाँच गर्ने, सुई र सिरिन्ज दिने र त्यस्तालाई लागूऔषधको दुर्व्यसनबारे परामर्श दिने काम पनि गरेको थियो ।
>
> *स्रोत : संसारका बालबालिकाको स्थिति, २०१२*

## ६.३ कमिकमजोरीको विश्लेषण र चुनौतीहरू

मुलुकमा बालबालिकाको हक र संरक्षणप्रतिको जागरणले बालबालिकाको अवस्था पत्ता लगाउन मद्दत पुगेको छ । यद्यपि बालसंरक्षणको क्षेत्रमा अझ धेरै काम कुरा जान्न बाँकी छ । केवल सीमित तथ्याङ्क र जानकारीमात्र प्राप्त हुन सकेको हुँदा बाल दुर्व्यवहार र शोषणको सम्बन्धमा अझ व्यापक रूपमा जानकारी सङ्कलन गर्नुपर्छ । हाल नेपालमा राजनैतिक सङ्क्रमण चलिरहेका छ । संविधान सभाले नयाँ संविधान दिन सकेन, जसमा बालअधिकारलाई संरक्षण गर्ने प्रावधान बनिने आशा गरिएको थियो । आज राजनैतिक परिवेश ज्यादै नाजुक अवस्थामा पुगेको छ । दण्डहीनता बढिरहेको छ । धेरै बालअधिकार उल्लङ्घनकारीलाई कानुनी दायरामा ल्याउन सकिएको छैन । विलम्ब गरी न्यायनिरोपण हुने कुराले समस्यालाई अझ चर्काएको छ । यस्तो अवस्थामा बालसंरक्षणलाई कार्यरूपमा परिणत गर्न सकिदैन । राजनैतिक प्रतिबद्धताको अभावमा बालअधिकारको संरक्षण अझ चुनौती पूर्ण छ । राजनैतिक दल र नेताहरू अझ पनि बालअधिकारप्रति गम्भीर भएको देखिदैन, बरु राजनैतिक दलले आफ्ना स्वार्थका लागि हमेशा बालबालिकाको प्रयोग गरिरहेका छन् । जसले कहिले काँही बालबालिकाको जीवन माथि खतरा पैदा भएको देखिन्छ । यो कुरा द्वन्द्वको समयमा धेरै देखिएको थियो ।

गहिरिएर बसेको परम्परागत विश्वास र धार्मिक-सांस्कृतिक मूल्य-मान्यता बालअधिकारको विपरीत रहेको छ । उदाहरणको लागि बालश्रम, बाल-विवाह, दाइजो प्रथा, जाति तथा लिङ्ग भेद आदि हाम्रो समाजका सामान्य चलन हुन् जो बालअधिकार विरुद्ध नै रहेका छन् । सामाजिक रीति यति बलियो हुन्छ कि बालअधिकार प्रतिको प्रगति त्यति बेलासम्म अनुभूत गर्न सकिन्नँ जति बेलासम्म त्यसलाई सम्बोधन गर्ने बिस्तृत र व्यापक संयन्त्र तयार हुँदैन ।

बालसंरक्षण र बालअधिकारको लागि स्पष्ट संस्थागत संयन्त्रको अभावमा यसको प्रगतिको कल्पना गर्न सकिँदैन । यद्यपि ढिलै भए पनि केही संस्था स्थापना भएका छन् तर पनि पर्याप्त स्रोतसाधनको अभावमा तिनीहरूबाले अधिकारको रक्षाका लागि सक्षम भइनसकेको अवस्थामा छन् । पर्याप्त जनशक्ति र तालिम प्राप्त व्यावसायिकताको अभाव तिनीहरूको अर्को ठूलो समस्या हो ।

कमजोर अवस्थाका र आमाबाबु नभएका बालबालिकाको हेरचाका लागि नेपालले संस्थागत विकासमा जोड दिएको छ । बालबालिकाको लागि राष्ट्रिय कार्ययोजनामा बालअधिकार संरक्षणको उद्देश्य राखेको छ, जसअन्तर्गत ऐन कानुनको विकास गर्ने, बाल अवास गृह बनाउने र यस्ता संस्थाको क्षमता विकासको लागि जोड गर्ने समेतका उद्देश्य छन् । यसले बालबालिकाको संस्थागत विकासमा प्रोत्साहन गर्छ । साथै पारिवारिक र सामुदायिक संरक्षणलाई समेत बढावा दिन्छ, जुन बालबालिकाका लागि अत्यन्त लाभकारी सावित भएको छ । विभिन्न व्यक्ति, संस्थासँगको सञ्जाल बिस्तार र सहकार्य यस रणनीति उद्देश्य प्राप्तिका लागि उपयोगी सावित हुनेछ तर पनि यसले यो क्षेत्रमा काम गर्ने सम्बद्ध निकायको भूमिका र उत्तरदायित्व न त स्पष्ट हुन सकेको छ न यसको लक्ष्य प्राप्तिको लागि स्रोत परिचालन गर्न नै सकेको छ ।

यसले सहयोग सहकार्यलाई प्रोत्साहित गर्न सकेको छैन । उचित सहकार्यको अभावमा केही कामहरू दोहोरिन पनि पुगेका छन् र स्रोत परिचालनमा पनि अभाव देखिएको छ । अझ बालबालिकाको लागि काम गरिरहेका गैरसरकारी र सरकारी सङ्घसंस्था केवल शहर केन्द्रति छन् । जबकि बालबालिकाको वासोवासको ठूलो सङ्ख्या गाँउमा छ ।

हालका वर्षहरूमा सरकारबाट यस सम्बन्धमा सकरात्मक नीति तथा कानुन अवलम्बन भएका छन् । तापनि केही कमिकमजोरी नभएका भने होइन । त्यसो हुँदा कानुनमा भएका कमिकमजोरी सुधार्न सरकारको ध्यान जानु जरुरी छ, जस्तो कि बालबालिकाको परिभाषामा नै विविधता छ । बालबालिकासम्बन्धी ऐनको परिभाषा अनुसार १६ वर्षमुनिको व्यक्ति बालबालिकाको परिभाषाभित्र पर्छ, जबकि श्रम ऐन र बालश्रम निषेध गर्ने ऐनले सो उमेर १४ वर्ष मानेको छ । त्यसैगरी अपराध गर्ने प्रयोजनको लागि १० वर्षमाथि भए उसले अपराध गर्नसक्ने उमेर मानिएको छ । यस प्रकारका विविधताहरूले अन्योल बढाउने र बालबालिकाले आफ्नो अधिकार प्रयोग गर्ने कुरामा असर गर्छ ।

> बालसंरक्षणसम्बन्धी संयन्त्रको अभाव छ । सर्वप्रथम बालसंरक्षण र प्रोत्साहनका लागि गरिबी निवारण र परिवार सहयोगको कार्यक्रमलाई ध्यान दिनु जरुरी छ । त्यसमा बेपत्ता भएका बालबालिकाको अधिकारलाई सम्बोधन गर्ने विषयलाई अलगसँग हेरिनुपर्छ ।
>
> *स्रोत : बालअधिकारका लागि सरोकारवालासँगको छलफल, नेपालगंज, २०१२*

**अध्याय ६ : बालबालिकाको संरक्षण**

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले घरमा हुने बाल हिंसा रोक्ने दिशामा प्रशस्त सम्बोधन गर्न सकेको छैन । जबरजस्ती करणीको मुद्दामा अभियोग पत्र दायर गर्ने म्याद केवल ३५ दिनमात्र छ । जुन उजुरी र न्यायका लागि पर्याप्त छैन । सेभ द चिल्ड्रेनको भनाइ छ–पीडितको सहयोगको अभाव र न्यायकर्मीको संवेदनशीलतामा पनि कमी छ, जसले बालअधिकारको अवस्था नाजुक छ । त्यसैगरी मानव ओसारपसार (नियन्त्रण) ऐनले पनि पीडित र साक्षी संरक्षणको प्रत्याभूति गर्न सकेको छैन । जसले गर्दा आफूलाई अरू नोक्सान हुन सक्ने डरले उनीहरू अपराधीविरुद्ध अनुसन्धानलाई सहयोग गर्न अनिच्छुक रहेको देखिन्छन् (युनिसेफ २००६) । बेचबिखन र ओसारपसारविरुद्ध राज्यसँग सो अपराधलाई सम्बोधन गरी पीडितको संरक्षण तथा उद्दार गरी अपराधीलाई कारबाहीको विशेष संयन्त्र छैन ।

बालश्रम (निषेध र नियमन गर्ने) ऐन लागू भएपछि पनि बालबालिकाको ठूलो सङ्ख्या अनौपचारिक क्षेत्रमा काम गरिरहेका छन् । त्यस्ता बालबालिकाको दर्ता, नियन्त्रण तथा अनुगमन र नियमन गर्ने संयन्त्र छैन (युनिसेफ २००६, सेभ द चिल्ड्रेन २०११)

अझ बालबालिकाहरू त्यस्ता पनि काम गर्न पुग्छन् जसले उनीहरूको शिक्षा, स्वास्थ्य र निजी विकासमा प्रतिकूल अवस्था बनाउँछ । यद्यपि बालश्रमविरुद्धको गुरुयोजनाले धेरै प्रकारका कार्यक्रम र रणनीति तयार गरेको छ र बालश्रम घटाउने लक्ष्य बनाएको छ । उनीहरू अलिक बढी नै महत्वाकांक्षी बनेको र स्टिरिङ कमिटी पनि स्रोतको व्यवस्था र संस्थाको पहिचान गर्ने कुरामा कमजोर रहेको छ (राष्ट्रिय योजना आयोग २०१०) । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐनले पनि बच्चाको दर्ता गर्न आमालाई अधिकार प्रदान गरेको छैन । जहाँ बाबुको परिचय खुल्दैन अथवा जुन बच्चाको बाबु इन्कार गर्ने अवस्था पर्छ, त्यसबेला बच्चाको जन्मदर्ता गर्ने पर्याप्त अवसर प्राप्त हुँदैन । यसले गर्दा बच्चाले पछि नागरिकताको प्रमाणपत्र पाउन पनि नसक्ने हुन्छ ।

हालको बालन्याय पद्दति पनि पुनर्स्थापित न्यायजस्ता कुरामा असफल भएको छ र स्वतन्त्रताबाट वञ्चित भएको अवस्थामा पनि वैकल्पिक न्याय दिन सक्दैन । यस पद्दतिले बाल अपराधमा परेका बालबालिकाको रक्षासम्म त गर्छ तर पीडित र साक्षीको संरक्षण गर्न सक्दैन । आपराधिक दायित्व १० वर्षलाई मानिएको छ, जसले गर्दा बालबालिकासम्बन्धी ऐनबमोजिम कारबाही हुन्छ । यसरी १० वर्षको कारबाही गर्ने उमेर अव्यवहारिक देखिन्छ । आजभोलि ११/१२ वर्षका बालबालिका पनि सजाय गर्ने हिसाबले सानै लाग्छन् । यद्यपि बालबालिकासम्बन्धी ऐनले बालअदालतको व्यवस्था गरेको छ तर पनि हाल अदालत बनाउने तर्फ कुनै चासो देखाइएको छैन । केवल जिल्ला अदालतमा बाल-इजलाससम्म कायम गरिएको छ । बाल-इजलासमा काम गर्ने पनि प्रशस्त तालिम प्राप्त छैनन् (सेभ द चिल्ड्रेन २०११) ।

नियमबमोजिम अनुसन्धान र कारबाहीको अवस्थामा बालबालिकालाई बाल-सुधारगृहमा राखिन्छ तर जम्मा एउटामात्र बालसुधारगृह छ, जो भीडभाड र न्यून स्रोतको अवस्थामा छ ।

एकातिर बालअधिकारको रक्षाको पर्याप्त कानुनको अभाव छ भने अर्कोतर्फ प्रभावकारी रूपमा कार्यान्वयनको पनि अभाव छ ।

## ६.४. सिफारिसहरू

- कानुनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ । कारबाही विहिन अवस्थामा कुनै पनि अभियुक्त हुनुहुँदैन । यसको लागि नागरिक समाज पनि सक्रिय हुनुपर्छ र सरकारलाई दबाब दिन एउटा बलियो सञ्जाल निर्माण गर्नुपर्छ । विभिन्न तह र तप्कामा रहेका सरोकारवाला निकाय, जस्तै–प्रहरी, राजनैतिक दल, आदि र संस्था वा समूहका प्रतिनिधिहरूको एउटा कमिटी बनाउनुपर्छ, जसले माथि भनिएका काम सम्पन्न गर्न सकोस् ।
- राजनैतिक दल र नेताहरूले बालअधिकारलाई सम्बोधन गर्ने अठोट गर्नुपर्छ । ती संस्थाको लागि पर्याप्त बजेट र स्रोत जुटाउनुपर्छ । सिपालु र व्यावसायिक व्यक्तिहरूलाई त्यस्ता संस्थामा राखिनुपर्छ ।
- सबै ऐन, कानुनमा र नीतिमा बालबालिकाको परिभाषामा एकरूपता हुनुपर्छ र प्रत्येक बालबालिकाका सबै अधिकार प्रत्याभूत हुनुपर्छ ।
- कानुनी सूधारका माध्यमबाट बालन्याय पद्दतिमा रहेका सबै कमिकमजोरीहरू हटाउनुपर्छ । अन्तर्राष्ट्रिय स्तरको बालन्याय पद्दति लागू गर्नुपर्छ । पीडित र साक्षीलाई सुरक्षा प्रदान गर्ने खालको बालन्याय पद्दति बनाइनुपर्छ । यदि बालअदालत सम्भव हुँदैन भने बालन्याय इजलासलाई पूर्ण क्षमतामा काम गर्न सक्ने खालको बनाइनुपर्छ ।
- सबै प्रकारका ओसारपसारसम्बन्धी कामलाई कडासँग कारबाही गर्न सक्ने गरी कानुन कार्यान्वयन गरिनुपर्छ र सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रलाई अन्तरदेशीय रूपमा ओसारपसारविरुद्ध काम गर्न सक्ने बनाउनु पर्छ । खास गरी ओसारपसारमा परेका बालबालिकाको हकमा र तिनीहरूलाई सुरक्षा, सामाजिक पुनर्स्थापन र सबै पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ ।
- नेपालमा जन्मेका सबै बालबालिकाको जन्मदर्तालाई प्रत्याभूत गर्न र प्रमाणपत्र दिन उचित कानुनी संयन्त्रको निर्माण गरिनुपर्छ ।
- योजना तथा नीति त्यति महत्वाकाक्षी बनाइनुहुँदैन, जसले आफ्नो लक्ष्य प्राप्त गर्न कठिनाइ परोस् र तिनीहरू वर्तमान अवस्थामा आधारित भएर बनाइनुपर्छ । भइरहेको क्षमता विकासलाई स्रोतमा आधारित भई कार्यान्वयन गरिनुपर्छ । कानुन कार्यान्वन गर्ने निकायहरूको क्षमता वृद्धि गर्न विशेष ध्यान केन्द्रित गर्नुपर्छ ।

**अध्याय ६ : बालबालिकाको संरक्षण**

- बालसंरक्षणको कामको लागि संस्थागत रूपमा गरिने पद्दति वा बाल हेरचाह गर्ने संस्थाको क्षमता विकासलाई प्रोत्साहन गरिनुको बदला पारिवारिक समर्थन र समुदायमा आधारित हेरचाह सेवा र संरक्षण पद्दतिको विकास गर्न कानुन बनाइनुपर्छ ।
- बालबालिकाको जीवनको लागि चाहिने विशेष संरक्षणको सूचनालाई बढी व्यवस्थित र भरपर्दो बनाई तथा पहिचान गरी तिनलाई संरक्षण गरिन पर्ने र त्यस्ता विशेष आवश्यक भएका बालबालिकाको निधो गरी तिनीहरूलाई फाइदा हुनेखालको कार्यक्रम बनाइनुपर्छ ।

# अध्याय ७ : बाल-सहभागिता

बालबालिकाको सहभागिता बालअधिकारको एउटा अनन्य भाग हो । बालबालिकासँग सल्लाह लिइनु र उनीहरूको विचार र शैलीलाई मान्यता दिइनु एवम् उनीहरूसँग सम्बन्धित कुने निर्णय लिनुअघि उनीहरूको विचारलाई सम्बोधन गरिनु नै बाल-सहभागिताको सार हो । यस प्रकारको बाल-सहभागिता त्यस बेलामात्र हुन्छ, जब उनीहरू निर्णयको प्रकृया, निर्णय र क्रियाकलापमा सहभागी हुन्छन् एवम् उनीहरूको सहभागिता प्रभावकारी पनि हुन्छ ।

## ७.१. सहयोगी कानुन र नीति

बालबालिकासम्बन्धी महासन्धिको धारा १२ र १५ ले बाल-सहभागितामा जोड दिएको र आफ्ना धारणा अभिव्यक्त गर्न र सङ्गठित हुने स्वतन्त्रता एवम् शान्तिपूर्ण भेला हुने अधिकार रहेको छ । नेपालमा बाल-सहभागितासम्बन्धी कुने खास कानुन छैन । तापनि स्थानीय विकास मन्त्रालयको बालमैत्री स्थानीय शासन प्रारम्भ गर्ने कार्यक्रम रहेको छ । यसले शासकीय काममा बाल-सहभागिताको मार्गदर्शन गरेको छ । त्यस अतिरिक्त युनिसेफ, अन्य विकास सहयोगी र मुलुकका विभिन्न गैरसरकारी संस्थाले पनि विभिन्न कार्यक्रम मार्फत बाल-सहभागितालाई प्रोत्साहन गरेको छ । युनिसेफ नेपालले बाल र युवा सहभागितालाई समर्थन गर्न तीन वटा कार्यशैली अपनाएको छ :

- बालक्लब समेतका माध्यमबाट बालबालिका र युवाहरूको क्षमता विकास गर्ने,
- स्थानीय शासनमा बालबालिका तथा युवाहरूलाई पुऱ्याउने, त्यसो गर्न स्थानीय शासनलाई बालमैत्री बनाउने र सो कुरा नयाँ संविधानमा पनि व्यवस्था गर्ने र
- बालबालिकाहरूलाई प्रोत्साहन र सहयोग हुने नीति बनाउने र बालबालिकाका दृष्टिकोणलाई प्रौढहरूले सुन्ने र तिनीहरूलाई गम्भीरतापूर्वक मनन गर्ने वातावरण बनाउने । (युनिसेफ २०१० क)

## ७.२. हालको अवस्था

बालबालिकासम्बन्धी महासन्धिको अनुमोदनपछि नेपालमा बाल-सहभागितामा राम्रै प्रगति भएको छ । यसरी भएको उपलब्धिको सूचकको रूपमा हाल विकसित भएको बालक्लब र उनीहरूको सञ्जाल हो । त्यस्ता बालक्लबको निर्माण र सञ्जाल निर्माणले बालबालिकाको विकास तथा तिनीहरूका विकासका लागि आवाज उठाउन गर्ने अवसर प्रदान गर्छ र तिनीहरूको समुदाय विकासको लागि पनि मद्दत गर्छ । सामान्य रूपमा हेर्दा

पनि नेपालमा बाल-सहभागितामा सहयोग पुगेको छ । ठोस काम भएको छ, प्रोत्साहित गरिएको छ । यो कार्य बालक्लब गठन गरी र बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी हुँदै आएको छ ।

## ७.२.१. बालक्लबको निर्माण

सङ्गठनको माध्यमबाट बालअधिकारलाई कार्यरूप दिने जसमा सहभागिताको अधिकार र शान्ति पूर्वक भेला हुन पाउने अधिकारको उपयोग गर्दै नेपालका विभिन्न जिल्लाका विभिन्न ठाउँमा बालक्लब बनाएका छन् । बालक्लब बाहेकका बालबालिका सङ्गठन जसलाई बालबालिका समूह, बालबालिका फोरम, बाल सञ्जाल आदिको नामबाट चिनिन्छन्, यस्ता क्लबहरूले सक्रियताका साथ काम गरिरहेका छन् । बालबालिकाको सहभागितामा उनीहरूको संरक्षक, शिक्षक र वयस्क मानिसको संरक्षकत्वमा उनीहरूबाट नेतृत्व गराइएको छ । बालक्लबले उनीहरूका समस्याहरू माथि छलफल र विचार विमर्श गर्ने राम्रो ठाउँ दिन्छ र उनीहरू पनि स्थानीय तह, जिल्ला तह र राष्ट्रिय तहमा बन्ने योजनामा सहभागी बन्न पाउँछन् (युनिसेफ २०१०क) । सरकारी निकाय र गैरसरकारी निकायले उनीहरूलाई बालक्लब बनाउन र कार्य सञ्चालन गर्न सहयोग गरिरहेका छन् । बालबालिकाबाट नेतृत्व लिइएको बालक्लबको सङ्ख्या करिब १,२०० रहेको अनुमान छ र ३,००,००० बालबालिका ती क्लबमा संलग्न रहेको अनुमान गरिएको छ । तीमध्ये करिब ४४% बालिका सहभागी रहेका छन् (बालकल्याण समिति २०१०) । युनिसेफमात्रैले पनि बालबालिका र महिलाका लागि विकेन्द्रीकरण कार्यको माध्यमद्वारा ५,००० बालक्लबलाई सहयोग पुऱ्याइरहेको छ ।

सर्वोच्च अदालतबाट बालक्लब वा सङ्गठनलाई दर्ता गर्न निर्देशनात्मक आदेश जारी गरे पश्चात पनि मात्र २२ वटा त्यस्ता क्लब जिल्ला तहमा दर्ता भएका छन् । धेरैजसो बालक्लब केन्द्रीय बालकल्याण समितिसँग सम्बद्ध रहेका छन् । केन्द्रीय बालकल्याण समितिको "नेपालमा बालबालिकाको अवस्था २०१०" अनुसार दुई तिहाई भन्दा बढी बालक्लबहरू जिल्ला बालकल्याण समितिसँग सम्बद्ध भएका छन् । समितिका अनुसार जिल्ला तहका ४३ वटा, क्षेत्र तहका ७८ वटा र ७१३ वटा गा.वि.स. तहका बाल सञ्जाल र बालक्लब रहेका छन् । समितिको सो प्रतिवेदनअनुसार ४,६१३ वटा बालक्लब समुदायमा आधारित छन्, २,६२७ वटा विद्यालयमा आधारित छन् र २४ वटा संस्थामा आधारित (बाल-सुधारगृह जस्ता) छन् ।

केन्द्रीय बालकल्याण परिषद्ले एउटा बेग्लै मार्गदर्शन पुस्तिका तयार गरेको छ । जसले बालक्लबलाई सहायता पुऱ्याउन र व्यवस्थित गर्न मद्दत गर्छ तथा जिल्ला बालकल्याण समितिमा सम्बद्ध हुने मौका दिन्छ ।

समितिको २०१० को प्रतिवेदनअनुसार धेरैजसो बालक्लब बालअधिकार बहसको र सामुदायिक विकासको क्रियाकलापसँग सम्बन्धित रहेका छन् । बालबालिका बालक्लबमा समावेश हुनुले बालबालिकाको आत्मविश्वास, आत्मसम्मान, ज्ञानवृद्धि तथा जनचेतनाको विकास र आफ्ना धारणा अघि सार्ने क्षमताको वृद्धि पनि भएको छ । त्यसरी आत्मविश्वास बढेको कारणले गर्दा र बालअधिकारको विषयमा जनचेतना बढ्नुले, केही बालक्लबहरूले विद्यालय व्यवस्थापन समितिसँग पनि वार्ता गर्ने तथा जिल्ला, नगरपालिका र गा.वि.स. तहमा नीतिगत विकास र स्रोत निर्धारण गर्न सक्षम भएका छन् । केही जिल्लामा त बाल-सहभागिता जिल्ला बालकल्याण समितिको तहसम्म उठेका छन् । त्यसैले बालक्लबको निर्माणले बाल-सहभागिताको लागि विभिन्न तह र विविध विषयमा धेरै महत्त्वपूर्ण बन्न पुगेको छ ।

## ७.२.२ बालमैत्री स्थानीय शासन

स्थानीय विकास मन्त्रालयले जब बालमैत्री स्थानीय शासनको अवधारणा अघि सार्‍यो, तब बाल-सहभागिताको लागि उपयुक्त वातावरण बन्यो (युनिसेफ २००७) । बालमैत्री स्थानीय शासनले बालअधिकारलाई आत्मसाथ गर्न सहयोग गर्ने, सहजता बनाउने र बालबालिकाको राष्ट्रिय तथा स्थानीय तहमा अर्थपूर्ण सहभागितामा जोड दिन्छ । यो अहिले १६ जिल्लामा लागू भएको छ र २०१२ सम्ममा ७५ वटै जिल्लाका कमसेकम एउटा गा.वि.स.मा भए पनि लागू हुनेछ ।

बालमैत्री स्थानीय शासन प्रारम्भ गर्दै यसलाई सन्चालित हुने वातावरण निर्माण गर्न सरकारले स्थानीय निकायको एकीकृत सहायता कार्यनिर्देशिका (ब्लक ग्राण्ट गाइडलाइनस्) बनाई अनिवार्य रूपमा लागू गर्ने गरेको छ, जसले गर्दा १०% लगानी सीमान्तकृत समूहका बालबालिकाका लागि प्रत्यक्ष फाइदा गर्ने कार्यक्रममा प्रयोग गर्ने र अर्को १०% सीमान्तकृत महिलाको उपयोगिताको लागि प्रयोग गर्ने भनिएको छ । बालमैत्री स्थानीय शासनको राष्ट्रिय कार्यक्रमले स्थानीय तहको सम्पूर्ण बजेटको १५% रकम पूँजीगत लगानीमा लगाउने प्रावधान बनाई अनिवार्य रूपमा लागू गर्ने भनिएको छ । त्यसैगरी जिल्ला र नगरपालिका क्षेत्रमा पनि सोहीबमोजिम गर्ने भनिएको छ । जुन बालअधिकारको निश्चितताका

> बालबालिका र सरोकारवालाहरू जस्तै बाबुआमा तथा शिक्षकहरूमा बालअधिकार बारे सचेतना बढेको छ । त्यसैगरी बालबालिकाको सरोकारका कुराहरूका योजना प्रकृयामा बाल-सहभागिता बढेको छ र योजनामा सहकार्यको अभ्यास पनि बिस्तारै प्रारम्भ भएको छ ।
>
> *स्रोतः कैलालीमा भएको सरोकारवालाहरूसँगको छलफल (२०१२)*

लागि भएका सकरात्मक थालनी हुन् ।

बालमैत्री स्थानीय शासनको सबैभन्दा महत्त्वपूर्ण पक्ष भन्नु नै बाल-सहभागिता र बालकेन्द्रित योजना हुन् । बालबालिकाका विषयमा बालबालिकाले नै जानकारी सङ्कलन गर्ने निश्चित छ । तिनीहरू नै योजना निर्माण र समितिका हिस्सा बन्न सक्दछन् । जसले रकम कसरी खर्च गर्ने भन्ने निर्णय गर्छन् र त्यसले गर्दा बालबालिकाको आवाजलाई स्थानीय तहको शासन प्रकृयामा सुनिने र ग्रहण गरिने हुन्छ ।

बाल-सहभागितालाई हस्तक्षेपको स्रोतका रूपमा सर्वत्र स्वीकार गरिएको छ । यस सत्यलाई मनन गर्दै सरकार र अन्तर्राष्ट्रिय विकास सहयोगीहरूले बालबालिकाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिएका र सहज बनाएका छन् । त्यस बाहेक धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियानहरू बालबालिकाको सहभागितामा कार्यान्वयनमा ल्याइएका छन् (केन्द्रीय बालकल्याण समिति २००६ र सिविन २००९) ।

### मोरङका बालबालिका बालविवाह रोक्न दृढ

मोरङका नोचा गा.वि.स.का बालबालिकाले बालविवाहका खराबीप्रति सचेत भएर त्यसलाई निरुत्साहित गर्न कम्मर कसेर लागेका छन् । उक्त जिल्ला विकास समितिले पनि त्यो गा.वि.स.लाई बालमैत्री अभियान गा.वि.स.को अगुवाको रूपमा विकास गर्ने र त्यो गा.वि.स.मा अब बाल-विवाह हुँदैन भनेर ढुक्क गराउने घोषणा गरेको छ ।

२ वर्षअघि ५ जना बालबालिकालाई बाल-विवाहका लागि बाध्य गराइएको थियो तर अहिले त्यस्तो विवाह बन्द गरिएको छ । सिर्जना बालक्लबका अध्यक्ष सुधीर कुमार मण्डल भन्छन् “क्लब बन्नु अघि बालविवाहका खराबीका बारेमा हामी सबै अनभिज्ञ थियौं । तर अब हामी त्यसका विषयमा आ-आफ्ना आमाबाबुलाई सल्लाह दिन सक्ने भएका छौं ।

यस वर्ष बालक्लबले बाल-विवाहलाई तीन पटकसम्म निरुत्साहित गरेका छन् । जबजब तिनका बाबुआमा बाल-विवाहका लागि तयार भए, त्यस बालक्लबले सचेतनाका अन्य कार्यक्रम पनि सञ्चालन गरेको छ, जसअन्तर्गत बालजन्म दर्तादर ९२% पुगेको बालमैत्री अभियान समितिले जनाएको छ ।

*स्रोत:- राइजिङ्ग नेपाल (मार्च २७, २०१२)*

## ७.३ कमिकमजोरीको विश्लेषण र चुनौतीहरू

बालअधिकारका कुरा गर्दा बाल-सहभागिता भन्ने शब्द अत्यन्त प्रचलित बन्न पुगेको छ । तर यो अत्यन्त चुनौतीपूर्ण विषय रहेको छ । आजभोलि बालबालिकाको प्रयोग राजनैतिक रूपमा धेरै हुन थालेको छ (विरोध कार्यक्रम, जुलुस, सांस्कृतिक कार्यक्रम, आदि) । बालसौन्दर्य प्रतियोगिता, विज्ञापन र आमसञ्चारमाध्यममा बालबालिकाको प्रयोग अत्यन्त विवादित विषय हो । यस्ता कार्यक्रम बालमैत्री हुने भए त्यस्ता कार्यक्रममा बालबालिकालाई सहभागिताका लागि प्रोत्साहित गरिनुपर्छ (सिविन २००९) । यो तय गरिन पर्ने महत्त्वपूर्ण प्रश्न हो कि, त्यस्ता सङ्घसङ्गठनले बालक्लबलाई सहयोग गरे भने पनि त्यसका पछाडि आफ्नो स्वार्थ पूरा गर्ने धारणा हुनसक्छ । यदि सहयोग गर्ने सङ्गठनको निहित स्वार्थको लागि मात्र बालबालिकाको प्रयोग हो भने त्यो घातक हुन जान्छ किनकि बालबालिकाको समूह सजिलै त्यस्तो प्रयोगमा आउन सक्छन् ।

सहभागिता सधैं अर्थपूर्ण हुनुपर्छ र कहिलेकाहीँ बालबालिकालाई सहभागिताका लागि मात्र सहभागी गराइएको हुन्छ र उनीहरूको विचार के हुन् बुझिदैन र विचारणीय विषयप्रति पनि ख्याल गरिँदैन । कहिलेकाहीँ बाल-सहभागिताको नाउँमा ठूलाले गर्नुपर्ने दायित्व पनि सुम्पिएको हुन्छ, जसले गर्दा तिनीहरूको बालापन हराउने र प्रौढहरूको रूपमा परिवर्तन हुने सम्भावना बढ्छ ।

यद्यपि नेपालमा सङ्गठनसम्बन्धी कानुनको स्पष्ट व्यवस्था नभए पनि यस्ता सङ्गठनहरू बढी नै रहेका छन् । त्यस अतिरिक्त सङ्गठन दर्ता गर्न पनि नागरिकताको प्रमाणपत्रको आवश्यकता छ तर नागरिकता प्राप्त गर्न १६ वर्षको उमेर पूरा भएको हुनुपर्छ । त्यसैले गर्दा अहिलेसम्म बालबालिकाको कुनै सङ्गठन वा क्लब दर्ता गर्ने नगर्ने प्रमुख जिल्ला अधिकारीको इच्छामा निर्भर रहेको पाइन्छ ।

## ७.४ सिफारिसहरू

- बालबालिकाको सङ्गठन वा क्लब बनाउने र दर्ता गर्ने सम्बन्धमा सम्बन्धित निकायले विचार पुऱ्याउनुको साथै बालबालिकाको सहभागिताको लागि पनि स्पष्ट मार्गदर्शन तयार गर्न जरुरी भएको छ । सो मार्गदर्शनमा यो पनि स्पष्ट उल्लेख हुनु पऱ्यो कि कुन कार्य गर्दा बालबालिका गलत काममा सहभागी हुने हुन् र अन्त्यमा दण्डको भागी हुने हुन् । बालबालिकाको सहभागिताको मूल्याङ्कन गर्ने कुरा पनि त्यसमा राखिनुपर्छ, जसले गर्दा कसैको निहित स्वार्थको लागि प्रयोग नभई समुदायमा उनीहरूको भलाइ र उन्नतिका लागि हुन सकोस् ।

अध्याय -७ : बाल-सहभागिता

- उमेर पुगेकालाई दिइने खालको जवाफदेहिता बालबालिकालाई कदापि दिइनुहुँदैन किनकि बालबालिका बालखै हुन् र उनीहरूले वयस्क मानिसले लिने जिम्मेवारी वहन गर्न पनि सक्दैनन् । त्यसकारण बाल-सहभागितालाई ठीक तरिकाले प्रोत्साहित गरिनुपर्छ ।

- सहभागिता अर्थपूर्ण र फलदायी हुनका लागि जागरण वा सचेतता पूर्णशर्त हो । त्यसकारण बालबालिकालाई पनि सहभागिता गराउनु अघि त्यसको अर्थ र उद्देश्यका बारेमा राम्ररी ज्ञान दिइनुपर्छ । तिनीहरूलाई खास विषयवस्तुमा समूहमा छलफल गर्ने प्रशस्त अवसर प्रदान गर्नुपर्छ र उनीहरूको सहभागितापूर्व नै उनीहरूलाई राम्ररी सुझाव र सल्लाह पनि दिनुपर्छ ।

# अध्याय ८ : बाल्य गरिबी र अभाव

## ८.१. नेपालमा गरिबी

नेपाल संसारको गरिब मुलुकमध्येको एक हो । यूएनडिपीको मानव विकास प्रतिवेदन (२०११) का अनुसार नेपाल मानव विकास सूचीको १५७ औं स्थानमा रहेको छ । नेपाल जीवनस्तर सर्भेले कार्यालयीय तौरमा नेपालको गरिबीको प्रक्षेपण गऱ्यो । यसको सर्भे बहुस्वरूपको थियो र यसले विविध क्षेत्रबाट सूचना सङ्कलन गऱ्यो एवम् शीर्षक विभाजनको आधारमा जीवनस्तरको निर्धारक तत्व खोज्यो ।

नेपालको गरिबीको प्रक्षेपण आधारभूत आवश्यकताको मूल्यका आधारमा गरियो । जसले आफ्नो आधारभूत आवश्यकतापूर्तीका लागि खर्च गर्नसक्ने मूल्य यहाँको मुद्राको आधारमा गरिबीको परिभाषा गऱ्यो । उक्त सर्भे पहिलोको अनुसार गरिबीको रेखा निकै तल झऱ्यो, ४२% (१९९५/९६) बाट घटेर ३१% (२००३/४) मा आयो, जो अझ तल झरेर २५% मा आयो (२०१०/११) जुन सर्भे तेस्रोले देखाएको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार यदि सर्भे पहिलो र दोस्रोको हिसाबले गरिबीको रेखा घट्ने क्रम जारी रहने हो भने त्यो दर तेश्रोमा अझ तल आउन सक्थ्यो । जसरी सर्भे दोश्रोले सर्भे पहिलाको जस्तै गरिबीको अवस्था निर्धारण गर्न आधारभूत आवश्यकताका वस्तुमा मूल्य समायोजन गरिएको भए, सर्भे तेस्रोको अवस्थासम्म आइपुग्दा आधारभूत आवश्यकता फेरिएको र मूल्य परिवर्तन भएको नयाँ आधार आवश्यक देखिन्थ्यो । नेपालका लागि गरिबीको रेखा २०१०/११ को मूल्य सरदर रु. १९,२६१।- अनुमान गरिएको थियो । यसमा खाद्य रेखा रु. ११,९२९।- र अखाद्य गरिबी-दर रु.७,३३२।- रहेका छन् । नेपालको एक चौथाई जनसङ्ख्या गरिबीको रेखामुनी बाँचेका छन् र यो नयाँ गरिबी रेखा हो ।

यद्यपि सम्पूर्ण गरिबी दर घटेको अवस्था छ, तर पनि सो दर एकनास छैन । नेपाल जीवस्तर सर्भे तेस्रोका अनुसार गरिबी दर ग्रामीण इलाकामा शहरको तुलनामा बढी रहेको छ (२७.४३% र १५.४६%) । गरिबीलाई भौगोलिक रूपमा विभाजन गर्ने हो भने हिमाली क्षेत्रमा गरिबी दर सबभन्दा बढी (४२.२७%) छ, जबकि पहाडी र तराई क्षेत्रमा सरदर राष्ट्रिय दरभन्दा पनि केही कम रहेको पाइन्छ । विकास क्षेत्रका हिसाबले सुदुर-पश्चिम र मध्यपश्चिममा अरूका तुलनामा बढी नै गरिबी दर रहेको पाइन्छ । उक्त सर्भे तेस्रोका अनुसार घरका सदस्य सङ्ख्याको वृद्धिसँगै गरिबीको दर पनि वृद्धि हुन्छ । यो सङ्ख्या बालबालिकाको सङ्ख्या घट्नु/बढ्नु ले पनि फरक पार्छ । दलित परिवारले ठूलो गरिबीको मार खेपिरहेका हुन्छन् । शिक्षित परिवारमा अशिक्षितभन्दा कम गरिबी दर देखिन्छ । खेती किसानीका कामदारलाई दिइने ज्याला पनि थोरै हुने हुन्छ जबकि त्यस्तै अन्यत्रका कामदारको ज्याला तिनको भन्दा अलिक राम्रो हुन्छ । जग्गा जमिन नहुनेको र

थोरै हुनेको गरिबी ज्यादा हुने र गरिबीको साझो सम्बन्ध सुविधामा कसको कति पहुँच छ त्यसमा निर्भर रहेको हुन्छ ।

## ८.२ बालबालिका र गरिबी

नेपालका जनसङ्ख्याको करिब आधा १८ वर्षमुनिका बालबालिकाको छ । गत दशकदेखि नै आर्थिक रूपमा असहज वातावरण हुँदाहुँदै पनि नेपालले गरिबी न्यूनीकरण उल्लेख्य रूपमा प्रगति गरेको छ । गरिबीको दरलाई ओराल्दै २००३/४ को ३१% भन्दा तल २५% (२०१०/११) मा ल्याएको छ । नेपालको कुल गार्हस्थ उत्पादनको २२% वैदेशिक रोजगारीको आम्दानीबाट भएको गणना गरिएको छ (विश्व बैङ्क २००८) जसले गरिबी न्यूनिकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । अझ गरिबी न्यूनिकरणको साथसाथै शिक्षा र स्वास्थ्यको पूर्व सूचकाङ्कमा पनि प्रगति भएको छ । खास गरेर विद्यालयमा भर्नादरमा ठूलै उपलब्धि, युवा साक्षरतामा उपलब्धि, बाल-स्वास्थ्य खास गरेर बाल र मातृ-मृत्युदरमा ठूलो उपलिब्ध हासिल भएको छ । बाल-गरिबी न्यूनिकरणको दर सामान्य अरू जनसङ्ख्याको तुलनामा बढी उपलब्धिमूलक रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग २००४ र राष्ट्रिय योजना आयोग २०१०)

### ८.२.१ उपभोग्य गरिबी

नेपाल जीवनस्तर सर्भे दोस्रो (२००३/४) अनुसार नेपालका बालबालिका करिब ३६% गरिबीको रेखामुनि बाँचिरहेका छन् (तालिका १४) । उक्त सर्भे पहिलोको तुलनामा सम्पूर्ण जनसङ्ख्याको ११% घटेको थियो भने तेस्रो सर्भेमा बालबालिकाको गरिबी दर ८% घटेको थियो । अरू सबै जनसङ्ख्या र बालबालिका बीचको यो व्यापक फरक कम गर्न बालअधिकारका बहसकर्ता र नीतिनिर्माताले विश्लेषण गर्नुपर्छ भन्ने भनाइ राष्ट्रिय योजना आयोगको रहेको छ । ( रा.यो.आ. २०१०)

**तालिका १४ : गरिबीको अवस्था**

| सूचकहरू | १९९५/९६ | २००३/०४ |
|---|---|---|
| **गरिबीको रेखामुनि पर्ने घरहरू** | | |
| **राष्ट्रिय मापदण्डअनुसार** | ३६.६ | २५.९ |
| **अन्तर्राष्ट्रिय मापदण्डअनुसार** | २८.० | १८.१ |
| **गरिबीको रेखामुनि पर्ने घरमा रहेका बालबालिका** | | |
| **राष्ट्रिय मापदण्डअनुसार** | ३९.२ | २८.८ |
| **अन्तर्राष्ट्रिय मापदण्डअनुसार** | ३०.३ | २०.१ |

| सूचकहरू | १९९५/९६ | २००३/०४ |
|---|---|---|
| **गरिबीको रेखामुनि रहेका बालबालिका (लाखमा)** | | |
| **राष्ट्रिय मापदण्डअनुसार** | ४३.४ | ४२.५ |
| **अन्तर्राष्ट्रिय मापदण्डअनुसार** | ३३.८ | ३०.५ |
| **गरिबीको रेखामुनि रहेका सम्पूर्ण बालबालिका** | ४४.५ | ३५.९ |
| **गरिबीको रेखामुनि रहेका सम्पूर्ण जनसङ्ख्या** | ४१.८ | ३०.८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (१९९६, २००४), राष्ट्रिय जीवनस्तरको मापदण्ड (१९९५/९६, २००३/०४)*

गरिबी न्यूनीकरण दर १.४% वार्षिक सबै जनसङ्ख्याको र १% बालबालिकाको रहेको भए पनि नेपालले पूरै जनसङ्ख्यामा भने सहस्राब्दी विकास लक्ष्य हासिल गरेको छ र २०१५ सम्ममा बालबालिकाको गरिबी दर घटाउनमा भने आधामात्र उपलब्धि हासिल हुन सकेको छ ।

त्यसैगरी युनिसेफको कन्ट्री अफिसले “चाइल्ड पोभर्टी एण्ड डिस्पेरिटिज इन नेपाल २०१०” सञ्चालन गरेको थियो । सो गर्दा राष्ट्रिय योजना आयोगको सहकार्यमा भएको र युनसेफ कै “ग्लोबल स्टडी अन चाइल्ड पोभर्टी एण्ड डिस्पेरिटिज”को एउटा भाग न्यू इराले गरिबीको छरिएर रहेको तथ्याङ्कमा आधारित भएर निम्न कुरालाई उल्लेख गरेको छः–(तालिका १५)

- हरेक १० मा एक बालक अभावमै बाँचिरहेको छ ।
- दलित, जनजाति र मुस्लिम परिवारका बालबालिकाको गरिबी अवस्था निकै ठूलो छ । (सरदर राष्ट्रिय दरको दोब्बर)
- अशिक्षित परिवारको बालबालिकामा गरिबी उच्चरूपमा रहेको (४५%) जबकि शिक्षितमा अपेक्षाकृत कम (१३%) छ ।
- ठूलो परिवार (सात जना वा सोभन्दा बढी) सङ्ख्या भएका परिवारका बालबालिकामा सानो परिवारमा भन्दा ३ गुणा बढी गरिबीको अवस्था ( क्रमशः ४५% र १५%) रहेको छ ।
- अधिकांश बालबालिका बढी गरिबीमा रहेको पाइए जुन परिवारका कमाउने सङ्ख्या सानो छ (१ जना वयस्कको भरमा ४ जना बालबालिका) ।
- एक हेक्टरभन्दा पनि कम जग्गा जमिन भएका परिवारका बालबालिका बढी जग्गा जमिन भएका परिवारका बालबालिका भन्दा बढी गरिबीमा बाँचेका छन् ।

- गाउँमा बसोवास गरेका बालबालिका शहरमा बसोवास गरेका परिवारका बालबालिकाभन्दा ३ गुणा बढी गरिबीमा रहेका (३९% गाउँका र १३% शहरका) छन् ।
- पहाड र हिमाली क्षेत्रका बालबालिका तराईका बालबालिकाको तुलनामा दुई गुणा बढी गरिबीमा बाँचेका छन् ।

**तालिका १५ : बाल-गरिबीसम्बन्धी तथ्याङ्क**

| | राष्ट्रिय मापदण्डअनुसार | अन्तर्राष्ट्रिय मापदण्डअनुसार |
|---|---|---|
| **घरमा सदस्य सङ्ख्या** | | |
| ३ भन्दा कम | १५.२ | २.२ |
| ३-४ | १९.० | ४.६ |
| ५-६ | ३३.१ | ९.३ |
| ७ भन्दा बढी | ४५.७ | १५.१ |
| **घरमुलीको शैक्षिक योग्यता** | | |
| छैन | ४४.९ | १४.८ |
| प्राथमिक तह | ३५.१ | ७.८ |
| माध्यमिक तह | १२.७ | ३.० |
| **जात वा जातीय समूह** | | |
| बाहुन/क्षेत्री | २१.८ | ८.५ |
| दलित | ५१.१ | २२.३ |
| जनजाति | ४५.३ | २३.० |
| तराई/मधेशी | ३१.० | १०.५ |
| नेवार | २०.४ | ९.२ |
| मुस्लिम | ४३.८ | १३.३ |
| **जग्गा जमिनको अवस्था (हेक्टरमा)** | | |
| ०.२ भन्दा थोरै | ३९.६ | १२.६ |
| ०.२-१ | ३८.९ | १२.२ |
| १-२ | २६.० | ५.६ |
| २ भन्दा बढी | १८.१ | ४.२ |

| | राष्ट्रिय मापदण्डअनुसार | अन्तर्राष्ट्रिय मापदण्डअनुसार |
|---|---|---|
| **पारिवारिक अवस्था** | | |
| बाबु वा आमामध्ये एक | ३६.९ | १२.१ |
| घरमा कोही बाबुआमा नभएको टुहुरो | ३८.२ | १३.९ |
| उच्च निर्भरताको दर (परिवारमा चारभन्दा बढी बालबालिका) | ५१.९ | १६.२ |
| **भौगोलिक क्षेत्र** | | |
| हिमाल | ३६.२ | १०.१ |
| पहाड | ४०.७ | १७.० |
| तराई | ३१.९ | ६.० |
| **बसोवास** | | |
| सहर | १३.६ | ३.३१ |
| गाउँ | ३८.९ | १.९ |
| **नेपाल** | **३५.९** | **१०.७** |

*स्रोत : राष्ट्रिय जीवनस्तरको मापदण्ड (२००३/०४)*

### ८.२.२ आधारभूत आवश्यकताको अभाव हुने गरिबी

एक तिहाई भन्दा बढी नेपालका बालबालिका राष्ट्रिय गरिबी रेखाभन्दा तल रहेको तथ्याङ्क राष्ट्रिय जीवनस्तर सर्भेले देखाएको छ । साथै चाइल्ड पोभर्टीज एण्ड डिस्पेरिटिज इन नेपाल २०१० ले भनेको छ कि तथ्यलाई केलाउँदा बालबालिकाको हैसियत, पोषण तत्वको हकमा, बालबालिकाको विद्यालय पहुँच, स्वास्थ्य सुविधा, सबै दृष्टिकोणले नेपालका बालबालिका न्यूनत्तम आधारभूत आवश्यकताबाट वञ्चित रहेका र पूर्ण गरिबीमा बाँचिरहेका छन्, साथै भेदभाव अझ बढी छ ।

*बालबालिकाको लागि बाँच्न, बढ्न र हुर्किनका लागि आवश्यक स्रोत लगायत बालबालिकाका भौतिक, आध्यात्मिक र भावनात्मक रूपमा पनि गरिबीमा बाँचेका छन् । तिनीहरूलाई आफ्नो अधिकारको उपयोग गर्न पनि नसक्ने, आफ्नो पूर्ण हैसियतमा पुग्न र समाजको एउटा सदस्य जस्तो भएर समान रूपमा सहभागी हुन पनि नसक्ने अवस्थामा छोडिएको छ । आर्थिक आय, खाना, विद्यालय र स्वास्थ्यमा पहुँच आदि जस्ता भौतिक स्रोत तथा अरूसँग बसेर गर्ने जस्ता कडा श्रमबाट उत्पन्न हुने स्वास्थ्य खतराबाट सुरक्षाको उपाय पनि पाएका छैनन् । साथीभाईसँग भेटघाट गर्ने, मनोरञ्जनका साधन र माया, विश्वास, स्वीकारोक्ति वा विश्वासको भावना जस्ता भावनात्मक स्रोतबाट वञ्चित र सबै प्राप्त गर्न चाहेका कुराबाट वञ्चित रहन परेको अनुभूतिका साथ गरिबीमा बालबालिका बाँचिरहेका छन् । (युनिसेफ २००४ र २००७)*

## अध्याय ८ : बाल्य गरीबी र अभाव

ब्रिस्टल विश्वविद्यालयको सूचकाङ्कहरू : आवास, सरसफाइ, पानी, सूचना, खाना, शिक्षा र स्वास्थ्य प्रयोग गरेर नेपालमा बालबालिकाको गरिबीको अवस्था के छ भनेर चाइल्ड पोभर्टी एण्ड डिस्पेरिटिज इन नेपाल, २०१० नामक अध्ययन गरिएको थियो । सो अध्ययनबाट प्राप्त मुख्य निष्कर्ष निम्नलिखित छन् :

### धेरै बालबालिकाका परिवार बढी गरिबीमा बाँचिरहेको अनुभव

साना बालबालिका रहेको ठूलो परिवार गरिबीको विशेष मारमा परेको देखिन्छ । दुई वा सो भन्दा बढी बालबालिका रहेको परिवारले अरू साना परिवार भएकाको तुलनामा गरिबीबाट मुक्ति पाउन अलिक बढी कठिन रहेको हुन्छ । यो नतिजा पनि नेपाल जीवनस्तर सर्भेले देखाएको छ कि गरिबी परिवारमा सदस्य सङ्ख्या र ७ वर्षमुनिका बालबालिका भएनभएको अवस्थाले बढाउने घटाउने गर्छ ।

### बालगरिबी उच्च विपरीत ध्रुवीय अवस्थामा

घरमा परिवारको सङ्ख्या, घरमूलीको शिक्षा, जातजाती, रहेबसेको ठाउँ, परिवारमा आश्रितको सङ्ख्यात्मक अनुपात आदि कुरा गरिबीको निर्धारक तत्व हुन् र त्यसैले ठूलो परिवार, अशिक्षित परिवार, उपेक्षित दलित परिवार, ग्रामीण इलाकाका बासिन्दा, पहाडवासी, जग्गा जमिन नभएका वा ज्यादै थोरै भएका र उच्च आश्रितको अनुपात भएको परिवारका बालबालिका नै बढी गरिबीको शिकार भएको पाइएका छन् ।

### दुई तिहाई बालबालिका ज्यादै अभावका अवस्थामा र ४० प्रतिशत पूर्ण गरिबी

ब्रिष्टल पद्दतिद्वारा अनुसन्धान गरिएको अध्ययनले दुइ तिहाई नेपाली बालबालिका आधारभूत आवश्यकता (आवास, सरसफाइ, पानी, सूचना, खाना, शिक्षा र स्वास्थ्य) आदिबाट ज्यादै वञ्चित रहेका छन् । अत्यन्त अभाव रहेकाको सन्दर्भमा दुईवटा आधारभूत आवश्यकता पनि पूरा नभएकालाई ज्यादै अभावको श्रेणीमा राखेको र त्यो सङ्ख्या ४०% रहेको छ । तिनीहरूलाई पूर्ण गरिबको रूपमा मानिएको छ ।

### बालबालिकामा सरसफाइको अभाव

अत्यन्त गरिब र कमजोर आर्थिक अवस्थाको परिवारको बालबालिका र सीमान्तकृत परिवारको हरेक १० जनामा ९ जना अत्यन्त अभावमा रहेका बालबालिका सरसफाइबाट पनि वञ्चित रहेको पाइएको छ ।

### कुपोषण आधाजसो नेपाली बालबालिकामा सङ्गीन समस्या र तिनको स्वास्थ्य अवस्था ज्यादै नाजुक

कुपोषण बालबालिकाको जीवन, शारीरिक वृद्धि र विकासको ठूलो बाधक हो । करिब ३०% बालबालिका तौल नपुगेको, ४१% होचापुड्का र ११% मानसिक विकास नभएका पाइएका छन् । बालक भन्दा बालिका कुपोषणका बढी शिकार छन् । त्यसैगरी सुदुर-पश्चिम र मध्य-

पश्चिम क्षेत्रका बालबालिका बढी कुपोषित छन् । अशिक्षित, अभावबाट जन्मेका र ज्यादै कमजोर आर्थिक अवस्था भएका परिवारमा जन्मेका बालबालिका पनि कुपोषित छन् । यद्यपि नेपालमा बाल-मृत्युदर घटेको जसले स्वास्थ्यमा प्रगति भएको देखिए पनि स्वास्थ्य सुविधामा पहुँचको लागि धेरै सामाजिक समूह वा वर्गका लागि अनेक अड्चनहरू छदैंछन् । तापनि ग्रामीण, हिमाली मध्य र सुदुर पश्चिमको क्षेत्रमा बाल-मृत्युदर अझ तुलनात्मक रूपमा बढी नै रहेको र त्यसैगरी ती क्षेत्रमा अशिक्षित वा न्यून शिक्षित आमाहरू रहेको अवस्था छ ।

### सार्वभौम प्राथमिक शिक्षा प्रति प्रगति आशलाग्दो तर भेदभाव कायमै

प्राथमिक विद्यालयमा बालबालिकाको भर्नादर उच्च रहेको छ । ९०% भन्दा बढी बालबालिका विद्यालय जाने गरेका छन् भनी विश्वास गरिन्छ । यो प्रगति केवल प्राथमिक तहको लागि मात्र भयो, साना बालबालिकाका लागि र माध्यमिक तहका लागि पनि भएन । प्राथमिक तहमै पनि उपलब्धि बराबरी रूपमा छैन । ग्रामीण इलाकामा भर्नादर पनि कम छ र विद्यालय छाड्ने वा कक्षा दोहोर्‍याउनेको सङ्ख्या पनि ज्यादा छ । त्यसमा पनि गरिब, मुस्लिम र दलित परिवारका बालबालिका र मध्य तथा पश्चिमाञ्चलका बालबालिकाको अवस्था सन्तोषजनक छैन ।

**तालिका १६ : बालबालिकाको आधारभूत आवश्यकता पूरा गर्न नसक्ने सम्मको गरिबी**

| आधारभूत आवश्यकता | उमेर समूह (वर्षमा) | अत्यन्त अभावको अवस्था | |
|---|---|---|---|
| | | सङ्ख्या (लाखमा) | % |
| **आवास** | ०-१७ | ३२ | २७.६ |
| **सरसफाइ** | ०-१७ | ६४ | ५५.७ |
| **पानी** | ०-१७ | १३ | ११.४ |
| **सूचना** | ३-१७ | २९ | ३१.५ |
| **खाना** | ०-४ | ४ | १०.६ |
| **शिक्षा** | ७-१७ | ६ | ९.५ |
| **स्वास्थ्य** | ०-२ | १ भन्दा कम | २.८ |

*स्रोत : राष्ट्रिय जनसङ्ख्या स्वास्थ्य सर्भे (२००६)*

## ८.३. बाल्य गरिबीलाई सम्बोधन गर्ने समस्या

- राष्ट्रिय सर्भे र तथ्याङ्क विभागको बालबालिकासम्बन्धी तथ्य सङ्कलन छरिएर रहेको अवस्थामा छन् जसले गर्दा बालबालिकाको स्थितिको साङ्गोपाङ्गो विश्लेषण कठिन हुन गएको छ ।

- नेपालमा सार्वजनिक सेवाको पद्दति कमजोर रहेको छ । सार्वजनिक क्षेत्रका सङ्घसंस्था कार्यक्रम कार्यान्वयन गर्न कमजोर, स्रोत पनि अपर्याप्त र प्राप्त स्रोत पनि राम्ररी तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्न नसकिएको अवस्था छ ।
- दशक लामो सशस्त्र द्वन्द्व र वर्तमान राजनैतिक अस्थिरताले सार्वजनिक संस्था र सेवा प्रदान गरिने पद्दति अझ कमजोर भएको छ । सबै तह र क्षेत्रमा दलीय प्रभाव रहेको छ, जसले शासकीय पद्दतिलाई ज्यादै कमजोर बनाएको छ र सार्वजनिक संस्थाको उत्तरदायित्वको अभाव रहेको जसले गर्दा वाञ्छित प्रतिफल प्राप्त गर्न बाधकका रूपमा रहेको छ ।
- नेपालमा आवधिक योजना, क्षेत्रगत योजना, नीति र कार्यक्रमहरूले बालबालिकाको आवश्यकतामा ध्यान दिनुपर्छ र बालबालिकाका लागि विशेष कार्यक्रम समावेश गर्नुपर्छ । तिनीहरूको कार्यान्वयनको मूल समस्याको रूपमा खण्डखण्ड गरी कार्य सम्पादन गर्ने पद्दति र फितलो कानुनी संरचना रहेका छन् ।
- चाइल्ड पोभर्टी एण्ड डिस्पेरिटी इन नेपाल (२०१०) मा योजना आयोगले उल्लेख गर्दै “नेपालमा बालबालिकाको गरिबीलाई सम्बोधन अर्का समस्या भनेको गरिबी न्यूनीकरण रणनीतिपत्र सहितको आवधिक योजनाले सम्पूर्णमा रहेको गरिबी र बालबालिकामा रहेको गरिबीका बीचको महत्त्वपूर्ण फरकलाई नजरअन्दाज गरिदियो । परिणामतः नीति र कार्यक्रमहरूमा बालबालिकासँग सम्बन्धित विशेषतासँग ध्यान पुग्न सकेन ।

## ८.४. सुझावहरू

- मुख्य तथ्याङ्कको कमीः बालबालिकाको अवस्थाको सम्बोधन नहुनु हो । बालबालिकासम्बन्धी छुट्टै तथ्याङ्कको सङ्कलन खदिलो तरिकाले बिस्तार गरिनुपर्छ ।
- समानतामा ध्यान दिइनुपर्नेः नीति र कार्यक्रमले आधारभूत आवश्यकताबाट पनि वञ्चित रहेका बालबालिकाका आवश्यकतामाथि ध्यान दिनुपर्छ । खास गरेर ती आधारभूत आवश्यकता, स्वास्थ्य, पोषण तत्व, सरसफाइ र व्यापक जानकारी दिन सक्ने शिक्षा छन् ।
- गरिब परिवार र तिनको बालबालिकाको आवश्यकतामा गहिरो ध्यान पुऱ्याउदै विभिन्न समाजिक सुरक्षालाई एकीकृत गर्ने र व्यापक सामाजिक सामाजिक संरक्षण नीतिको विकास गर्ने; बालबालिका सहित गरिब परिवारलाई फाइदा पुग्ने खालको सामाजिक सुरक्षा पद्दति बन्नुपर्ने जसले बालबालिकाको गरिबीलाई सारभूत रूपमा सम्बोधन गर्न सकोस् ।
- प्रभावकारी सामाजिक सेवा प्रदान गर्ने जसले बालबालिकाको कल्याण गरोस्; त्यो कार्य जटिल छ । त्यसैले कार्यान्वयनको क्षमता सबल बनाउन तालिम प्राप्त पेशाकर्मीहरूलाई सार्वजनिक संस्थामा स्थापित गर्नुपर्छ तथा राम्रो र प्रभावकारी अनुगम संयन्त्र पनि विकास गर्नुपर्छ ।
- बालबालिका नयाँ गरिब समूह हुन् भन्ने कुरालाई राष्ट्रिय योजना र नीतिले विचार पुऱ्याउनुपर्छ । त्यसैले गरिबीमा रहेका बालबालिकालाई गरिबीबाट उकास्न बिस्तारित रणनीति र कार्यक्रम ल्याइनुपर्छ ।

# अध्याय ९ : बालबालिकाका अधिकार संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कार्य

नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्नमा सन् २००० मा स्थापित भएको राष्ट्रिय मानवअधिकार आयोगको महत्त्वपूर्ण भूमिका रही आएको छ । आयोग संवैधानिक निकाय रहेको हुँदा यसलाई संविधानले बिस्तृत अधिकार प्रदान गरेको छ, जस अनुसार मानवअधिकार हनन भएका उजुरी ग्रहण गर्ने, त्यसमा सोधखोज र अनुसन्धान गर्ने, अधिकार उल्लङ्घनकर्तालाई अभियोजन, विभागीय कारबाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्ने, अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू र मानवअधिकारको स्थितिको अनुगमन गर्ने, मानवअधिकारसम्बन्धी कानुन नीतिलाई पुनरावलोकन गर्ने र सुधारका लागि सुझाव प्रस्तुत गर्ने समेतका काम, कर्तव्य तथा अधिकार रहेका छन् । आयोग स्याहारसुसार दातृनिकायहरू, गैरसरकारी संस्था र नागरिक समाजको सहकार्यमा भेला र छलफल कार्यक्रममा संलगन हुनेगर्छ । यद्यपि मानवअधिकारको उल्लङ्घनको घटनाको अनुसन्धान आयोगको सबैभन्दा प्रमुख काम हो । यसको स्थापनाकालदेखि हालसम्म १०,००० उजुरीहरू आयोगसमक्ष प्राप्त भएका छन् । २०१०/११ मा मात्रै ३५५ वटा मानवअधिकार उल्लङ्घनका उजुरीहरू दर्ता भएका छन् । तीमध्ये केही अपहरण, हत्या, जबरजस्ती करणी, यातना, जमिनमुनि राखिएको विष्फोटक पदार्थको विस्फोटन आदि महत्त्वपूर्ण घटना रहेका छन् ।

आयोगले आवधिक रणनीतिक योजनाको विकास गर्दै, आफ्ना क्रियाकलापहरू प्राथमिकताका आधारमा व्यवस्थित गर्दै र आफ्नो कामलाई अरू सङ्गठित गर्दै व्यावसायिक रूपमा (आयोग २०११ रणनीतिक योजना) सञ्चालन गर्दै आएको छ । हाल आयोग आफ्नो चौथो रणनीतिक योजना (२०११-१४) द्वारा निर्देशित भई आफ्ना कार्यक्रमहरूमा संलग्न छ । ती रणनीतिक उद्देश्यहरू यस प्रकार छन् :-

१. दण्ड हिनतालाई गहिराईमा पुगेर (जरै देखि) समाप्त पार्नु ।

२. मानवअधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गर्नु र राज्यको दायित्वको अनुगमन गर्नु ।

३. राज्यका कानुन र नीतिहरूको परिपालन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गराउनु ।

४. आर्थिक, सामाजिक र सांस्कृतिक तथा सामुहिक अधिकार प्रयोगमा ल्याउने अवस्थाको विकास गर्नु ।

५. मानवअधिकारको संस्कृतिको विकास गर्न मानवअधिकार शिक्षालाई गुणस्तरीय बनाउनु ।

६. सङ्क्रमणकालीन न्यायका प्रकृया र संयन्त्रलाई सहयोग पुऱ्याउनु र मानवअधिकारमैत्री संविधान निर्माणमा सहयोग गर्नु ।

७. परिवर्तित सन्दर्भमा संस्थालाई व्यावसायिक र प्रभावकारी रूपमा काम गर्ने बनाउनु ।

## ९.१. बालअधिकारको सन्दर्भमा आयोगको भूमिका र क्रियाकलापहरू

बालअधिकार मानवअधिकारको एउटा सारभूत क्षेत्र हुनाले मुलुकमा बालअधिकारको रक्षाको लागि आयोग राष्ट्रिय रूपमा लागेको छ । आयोगको हालको रणनीतिक योजना (२०११-१४) ले पहिचान गरेको प्राथमिकता प्राप्त क्षेत्रमध्ये एउटा क्षेत्र ओगटेको, सामूहिक/समूह अधिकारका प्रवर्द्धन र संरक्षणअन्तर्गत बालबालिकाको अधिकार एउटा महत्त्वपूर्ण भाग हो ।

*बालबालिकाको बाँच्न पाउने, विकसित हुन पाउने, संरक्षण पाउने, सहभागी हुन पाउने अधिकारहरू गम्भीरतापूर्वक निष्कृय हुन पुगेका छन् । यसको कारण कमजोर आर्थिक, सामाजिक, राजनैतिक र सुरक्षाको अवस्था हो । बालबालिकाको बालश्रम, शोषण, भेदभाव, ओसारपसार, हिंसा, सैनिकीकरण, द्वन्द्वका प्रभाव, बाल-विवाह आदि प्रमुख समस्या हुन् । आयोग बालबालिकाको शिक्षा, स्वास्थ्य, हेरचाह, जोखिमपूर्ण हुने खालका बालश्रम रोक्न, शारीरिक दण्ड नदिने लगायतका बालअधिकार स्थापनका लागि बहस र अनुगमन गर्ने योजनामा जुटेको छ (नेपाल मानवअधिकार आयोग २०११)*


आयोगले आफूकहाँ एउटा छुट्टै बालअधिकार डेस्क स्थापना गरेको छ । यसका सबै काम र क्रियाकलापहरू त्यसै डेस्कबाट हुने तथा बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि संयोजित र सहकार्य हुने गरी सन्चालित छन् । आयोगको मुख्य भूमिका र क्रियाकलापहरू, खास गरेर बालअधिकारसँग सम्बन्धित कार्यहरू, बिस्तृत र अलगअलग रूपमा निम्नबमोजिम छन्:–

### ९.१.१ संरक्षणसँग सम्बन्धित

#### उजुरी लिने

माथि उल्लेख गरेझैँ उजुरी लिने काम आयोगको प्राथमिक काम हो । आयोगको स्थापना काल देखि हाल २०१०/११ सम्मका बालअधिकारको हनन भएका घटनाका जम्मा उजुरीहरू २६१ रहका छन् (रा.मा.अ.आ. २०१२) । ती उजरीहरू प्राप्त भएका सालको हिसाबले भएको बिस्तृत विभाजन तल चित्र ८ मा दर्शाइएको छ । बालअधिकारसँग सम्बन्धित सबै उजुरीहरूमा गैर न्यायिक हत्या, यातना, अपहरण, जबरजस्ती करणी वा यौनजन्य दर्व्यवहार, ओसारपसार, बम-विस्फोटन, विद्यालयमा आक्रमण र विद्यालय बन्द गर्ने लगायतका छन् ।

**चित्र ८ : राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता भएका बालअधिकार उल्लङ्घनका उजुरी**




*स्रोत : राष्ट्रिय मानवअधिकार आयोग (२०१२)*

माथिका चित्रमा उल्लेख गरिएअनुसार द्वन्द्व हुनुभन्दा दुई वर्षपहिला बालअधिकारको हनन भएका घटनाका उजुरीहरू व्यापक रूपमा बढेका थिए । सो द्वन्द्व सरकार र माओवादीका बीच बिस्तृत शान्ति-सम्झौता, २०६३ गरी समाप्त भएको थियो । आयोगको वार्षिक प्रतिवेदनअनुसार द्वन्द्वभन्दा पछि उजुरीहरू बिस्तारै घट्दै गएका छन् । बालअधिकारको हनन भएका कतिपय घटनामा उजुरी नपरेको देखिन्छ । बालअधिकारका विषयमा सचेतनाका अभावमा बालअधिकारको हनन तथा बालबालिकाको जीवन (बाँच्न पाउने हक) र विकासमा यसले पार्ने असर थाहा नपाएर नै त्यसरी उजुरी नपरेको वा जानकारीमा नआएको हुन सक्छ । धेरैजसो अवस्थामा अवस्थामा मानिसहरू त्यस्तो दुर्व्यवहारको उजुरी गर्न पनि चाहँदैनन् किनकि उजुरीका कारणले अरू नकारात्मक असर पर्ने वा अरू शोषित हुनुपर्ने भन्ने डरले उनीहरू उजुरी गर्दैनन् । त्यस अतिरिक्त दुर्गम क्षेत्रका मानिसहरू हालसम्म पनि राष्ट्रिय मानवअधिकार आयोग र यसको भूमिकाको बारेमा जान्दैनन् ।

## अनुसन्धान र अनुगमन

बालअधिकारको हनन भएका घटनाको उजुरी भएपछि आयोगले त्यसमाथि अनुसन्धान गरी ती अनुसन्धानको आधारमा रिपोर्ट तयार गरी कारबाहीको लागि सरकारसमक्ष सिफारिस गर्छ ।

उजुरी वा अनुसन्धान वा रिपोर्टमा आधारित रही विभिन्न ठाउँ र परिस्थितिमा रहेका बालबालिकाको अवस्थाको अध्ययन गरी आवश्यकताअनुसार तिनीहरूको संरक्षणका लागि आयोगले आफ्नो नियमित अनुगमन गर्ने गर्छ । त्यस्ता कार्यको केही उदाहरण बाल-गृहमा राखिएका बालबालिकाको अवस्थाको अनुगमन, राजनैतिक दलले बालबालिकालाई राजनैतिक उद्देश्यमा प्रयोग गरे नगरेको सम्बन्धमा तिनको कार्यक्रम र गतिविधिको अनुगमन तथा कारागार र बाल-सुधारगृहको अनुगमन गरी त्यहाँ रहेका बालबालिकाको अवस्थाको अनुगमन गर्ने, आदि छन् । त्यस अतिरिक्त आयोगले नियमित रूपमा आफ्नो कार्यक्रमअनुसार जिल्लाको अनुगमन गरी त्यहाँको बालबालबालिकाको अवस्थाको साङ्गोपाङ्गो अध्ययन गर्ने कार्य रहेको छ ।

## सिफारिस

राष्ट्रिय मानवअधिकार आयोगले सरकारसमक्ष दुई प्रकारका सिफारिस गर्नेगर्छ । उजुरीमा आधारित सिफारिस र नीतिमा आधारित सिफारिस । उदाहरणको रूपमा, आयोगका रिपोर्ट अनुसार ६८ वटा बालअधिकार हननका घटनामा आयोगले अनुसन्धान गरी सरकारसमक्ष सिफारिस गऱ्यो । आयोगले पीडितलाई क्षतिपूर्तिको लागि र बालअधिकारको उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीका लागि सरकारसमक्ष रिफारिस गऱ्यो ।

त्यस अतिरिक्त आयोगले बालअधिकारको पूर्णपालना र बालबालिकाको संरक्षण गर्न नीतिगत सिफारिसका रूपमा सरकारसमक्ष सिफारिस गरेको छ । सरकारले ती सिफारिस कार्यान्वयन गर्ने क्रममा बालबालिकालाई निःशुल्क शिक्षाको बन्दोवस्त गर्नुपर्ने, खुल्ला सीमानाका कारणबाट हुने महिला, बालबालिकाको ओसारपसार रोक्नु पर्ने, आवश्यक कानुन निर्माण गरी छाउपडी, झुमा, देउकी जस्ता हानीकारक सामाजिक रीतिरिवाज र चलन बन्द गर्नुपर्ने, विद्यालयलाई शान्तिक्षेत्र कायम गर्नुपर्ने, सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि संरक्षण र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्नुपर्ने, परिवार, समुदाय र राज्यद्वारा बालबालिका संरक्षण प्रत्याभूत गरिनुपर्ने, शैक्षिक संस्थामा दिइने शारीरिक दण्डको अन्त्य हुनुपर्ने, निःशुल्क स्वास्थ्य सेवा नीति र विशेष बालस्वास्थ्य कार्यक्रमको कार्यान्वयन हुनुपर्ने आदि छन् ।

**चित्र ९ : सरकारसमक्ष बालअधिकारसँग सम्बन्धित राष्ट्रिय मानवअधिकार आयोगका महत्त्वपूर्ण सिफरिस**

| क्र.सं. | सिफारिस | कार्यान्वयनको स्थिति |
|---|---|---|
| १. | शिक्षा मौलिक हक हो भन्ने स्थापित गर्न अनिवार्य शिक्षा सबै बालबालिकाको लागि प्राथमिकताका साथ लागू गर्न । | शिक्षा अनिवार्य गराउने कुनै कानुनी समाधान छैन यद्यपि शिक्षा सबैका लागि भन्ने कार्यक्रम सञ्चालित छ । |
| २. | महिला तथा बालबालिकाको सीमापार ओसारपसार रोक्न कानुनको निर्माण हुनुपर्ने । | अन्तरिम संसदले मानव बेचबिखन तथा ओसारपसार (कसुर तथा सजाय) ऐन, २०६४ बनाएको छ । |
| ३. | महिला तथा स-साना बालिकाहरू माथि हुने शोषण रोक्न र छाउपडी, झुमा, देउकीजस्ता परम्परागत प्रचचलनहरू बन्द गर्न कानुनको निर्माण गर्नुपर्ने । | सर्वोच्च अदालतले सरकारका नाममा निर्देशात्मक आदेश जारी गर्दै यस्ता परम्परागत चलनहरू हानिकारक हुन् र यस्ता चलन रोक्न कानुनको निर्माण गर्न भनिए पनि हालसम्म निर्माण भएको छैन । |
| ४. | शिक्षालाई बालअधिकारको रूपमा स्थापित गर्न विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्ने, विद्यालयमा आक्रमण रोक्नुपर्ने र कुनै प्रकारको पनि सैनिक क्रियाकलाप विद्यालय क्षेत्रभित्र गर्न नहुने । | बिस्तृत शान्ति-सम्झौता, २०६२ र नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकाको रक्षा र १८ वर्षबाट मुनिका बालबालिकालाई सैन्य भर्ना नगर्ने प्रावधान बनाएको छ । |
| ५. | सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको मानवअधिकारको रक्षाका लागि विशेष कार्यक्रम बनाई कार्यान्वयनमा लैजानुपर्ने । | द्वन्द्वमा परेका बालबालिकाको रक्षाका लागि प्रस्ताव गरिएको र सरकारको वार्षिक बजेटमा वार्षिक नीति र कार्यक्रम समावेश गरिएको छ । |
| ६. | बालबालिकाको परिवार, समुदाय र राज्यबाट जात/जाति, लिङ्ग, भाषा, धर्म, राष्ट्रियता वा सामाजिक उत्पत्ति र जन्मका आधारमा कुनै प्रकारको भेदभाव नगरिने कुरा सुनिश्चित गर्ने । | यस समस्याको समाधानका लागि नेपालको अन्तरिम संविधानमा यससम्बन्धी प्रावधान रहेको छ । |

| क.सं. | सिफारिस | कार्यान्वयनको स्थिति |
|---|---|---|
| ७. | द्वन्द्वका अवस्थामा बालबालिका सुरक्षित रहनसक्ने कुरा सुनिश्चित गर्ने । | बिस्तृत शान्ति-सम्झौताले आम द्वन्द्व समाप्त गरिसकेको, त्रिवर्षिय अन्तरिम योजना (२००७-२०१०) ले द्वन्द्वपीडितहरूको लागि विशेष प्रावधान र कार्यक्रम निर्धारित गरेको छ तर त्यस्ता द्वन्द्वपीडित बालबालिका र तिनीहरूको परिवारको तथ्याङ्क भने लिइएको छैन । |

## ९.१.२ प्रवर्द्धनात्मक र बहससम्बन्धी

बालअधिकारको प्रवर्द्धन र त्यससँग सम्बन्धित विषयको बहस गर्ने काम आयोगले गर्ने काममध्येको एउटा महत्त्वपूर्ण काम हो, जो आयोगले नियमित रूपमा गरिआएको छ । बालअधिकारका सम्बन्धमा सबै मानिस र सरोकारवालाहरूको सचेतनाको लागि आयोगका अङ्ग/शाखाले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गर्ने गरेको छ । त्यस्ता कार्यक्रम आयोजना गर्नुका पछाडि सहभागीहरूको सीप तथा ज्ञान वृद्धि हुनमा मद्दत पुग्छ र बालअधिकार रक्षाका लागि उनीहरूको क्षमता वृद्धि हुनेछ भन्ने आयोगले लक्ष्य राखेको छ । यस्ता प्रवर्द्धनात्मक क्रियाकलापमा सचेतना कार्यशाला, भेटघाट, अन्तरक्रिया, सल्लाह र सुझावसम्बन्धी बैठक, क्षमता विकास सम्बन्धित विभिन्न विषयका तालिम र सेमिनार, प्रेससँगको भेटघाट, प्रेस-विज्ञप्ति, आदि छन् ।

त्यसैगरी सम्बन्धित सरोकारवालासँग बालबालिकाको वार्तालाप तथा बहस कार्यक्रम र विशेषत: भावनात्मक कानुनी र नीतिगत विषयमा छलफल आदि कार्यक्रम आयोगले आयोजना गर्ने गरेको छ । यी क्रियाकलापहरू नीति र कानुनी परिर्तनका लागि बहसलाई औजारको रूपमा प्रयोग गरिनेछ । त्यस अतिरिक्त आयोगले बालबालिका र बालअधिकारसँग सम्बन्धित विशेष दिन वा पर्व आयोजना गर्दै विविध खालका कार्यक्रम आयोजना गर्ने गरेको छ ।

प्रकाशन तथा विभिन्न सामाग्री वितरणको कार्य पनि बालअधिकारको अर्को औजारका रूपमा आयोगले प्रयोग गरेको छ । वार्षिक रूपमा आयोगले बालबालिकाको नेपालमा भएको स्थितिका जानकारी गराउन "नेपालमा बालबालिकाको स्थिति" भन्ने प्रतिवेदन सार्वजनिक गरिआएको छ, आयोगले प्रतिवर्ष मानवअधिकारसम्बन्धी वार्षिक प्रतिवेदन र मानवअधिकार न्युज लेटर (समाचार पत्र) पनि मासिक रूपमा प्रकाशित गर्ने गरेको छ । जसमा बालअधिकारसँग सम्बन्धित समाचार, घटना र क्रियाकलापहरू समावेश गर्ने गरिन्छ । त्यस अतिरिक्त बालअधिकारसँग सम्बन्धित अन्य सामाग्री जस्तो–ब्रोसर, बुलेटिन, स्टिकर, आदि पनि आवश्कता अनुसार यदाकदा प्रकाशित हुने गर्छन् ।

### ९.१.३. कानुनी सल्लाह र सुझाव

कानुनी कामकारबाहीसँग सम्बन्धित कुरामा आयोगले सरकारलाई सल्लाह र सहायता प्रदान गर्ने गरेको छ । उदाहरणको लागि सरकारले नयाँ ऐन नियम बनाउँदाका बखत आयोगले आफ्नो विचार र सल्लाह दिने गर्छ । यसले भएका कानुन र नीतिको पुनरावलोकन गर्ने र सरकारलाई सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गर्छ । त्यसैगरी आयोगले सार्वभौम आवधिक प्रतिवेदन र नेपाल पक्ष भएका अन्य सन्धिसम्झौताबमोजिमका प्रतिवेदन बनाउँदा सरकारलाई सहायता प्रदान गर्दछ ।

### ९.१.४. अरू काम र क्रियाकलापहरू

माथि उल्लेख भएका तीन वटा कामका अतिरिक्त बालअधिकारसँग सम्बन्धित रहेका अन्य कामकुरा र क्रियाकलापमा आयोग सधैं कार्यरत रहेको छ । त्यस्ता कामहरूमा बालअधिकारसँग सम्बन्धित कुराको अनुसनधान गर्ने र विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाले आयोजना गरेको बैठक, कार्यशाला र अन्य कार्यक्रममा भाग लिने गर्दछ । बालबालिका आपतमा परेको जानकारी प्राप्त हुनासाथ आयोग आपतकालीन रूपमा बालबालिकाको उद्दार र पुनःस्थापनमा लाग्दछ । यसका लागि अरू सङ्घसंस्था वा निकायसँग संयोजन वा सहकार्य गर्ने; जस्तो सिविन नेपाल, नेपाल प्रहरी, सरकारी र गैरसरकारी सङ्घसंस्था आदि । कुनै बालबालिकालाई एकपटक त्यसरी उद्दार गरिसकेपछि तिनीहरूको आवश्यकताअनुसार मनो-सामाजिक सल्लाह, पुनःर्स्थापनका र अन्य सहायता पुग्ने कामको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

## ९.२ आयोगले अनुभूत गरेका चुनौतीहरू

आयोगले मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि निरन्तर रूपमा काम गरिरहेको र मुलुकमा तिनको अवस्था सुधारका लागि सधैं प्रयत्नशील रहिआएको छ । । तापनि आशा गरिएजस्तो परिणाम अझसम्म प्राप्त हुन सकेको छैन । अझ आफ्नो कामबाट राम्रो परिणाम ल्याउनका लागि आयोगले आफूले सामना गरिररहेको चुनौतीलाई पत्ता लगाई त्यसलाई सम्बोधन गर्ने कार्य गर्नुपर्छ । आयोगले धेरै प्रतिवेदनहरू बनाइसकेको छ र केही चुनौतीपूर्ण विषयलाई उजागर पनि गरेको छ । ती हुन्:–

- दिइएको सुझावहरूको सरकारद्वारा कार्यान्वयन नहुने र भएका पनि विलम्बसाथ भएका छन् ।
- अहिले पनि धेरै मानिसहरू राष्ट्रिय मानवअधिकार आयोग र यसका कामबारे अनभिज्ञ छन् ।
- आयोगप्रति सरकारको सोच सकरात्मक देखिएको छैन ।
- आयोगमा उजुरी दिनुपर्छ भन्ने ज्ञान आममानिसमा अझसम्म छैन ।

- आयोगसँग सहायता र सहयोग लिन आएकोहरूलाई सुरक्षाको अभाव छ ।
- राजनैतिक सङ्क्रमण र अस्थिरता सधैं कायमै छ ।
- बालअधिकार आयोगको योजना र नीतिको प्राथमिकता क्षेत्रमा परेको छैन ।
- बालबालिका र बालअधिकारको क्षेत्रमा काम गर्ने सङ्गठनहरूबीच समन्वयको अभाव रहेको छ ।

## ९.३. भविष्यका कामका लागि सुझावहरू

- अरू मानवअधिकारसँग सम्बन्धित संस्था तथा नागरिक समाजसँगको सहकार्यमा पीडितका अधिकार स्थापित गर्न आयोगका सिफारिसहरू कार्यान्वयनको लागि दबाब दिने । यसले आयोग प्रति जनविश्वास बढाउन सहयोग पुग्नेछ ।
- योजना कार्यान्वयनका क्रममा अनुगमन गर्न पीडितहरूलाई भेट्ने र सरकारलाई आयोगको सिफारिसको कार्यान्वयन सुनिश्चित गराउने ।
- आयोगको काम, कर्तव्य र भूमिका बारे जनतालाई सुसूचित गराउन बढीभन्दा बढी प्रवर्द्धनात्मक र प्रचारत्मक अभियान सञ्चालन गर्न आवश्यक छ । यसलाई बढी प्रभावकारी बनाउन सार्वजनिक सञ्चारका साधन प्रयोग गर्ने ।
- आयोगलाई प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयन गर्न तथा मानवअधिकार र बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि र बालअधिकारसँग सम्बन्धित सङ्गठनहरूसँग सहकार्य गर्ने ।

# सन्दर्भ सामाग्री

**कानुनहरू**

नेपालको अन्तरिम संविधान, २०६३
जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना (दर्ता) ऐन, २०५६
कमैया प्रथा निषेध गर्ने ऐन, २०५९
मुलुकी ऐन, २०२०
घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
शिक्षा ऐन २०२८
बालबालिकासम्बन्धी ऐन, २०४८
घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४
बालन्यायसम्बन्धी कार्यविधि नियमावली २०६४
नेपाल नागरिकता ऐन २०६३
बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६
बालबालिकासम्बन्धी ऐन, २०४८
आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९

## पुस्तक, रिपोर्ट र पत्र-पत्रिकाहरू


Acharya, S. and Luitel, B.C. (2006), The Functioning and Effectiveness of Scholarship and Incentives Schemes in Nepal, Kathmandu: UNESCO.

CBS (2003), Population Monograph of Nepal [Vol. I], Kathmandu: Central Bureau of Statistics.

CBS (2009), Report on the Nepal Labor Force Survey 2008, Kathmandu: Central Bureau of Statistics.

CCWB (2008), The State of Children of Nepal 2008, Kathmandu: Central Child Welfare Board.

CCWB (2010), The State of Children of Nepal 2010, Kathmandu: Central Child Welfare Board.

CCWB (2011), The State of Children of Nepal 2011, Kathmandu: Central Child Welfare Board.

Child Nepal (2008), Assessment on Implementation of Core Human Rights Treaties with Special Focus on International Convention on the Rights of the Child (CRC), Human Rights Treaty Monitoring Committee, Kathmandu.

## सन्दर्भ सामाग्री

CVICT, UNICEF Nepal and EJG (2004), A Study on the System of School Discipline in Nepal, Kathmandu: Center for Victims of Torture, UNICEF Nepal and Education Journalists' Group.

CWIN and Save the Children (2011), A Study on the Sexual Abuse of Street Boys in Kathmandu [Research Report], Kathmandu: Child Workers in Nepal Concerned Centre.

CWIN and Save the SCNN (2003), Silent Suffering: Child Sexual Abuse in the Kathmandu Valley, Kathmandu: Child Workers Concerned Centre and Save the Children Nepal (Norway).

CWIN and SCSN (2006), Children Affected by Armed Conflict, Kathmandu: Child Workers in Nepal Concerned Centre and Save the Children Nepal (Norway).

CWISH (2010), Status of Child Domestic Workers in Kathmandu Valley, Kathmandu: Children-Women in Social Service and Human Rights.

FHD (2009), Nepal Maternal Mortality and Morbidity Study 2008/09, Kathmandu: Family Health Division, Ministry of Health, Nepal.

Gajurel, D.P. (2007), Child Rights in Nepal, [Unpublished Manuscript], Kathmandu: Nepal Law Campus, Tribhuvan University.

Harper, C., Marcus, R. and Moore, K. (2003), Enduring Poverty and the Conditions of Childhood: Life Course and Intergenerational Poverty Transmissions, World Development 31(3).

ILO & CBS (2012), Nepal Child Labour Report: based on data drawn from the Nepal Labor Force Survey 2008, Kathmandu: ILO.

ILO (2001), Trafficking in Girls with Special Reference to Prostitution in Nepal: A Rapid Assessment, Geneva: ILO.

ILO/IPEC (2002), Internal Trafficking Among Children and Youth Engaged in Prostitution, Geneva: ILO, International Programme on Elimination of Child Labor (IPEC) .

Index Mundi (2012), Nepal/Demographics [Accessed May 12, 2012 http://www.indexmundi.com/nepal/#Demographics]

INSEC (2012), Human Rights Yearbook-2012, Kathmandu: Informal Sector Service Centre.

Malla S.P. & Sinha A.K. (2004), Philanthropy and Law in Nepal, Asia Pacific Philanthropy Consortium, Philippines.

MOE (2009), School Sector Reform Plan 2009-2015, Kathmandu: Ministry of Education.

MOE/DOE (2009b), Flash I Report 2066 (2006-10), Kathmandu: Ministry of Education.

MOE/DOE (2012), Flash I Report (2011-12), Kathmandu: Department of Education.

MOE/OCE (2012), Press Release [June 13, 2012], Bhaktapur: Office of the Controller of Examinations [Retrieved 06 August 2012 http://soce.gov.np/wp-content/uploads/2012/03/Press Release 2069.pdf]

MOHP [Nepal], New Era and Macro International Inc. (2007), Nepal Demographic Health Survey 2006, Calverton, Maryland: Ministry of Health and Population, New Era and Macro International Inc.

MOHP [Nepal], New Era, and ORC Macro (2002), Nepal Demographic and Health Survey 2001, Calverton, Maryland: Ministry of Health and Population, New Era and ORC Macro.

MOHP [Nepal], New Era, ICF International Inc. (2012), Nepal Demographic and Health Survey 2011, Kathmandu, Nepal: Ministry of Health and Population, New Era and ICF International, Calverton, Maryland.

MOHP/DOHS (2008), Department of Health Services Annual Report 2008. Kathmandu: Ministry of Health and Population/ Department of Health Services, Nepal.

MOHP/DOHS (2012), Annual Report 2010-2011. Kathmandu: Ministry of Health and Population/ Department of Health Services.

MOLT (2004), National Master Plan on Child Labor (2004-2014), Ministry of Labor and Transport Management.

MOWCSW (2006), A Study on Cabin, Dance Restaurant and Massage Parlor, Kathmandu: Ministry of Women, Children and Social Welfare.

NCASC (2010), National Estimates of HIV Infections 2009 Nepal, Kathmandu: National Centre for AIDS and STD Control.

NCASC (2012), Nepal Country Progress Report (To Contribute to Global AIDS Response Progress Report 2012), Kathmandu: National Centre for AIDS and STD Control.

New Era and USAID (2005), Study of Children in Children Homes in Nepal, Kathmandu: USAID.

NHRC (2008), Child Rights: Status of the Implementation of Recommendations, Lalitpur: National Human Rights Commission.

NHRC (2011), Annual Report 2010/11, Lalitpur: National Human Rights Commission.

NHRC (2012), Strategic Plan 2011-2014, Lalitpur: National Human Rights Commission.

Noard (2009), Joint Evolution of Nepal's Education for All 2004-2009 Programme [Evaluation Report 1/2009], Oslo: Norwegian Agency for Development Cooperation

NPC (2002), The Tenth Plan, Kathmandu: National Planning Commission.

NPC (2007), The Three Year Interim Plan 2007/08-2009/10, Kathmandu, National Planning Commission.

NPC (2010), The Three Year Plan (2010/11-2012/13), Kathmandu: National Planning Commission.

NPC, New Era, UNICEF (2010), Child Poverty and Disparities in Nepal, Kathmandu, Nepal: National Planning Commission, New Era and UNICEF.

NPC, UNCT [Nepal] (2010), Millennium Development Goals Progress Report 2010, Kathmandu: National Planning Commission, United Nation Country Team of Nepal.

## सन्दर्भ सामाग्री


NPC, UNICEF and New Era (2001), A Situation Analysis of Disability in Nepal, Kathmandu: National Planning Commission, UNICEF and New Era.

Partnership for Protecting Children in Armed Conflict-PPCC (2010), Children affected by Armed Conflict in Nepal: Recommendation to the Security Council Working Group [Retrieved 13 August 2012 http://watchlist.org/wordpress/wp-content/uploads/WL-Briefing-Note-Nepal-20101.pdf]

Plan Nepal (2002), A Qualitative Study on Violation of Children Rights: Due to Abuse, Exploitation and Harassment in 24 Schools of 14 VDCs in Banke District, Kathmandu: Plan Nepal.

SAATHI (1997), A Situational Analysis of Violence against Women and Girls in Nepal, Kathmandu: SAATHI.

Save the Children (2011), Submission by Save the Children Nepal for the Universal Periodic Review-10th Session, Kathmandu: Save the Children.

SDC/TfE (2007), Vocational Pathways: Conceptual Framework of Education, Vocational Training and Learning for Nepal, Kathmandu: Swiss Development Cooperation/Training for Employment.

TDH & UNICEF Nepal (2008), Adopting the Rights of the Child: A Study on Inter-country Adoption and Its Influence on Child Protection in Nepal, Kathmandu: Terre des homes and UNICEF.

UNICEF (2006), Situation of Children and Women in Nepal, Kathmandu: UNICEF.

UNICEF (2010a), Mid-Term Review of Country Programme of Cooperation between the Government of Nepal and UNICEF 2008-2010 (Report), Kathmandu: UNICEF.

UNICEF (2010b), Mobilizing Communities for Child Protection (A Resource Kit), Kathmandu: UNICEF.

UNICEF (2012), The State of the World's Children 2012, New York: UNICEF.

UNICEF Nepal (2004), Mapping and Assessment of Institutional Care for Children in Nepal, Kathmandu: UNICEF Nepal.

WHO (2002), World Report on Violence and Health, Geneva: World Health Organization.


## समाचारपत्रहरू


कान्तिपुर (अप्रिल १७, २०१२)
रिपब्लिका (अप्रिल ०८, २०११)
रिपब्लिका (जुन ०४ २०१२)
द हिमालयन टाइम्स (अगस्त १३, २०११)
द हिमालयन टाइम्स (डिसेम्बर ०८, २०११)
द हिमालयन टाइम्स (मार्च ३०, २०१२)
द काठमाडौं पोष्ट (नोभेम्बर २४, २०११)
द काठमाडौं पोष्ट (जुलाई ०५, २०१२)
द राइजिङ नेपाल (मार्च २७, २०१२)

# अनुसूचीहरू

## अनुसूची १

बालबालिकासँग सम्बन्धित सहस्राब्दी विकास लक्ष्यहरू : सूचकहरू, राष्ट्रिय लक्ष्य र प्रगति

| उद्देश्यहरू | सूचकहरू | स्थिति र उपलब्धि | | | | लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | १९९० | २००० | २००५ | २०१० | २०१५ |
| **१. अत्यन्त गरिबी र भोकमरी निवारण** | दैनिक १ डलरभन्दा कम आय भएका जनसङ्ख्याको अनुपात (%) | ३३.५ | - | २४.१ | १९.७ | १७ |
| | राष्ट्रिय गरिबीको रेखाभन्दा मुनि परेका जनसङ्ख्याको अनुपात (%) | ४२ | ३८ | ३१ | २५.४ | २१ |
| | न्यूनत्तम तहभन्दामुनि खानामा पौष्टिक शक्तिको कमी रहने जनसङ्ख्याको अनुपात (%) | ४९ | ४७ | ४० | २२.५ | २५ |
| | कम तौल भएका ६-५९ महिनासम्मका बालबालिकाको अनुपात (%) | ५७ | ५३ | ४३ | ३८.६ | २९ |
| | कम उचाइ भएका ६-५९ महिनासम्मका बालबालिकाको अनुपात (%) | ६० | ५५ | - | ४९ | ३० |
| **२. सार्वभौम प्राथमिक शिक्षाको उपलब्धि** | प्राथमिक तहमा खुद दर्ता (%) | ६४ | ८१ | ८६.८ | ९३.७ | १०० |
| | ५ कक्षासम्म रहिरहेका (%) | ३८ | ६३ | ७९.१ | ७७.९ | १०० |
| | १५-२४ वर्ष सम्मकाको साक्षरता दर (%) | ४९.६ | ७०.१ | ७९.४ | ८६.५ | १०० |
| **३. लैङ्गिक समानता र महिला सशक्तिकरणको प्रवर्द्धन** | प्राथमिक तहमा बालक र बालिकाको अनुपात (%) | ०.५६ | ०.७९ | ०.९० | १.० | १.० |
| | माध्यमिक तहमा बालक र बालिकाको अनुपात (%) | ०.४३ | ०.७० | ०.८४ | ०.९३ | १.० |
| | उच्च-माध्यमिक तहमा बालक र बालिकाको अनुपात (%) | ०.३२ | ०.२८ | ०.५० | ०.६३ | १.० |
| | १५-२४ वर्षसम्मका महिला र पुरुषको साक्षरता दर (%) | ०.४८ | - | ०.७३ | ०.८३ | १.० |
| **४. बाल-मृत्युदरको न्यूनीकरण** | ५ वर्षमुनिका बालबालिकाको मत्युदर | १६२ | ९१ | ६१ | ५० | ५४ |
| | शिशु-मृत्युदर | १०८ | ६४ | ४८ | ४१ | ३६ |
| | १ वर्षसम्मका बालबालिकाको दादुरा खोप लगाइएको अनुपात | ४२ | ७१ | ८५ | ८५.६ | >९० |
| **५. मातृ स्वास्थ्यमा प्रगति** | मातृ-मृत्युदर | ८५० | ४१५ | २८१ | २२९ | २१३ |
| | तालिमप्राप्त सुडिनीद्वारा बच्चा जन्माइएको अनुपात | ७ | ११ | १८.७ | २८.८ | ६० |
| | परिवार नियोजनको साधनको प्रयोग भएको | २४ | ३९ | ४४.२ | ४५ | ६७ |
| | बच्चा जन्मनु अगाडिको स्वास्थ्य सेवा : | | | | | |
| | कम्तीमा १ पटक | - | ४८.५ | ७३.७ | ८९.९ | १०० |
| | कम्तीमा ४ पटक | - | १४ | २९ | ५०.२ | १०० |

**अनुसूचीहरू**

| उद्देश्यहरू | सूचकहरू | स्थिति र उपलब्धि | | | | लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | १९९० | २००० | २००५ | २०१० | २०१५ |
| **६. एच.आई.भी एड्स, औलो र अरू रोगहरूको निरोध** | १५-४९ वर्षका मानिसमा एच.आई.भी. एड्स भएको | - | ०.२९ | ०.५ | ०.४९ | ०.३५ |
| | अनाथ तथा बाबआमा भएका १०-१४ वर्षसम्मका बालबालिकाको विद्यालय जाने अनुपात | - | - | - | - | - |
| | औलो लागेका मानिसको अनुपात | १.९६ | ०.७९ | ०.२७ | ०.१६ | - |
| | झुलभित्र सुत्ने ५ वर्षसम्मका बालबालिकाको अनुपात | - | - | ४८.२ | ९६.७ | - |
| | औलो निरोधक उपचार पाएका ५ वर्षसम्मका बालबालिकाको अनुपात | - | - | ३.२३ | २.८५ | - |
| **७. वातावरणीय स्थिरताको सुनिश्चितता** | सफा खानेपानीको स्रोतको प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | ४६ | ७३ | ८१ | ८० | ७३ |
| | सरसफाइको सुविधा प्राप्त गर्ने जनसङ्ख्याको अनुपात | ६ | ३० | ३९ | ४३ | ५३ |
| | झोपडपट्टीमा रहने जनसङ्ख्या | - | ११,८५० | १८,००० | ५०,००० | - |

# अनुसूची २

| क्षेत्र | सिफारिस |
|---|---|
| **कानुन र नीति** | • खास गरेर बालबालिकासम्बन्धी ऐन २०४८ का कानुन पालनाको उपलब्धिको प्रकृयालाई सबल बनाउन निरन्तर लाग्नुपर्ने, महासन्धिका प्रावधान र सिद्धान्तलाई भइरहेको कानुनी प्रावधानको साथ सबलीकरण गर्ने, बालबालिकाको संरक्षण र तिनीहरूको हक प्रवर्द्धन गर्ने ; राष्ट्रिय कार्ययोजनाको पुग्दो स्रोत परिचालन गर्ने र प्रभावकारी कार्यान्वयनको लागि नागरिक समाजलाई समावेशी गर्ने । |
| **संयोजन र सहकार्य** | • महासन्धिको कार्यान्वयनसँग सम्बन्धित सबै क्रियाकलापहरूको सहकार्य, अनुगमन र मूल्याङ्कनका लागि एकल अन्तर मन्त्रालय र अन्तर संस्था संयन्त्रको स्थापना गर्ने र त्यो कार्यान्वयन गर्दा योजना आयोगसँग निकट रही सहकार्य गर्ने ।<br>• महासन्धिको पूर्ण कार्यान्वयनका लागि नागरिक समाजको भूमिका बिस्तार गर्ने र नागरिक समाज सङ्गठनलाई स्वतन्त्र रूपमा कार्य गर्न बाधा पार्ने कानुनी, व्यवहारिक र प्रशासनिक अवरोधलाई हटाउने । |
| **अनुगमन र तथ्य सङ्कलन** | • राष्ट्रिय मानवअधिकार आयोगको र अन्य स्वतन्त्र अनुगमन गर्ने संस्थाको स्वतन्त्रता र प्रभावकारीतालाई कायम राख्न र त्यस्ता संस्थालाई पर्याप्त आर्थिक र मानवीय स्रोत जुटाई तिनीहरूलाई प्रभावकारी रूपमा महासन्धिका कार्यान्वयनको अनुगमन गर्न सक्षम बनाउने ।<br>• महासन्धिसँग मिल्दो अवस्थाको सूचकहरू र तथ्य सङ्कलनको पद्धिति विकास गर्ने, लिङ्ग, उमेर, विकास र निर्भरता आदिमा तथ्याङ्कलाई अलग्याउने र ती कमजोर बालबालिकालाई विशेष महत्वका दिई कानुन, नीति र कार्यक्रमहरू सुत्रबद्ध गर्ने । |
| **बालबालिकाका लागि स्रोत** | • बालअधिकारका लागि प्राप्त स्रोतको अधिकतम उपयोग गर्ने हिसाबले बजेटमा प्राथमिकताको क्रममा राखेर कार्यान्वयनको निश्चितता कायम गर्ने, त्यसो गर्दा अन्तर्राष्ट्रिय सहयोगको ढाँचाअनुसार अधिकारमा आधारित पद्दतिमा प्रयोग गर्ने । |
| **भेदभाव नगर्ने** | • महासन्धिमा परेका बालबालिकाका सबै अधिकारहरूले आ-आफ्नै क्षेत्रमा ढुक्कसँग उपयोगी र उपयुक्त कानुनको निर्माण गर्ने र व्यापक सार्वजनिक सूचनाको अभियान चलाउने जसले सबै प्रकारका भेदभावलाई रोक्न र निवारण गर्न सकुन्, कमजोर बालबालिकालाई प्राथमिकतामा राखेर सामाजिक सेवा गर्ने । |

| क्षेत्र | सिफारिस |
| --- | --- |
| **आधारभूत स्वास्थ्य र हित** | • स्वास्थ्य सेवाका पूर्वाधारको स्तरोन्नतिका लागि सबै प्रकारका आवश्यक उपाय अवलम्बन गर्ने, आधारभूत स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितताका गर्नको लागि प्रचुर स्रोत उपलब्ध गराइयोस्, सो सेवामा सबै बालबालिकालाई आधारभूत औषधी उपलब्ध गराउने र ग्रामीण क्षेत्रलाई लक्षित गर्दै जन्मेका सबै बालबालिकाको बाँच्ने क्षमतासम्म पुग्ने, प्राथमिक स्वास्थ्य सेवाको बिस्तार गर्ने, विशेष ध्यान दिएर गम्भीर खतरा समूहमा रहेका बालबालिकाको रोग निर्मूल पार्ने । |
| **शिक्षा, फुर्सद र सांस्कृतिक क्रियाकलाप** | • सबै बालबालिकाका लागि प्राथमिक शिक्षा अनिवार्य बनाउने, बालबालिकाको विद्यालय भर्ना र हाजिरी बरोबरी गर्ने उपायलाई बलियो बनाउने कुरालाई निरन्तरता दिने, प्राथमिक विद्यालय तह र माध्यमिक तहबाट विद्यालय छोडेर जानेक्रमलाई घटाउने, सबैको पहुँच बढाउनका लागि अरू थप उपाय खास गरेर बालिकाको हकमा अवलम्बन गर्ने, बालबालिकाका बीचको भेदभाव समाप्त गरी सबैका लागि शिक्षाको व्यवस्था गर्ने, भौतिक संरचना विकास गरी स्तरीय शिक्षाको व्यवस्था गर्न उपाय अवलम्बन गर्ने, सबै विद्यालयमा आवश्यक सामग्री उपलब्ध गराउने, शिक्षक तालिमको लागि गरिने प्रयासलाई प्राथमिकतामा राख्ने, योग्य शिक्षक नियुक्तिको बिस्तार गर्ने, त्यसमा पनि महिला र जनजातिका समूहकालाई प्राथमिकतामा राख्ने, गरिब र सीमान्तकृत बालबालिकाका लागि निर्धारित गरिएका सबै कार्यक्रम पूर्ण कार्यान्वयनमा ल्याउने, शिक्षालाई समर्थवान बनाउने, मानवअधिकार तथा बालअधिकारलाई शिक्षाको सबै तहको पाठचक्रममा समावेश गर्ने । प्राथमिकताकै रूपमा द्वन्द्वले शिक्षामा पारेको नकारात्मक प्रभावलाई घटाउन सबै प्रकारका उपाय अवलम्बन गर्नुपर्ने, द्वन्द्वका बेला भत्काइएका विद्यालय पुनः निर्माण गरी सञ्चालन गर्नुपर्ने । |
| **नागरिक अधिकार, स्वतन्त्रता र संरक्षण** | • स्थानीय शासनका निकायले सक्रियताका साथ बालबालिकाको जन्मदर्ता समयमा र प्रभावकारी ढङ्गले गरिने कुरामा सुनिश्चित गर्ने, महासन्धिले उल्लेख गरेझैं सबै कुराको परिपालना हुने गरी सम्बन्धित कानुनमा संशोधन गर्ने, नीतिमा परिवर्तन गरी शरणार्थी र अन्य बालबालिकाको जन्मदर्ता यस मुलुकमा हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने ।<br>• सम्बन्धित कानुनमा संशोधन गरी बालबालिकालाई परिवार, विद्यालय र अन्य शिक्षण संस्थामा दुर्व्यवहार र शारीरिक |

| क्षेत्र | सिफारिस |
| --- | --- |
| | दण्डसमेत निषेध गर्ने, मातापिता, शिक्षक र अन्य व्यवसायिलाई शारीरिक दण्ड दिने काम राम्रो होइन भन्ने जानकारी दिन अभियान नै सञ्चालन गर्ने र वैकल्पिक रूपमा सकारात्मक र हिंसा नहुने खालको अनुशासनको व्यवस्था सुनिश्चित गर्ने ।<br>• विखण्डित परिवारलाई पुनः एकिकरण गर्न प्रभावकारी उपाय अवलम्बन गर्ने, आवश्यक हेरचाह, सुविधा, गुणस्तरिय मापदण्डको सुनिश्चितता हुनुपर्ने र उनीहरू दर्ता तथा नियमित अनुगमन गरिनुपर्ने । त्यस्ता सुविधाहरू अन्तिम स्रोतका रूपमा र सकेसम्म छिटो प्रयोग गर्ने ।<br>• कारागारमा बालबालिका आमाबाबुसँग रहने बस्ने गरी वर्तमानमा भइरहेको चलन, बालबालिकाको स्वच्छ विकासका लागि हानीकारक हुने हुँदा त्यसमा वैकल्पिक व्यवस्था गरी बरु बारम्बार भेटघाट र सम्पर्कको व्यवस्था गर्ने ।<br>• बालबालिकाको संरक्षण र अन्तर्राष्ट्रिय धर्मपुत्र बनाउन भएको हेग महासन्धिको अनुमोदन गर्ने, हाल भएको धर्मपुत्र/पुत्री बनाउने सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्ने, बाबुआमा गरिब भएमा विदेशीलाई धर्मपुत्र/पुत्री दिने कानुनी आधार हुने व्यवस्थालाई हटाई, विदेशीलाई नेपाली बालबालिका धर्मपुत्र/पुत्री दिने नयाँ व्यवस्था गरी कडाइको साथ लागू गर्ने ।<br>• बढ्दो बालदुर्व्यवहार, तिरस्कार र घरेलु हिंसाका घटना सम्बोधन गर्न व्यापक रणनीति अवलम्बन गर्नुपर्ने, बाल संवेदन्शीलताको तरिकाले उजुरी प्राप्त गर्ने, अनुगमन गर्ने र अनुसन्धान गर्ने कानुन ल्याउने र प्रभावकारी संयन्त्र बनाउने, बाल दुर्व्यवहारको अपराधीलाई ठीक तरिकाले अभियोजित गरिने कुरा सुनिश्चित गर्ने, सही ढङ्गले साक्षी र पीडित संरक्षण गर्ने, यौनदुर्व्यवहारको पीडितलाई भौतिक र मनोवैज्ञानिक रूपमा पूर्वावस्थामा ल्याउन र समाजमा पुनर्स्थापित गराउन र दुर्व्यवहारको पीडित, अपहेलित, दुर्व्यवहारमा भएको हिंसा र शोषणमा परेका अन्य बालबालिकाका लागि सेवा प्रदान गर्ने ।<br>• बालबालिकाको शारीरिक र मनोवैज्ञानिक हानी गर्ने खालका परम्परागत चलन, त्यस्ता हानी गर्ने चलनमा देउकी, वादी, कुमारी, झुमा, कमलरी, छाउपडि र बालविवाहलाई उन्मुलन गर्न आवश्यक उपाय अवलम्बन गर्ने, त्यसका लागि सचेतना कार्यक्रम बढाउने, कामलाई टेवा दिने र त्यस्ता चलन निषेध गर्न आवश्यक कानुन ल्याउने । |

| क्षेत्र | सिफारिस |
|---|---|
| | • सबै आन्तरिक रूपमा बेघर भएका शरणार्थी र शरण खोजिरहेका बालबालिका र तिनीहरूका परिवारलाई स्वास्थ्य सेवामा पहुँच, शिक्षासेवा र त्यस्तै महासन्धिले प्रदान गरेका सबै अधिकारको संरक्षणका साथै जन्मदर्ताको अधिकार समेतलाई प्राथमिकताको विषय मानेर त्यसलाई सुनिश्चित गर्ने ।<br>• बालबालिका जो द्वन्द्वबाट पीडित भएका छन्, आर्थिक र मानवयि स्रोत स्थापना गरी, ती बालबालिकाको अधिकारको कार्यान्वयनको लागि व्यापक फराकिलो नीति र कार्यक्रम विकास गर्नुपर्ने ।<br>• बालबालिकाद्वारा गरिने लागूऔषध र मादक पदार्थको दुर्व्यसन रोक्न चासो लिनुपर्ने, जनचेतना जगाउने अभियान समेत सञ्चालन गर्ने, बालबालिका जसले लागूऔषध र मादकपदार्थ वा त्यस्तै हानिकारक पदार्थको दुर्व्यसन गर्नेलाई प्रभावकारी रूपमा तिनको उपचार र परामर्शद्वारा सबल बनाउने र पुनर्स्थापनाको लागि आवश्यक कानुन र त्यसको प्रभावकारी कार्यान्वयनका साथै त्यस्ता कानुनद्वारा लागूऔषधको बिक्री, प्रयोग र ओसारपसारसमेत निषेध गर्न प्रारम्भ गर्नुपर्ने ।<br>• सडक बालबालिकाको कारण र क्षेत्रको अध्ययन गरिनुपर्ने, त्यसलाई सम्बोधन गर्ने एउटा व्यापक रणनीति तयार गर्ने, बढ्दो सङ्ख्याका सडक बालबालिकाको त्यो सङ्ख्या रोक्न र यस अवस्थालाई कम गर्न प्रभावकारी उपाय अवलम्बन गर्ने, त्यस्ता बालबालिकालाई पर्याप्त पौष्टिक भोजन, कपडा, घर, स्वास्थ्य सेवा, शिक्षाको अवसरका साथै व्यावसायिक, शिक्षा र तालिम दिएर तिनको विकासको प्रत्याभुति गर्ने, तिनीहरूलाई पहिलेकै अवस्थामा ल्याई तिनका परिवार र समुदायसँग पुनर्मिलनको सेवासमेत प्रदान गर्ने ।<br>• १८ वर्षमुनिका बालबालिकालाई हुने लैङ्गिक दुर्व्यवहार र शोषण रोक्न आवश्यक कानुनको निर्माण र प्रभावकारी तथा बिस्तृत नीति बनाई त्यस्ता बालबालिकामा भइरहेको ठाउँ र कारण जसले बालबालिकालाई खतराको अवस्थामा पुऱ्याउँछन्, ती शोषणको शिकार हुन्छन्, खास गरेर वादी र त्यस्तै तल्लो जातिकाहरूलाई संरक्षण प्रदान गर्ने, अपराधीकरणबाट जोगाएर बालबालिकाको लैङ्गिक शोषणबाट मुक्त गरी त्यस्तो अपराध गर्ने अपराधीलाई उचित प्रकारले अभियोजित गर्ने सुनिश्चितता हुनुपर्ने । |

| क्षेत्र | सिफारिस |
|---|---|
| | • कमैया प्रथाको चलन उन्मुलन गर्न भइरहेको कानुनको कार्यान्वयनलाई सबल बनाउनु, बालबालिकाबाट गराइने त्यस्ता श्रमलाई सबै प्रयासबाट रोकथाम गरी उनीहरूलाई हानी गर्ने खालका श्रम गर्न नपर्ने कुरा सुनिश्चित गर्ने । उनीहरूलाई त्यस्ता श्रमबाट झिकेर निरन्तर रूपमा शिक्षामा पहुँच पुऱ्याउनुपर्ने, बालबालिकाले श्रम गर्न नपर्ने कानुनको कार्यान्वयन राम्ररी हुनुपर्ने र अनौपचारिक क्षेत्रमा पनि सो कानुन र नीतिको पूर्ण कार्यान्वयनको प्रत्याभूति पनि हुनुपर्ने । जनसाधारणलाई शिक्षित बनाउन सार्वजनिक सचेतनाको अभियान सञ्चालन गर्नुपर्ने एवम् सामाजिक एकीकरणबाट त्यस्ता कामदारलाई कमैया प्रथाबाट उन्मुक्ति प्रदान गर्न प्रभावकारी उपाय सुनिश्चित गर्नुपर्ने ।<br>• व्यापक कानुनी संरचना विकास र त्यस्ता कानुनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संयन्त्र खडा गर्दै समुदायमा सचेतना बढाई बालबालिकालाई बेचिन, ओसारपसार गरिन र अपहरणबाट बचाउने, पीडित बालबालिकालाई उचित सहायता र समर्थन जुटाउने र आफ्नो पूर्वावस्थामा फर्किन पर्खिरहेका बालबालिकालाई आधारभूत सेवाको प्रत्याभूतिका दिने, भारत लगायतका छिमेकी मुलुकसँग बालबालिकाको बिक्रि, ओसारपसार र अपहरण रोक्न गरिएका दुई पक्षीय सम्झौताका आधारमा त्यस्ता कार्य रोकी उनीहरूलाई संरक्षण प्रदान गर्दै सुरक्षित रूपमा आफ्नो परिवारमा फर्काउनुपर्ने ।<br>• बालन्यायका हकमा हाल प्रचलनमा रहेका कानुन र नीतिलाई बाल-महासन्धिको मापदण्डअनुरूप पुनरावलोकन गरी त्यस्ता कानुनलाई पूर्ण कार्यान्वयनमा ल्याउनुपर्ने, त्यसका साथै बाल-न्यायप्रशासन (बेजिङ रुल्स) का लागि संयुक्त राष्ट्रसङ्घीय न्यूनत्तम मापदण्ड र बालअधिकार रोक्ने संयुक्त राष्ट्रसङ्घीय मार्गदर्शन ( रियाद मार्गदर्शन) समेतलाई मध्यनजर गरी बालन्याय र मानवअधिकारका लागि सम्बन्धित न्यायकर्मीलाई तालिम दिनुपर्ने । |
| **बालबालिकाको विचारलाई सम्मान** | • बालबालिकाका विचारलाई प्रोत्साहन र सहजीकरण गर्नुपर्ने, उनीहरूलाई असर पार्ने समाजका हरेक क्षेत्र खास गरेर परिवार, विद्यालय, समुदायका सबै विषयमा उनीहरूको सहभागिताको प्रत्याभूति गर्नुपर्ने र उनीहरूलाई कानुनद्वारा प्रदत्त बालअधिकारसम्बन्धी जानकारी उनीहरूका मातापिता, शिक्षक, सरकारी कर्मचारी, न्यायक्षेत्र र समग्रमा समाजलाई प्रदान गर्ने लक्ष्यमा उनीहरूका विचार र सहभागितालाई उचित रूपमा स्थान दिने उद्देश्य राख्नुपर्ने । |

| क्षेत्र | सिफारिस |
|---|---|
| **सामाजिक सुरक्षा र समर्थन** | • बालबालिकाको गरिबीका कारणले उनीहरूका अधिकारलाई पारेको प्रभाव समेतको अनुगमन गर्ने र उनीहरूलाई आवश्यक समर्थन र आर्थिक रूपमा विपन्न परिवारलाई भौतिक सहायता प्रदान गरेर उनीहरूलाई बाँच्नका लागि पर्याप्त जीवनस्तर उक्सने प्रत्याभूति दिने, सुरक्षाको नीतिलाई पारिवारिक रूपमा सुरक्षित गर्न घनीभूत बनाउने नीति र प्रभावकारी रणनीतिका साथ सामाजिक सुरक्षा प्रदान गर्ने र बालबालिकालाई फाइदा पुग्ने गरी गरिबी निवारणका साथै शिक्षा प्रदान गर्ने रणनीतिद्वारा बालबालिकाको अधिकारलाई अझ सुदृढ गर्ने नीति बनाई गरिबी उन्मुलन गर्ने । |

# अनुसूची ३

१. **परामर्श बैठकका सहभागीहरू**
**ओखलढुङ्गा (मे १३–१४, २०१२)**

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | सागरमणि पराजुली | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा |
| २ | राधाकृष्ण श्रेष्ठ | स्था.वि.अ., जिल्ला विकास समिति, ओखलढुङ्गा |
| ३ | सुदानकुमार सिजापति | डि.एस.पी., जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा |
| ४ | सत्यदेवी अधिकारी | महिला तथा बालबालिका कार्यालय |
| ५ | लेखराज कार्की | शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय |
| ६ | टुकराज निरौला | जिल्ला सचिव, नेपाल बार एसोसिएसन |
| ७ | शिवकुमार ढुङ्गाना | इन्सेक जिल्ला प्रतिनिधि |
| ८ | राजकुमार कार्की | असल शासन |
| ९ | गोपालमान थापा | सामुदायिक वन उपभोक्ता समिति |
| १० | गुरुबहादुर बस्नेत | नेपाल बार एसोसिएसन |
| ११ | चन्द्र बजगाईं | जिल्ला कारागार |
| १२ | सुवास भट्टराई | जिल्ला कारागार |
| १३ | नेत्रबहादुर नेम्बाङ | ओखलढुङ्गा लेक बेंसी (साप्ताहिक) |
| १४ | जीवन शर्मा | जिल्ला अध्यक्ष, रिपोर्टरस् क्लब |
| १५ | सञ्जय कार्की | मानवअधिकार संरक्षण र विकास फोरम |

**२. परामर्श बैठकका सहभागीहरू**
**दिक्तेल, खोटाङ (मे १६, २०१२)**

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | दिपक राज नेपाल | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, खोटाङ |
| २ | वसन्त बहादुर थापा | डि.एस.पी., जिल्ला प्रहरी कार्यालय, खोटाङ |
| ३ | कृष्ण पोखरेल | शिक्षा अधिकारी, जिल्ला शिक्षा खोटाङ |
| ४ | नवलकिशोर झा | जिल्ला सार्वजनिक स्वास्थ्य अधिकारी, खोटाङ |
| ५ | उजिन कार्की | हलेसी एफ.एम. |
| ६ | पवनकुमार थापा | जिल्ला अध्यक्ष, नेपाल नागरिक समाज |
| ७ | हरि राजभण्डारी | नेपाल नागरिक समाज |

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| ८ | लालबहादुर राई | नेपाल आदिवासी जनजाति महासङ्घ |
| ९ | मञ्जु गुरुङ | महिला मानवअधिकार रक्षक सञ्जाल |
| १० | कोपिला दाहाल | जनसेवा समाज नेपाल |
| ११ | चक्र ुमार राई | नवकिरण सेवा समाज |
| १२ | कष्णप्रसाद आचार्य | अपाङ्ग सेवा समाज |
| १३ | राजकुमार रिजाल | बाल सेवा समाज |
| १४ | दिपक ठटाल | नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ |
| १५ | दिलिप खत्री | सम्पादक, खोटाङ खबर (साप्ताहिक) |
| १६ | जगदीश विश्वकर्मा | एन.एन.डि.एस.डब्लु.ओ. |
| १७ | दमन राई | सङ्घीय नेपाली पत्रकार |
| १८ | दीपनारायण रिजाल | गैरसरकारी सङ्गठनको संस्था |
| १९ | लोकनाथ घिमिरे | राष्ट्रिय मानवअधिकार आयोग |
| २० | नीतु गर्तौला | राष्ट्रिय मानवअधिकार आयोग |

## ३. परामर्श बैठकका सहभागीहरू

## विराटनगर, मोरङ (जुन ०७, २०१२)

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | डिल्ली बहादुर कार्की | अध्यक्ष, बार एसोसिएसन |
| २ | विनु तिम्सिना | रिपोर्टर, मकालु टेलिभिजन |
| ३ | सरस कट्टेल | मकालु टेलिभिजन |
| ४ | मञ्जु लोहनी | महिला तथा बालबालिका कार्यालय |
| ५ | सुनिता ताम्राकार | बालअधिकारअधिकारी, जिल्ला बालकल्याण बोर्ड |
| ६ | सुमादेवी कार्की | प्रहरी इन्सपेक्टर, जि.प्र.का.(महिला सेल), मोरङ |
| ७ | देवराज चौधरी | जिल्ला सभापति, नेपाल आदिवासी जनजाति महासङ्घ |
| ८ | मोहन घिमिरे | जिल्ला अदालत, मोरङ |
| ९ | उमेश विश्वकर्मा | अध्यक्ष, आर.आई.डि.ई.एफ., नेपाल |
| १० | अर्जुनप्रसाद कोइराला | राष्ट्रिय मानवअधिकार आयोग |
| ११ | अशोककुमार कालाखेती | जिल्ला शिक्षा कार्यालय |
| १२ | विमल अधिकारी | जिल्ला सार्वजनिक स्वास्थ्य कार्यालय |
| १३ | विनोद सुवेदी | संवाद्दाता, उद्घोष (दैनिक) |

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १४ | नन्दकिशोर प्रसाद यादव | राष्ट्रिय मानवअधिकार आयोग |
| १५ | ओमप्रकाश साह | वित्त अधिकारी, डब्लु.पि.आर.डि.सी |
| १६ | कोषराज न्यौपाने | राष्ट्रिय मानवअधिकार आयोग |

**४. परामर्श भेलाका सहभागीहरू**

**जनकपुर (जुन ११, २०१२)**

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | आलोककुमार कर्ण | जिल्ला संयोजक, युवा जागरण |
| २ | अविनाश सजन कर्ण | |
| ३ | अरुण कुमार यादव | आसमान नेपाल |
| ४ | पुरन साह | हिमालयन टाइम्स (दैनिक) |
| ५ | सुरेश यादव | नागरिक (दैनिक) |
| ६ | इन्द्रकुमार रजक | एन.एन.डि.एस.डब्लु.ओ. |
| ७ | शेरबहादुर दमाई | राष्ट्रिय मानवअधिकार आयोग |
| ८ | हरिश खुइदार | नयाँ पत्रिका |
| ९ | अजितकुमार ठाकुर | राष्ट्रिय मानवअधिकार आयोग |
| १० | रविकुमार सिंह | इन्टर्न, राष्ट्रिय मानवअधिकार आयोग |
| ११ | कृष्ण साह | इन्टर्न, राष्ट्रिय मानवअधिकार आयोग |

**५. परामर्श बैठकका सहभागीहरू**

**धनगढी, कैलाली (जुलाई १६, २०१२)**

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | कैलाश कुमार बजिमय | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कैलाली |
| २ | घनश्याम अर्याल | डि.एस.पी., जिल्ला प्रहरी कार्यालय, कैलाली |
| ३ | सीता के.सी. | महिला तथा बालबालिका कार्यालय |
| ४ | दमयन्ती सिंह | बालअधिकारअधिकारी, जिल्ला बालकल्याण बोर्ड |
| ५ | भुवनेश्वर जोशी | शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, कैलाली |
| ६ | डबलबहादुर कटाई | जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कैलाली |
| ७ | गोकर्ण प्रसाद शर्मा | स्था.वि.अ., जिल्ला विकास समिति, कैलाली |

## ६. परामर्श बैठकका सहभागीहरू
## नेपालगञ्ज, बाँके (जुलाइ १६, २०१२)

| क्र.सं. | नाम | कार्यालय/संस्था |
|---|---|---|
| १ | जीवन कुमार मल्ल | जिल्ला सार्वजनिक स्वास्थ्य अधिकारी, बाँके |
| २ | महेश नेपाली | जिल्ला बालकल्याण बोर्ड |
| ३ | सविता राना | महिला तथा बालबालिका कार्यालय |
| ४ | गोपाल योगी | बी-ग्रुप |
| ५ | मुस्ताक अली राई | कुसुफ-नेपाल |
| ६ | पूर्णचन्द्र उपाध्याय | एच.आर. एलायन्स |
| ७ | प्रेम चौधरी | बेस, बाँके |
| ८ | सपना भट्टराई | फतिमा फाउन्डेसन नेपाल |
| ९ | मधु दवाडी | सिविन चाइल्ड हेल्पलाइन |
| १० | सुनिल साह | जिल्ला शिक्षा कार्यालय |
| ११ | नेत्रकला शाही | साक नेपाल |
| १२ | दुर्गा वि.क. | डिस्ट्रिक एलायन्स अफ अडोलेशेन्ट गर्लस् |
| १३ | बालकृष्ण बस्नेत | इन्सेक, नेपाल |
| १४ | वसन्त गौतम | एडभोकेसी फोरम |
| १५ | रामप्रसाद गौतम | युनिसेफ, नेपालगंज |
| १६ | शोभना मिश्र | अफ्हा, बाँके |
| १७ | पवन किँराती | युनेस्को क्लब, बाँके |
| १८ | उपेन्द्र भण्डारी | युनेस्को क्लब, बाँके |
| १९ | हरिश घिमिरे | युनिसेफ, नेपालगंज |
| २० | मुरारप्रसाद खरेल | राष्ट्रिय मानवअधिकार आयोग |
| २१ | रमेश थापा | राष्ट्रिय मानवअधिकार आयोग |
| २२ | हरिप्रसाद ज्ञवाली | राष्ट्रिय मानवअधिकार आयोग |

## अनुसूची ४

## परामर्श बैठकका लागि कार्यसूची

१. यस क्षेत्रमा बालअधिकारको वर्तमान अवस्था र १० वर्षअघिको अवस्थासँग तुलना

२. मुख्य उपलब्धी/हामीले के उपलब्ध गर्न सकेनौं ?

३. मुख्य बालअधिकारका विषय/हालको सङ्गीन अवस्था जसमा उच्चध्यान केन्द्रित गर्नुपर्ने र तिनीहरूको लागि सुझाइएका उपाय

४. अन्तर्राष्ट्रिय संयन्त्र तथा राष्ट्रिय कानुन भएर पनि बालअधिकारको अनुभूति हुन सकिरहेको छैन, यसमा अधिकार र कारण के छन् ?

५. जस्ताको तस्तै स्थिति/मुलुकमा कानुन कार्यान्वयनको समस्या र स्थिति राम्रो बनाउने उपाय

६. बालबालिकाको लागि तपाइँको मन्त्रालय, विभाग, संस्था, कार्यालयको विशेष कार्यक्रम र यस्ता कार्यक्रमको प्रभाव

७. त्यस्ता कार्यक्रममा बालबालिकाको सहभागिता, बालबालिकाको सहभागिताको चलन/तरिका

८. योजना, नीति र कार्यक्रमको अनुगमन र मूल्याङ्कनको अवस्था

९. बालअधिकारको संरक्षण र सम्वर्द्धनमा विभिन्न संस्थाले खेलेको भूमिका

१०. कुनै सुझाव/सिफारिस छ ?

**अनुसूचीहरू**